पशुपतिनाथको
दर्शन स्पर्शन पूजनसम्बन्धमा
समीक्षा

ज्ञानमणि नेपाल

पशुपतिनाथको

दर्शन स्पर्शन पूजनसम्बन्धमा

समीक्षा

ज्ञानमणि नेपाल

प्रकाशक–

महेशराज पन्त

ग १– ५३०, काठमाडौं ३ का. न. प.

वटु सवलबहाल, काठमाडौं, नेपाल

सर्वाधिकार प्रकाशकमा सुरक्षित

वि. सं. २०४३ चैत्र

मूल्य रु. ८०।-

मुद्रकः–

यौवन छापाखाना

जयवागीश्वरी, देवपत्तन, काठमाडौं, नेपाल ।

विषयसूची

किन म यस पुस्तकको प्रंकाशक वनें ? —महेशराज पन्त १–२५

आमुख —ज्ञानमणि नेपाल २६–२९

पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्वन्धमा समीक्षा १–४५

दर्शन स्पर्शनको अनुभव र पशुपतिलाई छुन नपाएको १–२

पूजामा स्पर्शको अनिवार्यता र सबै जातका पूजाहारी २–४

रामेश्वर केदारनाथ आदिमा छोएर पूजा गर्ने प्रक्रिया ४–५

लिच्छविकालमा पशुपतिको महिमा ५–६

वाणको वर्णन ६–७

चण्डेश्वरले पशुपतिको पूजा छोएर गरेको ७–८

जितारि मल्लले पशुपतिनाथलाई छोएर पूजा गरेको ८–१०

रिपु मल्लले पशुपतिनाथलाई छोएको १०–११

जितारि मल्लले पशुपतिनाथलाई अङ्कमाल गरेको ११–१४

पशुपतिनाथलाई छोएर पूजा गर्न पाइने धार्मिक परम्परा १४–१६

पशुपतिको प्रादुर्भाववारे वंशावलीको वर्णन १६–१७

उच्छिष्टेश्वर पारेको र शङ्कराचार्यको उपाख्यान १७–१८

अग्निमठका शङ्कराचार्यको आगमन र पूजाहारी-
वारे विचार १८–१९

पूजाहारी स्वामी सोमेश्वरानन्दको र भट्ट भँडारेको व्यवस्था १९–२०

स्वामी नित्यानन्द र नारायण भट्ट २०–२२

स्वामी ज्ञानानन्द २२–२४

स्वामी विमलानन्द २४

स्वामी राघवानन्द, महीपतीन्द्र मल्लको वध र
स्वामीको अपमान २४–२८
शैव सन्न्यासी, शिवजीका पूजाहारी २८–२९
पशुपतिको पूजामा तान्त्रिक प्रभाव २९–३०
पशुपतिको पूजाहारीमा भट्टको वहाली र
मराठा वाहुनको महिमा ३०–३३
पशुपतिको स्पर्शमा प्रतिबन्ध ३३–३४
हालका शङ्कराचार्यलाई स्पर्शमा प्रतिवन्ध ३४–३६
ब्राह्मणका गर्हित कर्म र पूजकवृत्ति ३६–३८
पूजाहारीमा उदास्थित जोगी ३८–४०
लिच्छविकालका पाशुपत ४०–४१
सिद्ध तान्त्रिक भैरवाचार्य र उनको श्मशानसाधना ४२
शैव जोगी र जोगिनी महाश्वेता ४२–४४
उपसंहार ४४–४५
टिप्पणी १–४१
राष्ट्रिय संग्रहालयमा रहेको शङ्कराचार्यको शिलालेख ४२–५४
पशुपतिमा रहेको नारायण भट्टको शिलालेख ५४–५६
जगज्जय मल्लले साम्बसदाशिव भट्टलाई
गरिदिएको ताम्रपत्र ५७
सन्दर्भग्रन्थसूची ५८–६२
ज्ञानमणि नेपालका हालसम्म प्रकाशित कृतिहरूको सूची ६३–७१
शुद्धिपत्र ७२–७८

अङ्कपरिचय

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा हालै प्रकाशित, श्रीगुरु पं. नयराज पन्तको **लिच्छविसंवत्को निर्णय**मा जस्तै यस ग्रन्थमा पनि प्रस्तावनाखण्डको पृष्ठसङ्ख्या लिच्छविकालमा चलेका अङ्कहरूबाट जनाइएको छ । पाठकहरूलाई दुर्बोध नहोस् भनी ती अङ्कको परिचय तल दिइएको छ–



किन म यस पुस्तकको प्रकाशक बनें ?

विलयमुपगतास्ता मोहजाद् दुर्विपाकात्
पुनरपि भुवने ऽस्मिन् भान्तु विद्याश्चतस्रः ।
प्रतिपलमिव वृद्धिं प्राप्नुवद्भिः प्रकाशैः
प्रतिहततिमिरौघा भारती भातु नित्यम् ।।

–नयराज पन्त

[मोहबाट भएको खराप फलले गर्दा नाश हुन गएका ती चारै विद्या यस संसारमा फेरि प्रकाश होऊन् । गाढा अन्धकार हटाउने विद्या छिनछिनमा भने जस्तै बढ्दै गएका ज्योतिद्वारा सधैं प्रकाश भइरहोस् ।]

म जे जस्ता लेख लेख्छु, ती लेख अत्यन्त कम मान्छेले पढ्छन् भन्ने कुरा मैले राम्ररी बुझेको छु । यस कारण मेरा लेखको प्रकाशन, व्यवसायको दृष्टिले हुन सक्दैन भन्ने कुरा पनि मैले त्यतिकै बुझेको छु । त्यसैले कुनै व्यवसायी प्रकाशकबाट मेरा लेख नछापिएकोमा मलाई कति पनि आश्चर्य लाग्दैन । रह्यो विद्वत्परिषद्हरूको कुरा । जनसम्पर्क नगरी, एक कुनामा बसेर धेरैजसोलाई चासो नपरेको विषयमा कलम चलाउने, म जस्तो साधारण मान्छेको लेखमा विद्वत्परिषद्हरू आकृष्ट नभएकोमा पनि मलाई छक्क लाग्दैन । यसैले मेरा जे जति लेख छापिएका छन्, कि जहाँ आफूले पढें र काम गर्दछु त्यहाँबाट, कि जहाँबाट आफूले रोजीरोटी कमाइरहेको छु त्यहाँबाट मात्र छापिएका छन् भनी भन्दा त्यतिबिधि फरक पर्दैन । तर कहिलेकहीं ती दुवै ठाउँबाट छपाउन नमिलेको खण्डमा आफैंले पनि मैले आफ्ना लेख छपाउने गरेको छु । यस अर्थमा रचयिताको हैसियतले मात्र होइन, कहिलेकहीं आफ्नै पुस्तकको प्रकाशकको रूपमा पनि म देखा परेको छु । यसो भए तापनि मैले अरूको लेखको प्रकाशक भई अहिलेसम्म नहिंडेको र श्रीज्ञानमणि नेपालको यो पुस्तक अकस्मात् अहिले

छपाउन म पुगे होले मेरो प्रस्थानभेद भएको जस्तो देखिन गएको छ । यस कारण यस प्रसङ्गमा केही कुरा लेखिहाल्नुपरेको छ ।

वि. सं. २०४० साउनतिरको कुरो हो । कीलविश्वविद्यालयमा बीस महीनाको आफ्नो नोकरी सिद्धिन सिद्धिन लागेकोले काठमाडौं फर्कने तरखरमा म लागेको थिएँ । त्यस बेला गोपालराजवंशावलीको प्रकाशन हुने कुरा मैले त्यहीं सुनें । प्रकाशनको कुरा चल्दा सम्पादकको चर्चा पनि आउने नै भएकोले सम्पादनकार्य गुरु धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लले मिलेर गर्ने भन्ने कुरा मैले त्यसै वेला थाहा पाएँ । गुरु धनवज्र वज्राचार्यले तीस वर्ष यतादेखि नेपालको इतिहासका उपकरणको अन्वेषण गर्ने, पाठ पढ्ने, उल्था गर्ने, व्याख्या गर्ने र अरूले गरेका अशुद्धिको तिनको आधारमा खण्डन गर्ने काम गरेर आउनुभए तापनि यस्तो काम गर्न चाहिने बहुश्रुत पाण्डित्यको र सीपको उहाँमा केही कमी भएकोले होला, उहाँका लेख कहिलेकहीं ज्यादै खल्लो हुने गरेको कुराको मैले अनुभव गर्दै आएकोले, गोपालराजवंशावलीको मनन गरी वि. सं. २०१३ यतादेखि त्यस ग्रन्थको आधारमा उहाँले कैयन् प्रामाणिक निबन्ध लेख्नु भए तापनि त्यो ग्रन्थ उहाँले अझै राम्ररी बुझ्निसक्नुभएको कुरा त्यस ग्रन्थको विषयलाई लिएर उहाँले लेख्नुभएका लेखमा मैले गलती भेट्टाउने गरेकोले र अङ्ग्रेजी र नेवारीमा अखबारी लेख लेखेर हिंड्ने गरेका कमलप्रकाश मल्लले नौ वर्ष जतिअघि नेपालको इतिहासको सम्बन्धमा कलम चलाउन थालेका भए पनि प्रथमग्रासे मक्षिकापातः भने झैं मरमार अशुद्धि गर्न उनी पुगेका र अहिलेसम्म पनि उनको ज्ञान खास बढेको नदेखिएकोले सम्पादकको रूपमा उभिन पुगेका दुवै जनाको योग्यताबाट सेसिल बेन्डल, बाबुराम आचार्य, लूच्यानो पेतेक वा एक गठ भइरहेका संशोधन–मण्डलका सदस्यहरू जस्ता ऐतिहासिकहरूले सम्पादन गर्ने आँट नगरेको, गोपालराजवंशावली जस्तो दुरूह ग्रन्थको सम्पादन राम्रोसँग कसरी हुन सक्ला भन्ने मलाई त्यति बेलै लागेको थियो ।

यसको झण्डै दुइ वर्षपछि कीलमै मैले गोपालराजवंशावलीको सो पुस्तक प्रकाशित रूपमा पढ्ने मौका पाएँ । तर पुस्तक पढ्दै जांदा मैले पहिले अनुमान गरेभन्दा पनि निकै नै तल्लो तहको पो पुस्तक प्रकाशित भएको रहेछ भन्ने मलाई लाग्यो । त्यसमाथि विद्याको क्षेत्रमा नसुहाउने चालको दाउपेच गरी सो पुस्तक निकालिएको देखेर मलाई निकै नमज्जा लाग्यो । यस कारण यस पुस्तकको बिषयमा आफूले अवश्य लेख्नुपर्छ भन्ने ठहऱ्याई मैले त्यहीं टिपोट

पनि गर्न थालें । सो टिपोट लेखको रूपमा यथासमय प्रकाशित हुने नै छ ।

सो पुस्तक पढेका स्वदेशी विदेशी जति विद्वान् मैले भेटें, ती सबै त्यस पुस्तकको सम्पादनबाट अत्यन्त असन्तुष्ट भएको मैले चाल पाएँ । पुस्तकका दुइ जना सम्पादकमध्ये एक जना अर्थात् गुरु धनवज्र वज्राचार्यको योग्यताबाट अत्यन्त प्रभावित भएका मानिसहरूसुद्धा पनि पुस्तकको गति देखेर निकै निराश भएको कुरा मैले थाहा पाएँ । हो, एक वर्गको प्रतिनिधिको रूपमा चिनिएका प्रभावशाली मान्छे पनि त्यस पुस्तकको सम्पादक भएकाले तिनी नचिढियून् भन्ने खयाल भने केही व्यावहारिक विद्वान्‌हरूको अवश्य थियो ।

पोहोर भदौतिरको कुरो हो । म कीलबाट भरखरैजसो फर्केको थिएँ । श्रीज्ञानमणि नेपाल नियमित कार्यक्रमअनुसार कुनै शनिबारको दिन पिताजी पण्डित नयराज पन्तकहाँ शास्त्राभ्यासको लागि आउनुभएको थियो । शास्त्राभ्यास सिद्धिइसकेपछि उहाँसँग म डुल्न निस्किएँ । डिल्लीबजार हुँदै नयाँ बानेश्वरको उहाँको नयाँ डेरामा गइयो । आफूले भरखरै लेखिसिद्ध्याउनुभएको लेख उहाँले मलाई त्यहाँ देखाउनुभयो । एक दुइ घण्टा बिताई उहाँको सो लेख त्यहीं हेरें । लेखको जन्म, श्रीज्ञानमणि नेपालले दुइ वर्षअगाडि नै फोट्टयाइसक्नुभएको विषयमा गोपालराजवंशावलीका सम्पादक महाशयहरूको दृष्टि पुग्न नसकेकोले नै भएको थियो । लेख पाण्डित्यमय भएकोले त्यसलाई केही संस्कार गरेर छपाइहाल्ने सल्लाह उहाँलाई दिई म फर्कें ।

यसपछि बराबर भेट हुँदा म उहाँसँग त्यही लेखको विषयमा चर्चा गर्ने गर्थें र त्यो लेख कहाँ छापिने भयो भनी सोध्ने गर्थें । तर जहिले सोधे पनि खै, कसले छाप्ला र भनी उहाँले भन्नुभएको सुन्दा मलाई नमज्जा लागेर आउँथ्यो ।

यस्तैमा यही गएको असारमा म कील गएँ । ज्ञानमणिजीको सो लेख छापियो कि छापिएन भन्ने प्रश्नले मलाई त्यहाँ पनि पिरोलिरहेको थियो । त्यहाँ झण्डै तीन महीना बिताई म यही असोजमा काठमाडौं फर्कंदासम्म पनि त्यो लेख अप्रकाशित अवस्थामै रहेको थाहा पाएर मलाई निकै बेमज्जा लाग्यो र त्यस लेखलाई प्रकाशित रूप दिन केही गर्नै पर्‍यो भन्ने भावना मलाई भित्रैदेखि आयो । त्यसपछि यहाँको यो लेख त्यसो भए म प्रकाश गरूँ कि भनी मैले उहाँसँग भन्दा उहाँले स्वीकार गर्नुभयो र पुस्तकाकार त्यो लेख अहिले जनसमक्ष आइरहेछ ।

यतासम्मका कुरावाट किन म ज्ञानमणिजीको लेखको प्रकाशक हुन पुगें भन्ने कुरा त स्पष्ट भए जस्तो मलाई लागेको छ। तर यस्तो काम गर्न मलाई किन प्रेरणा मिल्छ भन्ने कुराचाहिँ स्पष्ट नभएकोले त्यो पनि स्पष्ट पार्नुपरेको छ।

संसारमा मनुष्यले लोकयात्राका लागि त्यससित सम्बन्ध राख्ने विभिन्न विद्या हासिल गर्नु अत्यावश्यक हुन आउँछ। हाम्रा पूर्वाचार्यहरूले विद्यालाई त्रयी (वेद), आन्वीक्षिकी (दर्शन), वार्ता (खेती, पाशुपाल्य, वाणिज्य), दण्डनीति (राजनीति) यी चार भागमा विभक्त गरेका छन्; यिनैका अङ्गप्रत्यङ्ग मानी लोकयात्रालाई चाहिने सारा विद्याहरूलाई अन्तर्भाव गरेका छन्। आफ्नो विचारअनुसार कुनै आचार्य यी चार विद्यामा कुनै एक विद्यालाई प्राधान्य दिन्थे तापनि यी चारै विद्या क्रमशः बढ्दै गइरहेका थिए। कालान्तरमा भारतमा अध्यात्मवादको बाढी आयो। मठका जोगीहरूले आन्वीक्षिकीलाई प्रोत्साहन दिन थाले। विद्या पढाउने प्राचीन गुरुकुलहरू टुटे। गुरुकुलको ठाउँ भिक्षु बस्ने मठले लियो। उनीहरूले पारलौकिक आन्वीक्षिकीसिवाय ऐहलौकिक विद्यालाई वास्ता गरेनन्। यसो हुँदा मठमा आन्वीक्षिकीबाहेक अरू विद्याको अध्ययन-अध्यापन छुटेकोले अरू विद्याको ह्रास हुनु स्वाभाविक हुन आयो। अरू विद्याका विद्वान् एक दुइ जना फाट्टफुट्ट पैदा भए तापनि तिनीहरूको परम्परा चल्न छोड्यो। यसरी विद्यापरम्पराविच्छेद भएकोले पूर्वजसञ्चित विद्या पनि बिर्सिंदै जान लाग्यो, नयाँ ज्ञानको आर्जन त झन् परै रह्यो।

यस्तै अवस्थामा दण्डनीति (राजनीति) विद्याविहीन भारतले चिरकालसम्म विदेशी मुसलमानको दासताको बन्धनमा जकडिनुपर्‍यो। अब राजकीय आश्रय नपाएको संस्कृतविद्याको सर्वतोमुख ह्रास झन् हुन लाग्यो। येनकेन प्रकारेण धार्मिक रूपमा संस्कृतविद्या अलिकता अड्यो।

उता यूरोपमा अहिलेभन्दा पाँच शय वर्षअघिदेखि ग्रीक, रोमन विद्या र भारतबाट अरबहरूले पश्चिमतिर लगेको भारतीय विद्याको योगबाट पुनर्जागर्ति हुन थाल्यो। यूरोपवासीहरूले विद्याको उत्तरोत्तर संस्कार र उन्नति गर्दै गएर नयाँ नयाँ वैज्ञानिक आविष्कार पनि गरे। यूरोपवासीहरूमध्ये अङग्रेजहरूले यूरोपमा भएको नयाँ जागर्तिमा पाएको, दिनप्रतिदिन बढ्दै गइरहेको विद्याबल र दण्डशक्ति (सैन्यशस्त्रबल)द्वारा विश्वमा प्रभुता जमाउँदै जाँदा भारतलाई पनि आफ्नो वश गराए। अब भारतमा आफ्नो साम्राज्य चलाउन अङग्रेजलाई त्यहाँ आफ्नै अनुकूल हुने शिक्षा चलाउनुपर्ने हुँदा उनीहरूले

भारतीयहरूलाई अङ्ग्रेजी शिक्षा दिन थाले । यसैको प्रभावमा हाम्रो नेपालमा पनि सो अङ्ग्रेजी शिक्षाको प्रचार भयो । आजभोलि त हाम्रो देशमा अङ्ग्रेजी शिक्षाले झन् ठूलो स्थान पाइरहेछ । अङ्ग्रेजी शिक्षाको प्रभावले विलास बढाई परलोकको भय कम गराइदिएकोले धार्मिक रूपमा रहेको संस्कृतविद्यालाई मरणासन्न रूपमा पुऱ्याइदिएको छ ।

हामीहरूले अङ्ग्रेजी शिक्षा लिन थालेको आज शय वर्षभन्दा बढी भयो । भारतीयहरूले लिन थालेको योभन्दा पनि धेरै वर्ष भयो । अहिले झन् जोडतोडसँग हाम्रो देशका कर्णधारहरू अङ्ग्रेजी शिक्षादीक्षातिर लहसिएका छन् । परन्तु अङ्ग्रेजी शिक्षामा पारङ्गत भएका हामीहरूमध्ये कसैले पनि यूरोपवासीहरूले सञ्चित विद्यापरम्परामा गहिरिएर पसी गूढ तत्त्व फेला पारी आफ्नो देशको उपकार गर्न अहिलेसम्म सकेका छैनन्, नत नयाँ वैज्ञानिक आविष्कारका साधनको रहस्यलाई आत्मसात् गरी आफ्नो देशमा फैलाउन नै सकेका छन् । यो नसक्नाको कारण भाषाको काठिन्य, उनीहरूको र हाम्रो विचार गर्ने शैली तथा परम्परागत आचारविचारको पार्थक्य तथा हाम्रो प्रतिकूल शिक्षा दिने तरीका आदि छन् । यी कारणले गर्दा हामीहरूले जेनतेन भाषासम्म अवगत गरे तापनि विद्याग्रहण गर्न आजसम्म सकेका छैनौं । कथंकदाचित् आफ्नो सबै संस्कार बिर्सेर परिश्रमसाथ धेरै काल लाएर पाश्चात्यविद्याग्रहण गर्न सकिए तापनि हाम्रो देशको आचारविचार, रहनसहन, जलवायु, परिस्थिति आदि सबै कुराको पार्थक्यले गर्दा उनीहरूको अनुभवले उनीहरूको देशमा जति फाइदा दिन्छ, त्यति फाइदा हाम्रो देशमा दिन सक्तैन, बरु त्यो अनुभव असफल सिद्ध हुन आएको देखिएको छ ।

पाश्चात्यभाषाका शिक्षितहरू पाश्चात्य देशको जस्तै आचारविचार, वेषभूषाको नक्कल गरेर पाश्चात्त्य देशमा भएको विद्याको रवाफले यहाँ प्रतिष्ठित भइरहेका देखिन्छन् । पाश्चात्त्यहरूले आविष्कार गरेका वैज्ञानिक सामान्को उपयोग हामीहरूले गर्नुपरिरहेछ । देश प्रतिदिन परावलम्बी हुँदै जाँदैछ । आफ्नो प्राचीन विद्यामा पनि आस्था हट्दै गयो, आधुनिक पाश्चात्यविद्या पनि आउन सकेको छैन । यसरी हामी अहिले त्रिशङ्कुको अवस्थामा पुगेका छौं ।

श्री ५ पृथ्वीनारायण शाहको समयमा नेपालमा विदेशीसँग मुकाबिला गर्ने शक्ति हामीहरूसँग थियो । आफ्नै परम्पराअनुसार जमाएको सेनाले हामीले विदेशीसँग लडी आफ्नो देशको स्वातन्त्र्यरक्षा गऱ्यौं । पछि भीमसेन थापाले

जनरल भई यूरोपको नक्कल गरी पुरानो स्थिति तोडेर यूरोपको ढाँचाको नयाँ फौजी व्यवस्था बाँधे। सक्कलले नक्कललाई जित्यो। भीमसेन थापाले भइरहेको राज्य पनि गुमाए। त्यस कारण पाश्चात्यहरूको अनुभव, कार्यतरीका, उनीहरूको देशकालपरिस्थितिअनुकूल र उनीहरूलाई फाइदा दिने भए पनि त्यसको नक्कलले हामीलाई हानि गर्छ, फाइदा दिँदैन।

कान्तिपुरका राजा प्रताप मल्लले वि. सं. १७२७ मा यहीँका कालीगड, यहीँका सामानले रानीपोखरी तथा त्यसको बीचमा मन्दिर, त्यस मन्दिरमा जाने पुल पनि बनाएथे। अहिले तीन शय वर्षभन्दा बढी भयो, सो अझसम्म अडेकै छ। श्री ३ वीरले वि. सं. १९५१ मा यूरोपको ढाँचाको नक्कल गरी पाश्चात्य शिक्षा पाएका स्थपति (इन्जिनीयर)द्वारा घण्टाघर बनाएका थिए। सो घण्टाघर वि. सं. १९९० को भूकम्पले ध्वस्त भयो। त्यस पद्धतिमा बनेका अरू ठूलठूला दरबार पनि सो भूकम्पमा धेरैजसो नष्टभ्रष्ट भएका थिए। अतः यूरोपवासीहरूले आफ्नो देशको माटो पानी हावा तेजमा अनुभव गरी बनाएको वास्तुविद्यालाई आफ्नो देशको पदार्थको परीक्षण नगरी उपयोग गर्दा राम्रो फल आएको देखिँदैन।

हामीले अङ्ग्रेजी शिक्षा लिन थालेको शय वर्ष बित्यो। कार्यक्षम विद्या लिन नसकेको, लिइहाले तापनि हाम्रो देशमा त्यो सफल नभएको त्यसले फाइदा नदिएको पनि हामीले प्रत्यक्ष देखिसक्यौँ। अब त्यसै बस्ने बेला छैन। हाम्रो आफ्नै प्राचीन विद्याको पुनरुत्थानसिवाय अब अर्को बाटो छैन। धेरै परिश्रम र धेरै समय लाएर पनि आफ्नो विद्याको अनुसन्धान र उन्नति गर्दै जानुपर्छ, आफ्नै परम्परागत अनुभव कायम राख्नुपर्छ, आफ्नै तरीका लिनुपर्छ। यसै गर्‍यौँ भने मात्र हामी स्वावलम्बी भएर आफ्नो देशको उन्नति गर्न समर्थ हुनेछौँ। हामीले आफ्नो प्राचीन विद्याको अनुसन्धान र उन्नति गर्न सकेनौँ भने त हामी स्वावलम्बी भएर आनन्दपूर्वक लोकयात्रा चलाउन सक्नेछैनौँ।[1]

माथि व्यक्त गरिएका यिनै र यस्तै कुराले अभिभूत भएर संस्कृतविद्याको अध्ययन अध्यापन गरी भारतीय प्राचीन विद्याद्वारा कार्यक्षमता पैदा गराउन अर्थात् प्राचीन विद्याको पुनरुद्धार गर्न वि. सं. १९९७ देखि पिताजी लागिरहनु-

---

१. माथिका ८ कण्डिका पिताजीले वि. सं. २०१४ मा लेख्नुभएको, अझै अप्रकाशित हाम्रो उद्देश्य र कार्यप्रणालीबाट जस्ताको तस्तै जस्तो सारिएका हुन्।

भएको छ । पिताजीले त्यही बेलादेखि आफ्नो अत्यन्त नजीकको सम्पर्कमा आएका नातेदार वा शिष्यहरूलाई बटोली त्यस उद्देश्यको परिपूर्तिको लागि पढाउँदै आउनुभएको हो ।

संस्कृतभाषाका प्राचीन पाठ्यपुस्तक प्राय: सूत्ररूपमा लेखिएका छन्। घोक्न उध्रन सजिलो होस् भनी त्यहाँ सकेसम्म छोट्ट्याउने प्रयत्न गरिएको छ । त्यहाँ नियम मात्र दिएका हुन्छन्, उदाहरण प्रायः दिइएका हुँदैनन् । यस कारण विद्याको परम्परा नटुटोस्, ग्रन्थको आवृत्ति सधैं भइरहोस् भन्ने उद्देश्यले प्राचीन ग्रन्थकारहरूले ग्रन्थ बनाएका छन् भन्ने कुरो स्पष्ट हुन्छ ।

भास्कराचार्यको लीलावतीभन्दा आकारप्रकारमा दश गुना ठूलो भएको, यादवचन्द्र चक्रवर्तीको अङ्कगणितमा लीलावतीको चौथाइ भाग मात्र परेको छ। अङ्कगणित जस्ता पुस्तक कण्ठस्थ गर्नु वा उध्रनु सम्भव छैन। यस कारण अनेकन् उदाहरणको अभ्यास तथा मूलग्रन्थ कण्ठस्थ नगरी संस्कृत पढ्ने मानिसमा काम गर्ने शक्ति उत्पन्न हुन सक्तैन। काम गर्ने शक्ति नभईकन लोकयात्रा सुखपूर्वक चल्न सक्तैन । यसैले संस्कृत पढ्ने मानिसमा कार्यक्षमता पैदा गर्न संस्कृतका केही मूलग्रन्थ कण्ठस्थ राख्नुपर्छ भन्ने कुरा स्पष्ट छ।

आजभोलि हाम्रो देशमा चलेको संस्कृतशिक्षापद्धतिको आधार यहाँ नरही काशीको राजकीय पाठशालामा रहेको छ। यस कारण वर्तमान संस्कृत-शिक्षापद्धतिबाट काम गर्ने शक्ति किन पैदा भएन भन्ने कुरा विचार गर्न पहिले काशीको राजकीय पाठशाला कसरी कुन उद्देश्यले स्थापना भयो भन्ने कुरा विचार गर्नुपर्छ ।

भारतविजेता अङ्ग्रेजहरूले आफ्नो भारतीय साम्राज्यको राजकाज चलाउन सजिलो परोस् भनेर नै संस्कृतभाषामा पहिलेबाट चाख लिएका हुन् । भारतको शासन भारतीयै धर्मशास्त्रअनुसार चलाउँदा फाइदा होला भन्ने विचारले इस्ट इन्डिया कम्पनीका अधिकारीहरूले आफ्ना केही सन्त्री (विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छे)लाई भारतीय रीतभाँत बुझ्न खटाएका थिए। भारतीय विचारधाराको एउटा ठूलो स्रोत संस्कृतभाषा भएकोले यही सिलसिलामा वि. सं. १८४८ मा काशीमा संस्कृतपाठशालाको स्थापना भयो । सो पाठशालाको उद्देश्य संस्कृतभाषा पढ्नेहरूमा कार्यक्षमता पैदा गराउने

थिएन, खालि लब्धप्रशमन (पाएको राज्य जोगाउनु) को साधन मात्र बनाउनु थियो। यो कुरा सो शिक्षाका प्रवर्तकहरूकै वाक्यबाट स्पष्ट हुन्छ। यस कारण काशीको पाठशालाको पाठचक्रम, ग्रन्थ कण्ठस्थ राख्ने भारतीय परम्पराको प्रतिकूल त्रिखण्डी परीक्षाको रूपमा चल्न थाल्यो। जसबाट सो पढाइमा कुनै ग्रन्थ पनि तलदेखि माथिसम्म जम्मै कण्ठस्थ नगराइने हुन थाल्यो। एउटा पुस्तकको परीक्षामा निर्धारित भागको आधा वा तीन खण्डको एक खण्डसम्म पढ्दा पनि परीक्षामा उत्तीर्ण भएका विद्वान्‌हरू त्यस पाठशालाबाट तयार हुन थाले। अहरहः स्वाध्यायमधीयीत = दिनकादिन आफैँ पढ्नुपर्छ भन्ने परम्पराको उल्टो, प्रमाणपत्र साथमा भएपछि आफूले पढेको ग्रन्थ कण्ठस्थ राख्ने आवश्यकता त्यस पढाइमा भएन। जसको आधारमा आफूले काम गर्नु छ, ती ग्रन्थ पनि कण्ठस्थ नभएपछि कार्यक्षमता नआउनु स्वाभाविक कुरो हो।[२]

यसो हुनाले वर्तमान त्रिखण्डी शिक्षापद्धति छोडी ग्रन्थ कण्ठस्थ पारी कार्यक्षमता पैदा गर्ने पाठचक्रम आफूले खोलेको पाठशालामा पिताजीले चलाउनुभयो। सकभर थोरै ग्रन्थ कण्ठस्थ गराई त्यसलाई उध्रन सजिलो हुने गरी प्राचीन भारतको सूत्रपाठचक्रम चलाउने उद्योग त्यस पाठशालामा भएको थियो।

पिताजीले यसरी पढाउँदै गई पाठशाला खडा गरे पनि त्यस पाठशालाको विधिवत् उद्‌घाटन गर्ने काम उहाँले गर्नुभएन। तीस वर्ष जति चली दर्जनौँ विद्यार्थीले शिक्षा पाएको त्यस पाठशालाको नाउँसुद्धा कहिल्यै राखिएन। त्यसमाथि संस्कृतशिक्षासँग सयौँ वर्षदेखि टाँसिएर रहेको अध्यात्मवाद वा कर्मकाण्डको कत्ति पनि छुत लाग्न पिताजीले आफूले चलाएको पाठशालामा दिनुभएन, नत कुनै ठूलाबडाको आश्रयको छहारीमा त्यस पाठशालालाई राख्ने विचार पिताजीले गर्नुभयो।

पिताजीले विद्यार्थी जम्मा गरी आफ्नो ढङ्गले जुन बेला पाठशाला चलाउनुभयो, त्यस अन्तरालमा मलाई थाहा भएसम्म, संस्कृतभाषाको आधारमा आफ्नो ढङ्गले शिक्षा दिने, अरू तीन पाठशाला काठमाडौँमा चलेका थिए। तिनमा पहिलो, योगी नरहरिनाथ, कविराज हरिप्रसाद खकुरेल, पण्डित बुद्धिप्रकाश

---

२. माथिका ४ कण्डिका पनि हाम्रो उद्देश्य र कार्यप्रणालीबाट नै लिइएका हुन्।

पाँडेहरूले खोलेको ब्रह्मचर्याश्रम थियो। नावँ ब्रह्मचर्याश्रम रहेको त्यस पाठशालाको बाहिरी रूप आजभोलि भारतका गुरुकुलहरूको वा नेपालका वैदिक पाठशालाहरूको जस्तो भएकोले सनातनधर्मका विधिविधानमा श्रद्धा राखी जीवनयापन गर्ने मान्छे उत्पादन गर्नु त्यसको लक्ष्य थियो जस्तो मलाई लाग्छ। त्यसो भए तापनि त्यहाँ कहिले भारतमा अङ्ग्रेजी शासनले चलाएको परीक्षाको अनुकूलको पढाइ र कहिले पिताजीले चलाउनुभएको पढाइ पढाइने भएकोले त्यस आश्रमका संस्थापकहरूको मनमा पढाइको विषयमा पक्का धारणा थिएन कि जस्तो मलाई लाग्छ।

दोस्रोचाहिँ पण्डित शेषराज रेग्मीले नक्सालमा आफ्नै घरमा खोल्नुभएको पाठशाला थियो। पिताजीले खोल्नुभएको पाठशालाको जस्तै त्यस पाठशालाको पनि नावँ राखिएको थिएन जस्तो मलाई लाग्छ। त्यस पाठशालामा सरकारिया पाठशालामा भन्दा बढी मिहिनेत गराई परीक्षोपयोगी ढङ्गले पढाइन्थ्यो भन्ने मैले सुनेको छु। पिताजीले खोल्नुभएको पाठशालामा पढ्न छोडी एक दुइ जना विद्यार्थी पछि त्यहाँ पढ्न गएको कुरा पनि म अझै सम्झँदैछु।

तेस्रो पाठशालाचाहिँ वैद्य दिव्यवज्र वज्राचार्यले आफ्नो घर महाबौद्ध मासंगल्लीमा खोल्नुभएको स्वास्थ्यशिक्षाश्रम हो। पिताजीले चलाउनुभएको पाठशाला पनि वैद्य दिव्यवज्र वज्राचार्यकै त्यही घरमा रहेको र त्यस पाठशालामा म पनि पढ्ने भएकोले स्वास्थ्यशिक्षाश्रमको गतिविधि मैले निकै देखेको छु। हाम्रो पाठशालाको नाउँसुद्धा नराखिएको र त्यस नयाँ पाठशालाको स्वास्थ्यशिक्षाश्रम भन्ने नाउँ राखी ठूलाबडालाई बोलाई सभा आदि गरेको देख्दा मेरो केटाकेटी मनमा कस्तो कस्तो लागेको थियो। त्यस्तै वैद्य दिव्यवज्र वज्राचार्यले आफ्ना छोरा गौतमवज्रलाई आफ्नो पाठशालामा नपढाई पिताजीको पाठशालामा पढाउनुभएको कुराको पनि मेरो केटाकेटी मनले जवाफ दिन सकेको थिएन।

नावँ स्वास्थ्यशिक्षाश्रम भएकोले त्यस पाठशालामा स्वास्थ्यसम्बन्धी शिक्षालाई बढी जोड दिइन्थ्यो भन्ने कुरा त आफसेआफ स्पष्ट छ। संस्कृतभाषाको आधारमा त्यहाँ स्वास्थ्यको शिक्षा दिइने भएकोले आयुर्वेदको पढाइ

हुन्थ्यो भन्ने पनि स्पष्ट नै छ। त्यस स्वास्थ्यशिक्षाश्रममा पढ्न शहरका मानिसभन्दा नेपालखाल्डोभित्रका गाउँगाउँका मान्छे बढी आएका थिए । त्यस आश्रमको लक्ष्य संस्कृतभाषाको सामान्य पढाइको साथै आयुर्वेदको सामान्य शिक्षा दिई एक प्रकारका कामचलाउ वैद्य उत्पादन गर्ने थियो । तदनुरूप कामचलाउ केही वैद्य त्यहाँबाट निस्केका पनि थिए।

काठमाडौंमा त्यस ताका चलेका चारवटै गैरसरकारी संस्कृतपाठशाला सरकारी संस्कृतपाठशालाबाट सामान्यतया पूरा हुन नसक्ने उद्देश्यको परिपूर्तिको लागि चलाइएका थिए, तर अरू तीन पाठशालाको भन्दा पिताजीको पाठशालाको उद्देश्य ठूलो र विलक्षण थियो भन्ने कुरा पनि यहाँनिर सम्झनुपर्छ । कुरा के भने पिताजीले जुन पाठशाला चलाउनुभयो, त्यस पाठशालाको उद्देश्य कामचलाउ मान्छे उत्पादन गर्ने नभई आफ्नो विषयका पूरा विद्वान् निकाल्ने थियो, त्यस्तो उद्देश्य अरू तीन पाठशालाको थिएन र पछि गएर सरकारिया मान्यता पाएको पाठशालामै मिसिन जाने स्पष्ट वा अस्पष्ट विचार ती पाठशालाको थियो ।

यस प्रसङ्गमा मलाई अहिले सम्झना भएको एउटा कुरा पनि यहाँ लेखिहालूँ । त्यो के हो भने नेपाली भाषाको आधारमा शिक्षा दिन भनी मास्टर गोपाल पाँडेको प्रयासमा नेपाली शिक्षापरिषद् भन्ने एउटा भाषापाठशाला त्यस ताका चलेको थियो । अङ्ग्रेजी वा संस्कृतको आधारमा सामान्य शिक्षा दिने पाठशाला मात्र चलेको र नेपालीको आधारमा शिक्षा दिने पाठशालामा खास गरी ऐनस्रेस्ताको मात्र पढाइ हुने स्रेस्तापाठशाला मात्र भएको र नेपालीको आधारमा सामान्य शिक्षा दिने पाठशाला नभएकोले त्यो पाठशाला नौलो किसिमको थियो । एक प्रकारले भन्ने हो भने त्यो पाठशाला अङ्ग्रेजी शिक्षाको झीनो विरोधमा चलेको थियो । त्यस्तै पिताजीले खोल्नुभएको पाठशाला पनि संस्कृतविद्याबाट कार्यक्षमता ल्याउन खोलिएकोले अङ्ग्रेजी शिक्षाको टक्करमा चलाइएको थियो । भाषाको माध्यम फरक भए पनि दुवै पाठशालाको अभीष्ट लक्ष्य अङ्ग्रेजी शिक्षाको विरोध थियो भनी भन्दा बढ्ता बोलेको ठहर्दैन । गोपाल पाँडेले निकै नै थोरै समयमा आफ्नो पाठशालाको प्रचारप्रसार गरी प्रशस्त विद्यार्थी बटुल्न सकेकाले हामी दुवै मिली एउटै पाठशाला बनाऔं भनी उनले पिताजीसँग भनेका थिए । तपाईंको पाठशालामा स्कूलतहको मात्र पढाइ चलेको छ, त्यसपछिको माथिल्लो शिक्षा आफ्ना विद्यार्थीहरूलाई कसरी हासिल

गराउने विचार तपाईंले गर्नुभएको छ भनी पिताजीले उनीसँग सोध्दा यसपछि उनीहरू कलेजमा पढ्न जान्छन् भनी गोपाल पाँडेले जवाफ दिए । तपाईंको पाठशालामा नेपाली भाषाको आधारमा स्कूलतहको पढाइ पूरा गरी कलेजमा पढ्न जाने विद्यार्थी कलेजमा अङ्ग्रेजीको आधारमा पढाइ हुने हुनाले तलैदेखि अङ्ग्रेजी पढ्दै आएका विद्यार्थीसँग कसरी जोडकातोड गर्न सक्छन्; पछि गएर कलेजमै पढेर शिक्षा पूरा पार्ने हो भने तपाईंको नेपाली शिक्षापरिषद् अन्यथासिद्ध छ; मैले चलाएको पाठशालामा जस्तो शिक्षा दिइन्छ, त्यस्तो शिक्षा अन्त कतै दिइने नभएकोले मैले त्यो पाठशाला चलाएको हुँ ; मेरा विद्यार्थीले शिक्षा पूरा गर्न अन्त कतै गएर पढ्न जरूरत छैन भनी पिताजीले गोपाल पाँडेलाई भन्नुभएको थियो । यताबाट पनि पिताजीले कामचलाउ मान्छे निकाल्न सो पाठशाला चलाउनुभएको थिएन र आफ्ना समयका अरू चिन्तकहरूले भन्दा निकै ठूलो उद्देश्य लिएर पाठशाला खोल्नुभएको थियो भन्ने यताबाट देखिन्छ ।

धर्मनीति र राजनीतिबाट पर रही, कुनै प्रकारको सङ्घट्टन नगरी, कसैलाई प्रभु नमानी, आफ्नो कामको डम्फु बजाउने जस्ता हल्लाखल्ला नगरी परम्परा टुटिसकेको, टपरे पण्डितहरूको पेवा जस्तो भएर आइरहेको संस्कृतविद्याको पुनरुत्थान गरी त्यस विद्याद्वारा कार्यक्षमता पैदा गराउने उद्देश्यले खोलिएको त्यस पाठशालाबाट जे काम भयो, नेपालको विद्याको इतिहासमा त्यसको राम्रो लेखाजोखा पछि हुने नै छ ।

भारतीय ज्योतिषशास्त्रको चलनचलतीको उच्च शिक्षा अत्यन्त राम्रोसँग हासिल गरिसकेर पनि आफूले पाएको शिक्षामा अपूर्णताको अनुभव पिताजीले गर्नुभएपछि उहाँले आफ्नै ढङ्गले त्यस शिक्षामा पूर्णता ल्याउने कोशिश गर्नुभयो । त्यसमा पनि साधनको अभावले गर्दा उहाँ सफल हुन सक्नुभएन तापनि उहाँलाई त्यस प्रयासबाट निकै ठूलो उपलब्धि भने मिल्यो ।

भारतीय ग्रन्थसँगै पाश्चात्य गणित वा ज्योतिष ग्रन्थ हेर्दै जाँदा पाश्चात्य गणित वा ज्योतिषका पुस्तकमा पाश्चात्य विद्वान्का आविष्कार भनी दरिएका निकै कुरा उहाँले प्राचीन भारतीय ग्रन्थमा पहिलेबाटै प्रतिपादित भइसकेका भेट्टाउनुभयो । यसबाट गणित र ज्योतिषको इतिहासका केही बुँदामा संशोधन गर्नुपर्ने अवस्था आयो र तदनुसार पछि उहाँले यस विषयमा

नेपाली र संस्कृतमा केही निबन्ध पनि लेख्नुभयो। आजभोलि संस्कृतभाषा प्राय: टपरे पण्डितहरूले लेखपढ गर्ने भाषामा परिणत भएकोले र नेपालीमा त्यस्तो किसिमको चर्चाको परम्परै नभएकोले उहाँका ती लेखमा बाहिरका सम्बद्ध विषयका विद्वान्हरूको दृष्टि नै परेको छैन भने पनि हुन्छ। यसो भए तापनि पाश्चात्य गणित र ज्यौतिषसँग भारतीय ज्योतिषशास्त्रको यस तुलनात्मक परिशीलनबाट संस्कृतविद्या, विज्ञानको प्रतिकूल नभई अनुकूल हो र अध्यात्मवाद वा कर्मकाण्ड संस्कृतविद्याका अपरिहार्य अङ्ग होइनन् भन्ने विचार उहाँको मनमा चढ्न गयो र संस्कृतविद्याद्वारा कार्यक्षमता ल्याउन सकिन्छ भन्ने दृढ धारणा उहाँको हुन गयो।

यसरी ज्यौतिषको पढाइमा साफल्य हासिल गर्न नसकेपछि उहाँले केटाकेटीदेखिको आफ्नो प्यारो विषय इतिहासतिर आफूलाई बढी मोड्न थाल्नुभयो। परिणामस्वरूप उहाँले आफ्नो जन्मभूमिको इतिहासका उपकरणको खोजी गर्न थाल्नुभयो। नेपालको इतिहासको लामो समयलाई बुझाउने धेरैजसो उपकरण संस्कृतभाषामा भएकोले र संस्कृतको ज्ञानलाई त्यस काममा उपयोग गर्नाले उहाँलाई ठूलो साफल्य भयो। यस कारण उहाँले आफ्नो पाठशालामा पढ्ने विद्यार्थीहरूलाई संस्कृतभाषाका व्याकरण काव्य कोषमा पाण्डित्य हासिल गराउनुभयो र उनीहरूलाई नेपालमा चलेका पुराना लिपि र पञ्चाङ्गगणनापद्धति आदि सिकाउनुभयो। यस ज्ञानबाट ती विद्यार्थीहरू नेपालमा पाइएका जतिसुकै पुराना अभिलेख पढ्न सक्ने र तिनका अर्थ र व्याख्या गर्न सक्ने भए।

हाम्रो देशमा अङ्ग्रेजी शिक्षाको साथसाथै इतिहासको शिक्षाले पनि पाइला हालेको हो। संस्कृतशिक्षाअन्तर्गत इतिहासको पढाइ नहुने र अङ्ग्रेजी शिक्षाअन्तर्गत इतिहासको पढाइ हुने हुनाले इतिहासको विषयमा कलम चलाउने पनि अङ्ग्रेजी शिक्षा पाउने नै खास गरी थिए। यसरी अङ्ग्रेजी शिक्षा पाउनेहरू ऐतिहासिकका हैसियतले चिनिए तापनि प्राचीन विद्याको कत्ति पनि ज्ञान तिनीहरूमा नहुने भएकोले इतिहासका उपकरण केलाई नेपालको इतिहासको विषयमा कुनै नयाँ कुरा लेख्न तिनीहरूले सकेका थिएनन् र विदेशीहरूले लेखेका ग्रन्थलाई नै आकरग्रन्थ मानी तिनीहरूले कलम चलाइरहेका थिए। यसैले संस्कृतभाषाको आफ्नो उच्च ज्ञान र अरू विभिन्न विद्याको बुत्तामा नेपालको

इतिहासका उपकरणको खोजी र परिशीलन गर्दै जांदा पिताजीले नेपालको इतिहासका स्वदेशी विदेशी पुस्तकहरूमा निकै अशुद्धि फेला पार्नुभयो । ती अशुद्धिको सप्रमाण निराकरण गरी इतिहास-संशोधनपत्र निकाल्ने काम आफ्ना विद्यार्थीहरूद्वारा वि. सं. २००९ देखि उहाँले शुरू गर्नुभयो ।

स्वदेशी सबै नराम्रो र विदेशी सबै राम्रो भन्ने दर्शनअनुरूप संस्कृत-शिक्षाभन्दा अङ्ग्रेजी शिक्षालाई उत्तम ठानिने र संस्कृतशिक्षा पाएकालाई अङ्ग्रेजी शिक्षा पाएकाले दाँजोमा हीन सम्झिने धारणा हाम्रो यहाँ छ भन्दा बढ्ता बोलेको ठहरिनेछैन । धारणा यस्तो भएकोले संस्कृतशिक्षा पाएकाहरू अङ्ग्रेजी शिक्षा पाएकाहरूको दाँजोमा थोहीन भएका कुरा पनि हामीले नदेखेको होइन । अझ अङ्ग्रेजी पढ्नेहरूले संस्कृत पढ्नेहरूलाई आफ्ना सहायकका रूपमा राखी फाइदा उठाउने गरेको कुरा पनि देखेसुनेकै हो । यी सबै कुराको निष्कर्ष छोटकरीमा निकाल्ने हो भने अङ्ग्रेजी पढ्नेहरूबाट संस्कृत पढ्नेहरू जहिले पराजित नै भएर आइरहेका छन् ।

संस्कृत पढ्ने र अङ्ग्रेजी पढ्नेहरूको लौकिक स्थितिमा यो वैषम्य रहँदा रहँदै वि.सं. २००९ देखि निस्कन थालेका इतिहास-संशोधनपत्रबाट एउटा गजबको कुरा भयो । नेपालको इतिहासमा कलम चलाउनेमध्ये धेरैजसोले अङ्ग्रेजी शिक्षा पाएका र तिनीहरूले लेखेका इतिहासका पुस्तकमा रहेका अशुद्धिको संशोधन इतिहास-संशोधनपत्रहरूमा हुँदै जांदा परोक्ष रूपले यस कामबाट अङ्ग्रेजी शिक्षालाई नै हांक मिल्न गएको थियो । यो कुरा अङ्ग्रेजी पढी इतिहासको उच्च शिक्षा पाएका मानिसहरूले पनि राम्ररी बुझेका थिए भन्ने कुरा आफ्नो मध्य-कालीन नेपालको सप्रमाण खण्डन वि.सं. २०१० मा इतिहास-संशोधनपत्रमा निक्लेपछि आगो भएका प्रिन्सिपल भैरवबहादुर प्रधानले वि. सं. २०१२ मा यस्तो लेखेकोबाट पनि बुझिन्छ–

इतिहासकारतय् दृष्टिकोण फरक जुइफु मतभेद जुइफु मतभेद जुइवं हे मेपिंस च्वःगु खँयात ख हे मखु धया थुक्रिया इतिहास संशोधन धका च्वयां तुन्थी च्वह्य ब्यांचा फुले जुइथें फुले जुया वयनेगु थःगु दुर्बलता जक वयनेगु जुइ ।[३]

---

३. वि. सं. २०१२ मा काठमाडौंबाट नेपालभाषापरिषद्द्वारा प्रकाशित, नेपाल ऋतुपौ [ऋतुऋतुमा निस्कने नेपाल] पत्रिकाको २३ पूर्णसङ्ख्यामा छापिएको प्रिन्सिपल भैरवबहादुरको जयस्थिति मल्लया पुर्खा [जयस्थिति मल्लको पुर्खा] भन्ने निबन्ध, सो सङ्ख्याको २ पृष्ठ ।

[इतिहासकारहरूको दृष्टिकोण फरक हुन सक्छ, मतभेद हुन सक्छ । मतभेद हुँदा नै अरूहरूले लेखेको कुरालाई हुँदै होइन भनेर यसको इतिहास-संशोधन भनेर लेखी इनारमा बस्ने भ्यागुतो फुले जस्तै फुलेर देखाउनु आफ्नो दुर्बलता मात्र देखाउनु हुन्छ ।]

उदार दृष्टि विचारयाय मफुपि मतभेद जुइवं मेपिं इतिहासकारतयत अनेक अपशब्द प्रयोग याना लालाथें धाइपिं ग्ह्यागु देशे नं दु । दृष्टान्त स्वरूप कर्णेल टडं राजस्थानया वंशावली व लेख बांलाक ब्वना पुरातत्व अनुसंधान याना राजपूतानाया इतिहास च्वत । तर संस्कृत भाषा जक ब्वना त:पि पाश्चात्य शिक्षा-या विरोधी जुयाच्वंपिं, अंग्रेजी शिक्षा का:पिं सिबय् जिपिं छु खँय् कम जुगु दु धका गर्व याना च्वंपिसं शिला लेखया जक आधार कया कर्णेल टडया मत अर्थात् सिद्धान्तया तीव्र आलोचना यात । कर्णेल टडं भ्रम फैले या:गु ख: राजपूतानाया इतिहास च्व:ह्मसिके रजपूततयगु बारे ज्ञान मदुगु आश्चर्य ख: धका इतिहास संशोधन पिकाल, तर पुरातत्वया अनुसन्धान याना च्वंपिं अंग्रेजी शिक्षा तथा पूर्वीय शिक्षाय् योग्यता दया च्वंपिं आपा विद्वानतसें थौं तक कर्णेल टडयागु सिद्धान्तयात हे समर्थन याना च्वंगु दु ।[४]

[उदार दृष्टिले विचार गर्न नसक्नेहरूले मतभेद हुँदा अरू इतिहासकारहरूलाई अनेक अपशब्दको प्रयोग गरेर मनपरी भन्नेहरू जुनसुकै देशमा पनि छन् । दृष्टान्तस्वरूप कर्णेल टडले राजस्थानका वंशावली र लेख राम्ररी पढेर पुरातत्त्वको अनुसन्धान गरेर राजपूतानाको इतिहास लेखे । तर संस्कृतभाषा मात्र पढेका, पाश्चात्य शिक्षाका विरोधी, अङ्ग्रेजी शिक्षा लिनेहरूभन्दा हामी कुन कुरामा कम छौं भनी गर्व गर्नेहरूले शिलालेखको मात्र आधार लिएर कर्णेल टडको मत अर्थात् सिद्धान्तको तीव्र आलोचना गरे । कर्णेल टडले भ्रम फैलाएको हो, राजपूतानाको इतिहास लेख्नेसँग रजपूतहरूको बारे ज्ञान नहुनु आश्चर्य हो भनी [तिनीहरूले] इतिहास-संशोधन निकाले, तर पुरातत्त्वको अनुसन्धान गर्ने, अङ्ग्रेजी शिक्षा तथा पूर्वी शिक्षामा योग्यता भएका धेरै बिद्वान्‌हरूले आजतक कर्णेल टडको सिद्धान्तलाई नै समर्थन गरिरहेका छन् ।]

अङ्ग्रेजी शिक्षा पाएकाहरूको एकाधिकार जस्तो भएर आएको इतिहास-बिषयलाई पिताजीको यस कामबाट हाँक मिल्न गएकोले उनीहरूले यस कामलाई

४. उही ४ पृष्ठ ।

निमिट्यान्न पार्न भरमगदूर कोशिश नगरेका पनि होइनन्। यसरी त्यस पाठशालाबाट संस्कृतशिक्षा पाउनेहरूको गौरव बढ्न गए तापनि, चेतना नभएका र कसैलाई प्रभु नमानी बस्न नसक्ने पण्डितजीहरू पनि यस कामका कम विरोधी भई निस्केनन्।

आफूले लेखेका अशुद्ध कुराको सप्रमाण खण्डन हुँदा प्रिन्सिपल भैरवबहादुर प्रधानले संस्कृतशिक्षालाई नै होच्याई पिताजीले थाल्नुभएको संशोधनकार्यको निन्दा गरे जस्तै, त्यस्तै त्यस्तै परिस्थिति पर्दा प्रोफेसर कमलप्रकाश मल्लले प्रिन्सिपल भैरवबहादुर प्रधानले गरेकोभन्दा चौब्बर बडो अपहेलना संस्कृतशिक्षाको गरेर र संशोधनकार्यको पनि उग्र निन्दा गरी वि.सं. २०४१ मा पुस्तिकै प्रकाश गरेको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

संस्कृतशिक्षालाई कमलप्रकाश मल्ल कतिसम्म होच्याउन पुगेका छन् भन्ने कुराको नमूनाको लागि उनको सो पुस्तिकाबाट केही वाक्य उद्धृत गर्नु अप्रासङ्गिक ठहरिनेछैन –

महेश् राज् पन्त् द सन् बज् ब्रट् अप् अन् "द ट्रडिशनल् मेथ्अड्"। इट् कन्सिस्ट्स् अफ् मेम्अराइज्इङ "फन्डमेन्टल् टेक्स्ट्स्" (फन्डमेन्टल् टु हूम्, यान्ड् फर् ह्वट् पर्पस् ?)। ही ह्याड्, नट् ओन्लि टु मेम्अराइज् देम् बट् अल्सो टु रेग्युलर्लि "रीकपिट्युलेट् द होल् टेक्स्ट् फर् दि अचीभ्मेन्ट् अफ् साउन्ड् स्कल्अर्शिप्" (महेश् राज् पन्त्, १९७९: १७ यान्ड् एफ्एफ्.) द ट्रेनइङ् कन्सिस्ट्स् अफ् क्रिट्इकल्लि अप्लाइङ् द नल्इज् अफ् दीज् बयान्अल्इक्ल् टेक्स्ट्स्, सो पेन्फुल्लि गेन्ड् बाइ रोट् लर्न्इङ्, टु दि अन्यालइसिस् यान्ड् इन्टर्प्रिटेशन् अफ् नेपाल्'ज् हिस्टरइक्ल् यान्ड् कल्चर्अल् डेट। दि अपथ्इओसिस् अफ् द ट्रेन्इङ कन्सिस्ट्स् इन् टेस्ट्इङ, भेर्इफाइङ, यान्ड् रेक्ट्इफाइङ भ्यूज् अन् नेपालिज् हिस्टरि अन् द बेसिस् अफ् एभ्इडन्स्।[५]

[(नयराज पन्तका) छोरा महेशराज पन्त "परम्परागत पद्धति"मा हुर्केका थिए। यस (पद्धति) मा "मौल ग्रन्थ" (कसको लागि मौल ? केको

५. वि.सं. २०४१ मा काठमाडौंबाट नेपाल स्टडी सेन्टरद्वारा प्रकाशित कमलप्रकाश मल्लको इम्पेकअब्ल हिस्टोरिओग्रफि इन् नेपाल्, ए रिबुटल् [नेपालमा निर्दोष इतिहासरचना-प्रतिवाद] का १-२ पृष्ठ।

लागि मोल ?) कण्ठ पार्ने काम हुन्छ । उनले ती [ग्रन्थ] खालि कण्ठ मात्र पार्नुपर्ने नभई "राम्रो विद्वत्ताको निष्पत्तिको लागि पूरा ग्रन्थ" नियमित रूपले "उध्रनु" पनि पर्थ्यो (वि. सं. २०३५ मा छापिएको महेशराज पन्तको अन् स्यान्स्क्रिट् एड्यूकेशन् (संस्कृतशिक्षाको विषयमा) का १७ र अरू अरू पृष्ठ) । कण्ठ पारेर यति कष्टसँग हासिल गरेको ज्ञानलाई नेपालको इतिहास र संस्कृतिसम्बन्धी तथ्यको विश्लेषण र व्याख्यामा आलोचनात्मक ढङ्गले प्रयोग गर्ने काम त्यस तालीममा हुन्छ । त्यस तालीमको गुणगान, प्रमाणको आधारमा नेपाली इतिहास-सम्बन्धी मतको पारख गर्ने, तहकिकात गर्ने र सच्याउने काममा छ ।]

इफ् ए साउन्ड् नल्इज् अफ् द स्यान्स्क्रिट् ल्वाङ्ग्विज् एलोन् मेक्स् मी ए साउन्ड् हिस्टोर्इअन्, द ग्रेट्एस्ट् हिस्टोर्इअन् अफ् नेपाल् प्रब्अब्ल्लि सिट्स् अन्सङ इन् दि अब्स्क्यूर्इटि अफ् द शेड्इ रूम्ज् अफ् रानीपोखरी स्यान्स्क्रिट् पाठशाला । इफ् यान् इमपेक्अब्ल् कम्पिटेन्स् इन् नेपालिज् प्याल्इओग्राफि एलोन् मेक्स् मी ए साउन्ड् हिस्टोर्इअन्, द स्क्राइब्ज् इन् द न्याशअनल् आर्-काइभ्ज् अफ् काठ्मान्डू, डिस्पेन्स्इङ वन् फल्ओफोन् पर् रूपी, आर् पर्ह्याप्स् इन्कम्पर्अब्ल् यान्ड् इमपेक्अब्ल् हिस्टोर्इअन्ज् अफ् नेपाल् । याज् फर् द नल्-इज् अफ् हिन्डू अस्ट्रल्अजि, अस्ट्रन्अमि, यान्ड् म्याथ्इम्याट्इक्स्, देर् इज् ए होल् होस्ट् अफ् देर् पप्युलराइज्अर्ज् लाइन्ड् अप् अन् अल् साइड्ज् अफ् द रत्न पार्क् ।[६]

[संस्कृतभाषाको गतिलो ज्ञानले मात्र मलाई गतिलो ऐतिहासिक बनाउँछ भने, नेपालको सबभन्दा ठूलो ऐतिहासिक, रानीपोखरी संस्कृतपाठशालाका सेपिला कोठाहरूमा नाँवै नचलेको अवस्थामा प्रशंसित नभईकन बसिरहेको होला । नेपाली लिपिशास्त्रमा निर्दोष दक्षताले मात्र मलाई गतिलो ऐतिहासिक बनाउँछ भने, एउटा पुष्पिका एक रुपियाँमा दिने, काठमाडौंको राष्ट्रिय अभिलेखालयका लेखन्दास, नेपालका अनुपम र निर्दोष ऐतिहासिक होलान् । हिन्दू फलितज्यौतिष, गणित-ज्यौतिष र गणितको ज्ञानको हकमा भने यिनको प्रचार गर्नेहरूको पूरा जमात रत्नपार्कको सबैतर्फ लाइन लागेर बसेको छ ।]

प्राचीन कालमा नेपाल ठूलो थियो र नेपाल भन्नु नै चारभञ्ज्याङ मात्र होइन भनेर वि.सं. २००४ मा छापिएको आफ्नो नेपालको संक्षिप्त इतिहासमा तोत्रराज पाण्डेय र पिताजीले सप्रमाण सिद्ध गर्नुभएको थियो । यसपछि खुद

६. उही १८ पृष्ठ ।

पिताजी, उहाँका हामी शिष्यहरूले तथा जगदीशचन्द्र रेग्मीहरूले प्राचीन कालमा पनि नेपालखाल्डोमा मात्र नेपाल सीमित थिएन भन्ने धारणालाई आफ्नाआफ्ना खोजीले बढी पुष्ट पार्‍यौं । यसो भए तापनि नेपालको राष्ट्रिय गौरव बढाउने विचारले प्रमाणाभासको आधारमा प्राचीन कालमा नेपाल ठूलो थियो भनी सिद्ध गर्न यो काम भएको होइन, ऐतिहासिक सामग्रीहरूको ऊहापोह गरी यो निर्णय गरिएको हो ।

नेपालीहरूमा इतिहासको खोजी सबभन्दा पहिले ऐ.शि. बाबुराम आचार्यले गर्नुभएको हो । उहाँका लेख नेपालबाट नेपाली भाषामा छापिएकाले नेपाली जनजीवनमा भिजेको विक्रमसंवत्को प्रयोग तिनमा हुने गरेको थियो । विश्वइतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी विदेशी सबैलाई सजिलो होस् भन्ने आशय राखेर विक्रमसंवत् छोडी ईसवी संवत्को सहारा पछि उहाँले लिन थाल्नुभयो ।

हाम्रो राष्ट्रिय संवत्मा विशेषण गराएर जोडिएको विक्रम शब्द सार्थक नदेखिएको र वैशाख आदि हाम्रा नाक्षत्र सौरमास अशास्त्रीय भएकाले स्वदेशी तिथिमिति छोडी ईसवी संवत्को आश्रय लिनुपरेको कुरा बाबुराम आचार्यले वि. सं. २०२४ मा लेख्नुभयो । यसपछि विक्रमसंवत्को विक्रम शब्दको सार्थकता सिद्ध गर्न र हाम्रा नाक्षत्र सौरमासको शास्त्रीयता किंवा वैज्ञानिकता सिद्ध गर्न पिताजीले कुरा खुलाएर निकै लामो लेख तत्कालै जसो पूर्णिमाको १५ अङ्कमा प्रकाश गराउनुभयो ।

एक थरी नेवारहरूले विक्रमसंवत्लाई अराष्ट्रिय भनी त्यसको ठाउँमा नेपालसंवत्लाई राष्ट्रिय संवत्को मान्यता दिनुपर्छ भनी हल्लीखल्ली गर्दै आएको देखेर विशुद्ध ऐतिहासिकको हैसियतले यस विषयमा बोल्नु मैले आवश्यक ठानें । परम्परादेखि चल्दै आएको, नेपाली जनजीवनमा भिजेको विक्रमसंवत्लाई खारेज गरी नेवारहरूमा मात्र चलेको नेपालसंवत्लाई राष्ट्रिय मान्यता दिंदा मुलुकको एकतामा खलल पर्ने डर भएकोले त्यस मागको विरोध गरी ऐतिहासिक प्रमाण दिई मैले वि.सं. २०३८ मा लेखेको थिएँ ।

प्रमाणको आधारमा हामीले भन्दै आएका यिनै कुरालाई संशोधन–मण्डलवालाहरूले विश्वास गर्नैपर्ने कुरा, तिनीहरूका अन्धविश्वास वा अघोषित सिद्धान्त,

तिनीहरूले गर्ने गरेको लिंडे ढिपी वा तिनमा एउटा कुरा राजनीतिसँग सम्बन्ध भएको मनगढन्त कुरा र अर्कोचाहिँ संस्कृतिसँग सम्बन्ध भएको पक्षपाती कुरा हुन्, तिनीहरूले मन पराएका कुराका यी नमूना हुन् भनी कमलप्रकाश मल्लले लेखेको कुराको उद्धरण यस प्रसङ्गमा गर्नु परेको छ-

इन् दिस् गुरुकुल, हाउएभ्अर्, ह्वट् इज् अर् इज् नट् यान् एभ्इडन्स् इज् डिसाइड्इड् ए प्राइअर्इ बाइ सर्टिन् आर्टिक्ल्ज् अफ् फेथ् अर् स्यूपर्स्टिशन् । ह्वट् आइ विश् टु एग्ज्याम्इन् हीर् इज् नट् द ट्रेन्इङ- ह्विच् डज्न्'ट् इन्टर्इस्ट् मी - बट् सम् अफ् द आर्टिक्ल्ज् अफ् देर् अन्डिक्लेर्ड् फेथ् । अमङ अद्अर्ज्, लेट् मी डिस्कस् जस्ट् टू :

१. इन् एन्शन्ट् पीर्इअड् (ह्वेन् ?), नेपाल् वज् बिग् (हाउ बिग् ?) । इट् ह्याड्, नट् ओन्लि स्टेब्ल्, बट् अल्सो फिक्स्ड् पोलिट्इकल् बर्डर्ज् । इट् बिकेम् फ्र्याग्मन्ट्इड् इन् मेड्ईईभल् पीर्ईअड् (ह्वेन् ?) ।

२. विक्रम ईर्अ इज् सेन्ट्रल् टु नेपालिज् हिस्टरि यान्ड् कल्चर्, यान्ड् देर्फोर् टु नेपालिज् हिस्टोरिओग्रफि ।

आइ विश् टु एग्ज्याम्इन् दीज् टू डग्मज् अफ् द स्कूल्- ए पल्इट्इकल् मिथ् यान्ड् ए कल्चर्अल् बाइअस्- इन् सम् डिटेल् । बाइ नाउ नय राज् पन्त् यान्ड् हिज् सन् ह्याम् कम् टु बिलीभ् सीर्इअस्लि द्याट् नेपालिज् हिस्टोरिओग्रफि इज् देर् प्राइभिट् इस्टेट् यान्ड् द्याट् एनइवन् हू क्वेस्चन्ज् देर् पेट् भ्यूज् इज् ट्रेस्पस्इङ देर् टेर्इटरि ।[७]

[यसो भए तापनि यस गुरुकुलमा कुन प्रमाण हो र कुन प्रमाण होइन भन्ने कुरा विश्वास वा अन्धविश्वासका निश्चित नियमद्वारा पहिलेबाटै निर्णय गरिएको हुन्छ । यहाँ मैले परीक्षा गर्न खोजेको कुरा त्यो तालीम- यसमा मलाई चाख लाग्दैन- होइन, तर तिनीहरूको अघोषित विश्वासका नियममध्ये केही हो । अरूमध्ये खालि दुइवटाको मात्र चर्चा मलाई गर्न दिनुहोस्-

१. प्राचीन कालमा (कहिले ?) नेपाल ठूलो (कति ठूलो ?) थियो । यस राज्यको सिमाना स्थिर मात्र नभई निश्चित पनि थियो । यो मध्यकालमा (कहिले ?) टुक्रियो ।

७. उही २ पृष्ठ ।

२. विक्रमसंवत् नेपालको इतिहास र संस्कृतिमा मुख्य छ, यसै कारण यो नेपालको इतिहास लेख्दा पनि मुख्य हुन्छ ।

त्यस पाठशालाका दुइवटा यी लिँडे ढिपी, एउटा राजनीतिसँग सम्बन्ध भएको मनगढन्त कुरा र एउटा संस्कृतिसम्बन्धी पक्षपातको परीक्षा केही खुलस्तसँग गर्ने मेरो इच्छा छ । नेपालको इतिहास लेख्ने काम हाम्रो निजी हक हो र हामीले मन पराएका कुरामा जोसुकैले सवाल गर्छ, त्यसले हाम्रो इलाकामा अनधिकार प्रवेश गरिरहेको हुन्छ भन्ने कुरा नयराज पन्त र उनको छोरोले अहिलेसम्म साँच्चिकै ठान्न थालिसकेका छन् ।]

पिताजी र पिताजीका शिष्यहरूका लेख खास गरी नेपाली भाषामा प्रकाश भएकाले बाहिरफेर वर्षौंसम्म ती लेखको प्रभाव परेन भने पनि हुन्छ । चर्वित-चर्वण नगरी इतिहासका अनेकन् अज्ञात वा अल्पज्ञात बूँदामा प्रकाश पार्ने प्रकाशित अप्रकाशित ऐतिहासिक उपकरणको मनन गरी ती लेख लेखिएकाले नेपाली इतिहासका बाहिरिया प्रौढ विद्वान्हरूको ती लेखतर्फ अन्ततोगत्वा दृष्टि पर्न गयो र उनीहरूबाट ती लेखको प्रशंसा हुन थाल्यो । यस कुरालाई अङ्ग्रेजी शिक्षा पाई इतिहासमा कलम चलाउने गरेका स्वदेशी बन्धुहरूले आफ्नो एकाधिकारमा खलल पर्न जाने प्रक्रियाको शुरुवातको रूपमा लिन थालेका छन् र संशोधन-मण्डलको अवदान सर्वसाधारणको दृष्टिमा सकेसम्म कम पार्न तिनीहरू भरमगदूर कोशिश गरिरहेका छन् । यी कुराको उदाहरण, प्रोफेसर प्रयागराज शर्माका तल उद्धरण गरिएका वाक्यमा पनि पाइँदैन भनेर म त भन्न सक्दिनँ–

इट् इज् ट्रू द्याट् अमङ्ग अल् रीसन्ट् फरइन् अथर्ज् राइट्इङ्ग अन् नेपाल् स्लसर् ह्याज् बीन् द मोस्ट् जेनअरअस् इन् याक्नलड्जइङ्ग हर् इनडेट्इड्नेस् टु द वर्क् डन् बाइ नेटिभ् स्कलअर्ज् इन् नेपाली यान्ड् अदअर् लोकल् ल्याङ्ग्विजइज् । दिस् इज् एभइडन्ट् फ्रम् हर् बिब्लिअग्रफइकल् लिस्टइङ्ग अफ् देर् वर्क्स्, इनक्लूड्इङ्ग ईभन् द स्मलएस्ट् वर्क्स्, यान्ड् इन् सम् केसइज् अन्रिलेट्इड् वर्क्स् । इन् दिस् शी शोज् यान् इस्पेशअल् प्रीडिलेक्शन् फर् दि राइट्इङ्ज् अफ् दि अर्स्ट्ह्वाइल् मेमबर्ज् अफ् ए पाइअनीरइङ्ग नेपाली हिस्टोरिअन्स्' ग्रूप् ह्विच् कल्ज् इट्सेल्फ् द इतिहास संशोधन मण्डल । वन् रीजन् फर् दिस् मे बी द्याट् टू अफ् हर् प्रिन्सिपल् रिसर्च् असिस्टयान्ट्स् वेर् मेमबर्ज् अफ् दिस् ग्रूप् । फर् लोकल् रीडअर्ज् इन् नेपाल् हू आर् फमिल्यर् विथ् द इम्पर्टयान्स् अफ् द वर्क् डन् बाइ दिस् ग्रूप् यान्ड् हू आर् अल्सो फमिल्यर् विथ् सम् अफ् देर् फेभरइट् भ्यूपइन्ट्स् यान्ड् पेट् थीअरिज,

इट् इज् नट् टू डिफ्इकल्ट् टु डिजर्न् स्लसर्'ज् टोट्ल् डिपेन्डअन्स् अन् देम् फर् हर् इन्टरप्रेट्इभ् विज्डम् ।[८]

[नेपालको विषयमा हालै लेख्ने विदेशीहरूमध्ये नेपाली विद्वान्हरूले नेपाली र अरू स्थानीय भाषाहरूमा गरेको काममा आफ्नो ऋण जनाउनमा सबैभन्दा उदार स्लसर भएकी छन् भन्ने कुरा साँचो हो । यो कुरा उनले आफ्ना सहायक-ग्रन्थको सूचीमा तिनीहरूका सानासेसाना र कहीँ कहीँ असम्बद्ध कृतिसमेत दरेकोबाट स्पष्ट हुन्छ । आफूलाई इतिहाससंशोधनमण्डल भन्ने गरेको, अगुवा नेपाली ऐतिहासिकहरूको डफ्फाका उहिलेका सदस्यहरूका कृतिको निमित्त उनले यसमा खास पक्षपात देखाएकी छन् । उनका मुख्य अन्वेषणसहायकमध्ये दुइ जना यस डफ्फाका सदस्य हुनु यसको एउटा कारण हुन सक्छ । यस डफ्फाले गरेको कामको महत्त्वसँग परिचित भएका र तिनीहरूलाई मन पर्ने दृष्टिकोण र तिनीहरूले मन पराएका सिद्धान्तमध्ये केहीसँग पनि परिचित भएका स्थानीय नेपाली पाठक-हरूको निमित्त, आफ्नो व्याख्यात्मक बुद्धिको लागि स्लसरको तिनीहरूमाथिको पूरापूर भरपराइ छुट्ट्याउन त्यति गाह्रो पर्दैन ।]

कमलप्रकाश मल्लले मेरी शेफर्ड स्लसरको नेपाल् मण्डलको विषयमा लेखेको लेख[९] र संशोधन–मण्डललाई तथानाम गाली गरी उनै मल्लले छपाएको इम्पेकअब्ल् हिस्टोरिओग्रफि इन् नेपाल्, ए रिबुट्ल् भन्ने पुस्तिका पढेका मानिसहरूको लागि माथि भरखरै उद्धरण गरिएका वाक्यमा नयाँ कुरा केही छैन । खालि मल्लले बेलिविस्तार लाएर भनिसकेका कुराको पिष्टपेषण मात्र छोटकरीमा यहाँ गरिएको छ । यसो भए तापनि मल्लको लेखाइमा संशोधन–मण्डलउपर जुन द्वेष र आक्रोश उदाङ्गिएका छन्, त्यो यहाँ उदाङ्गिसकेको छैन भनेर चाहिँ विवेकी पाठकले भन्न सक्छ । मल्लसँग संशोधन–मण्डलको भिडन्त भइसकेको र शर्मासँग भने त्यो प्रश्न नभएकोले मात्र शब्दसाधुत्व रहेको हो

८. वि. सं. २०४१ मा काठमाडौँबाट रत्नपुस्तक भण्डारद्वारा प्रकाशित कैलाशको ११ वर्षको ३–४ संयुक्ताङ्कमा छापिएको, मेरी शेफर्ड स्लसरको नेपाल् मण्डलको विषयमा प्रयागराज शर्माले लेखेको लेख, सो अङ्कको २५८ पृष्ठ ।

९. वि. सं. २०४० मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज् [नेपालविषयक विद्यासम्बन्धी लेख] को ११ वर्षको १ अङ्कका १२५–१३३ पृष्ठ ।

भन्ने कुरा पनि नेपालको इतिहासलेखाइमा चाख राख्दै गरेका पाठकहरूलाई ठम्याउन गाह्रो पर्दैन होला जस्तो मलाई लाग्छ ।

वि. सं. २०१२ मा संशोधनकार्यप्रति भैरवबहादुर प्रधानले जस्तो तीतो पोखेका थिए, त्यस्तो तीतो तीस वर्षपछिसम्म पनि पोखिदैंछ भन्ने कुरामा शङ्का छैन भन्ने कुरा यताबाट स्पष्ट भएको छ ।

संशोधनकार्य चल्दै गयो भने कि आफूले पनि कसिएर पढ्नुपर्ने, कि अन्वेषकको पगरो उतार्नुपर्ने अवस्था आउन सक्छ भन्ने डरले आक्रान्त भएका मानिसहरूले लोकको दृष्टिमा यस कामलाई नै हेय ठह्र गराउन सकेको खण्डमा संशोधकहरू आफसेआफ निष्प्रभ भई जान्छन् भन्ने ठानी यस्तो प्रचार गर्नु उनीहरूको नीतिज्ञता हो भन्ने मैले ठानेको छु। यसमा उनीहरू सफल पनि भएका छन् भन्ने कुरा थुप्रै संशोधकहरूले यो काम छोडेर मात्र नपुगी, सबभन्दा पहिले इतिहास-संशोधन प्रकाश गर्ने तीन जनामध्ये एक जनाले संशोधनकार्यलाई हेय ठह्-याई लेख प्रकाश गराउनुपरेकोले[१०] र भित्रबाहिर सबैतिर संशोधन– मण्डलका वरिष्ठ

---

१०. यिनैताक श्री नयराज पन्तजीले नयां परिपाटी अनुसार संस्कृतको अध्ययन अध्यापनको ढांचा निकाल्नु भएको रहेछ । हाम्रा भिनाजु श्री चूडानाथ भट्टरायको उहांसंग राम्रो परिचय भएको र यता आफ्ना ससुराको पनि संस्कृततिरको झुकाउ देखेर उहांकै माध्यमबाट पिताजीले मलाई नयराज पन्तको जिम्वा लगाई दिनु भयो । अब मेरो नयां गुरू हुनुभयो श्री नयराज पन्त । सानो भए ता पनि उहांमा निकै विद्वत्ता छ भन्ने कुराको बोध मलाई श्री नयराजजीबाट पाएको हूं । त्यहां गए पछि ४ वर्षसम्म बास्तविक संस्कृतको पढाई भएको अनुभव भयो र त्यही ४ वर्षको अध्ययनले पछि मलाई उच्च शिक्षासम्मको संस्कृतको पढाईलाई राम्ररी मद्दत गरेको थियो । तर ४ वर्ष पछि त श्री नयराजजीका पनि पढाईका सिलसिलामा सैथिल्यता आउन लागेको जस्तो लाग्न लाग्यो । यो समय सम्ममा "विद्या" भन्ने के चीज रहेछ र यसको उपादेयता जीबनमा कत्तिको पर्दछ भन्ने राम्ररी ज्ञान भई सकेकोले – गुरूजीका उत्तर भागका गतिविधिमा वैशम्य आएको कुरा ठाउं देखिनै बुझेको थिएं । गुरूजीको पछिको विचारमा संस्कृतको पढाई चांडो न सिध्याउने थियो । उहां पनि आफू अंग्रेजीको केही ज्ञान प्राप्त गरेको भएता पनि अंग्रेजी शिक्षा प्रति मेरो पिताजी जत्तिकै शुष्क भाव राख्ने हुनुहुन्थ्यो । 'म कहांको पढाई चांडो सकेर यी छात्र अंग्रेजी पढ्न अन्त जालान्' भन्ने

गुरूजीको मुख्य डर थियो । त्यसैले पछि पढाईतिर भन्दा यिनीहरूले आफ्नो सम्पर्क नछोड्न् भन्नेतिर गुरुको ध्यान जान लाग्यो । हामीलाई इतिहास संशोधन तिर अभिमुख गराएर यतैतिर धेरै व्यस्त बनाउने उहांको पछिल्लो बिचार भने हामीलाई स्पृहणीय हुन सकेन । माध्यम भएर श्री चूडानाथ भट्टराय रहनु भएता पनि उहांले पनि नयराजजीको पछिल्लो परिपाटीलाई राम्ररी केलाउन सक्नु भएन भनुं या कोशिश गर्नु भएन । पिताजीलाई भने मेरो पढाईको बिषयमा पटक्कै चिन्ता थिएन, जुवाइलाई जिम्मा लगाएकोले-उहां त एकदम ढुक्क हुनुहुन्थ्यो । हामी (गु. छत्रनाथका छोरा- महेन्द्रनाथ अधिकारी, गुरुज्यूकै भतिजा सुरेन्द्रनाथ अधिकारी, पेशल कुमार पोखरेल र म) सहपाठी ४ छात्र भने उकुसमुकुसीएका थियौं- पठन पाठन नदेख्दा । घरमा पढाईको अस्तव्यस्तताको कुरा गर्‍यो- कसैलाई विशेष चासो लागेको जस्तो लाग्दैन थियो । कसैलाइ के भनुं । दाजुहरूबाट कहिल्यै पढाई बिषयमा एक लवज उच्चारण भएको मलाई थाहा छैन-त्यसैले उहांहरुलाई आफ्नो गुनासो पोख्ने कुरै भएन -आमामा दु:ख बिसाउथे वेला मौकामा धोको फुकाएर- तर आमाबाट सिफारिश भएता पनि पिताजीले यस विषयमा पटक्कै कुरा खानु भएन । मेरो अभिभावकलाई भने त्यो समयमा संभवतः आफ्नै तानामाना मिलाउदैमा फुर्सद थिएन हाम्रो पढाई बिसे चाख लिने या श्री नयराजजीको विश्वासले यता फर्कने जरूरत संझनु भएन क्यार । अब के गर्ने ? हामी पर्‍यौ हत्यमा । चारैतिर कुरा सुन्यो हेर्‍यो सबै पढ्दैछन्, आफ्नो भने बाटै बन्दछ । अनि भित्र भित्रै आफैमा बिद्रोह पैदा हुन थाल्यो । पिताजीको जाडो याममा संधै गाऊ ''मणिग्राम'' जाने चलन । उहां गाउं गएको वखत मौका पारी एक कडा चिठी लेखे- 'म बिग्रन आंटे । पढाई शून्य छ । मेरो विषयमा कुरा सुन्ने र हेर्ने कोही छैन । किंकर्तव्यबिमूढ भएको छु । पछि कसरी मैले जीवन यापन गर्ने हो भन्ने महान् पीरले मलाई आज भोलि कुनै कुरामा लगनै लाग्न दिदैन इत्यादि आशयका कुरा लेखी गीताको तेश्रो अध्यायको अर्जुनले श्री भगवान् कृष्णलाइ मार्ग निर्देशनको निमित्त भनेको-

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोहाप्नुयाम् ।'

भन्ने श्लोक उद्धृत गरी लेखेर पठाए पछि बल्ल बल्ल पिताजीलाई छोएछ र सांच्चै होकित भन्ने परेछ । मलाइ आफ्नो बाटो पैल्याउन यत्नो बिधि तुलकराम

प्रकाशित गरी आफूले निकम्मा ऐतिहासिक साबित गरेको मानिसको नै "वैज्ञानिक ढंगले अनुसन्धान र विश्लेषण गरी ऐतिहासिक ग्रन्थहरू तयार पारेको"[११] भनी माहात्म्य गाउनुपरेकोले र संशोधन-मण्डलका वर्तमान विरोधीहरूका अगुवा कमलप्रकाश मल्लको आश्रयमा घुस्निन जान परेकोले स्पष्ट भएको छ ।

चौंतीस वर्षअघि थालिएको संशोधन – कार्यको परम्परा चलाउँदै जाने उद्देश्यले नै श्री ज्ञानमणि नेपालको यस लेखको प्रकाशक बन्न मलाई प्रेरणा मिलेको हो भन्ने कुरा अब छर्लङ्ग भएको छ जस्तो मलाई लाग्छ । यस्ता कामबाट नै संस्कृतविद्याको पुनरुद्धार गर्ने काममा सघाउ पुग्न सक्छ भन्ने कुरामा पनि मेरो त्यत्तिकै दृढ धारणा छ । ज्ञानमणिजीको यस लेखमा कहीं कहीं विवाद उठाउन सकिए तापनि सत्री, वन्दी, नागरक र घोषवृद्धबाहेकका बुद्धिजीवीहरूले पनि नेपालमा कलम चलाइरहेको कुराको कसी यस्तै लेख हुन्छन् भन्ने मलाई लागेको कुरा पनि यस प्रसङ्गमा मैले भनिहाल्नुपर्छ ।

विद्याको निरन्तर साधनामा लागेका मानिस एक्लै परे पनि ज्ञानमार्गबाट नविच्किएका उदाहरण इतिहासमा नपाइने होइनन् । आफूले आर्जन गरेको सच्चा ज्ञानलाई नै त्यस अवस्थामा साथीको रूपमा वरण गर्न सक्ने मानिस नै इतिहासमा स्मरणीय हुन पुगेका छन् भन्ने कुरा बुद्धिजीवीहरूको इतिहासमा चाख राख्नेहरूलाई थाहा भएकै कुरा हो । यस कारण चौडा र सजिलो बाटो छोडी ज्ञानको ज्योति जगाउन पुरानो बेचलतीको बाटो हिंड्नुबाहेक अर्को विकल्प नभएको मानिसले अझ कस्ता कस्ता अवस्था भोग्दै सकस खाएर काम गर्नुपर्ने हो, केही भन्न सकिंदैन ।

गर्नु परेको कुरा मैले कहिल्यै बिर्सन सकेको छैन । यस्तै उधेडबुनमा ३वर्ष खेर फाले पछि गुरु श्री नयराजजीको सम्पर्क छोडी घरमा प्राइभेट जस्तै गरी संस्कृतमा जांच दिंदै रूमलिएको वातावरणबाट गोरेटो खोज्न थालेको हूं । अंग्रेजी अध्ययन तिरको सिलसिलामा श्री बलराम प्याकुरेल तथा श्री तारानाथ शर्माहरुबाट मैले आफूलाई निक्कै लाभान्वित गराउन सकेको कुरा संझदा उहांहरु प्रतिको मेरो आन्तरिक हृदयमा उठेका श्रद्धाका तरंगहरू श्री नयराजजीसंगबाट पाएका संस्कृत र नैतिकता-का ज्ञान तन्तुहरुमा अद्यापि झंकृत भैरहेको अनुभव गर्दछु ।

(वि.सं. २०४३ मा काठमाडौंबाट गिरीश मणि आ.दीक्षितद्वारा प्रकाशित, केशव मणि आचार्य दीक्षितको संझनाको बाटोमाको ९–११ पृष्ठबाट)

११. वि.सं. २०४२ माघ ११ गतेको साप्ताहिक विमर्शमा छापिएको स्व. सूर्यविक्रम ज्ञवाली प्रति श्रद्धांजली ।

जुन संस्थामा धेरै मान्छे छन्, त्यस संस्थालाई राम्रो र जहाँ कम मान्छे छन्, त्यस संस्थालाइ नराम्रो सम्झने सिद्धान्त भएका मानिसहरूको घैँटोमा यस्ता कुराबाट घाम भने लाग्दैन भन्ने कुरामा शङ्का भने छैन ।

यो पुस्तक छपाउँदा कागज दिई सहयोग गरेकोमा भाइ दिनेशराज पन्त धन्यवादका पात्र छन् ।

वहति न पुरः कश्चित् पश्चान्न कोऽप्यनुयाति मां
न च नवपदक्षुण्णो मार्गः कथं त्वहमेककः ।
भवतु विदितं पूर्वव्यूढोऽधुना खिलतां गतः
स खलु बहलो वामः पन्था मया स्फुटमुज्झितः ॥

—धर्मकीर्ति[१२]

---

१२. यो पद्य म्यासाचुसेट्स राज्यको केम्ब्रिजबाट हर्वर्ड यूनिर्भासिटी प्रेसद्वारा वि.सं. २०१४ मा प्रकाशित, दामोदर धर्मानन्द कोसम्बी र भी. भी. गोखलेको द सुभाषितरत्नकोष कम्पाइल्ड् बाइ विद्याकर [विद्याकरद्वारा सङ्कलित सुभाषितरत्नकोष] को २६७ पृष्ठबाट उद्धरण गरिएको हो । त्यहाँ उर्जितः पाठ छापिएको छ । केम्ब्रिजबाट हर्वर्ड यूनिर्भासिटीद्वारा वि.सं.२०२२ मा प्रकाशित डानियल एच. एच. इन्गल्सको यान् यान्थलअजि अफ स्यान्स्क्रिट् कोर्ट् पइट्रि, विद्याकर'ज् सुभाषितरत्नकोष [संस्कृतका दरबारिया काव्यको सुभाषितसंग्रह, विद्याकरको सुभाषितरत्नकोष] को ५८२ पृष्ठमा उर्जित : लेफ्ट्, अब्यान्डन्ड्' = उज्झितः भनी लेखिएकोले उत्सर्ग (छोड्नु) भन्ने अर्थ भएको उज्झ् धातुको अर्थमा उर्जितः प्रयोग भएको हो भन्ने इन्गल्सको भनाइ देखिन्छ । ऊ(उ)र्ज् धातु बलप्राणनयोः (बल हुनु र जीवन हुनु) अर्थमा मात्र भेटिएकोले यो धातु उज्झ्को पर्याय कसरी हुन्छ भन्ने कुरा मैले बुझ्न सकिनँ । जे भए पनि बल र प्राणन अर्थको यस पद्यमा सङ्गति नमिल्नाले उज्झितः पाठ मैले सकारेको हुँ ।

[अगाडि कसैले डोऱ्याउँदैन, मेरो पछाडि पनि कोही छैन, नत बाटै नयाँ पाइलाले खुँदिएको छ, कसरी म एक्लै परें ? भंगो, थाहा भयो, पुर्खाहरूले फराकिलो पारेको बाटो अहिले बेचलतीको हुन गएको रहेछ, चौडा र सजिलो बाटो मैले पक्कै छोडिसकेको रहेछु ।]

वि. सं. २०४३ श्रीपञ्चमी
संशोधन-मण्डल
काठमाडौं ।

-महेशराज पन्त

आमुख

धेरै पहिलेदेखि नै पशुपतिनाथको स्थानमा जाँदा त्यहाँको दर्शन पूजनको प्रक्रिया देखेर मेरा मनमा अनेकथरी जिज्ञासा पैदा भइरहन्थे । जहिले जाँदा पनि मेरो ध्यान त्यसबारेमा आकृष्ट हुन्थ्यो । पशुपतिनाथलाई हामी कसैले पनि छुन नपाइने, आफ्ना हातले पुज्न नपाइने रीत कहिलेदेखि चल्यो ? पशुपतिनाथलाई धेरै टाढाका विदेशी पूजाहारीका जिम्मा किन लाइयो ? नेपाली धार्मिक जनतालाई चाहिँ पशुपतिनाथबाट किन टाढा पारियो ? पुरानो व्यवस्था बदलियो, नयाँ विचार नयाँ धारणा आयो तापनि पशुपतिनाथको पूजाप्रक्रियामा सुधार आएन, नेपालीले छुनै नपाइने र विदेशी पूजाहारी बनाइरहनुपर्ने बाध्यता जस्ताको तस्तै बनिरहेको छ, यो अकाट्य, परिवर्तन हुन नसक्ने नियमले नेपाली धार्मिक जनताको मनोभावनालाई कुण्ठित पारिरहेकै छ इत्यादि कुराले मेरो मनमा कुतूहल पैदा गरिरहेको थियो र यी प्रश्नको समाधानमा मेरो दिल लागिरहेको थियो ।

यसैले म बारंबार पशुपतिका बारेमा लेखिएका पुराना अभिलेख पुराण वंशावली आदि प्रमाण परीक्षण गर्दै हेर्दै पढ्दै गर्न लागेको थिएँ । पशुपतिनाथका अरू पक्षमा भन्दा विशेष गरी स्पर्शन गर्न नपाइने र विदेशी पूजाहारी हुनपर्ने कुरामा चाहिँ मेरो दृष्टि केन्द्रित थियो । ऐतिहासिककालदेखि नै यही रीत चल्दै आएको थियो कि ? यो रीत पछि चलाइएको हो कि ? प्राचीन कालमा र मध्यकालमा पशुपतिको पूजा कसरी हुन्थ्यो ? पूजाहारी को थिए ? विदेशबाट ल्याउनुपर्ने कारण के पर्‍यो ? स्वदेशी शैव भक्त पूजाहारी किन लाइएनन् ? विदेशीमा पनि दक्षिणभारतकै भट्ट कहिलेदेखि ल्याउन लागियो ? छुन नपाउने चलन कहिलेदेखि भयो ? इत्यादि प्रश्न मेरा मनमा खेलिरहन्थे ।

पशुपतिनाथका बारेमा जान्नुपर्ने र बुझ्नुपर्ने कुरा त धेरै छन् । सबै कुरा छर्लङ्ग खुट्ट्याएर भन्न त अझै अनुसन्धान गर्दै जानुपर्ने कुरा छँदैछ । धेरै दिनको परिश्रम र अध्ययन मनन चिन्तनपछि पशुपतिको स्पर्शन र पूजन-सन्बन्धमा चाहिँ अहिले केही कुरा भन्न सक्ने स्थितिमा म पुगेको छु । पुराना अभिलेख वंशावली पौराणिक धार्मिक साहित्यिक ग्रन्थहरूको अध्ययनको आधारमा यो कृतिलाई यस रूपमा प्रस्तुत पनि गरेको छु ।

धार्मिक पौराणिक ग्रन्थमा पशुपतिनाथका बारेमा धेरै उपाख्यान कहिएका छन् । नेपालमा कयौँ अभिलेखमा पशुपतिका स्तुति प्रशंसा पाइन्छन् तापनि तिनले पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा व्यवहारी पक्षचाहिँ खुलाएर भन्दैनन् । हस्तलिखित ग्रन्थ वंशावलीमा प्रसङ्गवश आकलझुकल आएका प्रमाणलाई केलाएर मैले आफ्नो विचार स्थिर गरेको छु ।

नेपालको इतिहास लेख्न अशुद्ध भए पनि वंशावलीहरू धेरै उपयोगी छन् । यिनमा उल्लिखित घटनालाई अरू तात्कालिक प्रमाणका कसीमा घोटेर हेरेका खण्डमा इतिहासका धेरै घटना हाम्रा सामु स्पष्ट हुन्छन् । यी वंशावलीहरूमा सबैभन्दा पुरानो, अहिलेभन्दा करीब ६ शय वर्षपहिले स्थिति मल्लका पालामा लेखिएको वंशावली हो । यो भ्रष्ट संस्कृत र नेवारी भाषामा लेखिएको छ । जे भए पनि स्थिति मल्लभन्दा शय डेढ शय वर्षपहिलेको इतिहास जान्न यसले ठूलो मद्दत गर्दछ । अहिलेभन्दा झण्डै शय वर्षपहिले सेसिल बेन्डालद्वारा सो वंशावलीको प्रचार हुन आयो । पहिले यसलाई बेन्डालवंशावली पनि भनियो । पछि बाबुराम आचार्यहरूले यसको नाम गोपालवंशावली भन्ने गरिदिएकाले यसै नामले यो प्रचलित भएको छ ।

हामीले इतिहासमा काम गर्न थालेदेखि नै यसको उपयोग गर्दै आएका छौँ । तर यसको भ्रष्ट संस्कृत भागको अर्थ गर्न त कठिन पर्दछ भने नेवारी भागको अर्थ गर्न त झन् गाह्रो थियो । योगी नरहरिनाथले यो वंशावली दुइपल्ट छपाउँदा पनि संस्कृतभागको मात्र अर्थ गरिएको थियो । धेरै वर्षपछि पोहोर सो वंशावली जर्मनीको नेपाल रिसर्च सेन्टरबाट अनुवादसहित प्रकाशमा आयो, यसको नेपाली अनुवाद धनवज्र वज्राचार्यद्वारा र अंग्रेजी अनुवाद कमलप्रकाश मल्लद्वारा भएको छ । तर पनि सो वंशावलीको अनुबाद अझै राम्रोसँग पूरा भइसकेको छैन भन्ने कुरा देखिन्छ ।

मैले यो पुस्तक लेख्न लिएका आधार वंशावली नै हुन्, तिनमा पनि गोपालवंशावलीचाहिँ मुख्य हो। वंशावलीका धेरै प्रमाणले मलाई यस अनुसन्धानमा बल थपेका छन्। वंशावलीमा उल्लिखित वर्णनलाई तात्कालिक लेख अभिलेखका प्रमाणका कसीमा घोटेर हेर्ने प्रयास मैले यहाँ गरेको छु।

केही वर्षपहिले मैले नेपालमा लेखेका पुराना पुस्तक जयतरचित महीरावणवध र माणिकरचित भैरवानन्दको सम्पादन गर्ने सिलसिलामा तात्कालिक धेरै ऐतिहासिक प्रमाण बटुलेको थिएँ। यस्तैमा पशुपतिनाथको दर्शन स्पर्शन पूजनका सम्बन्धमा पनि मैले केही प्रमाण पाएँ। गोपालवंशावली र तात्कालिक प्रमाणका आधारमा मैले जुन मत मनमा जमाएको थिएँ, सो कुरा हाल प्रकाशित यो गोपालवंशावलीको अर्थसँग भेट खाएन। यसो हुँदा समीक्षासहित यसबारेमा लेख्न मलाई उत्साह बढेर आयो। वि. सं. २०४२ श्रावणमा मैले यो कृति लिपिवद्ध गरेँ। मैले त्यसपछि यसबारेमा रुचि राख्नेहरू जजसलाई यो सुनाएँ, सबैबाट यसमा समर्थन नै पाएँ, मेरो आत्मसन्तोष निकै बढेर आयो। मैले केवल स्वान्तःसुखाय नै यो कृति लेखेको थिएँ। टिप्पणीसहित पारेर प्रकाशनयोग्य पनि पारेको त थिएँ, तर पनि प्रकाशित गरिहाल्ने अनुकूलचाहिँ परेको पनि थिएन, साँच्चै त्यसतर्फ प्रयास पनि गरेको थिइँन।

यस साल महेशराज पन्त जर्मनीको कीलविश्वविद्यालयमा गएर फर्केर आएपछि यही आश्विन १० गते शनिवार मसँग भेटमुलाकात भयो। शोधखोज लेखपढको प्रसङ्ग चल्यो, यस्तै अनुसन्धानको चर्चा चल्दा मेरो यही अनुसन्धानको कुरा आयो। सो कृतिलाई नयाँ राम्रो खोज हो भन्ने ठानी यसलाई जति सक्यो उति छिटै छापेर जनसमक्ष ल्याउने आग्रह उहाँले गर्नुभयो। परन्तु हाम्रो यहाँ काल्पनिक कुरालाई बढी महत्त्व दिने, कथाकहानी नै चाख मानेर पढ्ने, प्रकाशित पुरस्कृत गर्ने होड चलेको वेला मेरा यस्ता शोधखोजको के पुछ हुन्छ र ? यसलाई चाख मानेर पढ्ने, प्रकाश गर्ने, महत्त्व दिने चासो कसलाई छ र प्रकाश गर्न हतार गर्नु, स्वान्तःसुखायकै कुरा हो, पछि कुनै वेला मोकामा अनुकूल परेमा पुस्तकको रूपमै छापी प्रचारमा ल्याउँला भन्ने कुरा मैले गरेँ। होइन, त्यसो हो भने पुस्तक सानै छ, अनुसन्धानको विषय राम्रो छ, दिनुहुन्छ भने दिनुहोस् त यसको प्रकाशक म भइदिन्छु भन्ने कुरा उहाँले गर्नुभएकोले यो कृतिलाई फेरि केही संस्कार गरी यस साल प्रकाशमा आएका पशुपतिसम्बन्धी

लेखलाई समेत समीक्षा गरी टिप्पणीमा केही थपघट गरी प्रकाश गर्न दिएँ । नयाँ अनुसन्धानलाई चाख मानी प्रकाशनको अभिभारा लिइदिनुभएकोमा विद्वान् महेशराज पन्तलाई धेरै धन्यवाद दिन चाहन्छु । यसपछि मेरो यो कृति लेख्न सहायता गर्ने साधन बनेका पुस्तक प्रमाणस्रोत प्रकाश गरिदिने सबै विद्वान्हरूलाई पनि सम्झनु म आफ्नो कर्तव्य ठान्दछु । उहाँहरूका नाम, पुस्तकसूची अन्त्यमा दिएको छु । नेपालको शैव धर्म र पशुपतिको महिमालाई व्यक्त गर्ने एक महत्त्वपूर्ण शङ्कराचार्यको शिलालेख परिश्रमपूर्वक पढी परिशिष्टमा अर्थसहित दिएको छु । अन्त्यमा पूजाहारीको कुरा खुट्ट्याउने एक ताम्रपत्र पनि प्रकाश गरेको छु ।

यहाँ अन्त्यमा एउटा कुरा भन्नु आवश्यक ठान्दछु । मैले यो कृति विशुद्ध सत्यान्वेषण गर्ने सिलसिलामा पाएका प्रमाणका आधारमै प्रस्तुत गरेको छु । यसमा कुनै अभिनिवेश वा आग्रह राखिएको छैन । अनुसन्धानको कठिन बाटोबाट हिँड्दै जाँदा आफूले देखेजानेका अनुभव गरेका कुराको ऐतिहासिक आधार प्रमाणको भरमा यथार्थ वस्तुस्थितिलाई प्रकट गरिदिँदा परम्परागत मान्यतामा विभेद पर्न गई धार्मिक आडमा पाइरहेको फाइदामा आँच आउने सम्झी कसैले पनि यसमा दोषबुद्धिले हेर्नु हुँदैन । सत्य कटु हुन्छ, कोही कसैलाई अप्रिय पनि हुन सक्छ, तर सत्य शाश्वत हो र यस कुराबाट कसैले पनि विचलित हुनु हुँदैन । सत्यको बाटोबाट जाँदा कसैको सानो क्षणिक स्वार्थमा विघ्नबाधा परे तापनि भविष्यमा सबैलाई सत्यले नै सुफल प्रदान गर्नेछ । सहृदय पाठकले पनि यसै दृष्टिले पढिदिनुहुनेछ, हेरिदिनुहुनेछ भन्ने मैले आशा लिएको छु ।

वि. सं. २०४३।१०।१५ —ज्ञानमणि नेपाल

पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा

मैले पन्ध्र वर्षको उमेरमा पशुपतिनाथको दर्शन गर्न सर्वप्रथम पाएको थिएँ। दर्शन गर्दा परबाट अर्थात् पश्चिमपट्टिको बाहिरी ढोकाबाट गरेको थिएँ। दुइ ढोकाभित्र पशुपतिनाथको मूर्ति रहेको छ र मूर्तिको बाहिरपट्टिको पश्चिमी लङ्मा पशुपतिनाथका पूजाहारीहरूका अनुचर फूलपाती प्रसाद लिने र दर्शकलाई दिने काम गर्दछन्। मैले पहिले-पहिले दर्शन गर्दा एक मोहर भेटी चढाएको खण्डमा चन्दनको शिवनेत्र लाउन पाइन्थ्यो र त्रिनेत्र बन्न पाइन्थ्यो। नौ बजे-पछि भने चारै ढोका खुल्ने हुँदा भित्रपट्टिको लङ्बाट दर्शन गर्न पाइन्थ्यो र अहिले पनि पाइँदैछ। पशुपतिको दर्शन परबाट मात्र पाइन्छ र स्पर्शन पूजन गर्नचाहिं सब कोहीलाई नै मनाही छ। दर्शकले लगेको भेटी दक्षिणा जल पूजासामग्री नौ बजेअघि भट्टका अनुचर भँडारेहरू र पछि आफैं भट्टपूजाहारीहरू पनि हातमा लिने गर्दछन्। उनीहरू नै पशुपतिलाई देखाइदिएर वा छुवाएर दर्शकलाई भेटी दक्षिणाबाहेक अरू पातीप्रसाद चन्दन वा चन्दनको रूपको लेप थपेर फिर्ता दिन्छन्। यो क्रम कहिलेदेखि हो, चलेर आइरहेको छ।

पहिलो पटक दर्शन पाउनुभन्दा पहिले मैले पशुपतिको आकारप्रकारका बारेमा सामान्य जानकारी पाएको थिएँ। मैले पढ्ने गरेको गोगनेपाठशालानेर बुरुस्त पशुपतिकै आकारको चतुर्मुखी शिवलिङ्गको स्थापना भएको थियो[१]। त्यहाँबाट पशुपतिका बारेमा मैले केही कुरा सुन्न पाएको थिएँ। मेरो आफ्नै गाउँमा बाबु-बाजेले स्थापना गरेका शिवलिङ्गचाहिं विश्वनाथकै प्रतिरूपका थिए[२]। यी शिवालयमा भित्रै पसेर दर्शन स्पर्शन पूजन आदि सबै कुरा आफ्नै हातले गर्न पाइन्छ।

एउटा घटनाको मलाई अझै सम्झना छ। सूर्यग्रहण लागेको थियो। आरुबारी महादेवस्थान (हरिशंकर नेपालले स्थापना गरेको प्राकृतिक शिव-लिङ्ग) मा पिताजीलगायत धार्मिक जनहरू स्नानदानको कार्यक्रममा संलग्न थिए। दान लिने पूजाहारी बाजे एक हातले शिवलिङ्गलाई अङ्कमाल गरेर अर्को हातले दान थाप्ने गर्दथे। त्यो देख्ता त्यस बेला मलाई अनौठो लागेको थियो।

शिवजीलाई अङ्कमाल गरेर लिएकोमा ग्रहणदानको प्रत्यवाय लाग्दैन, शिवजीले नै त्यो सबै प्रत्यवाय भस्म पारिदिन्छन् भनेर त्यसो गरेको रे ।

अन्त पनि दुइ हातले शिवजीलाई अङ्कमाल गरेर शिर निहुराएर ढोगेको मैले देखेको छु । काशीका प्रसिद्ध विश्वनाथको दर्शन पनि मानिसहरू यसरी नै गर्दछन् । विश्वनाथको दर्शन पूजन आदि सबै काम आफ्नै हातले गर्न पाइन्छ । चार वर्षका उमेरमा मलाई आमाले वाराह क्षेत्रको दर्शन गराउनुभएको थियो । त्यस बेला दुइ हात टेकेर वराह भगवान्को दर्शन गरेको मधुरो सम्झना अहिले पनि मलाई छँदैछ । पूर्वका प्रसिद्ध पिण्डेश्वर शिवलिङ्गमा पनि दर्शन स्पर्शन र अरू सबै पूजा भित्रै पसेर गर्न पाइन्छ [३] । अर्का प्रसिद्ध जलेश्वर महादेवको पनि मन्दिरभित्रै पसेर दर्शन स्पर्शन गर्न सकिन्छ [४] ।

पशुपतिको चाहिं स्पर्शन पूजन गर्न नपाइने, केवल दर्शन मात्र गरेर सन्तोष गर्नुपर्ने, किन त ? म जस्ताले मात्र नपाएको पनि होइन, हाम्रा बाबुबाजेले पनि पाएनन् । उनीहरू स्नान सन्ध्या पाठपूजा निखित्तो गर्दथे, पञ्चयज्ञ बलिवैश्वदेव गर्दथे, त्रिपुण्ड्रक धारणा गर्ने ज्वालामुखी रुद्राक्ष लाउने साक्षात् शिवभक्त थिए, तिनले पनि पशुपतिको दर्शन मात्र पाए, स्पर्शन पूजन गर्न पाएनन् । शास्त्री आचार्य पास गरेका ठूलाठूला पण्डित गुरुहरू मात्रै होइनन्, यहाँका बडागुरुज्यू मूल पुरोहितहरूले पनि पशुपतिलाई छुन नपाउने, परैबाट नमस्कार गरेर मागेको पातीप्रसाद लाएर फिर्नुपर्ने । यस्तो किन ? कहिलेदेखि यो चलन चल्यो ? टाढा धेरै टाढाका दक्षिण भारतका विदेशी पूजाहारीले मात्र पशुपति छुने अधिकार कहिलेदेखि किन पाए ? यसै प्रश्नले मेरो मनमा अत्यन्त कुरीकुरी पैदा गरिरहेको छ ।

यी माछामासु नखाने अलिना भट्ट रे भन्ने भनाइ पनि धेरैको मुखबाट सुनिएको थियो । के त त्यस्ता बाहुन नेपाली छैनन् र ? धेरै चोखोनिती गर्ने, खानपीनमा निखित्त गर्ने नेपाली पण्डितहरू पनि कम थिएनन् । कुन परिस्थितिमा यी विदेशी भट्टहरूले पशुपतिलाई एकलौटी पारे, यो प्रश्न त ज्यूँकात्यूँ छँदैछ । हामी जस्ता अरू कसैले पशुपतिको स्पर्शन नपाउनुचाहिं आश्चर्यको अर्को कुरा छ । ठूलाको दर्शन परैबाट हुन्छ, यस्तै हो भनौं भने पनि सबै पुराणहरूमा भक्तहरूले भगवान्को दण्डवत्प्रणिपात गरेको, भक्तलाई भगवान्ले अङ्कमाल गरेको, शिरमा छोएर आशीर्वाद वरदान दिएको कथा पढ्न पाइन्छ । देवताको षोडशोपचारले पूजा गरेको, दर्शन स्पर्शन गरेको कुरा नै सर्वत्र प्राप्त छ । पूजा गर्दा आवाहन अर्घ्य पाद्य उपस्पर्शन स्नान वास उपवीत विभूषण

गन्ध पुष्प धूप दीप नैवेद्य चढाउनुपर्छ[५]। मेरो मूर्तिको दर्शन स्पर्शन पूजा स्तुति अभिवादन आदि गर्नु भक्तिको पूर्वलक्षण हो भन्ने कपिलको उक्ति छ[६]।मेरो मूर्ति र मेरा भक्तहरूको पनि दर्शन स्पर्शन पूजन सेवा स्तुति कीर्तन आदि भक्तले गर्नुपर्छ भन्ने कृष्णको उक्ति छ[७]। रावणले नर्मदामा नुहाएर किनारामा बालुवाको शिवलिङ्ग स्थापना गरेर पुष्पोपहार चढाएका थिए भनी वाल्मीकीय रामायणमा लेखेको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ[८]।

द्वितीय जयदेवको पशुपतिको वि. सं. ७९० को प्रसिद्ध प्रशस्तिमा पनि रावणले पशुपतिलाई ढोग्दा उनका शिरपेचमा पशुपतिको पाउको धुलो टाँसिएको थियो, बाणासुरका शिरको मुकुटमा पनि पशुपतिको पाउको धुलो परेको थियो भन्ने वर्णन गरिएको छ[९]।

देवताको पूजाविधि पनि हेरौं। आह्निकसूत्रावलीमा यस्तो उल्लेख गरेको पाइन्छ। साधारणतः पूजा पञ्चोपचारले गरिन्छ। ध्यान, आवाहन, भक्तिले निवेदन गर्नु, नीराजन र प्रणाम यी पञ्चोपचार भए[१०]। अर्को मतमा चन्दन फूल धूप बत्ती नैवेद्य गरी पञ्चोपचार मानिन्छ[११]। यस्तै दशोपचार षोडशोपचार गर्दै अठतीस उपचारसम्म कहिएका छन्[१२]।यी पूजाविधिमा देवतालाई नछोई पूजा हुनै सक्तैन। एक मतमा स्त्री शूद्र र कर्म नचलेकाले विष्णुको शिवको प्रतिमा नछुनू भनेको छ तापनि यो कुरा व्यावहारिक नभएको पनि त्यहीं उल्लिखित छ। देवालयमा शिवलिङ्ग देवी आदिको मूर्तिमा फोहरमैला सफा गर्ने निर्मल सेलाउने र पहिलो पूजामा खटिएका गुरवा कहिने शूद्रहरू नै हुन्छन्, यो परम्परादेखि चलिआएको सम्प्रदाय हो[१३]।

हाम्रो यहाँ त मैला सफा गर्ने मात्रै होइन, अरू देवमन्दिरमा ता पूजाहारी शूद्र पनि अछूत पनि रहेका छन्। पूजाहारी बाहुनै हुनुपर्छ भन्ने केही जरूरी छैन। गुह्येश्वरी, भद्रकाली र बागलुङचौरकी देवीका पूजाहारी हेर्दा यो कुरा थाहा हुन्छ। यस्तै नेपालमा धेरै मन्दिर छन्, ब्राह्मणेतर जाति पूजाहारी भएका। बागलुङचोरमा देवीथानमा खड्का पूजाहारी छन्। पूर्वमा धेरै देवीथानमा किराती पूजाहारी रहेका छन्। गोरखा सल्यानकोटकी देवीका पूजाहारी रानामगर थिए। पृथ्वीनारायण शाहले माईका दर्सन गर्नु हुन्छ की भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाई मात्रै भित्र दर्सन गर्नु हुन्छ, जो हुकुम भन्या ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साजबिह्यान ढोकासम्म जाई पाठ

पुजा जप् दर्सन् गर्थ्यां[१४] भनी बोलेकाले उनले ढोकामा बसी पाठपूजा दर्शन गरेका थिए। मुक्तिनाथका पूजाहारीमा त्यहाँका झुमा लमिनीहरूले पनि पालो पाउँछन्। व्यवहारमा पनि देवमूर्तिलाई नछोई पूजा नहुने र स्त्रीजातिले पुरुषका सहचारिणी भई पूजामा सामेल हुने धर्मशास्त्रकै नियम हुँदा शिवलिङ्ग शालिग्राम शिला छुनु हुँदैन भन्नेचाहिं कुरा पनि व्यवहारमा चलेको भन्न मिल्दैन। अछूत जाति भनेर भेदभाव गर्ने सानो ठूलो भन्ने भावना आजकल विलुप्त जस्तो भइसकेको छ, पहिले पनि सनातनीमा मात्रै यो भावना रहेको थियो। बौद्ध, वैष्णव सम्प्रदायमा ता यो भावना अघि पनि थिएन, अहिले पनि छैन।

मैले पहिले बालककालमा दर्शन गरेका देवताको उल्लेख माथि गरें। विश्वनाथको दर्शन स्पर्शन पूजन प्रत्यक्ष गरेपछि पशुपतिनाथलाई निषेध किन भन्ने जिज्ञासा मेरो मनमा झन् तीव्र भएर जागेको थियो। प्रसिद्ध देवताको दर्शन गर्दा प्राय: छोएरै गर्न मलाई मन लाग्दथ्यो। पुरीमा जगन्नाथजीको दर्शन गर्दा चाहिं परैबाट गरेको थिएँ, छुन हुने नहुने नियम के थियो, मैले त्यहाँ सोधिनँ। सबैको भातभान्साना चल्ने शूद्रचाहिं त्यहाँ मैले सर्वप्रथम देखेको थिएँ। वैद्यनाथ, अमरनाथधाम र रामेश्वर म पुगेको छैन। वैद्यनाथमा र अमरनाथमा सबैले छोएर दर्शन स्पर्शन पूजन गर्न पाइन्छ भन्ने र विशेष व्यवस्थाअनुसार रामेश्वरमा पनि पाइने नै कुरा सुनेको छु। श्री ५ महाराजाधिराजबाट रामेश्वरको पूजा छोएरै गरेको कुरा पनि सुन्न पढ्न पाइएको छ[१५]।

उत्तराखण्डमा सबभन्दा प्रसिद्ध नामी तीर्थस्थल बद्रीनारायणको धाम हो। बद्रीनारायणको दर्शन पनि परैबाट गर्ने चलन छ। तर विशेष व्यवस्थाअनुरूप रावल र उनका अनुचरको अनुमति लिएर वा भा. रु. ३५१। सरकारी दस्तूर तिरेरचाहिं भित्र पसेर पूजामा सामेल हुन पाइन्छ। मैले पनि विशेष व्यवस्थाअनुरूप भित्रै पसेर बद्रीनारायणको आरती पूजा गरेको छु। उत्तराखण्डका अत्यन्त प्रसिद्ध देवता केदारनाथ महादेव पनि हुन्। समुद्रसतहभन्दा चार हजार मीटरमाथि हिमालयको अधित्यकामा रहेका यो महादेवको विशेष पूजा प्रसिद्ध छ। मभन्दा पहिले जाने तीर्थयात्रीका मुखबाट पूजासम्बन्धका कुरा मैले सुनिसकेको थिएँ। तिनमा एक धार्मिक यात्रीको वर्णन पनि श्रवणीय छ—

केदारनाथ, भगवानका शरीरमा घ्यू हातले लाइयो।
छाती आङ र हात् दुवै शिवजीमा दल्दा सुफल् पाइयो[१६]।

केदारनाथमा त सबै यात्रीहरूले पालैपालो पूजा गर्न पाउँछन्। शिवमूर्तिमा घ्यू लाएर त्यसमा आफ्नो छाती मलीमली दलेर सबै आधि व्याधि पाप

बखालेको अनुभव गर्दछन् । पण्डा पूजाहारीचाहिं भेटी दक्षिणामा डिठ लाएर टिठ-लाग्दा गरी वरिपरि त्यसै बसेका हुन्छन् । केदारनाथलाई यसरी छोएर आङ दली दली दर्शन स्पर्शन पूजन गर्दा हुंदि हुने, पशुपतिलाई छुनै नपाइने तर्क झन् फितलो पर्न गयो । पशुपतिनाथ शिर केदारनाथ धड भन्ने आमधारणा रहेको छ। केदारनाथको दर्शन गर्ने धेरै जसो धार्मिक जन पशुपतिनाथको दर्शन गरेर आफ्नो तीर्थयात्रा सफल पारेको ठान्दछन् ।

यसरी पूजा गर्दा नछोई नहुने हुन्छ । भक्ति गर्दा नौ प्रकारका भक्तिमा पादसेवा र प्रणाम पनि मानिएका छन् । नछोई पादसेवा प्रणाम पनि हुन सक्ने होइनन् । श्रवण कीर्तन स्मरण पादसेवन पूजा प्रणाम दास्य सख्य आतमनिवेदन यी नौ भक्तिका लक्षण हुन्[१०] ।

अब म यहां ऐतिहासिक कालदेखि पशुपतिनाथको दर्शन स्पर्शन पूजन-सम्बन्धमा केही विवेचना गर्न लागेको छु । पशुपतिको पहिलो उल्लेख गोपालवंशा-वलीमा नै पाइन्छ । नेप नाम गरेका गोपालले पशुपतिनाथलाई प्रकट गरेको कथा त्यहाँ उल्लिखित छ ।लिच्छविकालमा पशुपतिनाथको ठूलो महिमा थियो । सुपुष्प-देवले नेपालमा वर्णव्यवस्था चलाएको, पशुपतिनाथको देवालय बनाएको कुरा पनि त्यस वंशावलीमा उल्लिखित छ ।

शिलालेखमा पशुपतिको पहिलो उल्लेख वि. सं. ५९० को ध्रुवसङ्घले आफैले स्थापना गरेको भस्मेश्वरको पञ्चलिङ्गको अभिलेखमा भएको छ। यसभन्दा पहिले पनि पशुपतिनाथको प्रतिष्ठा थिएन भन्न सकिदैन । पशुपतिको सन्निधानमा मानदेवकै पालामा उनका छोरी र भारदारहरूले स्थापना गरेका शिवलिङ्गका अभिलेखले पनि पशुपतिको महिमा परोक्षत: सूचित हुन आउँछ । अंशुवर्माका पालामा त पशुपतिको ठूलो महिमा उनका अभिलेखबाट प्रकट हुन्छ । उनका इष्टदेवता पशुपतिनाथ नै थिए । त्यस वेला वैष्णवदेवतामा चंगुनारायण र शैवदेवतामा पशुपतिनाथको नाम मुख्य थियो । नेपालका सबै देवतामा पशुपति-नाथ र चाँगुनारायण सबैभन्दा माथिल्ला तहका र पूजामानितामा पनि सर्वोपरि मानिन्थे। वि. सं. ६६६ मा अंशुवर्माले नेपालका देवीदेवताहरूलाई भाग दिने व्यवस्था बांध्दा सबै देवताको भन्दा धेरै पैसा ६ पुराण २ पणका दरले पशुपतिले र चाँगुनारायणले पाएका छन् । अरू पाँचवटा विहारले पनि यति नै पैसा पाएका छन् । अरू शैव वैष्णव देवताहरूले चाहिं यसको आधा मात्र पाएका छन् । यस-बाट पशुपतिनाथको त्यसभन्दा धेरै पुरानो प्रतिष्ठा र मान्यता थियो भन्ने कुरा स्वत: स्पष्ट हुन्छ । अंशुवर्मा शिवभक्त भएदाट उनले सबैजसो शिलालेखमा

पशुपतिभट्टारककृपादानगृहीतः भन्ने विशेषण लाएका छन् । त्यहाँ अंशुवर्मालें पशुपतिको परबाट दर्शन मात्र होइन, मूर्तिमै ढोगेको वर्णन पनि पाइन्छ [१८] ।

त्यसपछिका लिच्छवि राजा प्रायः शिवभक्त नै थिए । द्वितीय जयदेवले प्रमथगणका मालिक पशुपतिनाथको पूजाको लागि चाँदीको कमल बनाउन लाएर चढाएका थिए [१९] । राजमाता वत्सदेवीले पनि वरिपरि अरू ससाना चाँदीका कमल राखिएको, चाँदीको सुन्दर कमल पशुपतिनाथको शिरमा चढाएकी थिइन् [२०]। यी राजा र राजमाताले अर्काका हातमा दिएर यी कमल चढाउन लाएका थिए भन्न गाह्रो छ । आफ्नै हातले पूजा गरेर चढाएका थिए भन्ने नै संकेत मिल्छ । यस बेला नेपालमा पनि पशुपतिका पूजाहारी पाशुपताचार्यहरू भएको अनुमान हुन्छ [२१] । त्यस बेला विभिन्न शैवसम्प्रदायको प्रचलन भइसकेको थियो । तिनमा कापालिकहरू पनि यहाँ थिए। मुण्डशृङ्खलिक शैवहरूको उल्लेख पनि यहाँ पाइन्छ [२२] ।

त्यस बेला छिमेकी भारतमा पनि पाशुपतसम्प्रदायको ठूलो बोलबाला थियो। बाणले हर्षचरितमा यस्ता शैवाचार्यको ठूलो महिमा गाएका छन्। हर्षका पुर्खा शिवभक्त थिए । जनतामा पनि घरघरमा शिवपूजा प्रचलित थियो ।

बालककालदेखि नै महाराज पुष्पभूतिको अरू देवतालाई छाडेर एकमात्र भवभय हर्ने पशुपति भगवान्मा अत्यन्त ठूलो भक्ति थियो । पशुपतिको पूजा नगरीकन स्वप्नामा पनि उनी भोजन गर्दैनथे । पशुपतिको भक्तिमा लागेका उनले तीनै लोकमा अरू देवता हुंदै नभएका भनी ठाने। मालिकको चित्त (मनसाय)अनुसार चल्ने नै अनुजीवी वा अनुचरहरूको चरित्र हुन्छ। यसैले घरघरमा भगवान् पशुपतिनाथको पूजा चल्न लागेको थियो [२३]।

भगवान् शिवजीको पाउमै छोएर पूजा सेवा गरेको कुरा पनि बाणले बताएका छन् [२४]। अर्का सिद्ध शैव योगी भैरवाचार्य तान्त्रिकको पनि बाणले लामो वर्णन गरेका छन् । भैरवाचार्यलाई पशुपतिको पाउका धुलाले शिर पवित्र पारेका भनिएको छ [२५]। बाणले कादम्बरीमा पनि पशुपतिलाई पाउमै परेर ढोगेको वर्णन गरेका छन् । पशुपतिको दर्शन गर्नकै लागि जीउभरि विभूत लाएका चन्द्रापीडले तीन लोकका सबै मानिसले खुट्टैमा ढोगिएका, सबै चराचरका गुरु चतुर्मुखी भगवान् पशुपतिनाथलाई दर्शन गरेको वर्णन पनि बाणले गरेका छन् [२६]।

यसअतिरिक्त महाश्वेताले पनि पशुपतिको पाउमै ढोगेको कुरा कादम्बरी-मा बाणले लेखेका छन् । पशुपतिका चार मुखमा दक्षिणपट्टिको मुखमुद्रा हाँसेको हुन्छ । त्यही हाँसो जस्तो सेतो शरीर महाश्वेताको थियो । पशुपतिको पाउमा परेर ढोग्दा पशुपतिले लाएको खरानी सरेकोले उनको कपाल पनि सेतै भएको थियो भनी बाणले बयान गरेका छन् [२७]।

पशुपतिको दर्शन स्पर्शन पूजन प्रत्यक्ष छोएरै गर्ने सम्बन्धमा विचार गर्दा उपर्युक्त अप्रत्यक्ष वर्णनको अवलोकन हामीले गर्यौं । पशुपतिको पाउमा छोएरै ढोग्नुपर्छ भन्ने पुरानो परम्परा चलिआएकै छ । यसैले पछिल्ला मल्ल राजाहरूले लिएको प्रशस्तिमा पनि भगवत्पशुपतिभट्टारकचरणकमल-धूलिधूसरितशिरोरुह भनी पशुपतिको पाउमै ढोगेको कुरा लेखिएको छ । यी मल्ल राजाहरू पशुपतिलाई छोएर पूजा गर्थे गर्दैनथे भन्न सकिँदैन, तर भावना चाहिं खुट्टैमा ढोग्नुपर्छ भन्ने नै थियो भन्ने कुरा यसबाट झल्कन्छ ।

अब प्रत्यक्ष ऐतिहासिक तथ्यले उद्भासित प्रमाणतिर दृष्टि दिऊँ--

नेपालमा लेखिएका पुराना दुइवटा नाटक जयतरचित महीरावणवध र माणिकरचित भैरवानन्दको सम्पादन गर्न मैले वि. सं. २०३४ देखि शुरू गरेको थिएँ । त्यसको लागि ती नाटक लेखिएका समयका घटना र अरूअरू पुस्तकका पुष्पिकावाक्य पनि बटुल्न लागेको थिएँ । यसै प्रसङ्गमा मिथिलाका राजा हरसिंह-देवका सान्धिविग्रहिक महामन्त्री चण्डेश्वरले लेखेका पुस्तकका पुष्पिकावाक्य पनि टिपेको थिएँ । पुष्पिकावाक्य नेपाल र एशियाली अनुसन्धान केन्द्रद्वारा प्रकाशित मेरो महीरावणवध नाटकको विवेचनात्मक अध्ययनको परिशिष्टमा पनि समावेश गरिएका छन् । तिनमा कतिपय पुष्पिकावाक्यमा हरसिंहदेवका महामन्त्री चण्डेश्वरको मातहतमा आएको मैथिली फौजले नेपालदून जितेको वर्णन पनि परेको छ । त्यसको लगत्तै जस्तो पछि स्थितिमल्लका पालामा लेखिएको गोपाल-वंशावलीले पनि यस कुरालाई पुष्टि गर्दछ । चण्डेश्वरले आएर यहाँ जितेको, यहाँका राजाबाट कर असुलेको, वाग्वतीका किनारामा सुवर्णतुलादान गरेको कुराचाहिं प्रसिद्ध थियो । त्यसै प्रसङ्गमा इतिहासकारहरूको आँखामा नपरेको अर्को महत्त्वपूर्ण कुरा पनि उद्घाटित हुन आएको छ । त्यो यहाँ हामीलाई धेरै सरोकार परेको कुरा छ र त्यसले पशुपतिको दर्शन स्पर्शन पूजनको हाम्रो प्रासङ्गिक कुरालाई एकदम पुष्टि गर्दछ । सो यस प्रकार छ -मन्त्रिश्रेष्ठ चण्डेश्वर ठक्कुरले गिरिदुर्ग नेपाललाई र त्यहाँका राजाहरूलाई बाहुबलले

जितेर सबैलाई वरदान दिने पशुपति भगवान्‌लाई छोएर पूजा गरे[२८]।

यो वाक्य उहिले लेखिएको, पहिल्यै छापिएको भए पनि यसमा अनुसन्धानकर्ताहरूको दृष्टि नपुगेकोले यो महत्त्वपूर्ण पक्ष अनुद्‌घाटित थियो। यसले अरू कुरालाई पनि व्याख्या गर्न हालीलाई सजिलो भएको छ। हामीले माथि उल्लेख गरेका, पशुपतिनाथको पाउमा परेर प्रणाम गरेका कुरालाई यसले राम्रो व्याख्या गर्न सहायता गरेको छ। चण्डेश्वरले पशुपतिनाथलाई अँगालो मारेर दण्डवत्प्रणाम गरेको कुरा यो थियो। यसै गरी अघि-अघिका अंशुवर्मा जयदेव वत्सदेवी आदि राजारानी र अरू मानिसहरूले पनि पशुपतिनाथलाई केदारनाथलाई जस्तै अंगालो मारेर प्रणाम गर्दथे, गर्दै पनि आएका थिए भन्ने कुरालाई पुष्टि गर्दछ। नभए छोएको भन्ने अर्थ के हुन्छ र? पञ्चोपचारले पूजा गर्दामा छुने कुरा भइहाल्थ्यो। चण्डेश्वरको यस वाक्यले त्यस ताका पशुपतिको जात्रा सिद्राको वेपार भन्ने उखान-अनुरूप नेपालदूनविजय र तीर्थयात्रा पनि गर्न आएका अरू-अरू दक्षिण पश्चिमका राजाहरूको वंशावलीमा उल्लिखित दर्शन स्पर्शन पूजनका प्रक्रियाको अर्थ गर्न पनि हामीलाई धेरै सजिलो भएको छ र त्यसबाट यस कुरामा धेरै प्रकाश पनि पर्दछ।

विक्रमका तेह्रौं चौधौं शताब्दीमा नेपालदूनमा पूर्व पश्चिम दक्षिणतिरबाट बराबर आक्रमण भइरहन्थे। सबैका गृध्रदृष्टि यस दूनका सम्पन्न सुन्दर शहरमा परेका थिए। पूर्वबाट पछि वि. सं. १४०६ मा भएको मुसलमानको भयङ्कर आक्रमणबाहेक अन्तबाट भएका आक्रमणद्वारा यहाँका देवमूर्तिमा धक्का पर्दैनथ्यो[२९]। पशुपतिनाथ सिम्भू बुंगमती आदि देवताहरूको यी विजेता राजाहरूबाट पूजा-आजा हुने गर्दथ्यो। शमसुद्दीनको नेतृत्वमा आएको बङ्गाली मुसलमानी सैन्यले पशुपतिनाथलाई तीन टुक्रा पारी ध्वस्त पारिदियो, सिम्भू र अरू बौद्ध विहारहरू पनि ध्वस्त पारिदियो, पाएसम्म देवस्थलको र अन्तको श्रीसम्पत्ति पनि लुटीलग्यो[३०]। यसबाहेक अरू हिन्दू राजाहरूले राजधानी जितेर कर असूल गरे पनि शत्रुका गाउँ शहर लुटे पनि पशुपतिनाथ आदि देवीदेवताहरूको चाहिं दर्शन स्पर्शन पूजन गरेका धेरै प्रमाण पाइन्छन्। यिनमा पहिले सिंजाका राजा जितारि मल्लको उदाहरण हेर्न लायक छ।

वि. सं. १३४४ पौषमा जितारि मल्लले नेपालदूनमा आक्रमण गरे। त्यसको चौध महीनापछि वि. सं. १३४५ फागुनमा जितारिको आक्रमण फेरि भयो। नेपालदून जितेर उनले पाटन बुङमतीका लोकेश्वर (रातो मच्छेन्द्रनाथ)

र देवपाटनमा पशुपतिनाथको पनि दर्शन स्पर्शन गरेका थिए। यहाँनेर हामीले विचार गर्नुपर्ने कुरा छ– जितारिले पशुपतिनाथको दर्शन कसरी गरे भन्ने सम्बन्धमा। त्यस विषयमा गोपालवंशावलीको मूल वाक्य यस प्रकार छ–

पश्चात् खशिया ववः ।। राजा जयतारि प्रथमः प्रविष्टः सम्वच्छर चारि सय आठ पौषमासे। स ह्मंगुस्थाने खशिया अत्रूठ सय पातयित्वा, राष्ट्र सर्व्व वने सेवितम् खशिया तेन पलायितम् लोक स्वस्थेन स्वस्थानस्थितम् ।। तस्य सम्वच्छर प्रवर्तते फाल्गुण मास शुक्ल त्रयोदशी। पुन द्वितीय जयतारी प्रविष्टः ।। ग्रामादि अग्निदाहम् करोति स्येंगुचेत प्रस्थयति। बुग्मलोकेश्वरद्रशनम, श्रीपशुपतिप्रसनम् स्वस्थेन स्वराष्ट्रगमनम्भवति ।। सम्वच्छर चारि शय नव ।।[31]

यसको अर्थ पहिले हामीले पश्चिमबाट खशिया आए। ४०८ पौषमा जयतारि पहिलो पटक पसे। सिम्भूमा आठशय खशियालाई सिद्धयाई सारा राष्ट्र वन पस्यो। त्यस कारण खशिया भागे। दुनियाँ आनन्दसँग आफ्नो आफ्नो ठाउँमा बसे। त्यसको एक वर्ष बित्यो। फाल्गुन महीनामा फेरि दोस्रोपल्ट जयतारि पसे। गाउँहरूमा आगो लाइदिए। सिम्भूको चैत्यमा गए। बुङ्मतीका लोकेश्वरको दर्शन गरे। पशुपतिलाई खुशी पारे। सं ४०९ मा आनन्दसंग आफ्नो देश फर्के, भन्ने गरेका थियौं[32]।

यसपछि योगी नरहरिनाथले हिमवत्सस्कृति १ वर्ष १ अङ्कमा र सन्धिपत्रसंग्रहमा पनि गोपालवंशावली छपाउनुभयो र त्यसमा संस्कृतभागको अर्थ गर्दा उपर्युक्त वाक्यको अर्थमा अलिकति फरक पार्नुभएको छ। अबूठ सयको अर्थ अठसट्ठी(?) शय र स्येंगुचेत प्रस्थयतिको अर्थ स्वयम्भू चैत्य प्रसन्न गरे (?) गरिएको छ। पशुपतिप्रसनम्को अर्थ पशुपतिनाथलाई प्रसन्न पारेर भन्ने नै गरिएको छ[33]।

वि. सं. २०४२ को शुरूमा (जर्मनीको) नेपाल रिसर्च सेन्टरबाट गोपालवंशावली पुनः प्रकाशित भएको छ। त्यसको नेपाली अनुवाद धनवज्र वज्राचार्यले र नेपाली अनुवादको अंग्रेजी अनुवाद कमलप्रकाश मल्लले गर्नुभएको छ। दुबै अनुवादमा अबूठ शयको अर्थ आठ शय भन्ने नै सकारिएको छ[34]। अरू धेरै इतिहासकारहरूले पनि यसको अर्थ आठ शय नै गरेका छन्। तर यसको अर्थ आठ शय होइन रहेछ, साढे तीन शय रहेछ भन्ने सिद्ध गरी महेशराज पन्तले पूर्णिमामा वि. सं. २०४१ को अन्त्यमा

प्रकाश गर्नुभएको छ [३५]। स्येंगुचेत प्रस्थयति, पशुपतिप्रसनंको अर्थ सिम्भूको चैत्यमा गए, ... पशुपतिलाई प्रसन्न पारे भन्ने पनि दुबैको अनुवादमा उल्लिखित भएको छ। अंग्रेजी अनुवाद गर्दा चाहिं प्लीज्ड् पशुपति (बाइ अफर्‌ङ्) भनी केही चढाएर पशुपतिलाई प्रसन्न पारेको कुरा सकारिएको देखिन्छ [३६]।

अहिले मेरो अध्ययनले यो अर्थगराइ पनि शुद्ध देखिएन। जितारि सिम्भूमा गए, बुङमतीका राता मच्छेन्द्रनाथको दर्शन गरे भन्ने कुरा उचितै छ। तर पशुपतिलाई प्रसन्न पारे भन्दा अर्थसङ्गति हुन आउँदैन। पशुपति अबोला पत्थरका देवता खुशी भएनभएको जानिने कुरा होइन। बोल्ने द्यौता वा राजा महाराज भए खुशी भएनभएको तत्काल विदित हुने कुरा थियो। यही सन्देह भएरै कमलप्रकाश मल्लले केही भेटी चढाएर खुशी पारे भन्ने अडकल काटेको होला। भेटी चढाउँदा पनि पशुपतिका पूजाहारीहरू खुशी हुने हुन्, पशुपतिको भाव कसले बुझ्न सक्छ र? त्यस कारण चण्डेश्वरले संस्पृश्य यो ऽपूजयत् = छोएर पूजा गरे भने जस्तै जितारिले पनि पशुपतिलाई छोएर पूजा गरे भन्ने भाव नै यसबाट व्यक्त हुने हुँदा यो पद प्रसन्नम् भन्ने नभएर स्पर्शनम् भन्ने नै शुद्ध ठहर्छ। दर्शनं स्पर्शनं स्वराष्ट्रगमनं यी तीनै पद भाववाचक हुंदा नै अर्थोपपत्ति र सङ्गति पनि मिल्न आउँछ। अन्त पनि दृष्ट गत भएको भए प्रसन्न नै हो कि भन्न सकिन्थ्यो होला। तर त्यस्तो पनि छैन र गोपालवंशावलीकारको लेखाइ विचार गर्दा पनि स्पर्शनं नै पढ्न सकिन्छ। अन्त पनि रेफलाई पछिल्लो वर्णमा नलाएर अघिल्लैमा जोडी संयुक्ताक्षर पारेर लेखेको धेरै उदाहरण दिन सकिन्छ– जस्तो– संव्रद्धते [३७] हुनुपर्ने संवर्द्धते, विहारग्रभ [३८] विहारगर्भ, उत्रप्रवतात् [३९] उत्तरपर्वतात्, प्रज्यन्त [४०] पर्य्यन्त वा पर्यन्त, सम्वच्छ्र सम्वच्छर [४१] (संवत्सर) इत्यादि।

यसै कुरालाई अझ स्पष्ट गर्ने हुंदा नेवारी भागमा परेको जितारि र अरू सिंजाली राजाले पशुपतिको दर्शन स्पर्शन गरेको कुरा हेर्नु पनि यहाँ चाखलाग्दो हुन्छ। यसै प्रसङ्गमा वि. सं. १३६९ मा रिपुमल्लले पशुपतिको दर्शन गरेको कुराचाहिं पहिले पढौं–

स ४३३ फाल्गुण कृष्ण पाडो, खशिया राजा रिपुमलन, बुगंस ह्ववनं याङ सह्‌ं आदिनं दुंता, ग्वलम् भाह्लस प्रस चोङा, [४२]

ने. सं. ४३३ (वि. सं. १३६९) फाल्गुन कृष्ण प्रतिपदाको दिन खसराजा रिपुमल्लले वुङ्मतीमा महास्नान गराई कोष आदि चढाए। देउपाटनका भट्टारक (पशुपतिनाथ)लाई प्रसन्न पारे [४३]।

इन् एन्. एस्. ४३३, अन् द डे अफ् फाल्गुण कृष्ण प्रतिपदा,खशिया किङ् रिपुमल्ल अनइन्ट्इड् द गड् अफ् वुङ्ग यान्ड डोनेट्इड् ट्रेज्अर्ज्, इन्क्लुड्इङ् ए हर्स्.ही प्लीज्ड् द भट्टारक अफ् ग्वल (पशुपति)[४४].

यहाँ नेपाली अनुवादको अंग्रेजी अनुवाद गर्दा अरू त खास फरक पारेको केही छैन, वुङमतीमा कोश चढाए भनेकोमा चाहिं घोडासमेतको कोश चढाए भनेको छ। सह्लको अनुवाद सल = घोडा भन्ने गरेको खण्डमा कोश (ढिकुटी = धन) चढाए भन्ने कुरो पुनः खोज्नुपर्ने वा कल्पना गर्नुपर्ने हुन्छ। अनुवादको अनुवादमा यस्तो धेरै ठाउँमा भएको छ। त्यो प्रसङ्ग अहिले छोडौं [४५]।

पशुपतिनाथलाई खुशी पारे भन्ने कुरामा दुवै अनुवादकको ऐकमत्य छ। तर हाम्रो नमिल्ने कुरा यहींनेर छ। मूलमा ग्वलम् भाह्लस प्रस चोङा छ। प्रसको प्रसन्न पारे भनी अर्थ गरेको छ। तर मेरो विचारमा प्रस स्पर्शको भ्रष्ट रूप हो। प्रसन्नको होइन। गोपालवंशावलीकारको रेफलाई अघिल्लो अक्षरसंग जोडी संयुक्ताक्षर पारी लेख्ने बानी थियो भनी हामीले भरखरै माथि उदाहरणसाथ हेरिसक्यौं। यस कारण रिपुमल्लले पशुपतिनाथलाई दुइ हातले छोएर समाएर ढोगेको अर्थ नै मिल्दोजुल्दो हुन आउँछ।

हामीले जितारिले पशुपतिलाई छोएर ढोगेको भन्ने कुरा गोपाल-वंशावलीको संस्कृतभागको अर्थ गरेर बुझेका थियौं। अब नेवारी भागमा पनि सो कुराको उल्लेख यसरी पाइन्छ र त्यसको पनि अर्थ गरी हेरौं।

स ४१० फाल्गुण कृष्ण प्रदीपदा जयतारि वस्यं लिं तेल नव-क्वाठ काया, वुगन्देवल पथिसरपम्भण्डार दुंता। ग्वल्वंस पछिम द्वारण दुम्विस्यम् थवलान अङ्काल विस्यम् स्वान छाया उप्रहाथ पश्चिम द्वारस टया,[४६]

यसको नेपाली अनुवाद धनवज्र वज्राचार्यले यसरी गर्नुभएको छ-

ने. सं. ४१० (वि. सं. १३४६) फाल्गुन कृष्ण प्रतिपदाको दिन जयतारि (जितारिमल्ल) आई नुवाकोट दखल गरे। वुङमतीको

देवलमा (राता मछिन्द्रनाथकहाँ) गई कोश चढाए। देउपाटनमा पश्चिम ढोकाबाट पसे। यसपछि अङ्काल (?) दिई फूल चढाइयो। उप्रहाथ (?) पश्चिमद्वारमा राखियो[४७]।...

यस नेपाली अनुवादमा अङ्काल र उप्रहाथ दुइ शब्दको अर्थ गरेको छैन, प्रश्नचिह्न राखेर छाडिएको छ। समुचित अर्थ नलागेको शब्दको अर्थ यसरी छाडिदिनु उचित हो।

यस अनुवादको अंग्रेजी अनुवाद गर्ने कमलप्रकाश मल्लले उप्रहाथको त अर्थ गरेको छैन, परन्तु अङ्काल यस शब्दको चाहिं अर्थ खुट्याउन खोजेको छ। गोपालवंशावलीमा यो शब्द अर्को ठाउँमा पनि आएको छ। त्यहाँ यसको अर्थ अर्कै गरिएको छ। नेवारीशब्दार्थसूची (ग्लोसरि) मा पुन: अर्कै अर्थ दिइएको छ। यसरी कमलप्रकाश मल्लले अङ्काल यस शब्दको तीन ठाउँमा तीनै थरी अर्थ गरेको देखता हामीलाई अत्यन्त आश्चर्य लागेको छ। पहिले यहाँ बुङ्गदेवलमा कोश चढाए भनी नेपालीमा अर्थ गरेकोमा अंग्रेजीमा चाहिं बुङ्गदेवलको खर्च चलाउन भनी कोश चढाए भन्ने गरी अलिकति फरक पारेको पनि छ। सबै अर्थ यस प्रकार छ—

इन् एन्. एस्. ४१०, फाल्गुण कृष्ण प्रतिपदा, जयतारि केम् यान्ड् अक्युपाइड् नवक्वाठ. इन् बुगन्देवल (बुङ्ग), ही डोनेट्इड् ए ट्रेज्अर् फर् द मेन्टेनेन्स् (अफ् दि टेम्प्ल्). ही एन्टर्ड् ग्वल फ्रम् द वेस्टर्न् गेट्. ही डोनेट्इड् फ्लाउअर्ज् यान्ड् हेल्प् (?) विथ् हिज् वोन् ह्यान्डज्. ही लेफ्ट् उप्रहाथ (?) इन वेस्टर्न् गेट्[४८]।

[ने. सं. ४१० फाल्गुन कृष्ण प्रतिपदामा, जयतारि आएर नवक्वाठ कब्जा गरे। उनले बुङमतीमा (त्यस देवलको) खर्च धान्नको लागि कोश चढाए, पश्चिमढोकाबाट उनी देउपाटनमा पसे। उनले आपनै हातले फूल र मदत (?) चढाए। उनले पश्चिमद्वारमा उप्रहाथ ? राखे।]

वि. सं १४२९ को ठिमीको युद्ध जयस्थिति मल्लले गोविन्द भाले हेरेको साइतमा जितेका थिए। त्यसो हुदा उनले गोविन्द भालाई सम्मान गरेका थिए। त्यसको बर्णन गर्दा पनि गोपालवंशावलीमा अङ्काल यो पद आएको छ—

पींपाले मुहूर्त सोक्व, येछु गोमीन्द भाटो, थ्व मुहूर्तनं
आमोद जुयाव, श्रीश्रीजयस्थितिराजमलदेवसन गोमीन्द

भाटों जिलावव कटकस आगस अङ्काल विस्यं मान याङ [४९],
यसको नेपाली अर्थ-

लडाइँको साइत येछुका गोविन्द भाले हेरेका थिए। यस साइत बाट जित भएको हुनाले श्रीश्री जयस्थितिमल्लदेवले गोविन्द भालाई ...बकस दिई मान गरे [५०]।

अंग्रेजी अर्थ-

दि अस्पिशअ मोमन्ट् फर् द ब्याट्ल् वज् चोज्न् बाइ गोविन्द भा अफ् येछु. बिकज् दिस् रीड्ङ् ग्रट् भिक्ट्रि श्रीश्रीजयस्थिति-राजमल्लदेव अन्अर्ड् गोविन्द भा बाइ रिवर्ड्इङ् हिम् [५१]।

अंग्रेजी नेपाली यी दुवै अनुवादबाट अङ्काल विस्यं मान याङको अर्थ बकस दिई मान गरे भन्ने बुझिएको छ। कमलप्रकाश मल्लको नाउँमा दरिएको नेवारीशब्दार्थसूचीमा चाहिं अङ्काल शब्दको अर्थ यसरी दिइएको छ।

अङ्काल विस्यं (४० क: ३)(५५ ख: १) इम्ब्रेस्ड्. पेट्नाइज्ड् ।[५२]

यताबाट कमलप्रकाश मल्लले अङ्काल शब्दको अर्थ तीन ठाउँमा तीनै थरी गरेको स्पष्ट देखिन आएको छ।

यसरी यस शब्दको अर्थ किन बरालियो ? यसको सही अर्थ के हो ? भन्ने सम्बन्धमा हामीले यहाँ अलिकति विचार गर्नुपरेको छ। पहिलो अर्थ गर्दा कमलप्रकाश मल्लले प्राकृतकोश पल्टाएको अनुमान हुन्छ। त्यहाँ अंकार यो शब्द पाइन्छ। त्यसको अर्थ सहायता, मद्दत भनी दिइएको छ।[५३] अंकारलाई नै अङ्काल हुन सक्ने ठानी सो अर्थ पहिले दिइएको हुनुपर्छ। अङ्काल विस्यं मान याङको नेपालीमा अर्थ गर्दा गोलबोलीमा बकस दिई मान गरे भनी गरिएको र त्यतैको हुबहु अनुवाद गरिएकोले अंग्रेजी अनुवादमा पहिले गरेको अर्थभन्दा अर्कै अर्थ हुन आयो। पछि यही अङ्काललाई तल नेवारीशब्दार्थसूचीमा राखी त्यसको अर्थ अङ्कमाल गर्नु भन्ने गरियो। विषयको सम्यक् अनुगमन नभई करबलले तानतुने अर्थ गर्दा यस्तो डोठ्याङ्ग पर्न जानु स्वाभाविकै हो।

संस्कृतभाषामा अङ्कमाल गर्नु अर्थात् अंगालो मार्नु भन्ने अर्थमा अङ्कपालि वा अङ्कपाली पद प्रयुक्त भएको प्रशस्तै पाइन्छ[५४]। यसको अर्को रूप अङ्कोलिकाचाहिं जीवानन्द बिद्यासागरको संस्कृतकोषमा भेटिन्छ। अङ्कोल्ला-बाटै अङ्कोल्लिका बनेको भन्ने पनि उनले त्यहाँ देखाएका छन्[५५]। राल्फ लाइली टर्नरको भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषमा अङ्कपालि, अङ्कपालिका वा अङ्कोलिका शब्दका विभिन्न भाषामा हुने विभिन्न रूप

देखाइएका छन् । प्राकृतमा अङ्कवाली, र कुमाउनीमा अङ्वाल, नेपालीमा अँगालो, असमीमा अँकोवाल, हिन्दीमा अँकवार वा अक्वार, सिन्धीमा अङ्गलु रूप हुन्छन् भनी लेखिएको छ [५६]।

अङ्कपालीबाट अङ्कवालो हुँदै नेपालीमा अँगालो भएको यताबाट देखिएको छ। यस्तै अङ्कपालिबाटै हिन्दीमा पनि अँकवार वा अक्वार भएको स्पष्ट छ। माथि उल्लिखित रूपहरूमध्ये अङ्कोल्ला वा अङ्कोलाकै नजीकको रूप चाहिं अङ्काल देखिन आएको हुँदा यसको अर्थ अँगालो मार्नु अर्थात् अङ्कमाल गर्नुचाहिं मैले उचित ठहराएको छु ।

हामीले पशुपतिको दर्शन स्पर्शनसम्बन्धमा विचार गर्दै जाँदा पशुपतिलाई अङ्कमाल गरेरै प्रणाम गर्ने प्रमाण पाएका हुनाले जितारि मल्लले पशुपतिलाई अङ्काल (अङ्कमाल) गरेको कुरा नै सही सावित हुन आउँछ। जितारि मल्लले अङ्कमाल गरेर पशुपतिलाई पुष्पोपहार चढाए, पश्चिमढोकामा आएर उप्रहाथ (शिरमा हात) राखेको कुरा लेखिएकोले उनले त्यहाँ उठेर जम्लाहात जोडेर ढोग्दै स्तुतिपाठ गरे भनी भन्न सकिन्छ । अहिले पनि पश्चिमद्वारमा आएर पशुपतितर्फ फेरि फर्केर हात जोडेर स्तुतिपाठ गर्ने दर्शन गर्ने चलन छँदैछ । विश्वनाथको पनि दर्शन स्पर्शन पूजन र प्रदक्षिणा गरिसकेर निस्कने वेलामा ढोकानेरको सानो पेटीमा बसेर फेरि दर्शन गर्ने स्तुतिपाठ गर्ने चलन छ। यसरी विचार गर्दा अङ्कालको अर्थ अङ्कमाल र उप्रहाथको अर्थ उपरिहस्त वा उपरहाथ शिरमाथि हात भन्ने गर्नुपर्ने हुन्छ। परतिर रहेको रेफ वा रलाई अघिल्लो अक्षरमा ल्याई संयुक्ताक्षर पारी लेख्न गोपालवंशावलीकार बानीपरेका थिए भन्ने कुराको दृष्टान्त हामीले माथि नै दिइसकेका छौं। यस कारण उपरहाथ लेख्दा उप्रहाथ लेख्नु वंशावलीमा स्वाभाविक प्रक्रियामा पर्दछ। यसले उपरिहस्तको अपभ्रंश रूप नै उप्रहाथ भएको देखिन्छ। तिरहुतमा लेखिएको तात्कालिक ग्रन्थ वर्ण-रत्नाकरमा उपर, हाथको प्रयोग प्रशस्तै भएको पाइन्छ [५७]। यताबाट उपरिहस्त उपरहाथ–उप्रहाथ भनी यहाँ लेखेको कुरामा कुनै शङ्का रहँदैन। यसरी विचार गर्दा जितारि मल्लले पहिले पशुपतिलाई अङ्कमाल गरेर पूजा गरेपछि पश्चिमद्वारमा आई आफ्ना माथि माथमा हात जोडेर उभिएर स्तुतिपाठ वा दर्शन गरे भन्ने कुरा नै उचित ठहर्दछ।

यसरी हामीले पौराणिक ऐतिहासिक दृष्टिले पशुपतिको दर्शन स्पर्शन

पूजाविधिका बारेको केही प्रत्यक्ष अप्रत्यक्ष प्रमाणका आधारमा गडी हेर्दा पशुपतिको पूजा स्पर्श गरेरै अर्थात् छोएरै अरूले पनि गर्न पाइने कुरा नै बुझ्यौं। अब यसमा ती विजयी राजा मन्त्रीहरूले आफ्ना भक्तिले प्रभावले पनि पशुपतिलाई अँगालो मारेर छोएर पूजाविधि गरे तापनि त्यो कुरा नैमित्तिक मात्र थियो, हाम्रो परम्परागत धार्मिक मान्यता लौकिक धारणाचाहिँ त्यस्तो थिएन, साबिक-बमोजिम चलेर आएको यस्तै थियो र छँदैछ भन्ने तर्क पनि उठ्न सक्तछ। यो विषय बुझ्नको लागि हाम्रै देशमा बनेका धार्मिक ग्रन्थ पनि हेर्नु आवश्यक हुन आउँछ। त्यसबाट पशुपतिको दर्शन स्पर्शन पूजनसम्बन्धमा हाम्रो लौकिक धारणा र धार्मिक मान्यता पनि प्रकट हुन आउनेछ। यसैको लागि पहिले हिमवत्खण्डमा यस विषयमा लेखिएको कुराको सारांश नेपाली भाषामा उतार्नु आवश्यक छ। त्यसबाट यस्तो भाव आउँछ-

प्राचीन समयमा पशुपतिको ज्वालामय ज्योतिर्लिङ्ग माटाभित्र छोपिएर रहेको थियो। त्यहाँ प्रतिदिन कामधेनु आई दूधका धारा बहाउँथिन्। एक दिन एक म्लेच्छले त्यो देख्यो। त्यसपछि म्लेच्छहरू आएर माटो खनेर हेरे। जाज्वल्यमान ज्योतिर्लिङ्गको ज्वालाले खन्ने चुम्ब्र आदि म्लेच्छहरू डढेर मरे। अनि विष्णुलाई लिएर ब्रह्माजी त्यहाँ आए र सबै लक्षणले युक्त भएको पञ्चमुखी पशुपतिको शिलाको लिङ्ग बनाई ज्योति लङ्गको माथि जलहरीपीठसहित गरी स्थापना गरिदिए। त्यसपछि विष्णुले पनि आफ्नो आत्मासमेत त्यसभित्र घुसाएर सिद्ध मणिमय लिङ्ग स्थापना गरे। सो विष्णु अन्तर्निहित भएको इन्द्रनीलमणि जस्तो पत्थरको मूर्ति सबकोहीले देख्न सकिन्छ। पञ्चव्यूह भएको ब्रह्म-विष्णु-शिवस्वरूप पशुपतिको पत्थरको महालिङ्ग विराजमान छ। सबै देवताको आवास भएको उमामहेश्वरस्वरूप सो मूर्तिलाई ब्राह्मणहरू भक्तिले पञ्चोपचार चढाई पूजा गर्दछन्। दान धर्म नभएका म्लेच्छहरू पनि पशुपति ईशान भन्दै शिवमन्त्र जप्तै उत्सव जात्रा गर्दै त्यहाँ आउँछन्। पशुपतिको मन्त्र जान्ने ब्राह्मणहरू पशुपतिको नित्य पूजा गर्दछन्[२८]।

यहाँ पशुपतिको मन्त्र जान्ने बाहुन पशुपतिका पूजाहारी हुन्छन् भन्ने कुरा लेखियो। पशुपतिपुराणमा पनि पूजाविषयमा यस्तो उल्लेख पाइन्छ-

त्यस समयमा देशवासी प्रजाहरूले कूटागारको भित्रपट्टि रहेको सबै लोकले नमस्कार गरिएको मेरो मूर्ति पुजिनेछ[२९]।

उपर्युक्त वाक्यबाट देशवासी सबैले पशुपतिको दर्शन खुला रूपले पाउने कुरा र शैव मन्त्र जान्ने ब्राह्मणले पूजा गर्न पाउने कुराको पनि बोध हुन्छ।

पशुपतिको स्पर्शन गर्ने विषयमा पनि त्यहाँ विभिन्न ठाउँमा उल्लेख भएको छ। केही उद्धरण यहाँ गर्नु पनि अतिप्रासङ्गिक हुन आउँछ—

एकपल्ट मात्रै पशुपतिको दर्शन गर्नेलाई पनि ठूलो पुण्यफल मिल्दछ। पशुपतिको दर्शन मात्रैले पनि सम्पूर्ण पापबाट छुट्कारा मिल्दछ [६०]।

भक्तिले पशुपतिलाई हातले छुनेविित्तिकै पशुजन्म हुंदैन।

वाग्वतीको जलमा नुहाएर पशुपतिलाई छोएर भक्तिले दर्शन गऱ्यो भने पापरहित बनेर शिवसायुज्य पाइन्छ [६२]।

मेरो यस मूर्तिलाई छुनाले मेरो लोकमा जान पाइनेछ [६३]।

यसरी हाम्रा पुराना धार्मिक ग्रन्थ पुराण हेर्दा शिवमन्त्र जान्ने शैवमार्गी ब्राह्मणले नै पशुपतिको पूजा गर्ने र अरूले पनि परैबाट दर्शन मात्रै होइन, छोएरै पूजन गर्ने पनि हाम्रो पुरानो धार्मिक मान्यता र परम्परा चलिआएको थियो भन्ने कुरा नै स्पष्टसंग बोध हुन आउँछ। देशवासी धार्मिक भक्तजनले स्पर्शन पूजन पनि गर्न नपाइने नियमचाहिं अर्वाक्कालिक रहेछ भन्ने प्रकट हुन्छ।

अब यहाँनेर पशुपतिको पूजा र पूजाहारीका सम्बन्धमा पनि हाम्रा धार्मिक वंशावलीका परम्परागत अनुश्रुति पनि स्मरणीय हुन्छन्। प्राचीन समयमा पशुपति ज्योतिरूपका थिए। यी ज्योतिर्लिङ्गलाई देवताले पुज्दथे, पछि ज्योतिर्लिङ्ग पनि गुप्त भए। देवताहरू पनि स्वर्गतिर लागे। सो गुप्त ज्योतिर्लिङ्गमा नित्य आई कामधेनु गाई दूध चढाउँथिन्। त्यस कुराको सुइँको पाएपछि कुनै एक म्लेच्छले खनी हेर्दा जाज्वल्यमान ज्योतिः स्वरूप लिङ्ग प्रकट भयो। म्लेच्छहरू सो ज्योति दर्शन पाउँदै विलीन हुँदै जान लागे। अनि ब्रह्माजी आई ज्योतिर्लिङ्गमाथि मणिमय लिङ्ग स्थापना गरिदिए। फेरि विष्णु आई इन्द्रनीलमणिको लिङ्ग बनाई स्थापना गरिदिएँ [६४]।

अर्को मतमा पशुपतिको ज्योतिर्लिङ्ग माटामनि पुरिएर छोपिएको थियो। उसरीका झाङ्झाम्टा पलाएका थिए। नेपनामका गोठालाको गाई आई त्यहाँ

नित्य दूध चढाउँथिन्। गोपालले चाल पाई खनेर हेर्दा ज्योति स्वरूप पशुपति प्रकट भए। गोपाल महिषपाल किरातहरूको राज्यशासनपछि सूर्यवंशी लिच्छविको शासन प्रारम्भ भयो[६५]। राजा निमित्तकाल वा निमिष्टांकर (निमिष)ले चतुर्वेद जान्ने ब्राह्मणद्वारा पशुपतिनाथको चतुर्व्यूह मूर्ति बनाई अघिका ज्योतिर्लिङ्गमाथि सुप्रतिष्ठा गराई शास्त्रोक्तविधिले नित्य नैमित्तिक पूजा--अर्चन चलाए[६६]। त्यसपछि सुपुष्पदेव राजाले पशुपतिनाथको सुन्दर ऊचो सुनको छाना लाई मन्दिर बनाए[६७] भन्ने कुरा वंशावलीमा वर्णित भएका छन्।

वंशावलीको यस कथन-अनुसार पशुपतिको देवपूजित ज्योतिर्लिङ्ग भित्रपट्टि रहेको र मनुष्यनिर्मित यो मूर्ति पछि बनाई माथितिर स्थापना गरिएको हो भन्ने भाव प्रकट हुन्छ।

पशुपतिका बारेमा एक अर्को रोचक कथा वंशावलीमा प्रचलित छ। राजा वृषदेव बौद्धमार्गी थिए। यिनले धेरै बौद्धमूर्ति विहार बनाए। नेपालमा प्रसिद्ध बौद्ध चार धाम यिनले स्थापना गरे–

इ राजाका पालामा नेपालविषे जैन (बौद्ध) मार्गले सबै धर्म छोपी चलन भै बौधाचारर्ज्यहरुले नैरित्यकुंड समीपमा येक चिवाहाल भनी बाहाल बनाइ हरितवृषभ साधना गरी अक्षये भंडार गरी नित्य सुरापान भोजन षाई जुठो सबै जमा गरि संध्याकालमा पशुपतिनाथकन उच्छिष्टेश्वर भनी जुठो सबै ताहाँ आफालछन्, जयेनहरूले यस्तो गरि श्रीपशुपतिनाथकन भ्रष्ट गरि नित्ये जुठो आफालि प्रातकालमा आफैले पन्साई आफैले पुजा गरिरहन्छन् र धेरै दिन यस्तै गरिरह्यो। फेरि चोबाहालका देवतालाइ पशुपतिसमिपमा प्रतिवर्ष रथजात्रा गरि सबै नेपालभरमा क्रियाकर्म गर्न्या बौद्धाचार्ज्येहरू भैगया। जैनमार्ग ज्येष्ट हो भनाइ राजा प्रजा सबै बौद्धमार्गमा डुबाईदिया। फेरि पशुपतिका स्थानमा जैनहरुले सरस्वति आवाहन गरि कलसस्थापना गरि कलसमा राषि कपरकोट्का भित्र हालि पशुपतिनाथमा जुठो आफाल्न हुंदैन भन्न आउन्या ब्राह्मणहरूसंग इनै सरश्वतिसंग वादविवाद गराइ जति नेपाल्मा आउन्या ब्राह्मणहरू ह्मासि दि पशुपतिमा जुठो थुपृ राख्या। येस्ता जैनहरुले पशुपतिनाथमा भ्रष्ट गर्दा ... इ संकराचार्ज्ये आउंदा ज्ञानेश्वरसंग्री बाटोमा देविकन भेटि वरदान पाई चौकि जिति पशुपतिनाथका थानमा प्राप्त भया।

इ शंकराचार्ज्यँ आउंदा आफ्ना ५ मुषका ४ सिक्ष्य तुल्याइ आफुस्मेत् ५ भै गंगाको र जमुनाको गमंन् जाहासम्म छ ताहासम्म जाई गंगोतरिमा माहादेव स्थापना गरि आउंदा वर्ष २०० गयपछि आयाको हुन्। त्र्याहादेखि उप्रान्त शंकराचार्ज्ये स्वामि आइ हेर्दा समयमा श्रीपशुपतिनाथकन जैनहरूले जुठो थुप्न्याका देष्यो र आफ्ना शिक्ष्यहरू जना ४ आफूस्मेत् ५ जना भै जुठो सोहर्न भनि जादा जैनहरूले हामिहरूसित बौद्धविवाद गरि जीत्न सक्या मात्र तिम्रो मार्ग गर्न पाउला भनी कपरकोट्का भीत्र बाहिर गरि वाद विवाद भै रहदा ... विवाद गर्न लाग्या, बौद्धाचारीहरू सबै जीति समाती राषि राषि वादविवाद गर्दैजीति नास गराइदिया कोहि कोहि भागी भोट्मा गया। फेरि शंकर स्वामिले पशुपतिनाथका पुरिमा बौद्धमत् खण्डन गरि आफ्ना मर्यादा राषि श्रीपशुपतिनाथकन षुसि गराइदिया। इन दिनदेखि श्रीपशुपतिनाथका पुजाहारि दक्षिणभट्ट ब्राह्मणविना अरूले नगर्नु भनि बन्देज गरिदियाको हुनाले आजतक् छदैछ[६८]।

वृषदेव राजा बौद्धमार्गी थिए भन्ने कुरा ता चाँगुको र पशुपतिनाथको अभिलेखबाट पनि सिद्ध हुन्छ। तर उनी मानदेवका प्रपितामह थिए। विक्रमको पाँचौं शताब्दीमा भएका भारतका सम्राट् चन्द्रगुप्तका सामानकालिक वा त्यसै ताकाका नेपालका राजा वृषदेव थिए भन्न सकिन्छ। त्यस कारण उनका पालामा बौद्ध मतको तान्त्रिक वामाचार नेपालमा चल्यो, त्यसै समयमा नेपालमा शङ्कराचार्य आएका थिए भन्ने वंशावलीको भनाइ सोह्रैआना झुट्टा ठहर्दछ।

एकपल्ट पूर्वमध्यकालमा बौद्धमतमा वामाचारको प्रचुरमात्रामा प्रचार भएको कुरा ता साँचो हो। सहजयानीहरू वाममार्गी तान्त्रिकहरू पनि पञ्चमकारको सेवनद्वारा सिद्धि मिल्छ भन्ने सिद्धान्तको हुंदा पशुपतिको पूजाविधिमा यस्ता तान्त्रिकको प्रभाव पनि निश्चयै परेको थियो,[६९] त्यसको अवशेष अहिले पनि धार्मिक परम्पराको आश्रयले अवशिष्ट छंदैछ[७०]।

आद्यशङ्कराचार्य नेपाल आएका थिए भन्ने कुनै प्रमाण पाइएको छैन। उनले स्थापना गरेका मठका उनकै परम्पराका योगी दण्डी स्वामी शङ्कराचार्य भने नेपालमा तीर्थ गर्न नआएका होइनन्। ने. सं. २२२ (वि. सं. ११५९) मा काशीबाट शङ्कराचार्य यहाँ आएर बौद्ध(बाँडा)संग शास्त्रार्थ गरेको कुराको[७१] उल्लेख प्राप्त भएको छ। यसैताकाका अभिलेखमा पनि गङ्गाकिनारमा रहेको खल्लीनस्थानको अग्निमठका शङ्कराचार्य आफ्ना

चेला चर्पटानाथ नेपाल आएको, राजकुमार आनन्ददेव वसन्तदेव सोमेश्वरदेव यशो मल्लहरूलाई दीक्षा दिएको र यहाँ शिवालय स्थापना गरेको वर्णन पनि पाइन्छ [७२] ।

१. वृषदेव राजा बौद्धमार्गी थिए । २. पछिल्लो कालमा सबै धर्म सम्प्रदायलाई तान्त्रिक वामाचारले ढाकेको थियो । ३. पशुपतिको पूजालाई पनि यसले प्रभावित बनाएको थियो । ४. पछिका शङ्कराचार्य नेपालमा आएका थिए । ५. पशुपतिका पूजाहारी दक्षिणी अलिना भट्ट हुन आए । ६. नेपालबाट धेरै बौद्धाचार्य भोटतर्फ गएका थिए । यति छ कुरा साँचा हुन् ।

यी सबै कुरा जोडी कालक्रमचाहिं नमिलाई वंशावलीले गज्याङ-मज्याङ पारी उपर्युक्त प्रसङ्ग कथेको स्पष्ट देखिन्छ । पशुपतिको पूजाहारी वामाचारी बौद्धलाई हटाएर शङ्कराचार्यले दक्षिणी अलिना भट्ट राखे भन्ने कुरा पनि विचारणीय छ । शङ्कराचार्य स्वयं संन्यासी हुँदा उनले पूजा गर्ने पूजाहारीमा आफ्नै शिष्यप्रशिष्यमध्येका योगी दण्डी स्वामीलाई नै लाए भनेको भए धेरै विश्वसनीय मानिने थियो । खरलीनमठका दण्डी स्वामीहरू आएर राजकुमार-लगायतका भक्तहरूलाई शिवदीक्षा दिएर शैवमार्गी बनाएका थिए । वंशावली-को वर्णनबाट पनि पछिल्लो मल्लकालमा पशुपतिका पूजाहारीमा स्वामीहरूकै उल्लेख पाइन्छ ।

वि. सं. १४०६ मा शमसुद्दिनले पशुपतिलाई तीन टुक्रा पारेर तोडे [७३]। त्यसको दश वर्षसम्म पशुपतिको पुनः प्रतिष्ठा हुन सकेन । पछि वि. सं.१४१६ मा बनेपाका शासक जयसिंहरामवर्द्धनले पशुपतिको पुनः प्रतिष्ठा गराए[७४] । यसमा आचार्य गुरुहरूमा उनकै कुलपुरोहित उपाध्याय वैदिक सनातनी ब्राह्मण-हरू देखिन्छन् । यस वेला नेपालदूनमा सिम्रौनगढका राजपरिवार र सनातनी बाहुनक्षेत्रीहरूको पनि प्रचुरमात्रामा प्रवेश भइसकेकोले यिनीहरू दक्षिणी मराठी बाहुनलाई विशुद्ध चोखा नियमी पनि मान्ने हुँदा पशुपतिका पूजाहारीमा तिनलाई ल्याउनु धेरै संभव छ, यक्ष मल्लपछि दक्षिणी भट्ट बाहुन आउन छाडेकाले पुनः पुरानै चलनअनुसार स्वामी पूजाहारी हुन लागेको कुरा बुझिन्छ । बाबुराम आचार्यको पनि यही मत छ[७५] । यक्ष मल्लका छोरा रत्न मल्लले भक्तपुरबाट राज्य छुटयाएपछि सोमेश्वरानन्द स्वामीलाई पशुपतिको मूल पूजाहारी बनाएर भट्टलाई साधारण सुसारे बाहुन मात्र बनाए भन्ने कुरा पनि वंशावलीमा उल्लेख गरिएकोले फेरि भट्टलाई हटाएर पुरानो चलनअनुसार संन्यासी पूजाहारी रहन लागेको तथ्य प्रकट हुन आउँछ । वंशावलीको उक्ति यस प्रकार छ –

फेरि इन राजा (रत्नमल्ल) का पाला मध्येश (दक्षिणदेस)-देषि सोमेश्वरानंद नाम षोढान्यासि यक स्वामि आया र तन्कन पशुपतिनाथका पुजाका जोग्य ठहराइ पूजाहारि गर्दिया। (अघि) शंकराचार्य स्वामिले रित चलाइ गयाका पुजाहारि दक्षिणी भट्ट ब्राह्मण मात्र हुन्। इन राजाका पालामा स्वामि पुजाहारि भया। इ स्वामि सुकुमार हुनाले इनकन टहलुवाविना ज्यादा कष्ट होला भनि दनेपूरका थरि २ जात (जना)लाई भंडान्या गरि राषिदिया। पैल्हेका भंडान्यासित पालो गरी टहल गराया। फेरि देवताका रक्षक (वस्तुरक्षा)-निमित्त कांतिपुरका नेवार २ थर ल्याइ विशेउ नाम गरी राषिदिया। इ विशेतहरू भंडान्याहरूमाथि डिठ्ठा गरि राषीदिया... इ स्वामिले धेरै वर्ष श्रीपशुपतिनाथकन नित्य पूजा गरि मातृकासंधि समाधि राषि प्राणायाम गरि ब्रह्मद्वार षोलि शुन्यमा गया (समाधि गरि सुन्ये पदविमा गया)[७६]।

यस वर्णनबाट पशुपतिनाथका पूजाहारी सोमेश्वरानन्द स्वामी भएका र अरू भट्ट ब्राह्मण थरी नेवारहरूचाँहि सुसारे भँडारेमा रहेका थिए भन्ने कुरा विदित हुन्छ। यो नियम कान्तिपुरका नयाँ राजा रत्न मल्लले बाँधेका थिए भन्ने पनि यताबाट प्रकट हुन्छ।

यसपछि पनि पशुपतिनाथका पूजाहारीहरूमा स्वामीकै उल्लेख प्राप्त हुन्छ।

यस्तै समय (त्यहापछि इ राजा (शिवसिंह) का पालामा) नित्यानंद नाम ब्रह्मचारी षोढान्यासि स्वामी दक्षिणदेशदेषि ओई पशुपतिनाथमा प्राप्त भयाका छन् भन्या षवर गंगारानिले सुनि जाई स्वामीका सन्मान गरि परिक्षा गरि पशुपतिनाथका पूजक योग्य ठहऱ्याई अर्पनकारी गरीदिइन् (पुजाहारि गरिदिया)। इ नित्यानन्द स्वामी कस्ता थिया भन्या सदा समर्थवान् सबै कर्म क्रिया जान्या हुनाले राजाका कल्याणनिमित्त (इक्ष्या गरि) ललितपट्टनका अघिअघिका राजाहरू धेरै दिन नठहऱ्याको (वर्ष नरह्याको) कारण अघोरनाथका कृपादृष्टि सन्मुख पर्नालि (सोझो हुनाले) हो भनी ठहराई राजाका (अघोरनाथका) अग्रभागमा कुतुहल क्रियासंयुक्त गरि श्रीउन्मत्त भैरवकन स्थापना गरिदिया। इन दिनदेषि ललितपट्टनका राजाको बढिया हुन गयो[७७]।

यसपछि नित्यानन्द स्वामीले अरू–अरू धर्मकार्य गराएको, गंगा रानी-द्वारा पशुपतिको तीनतले छाना घटाई दुइतले पारेको, पशुपतिमन्दिरको गजूरदेखि राजदरवारसम्म ध्वजापताका टाँगेको आदि कुरा वर्णित छ। यस वर्णनबाट पनि पशुपतिको पूजाहारीमा भट्टको परम्परा नभएर दण्डी स्वामी-हरूकै परम्परा चलेको कुरा प्रकट हुन्छ। नित्यानन्द स्वामीले शिवसिंहका पालामा भैरवको स्थापना गरेका हुन् भन्ने वंशावलीको यो वर्णनचाहिं यहाँनेर विचारणीय छ। किनभने यसभन्दा धेरै पहिल्यै भैरवको स्थापना भएको प्रमाण प्राप्त भएको छ। दक्षिण भारतको चोलप्रदेशमा उत्तम ब्राह्मणकुलमा जन्मेका, पञ्चप्रवर भएका, षडङ्ग तैत्तिरीयसंहिता पढेका, पशुपतिभक्त नारायण भट्टले पत्नी जयलक्ष्मीसहित भएर पशुपतिनेर यो भैरवको मूर्ति स्थापना गरेको वर्णन पशुपतिनेरको राजा यक्ष मल्लको पालाको वि. सं. १५२४ चैत्रको भैरवको अभिलेखमा कुँदिएको छ[७८]। यी नारायण भट्ट नै पशुपतिका पूजाहारी पनि भएको अनुमान गरिएको हो र रत्न मल्लका पालादेखि भट्ट पूजाहारीको परम्परा टुटी पुनः पूर्ववत् दण्डी स्वामीको पूजाहारीपरम्परा चलेको ठहराइएको हो।

यी नित्यानन्द स्वामीलाई अनुश्रुतिमा दण्डी स्वामी भन्ने चलन पनि छ। शिवसिंहका नाति लक्ष्मीनरसिंह मल्लका पालासम्म पनि पशुपतिका पूजाहारी रहेका, बडा सिद्ध कहलाएका यिनको बारेमा एक अर्को रोचक कथा पनि वंशावलीमा उल्लिखित छ। त्यो पनि पशुपतिलाई छोएर ढोग्नु हुने नहुने भन्ने हाम्रो छलफलमा सान्दर्भिक हुने हुँदा यहाँ प्रस्तुत गर्नु उचित ठान्दछु–

जहाँपछि (फेरि इ भीम मल्ल काजी भोटमा रहदा कोही दुर्जनले राजाकन पशुपतिनाथका पूजाहारि) नित्यानन्द स्वामीले श्रीपशुपतिनाथकन ढोक दिदैन यस्ता पूजाहारि राषि वढिया छैन भनी कोहि दुर्जनले राजालाई सुनाउँदा राजा आफै जाइ हेर्न जादा स्वामीले अर्थ बुझि केही नबोलि नित्य पूजा सकि बाहिर आई चण्डेश्वरपूजा गरी आई कामदेवकन ढोक दिया र कामदेवका पादुका भंग भै षस्या फेरि धर्म्मशिलामा (दक्षिण दरबाजाभित्रका शिलामा) ढोक दिदा धर्मशिला फुटि दुइ चिरा भयो। फेरि दक्षिण दरबाजाभित्र पसि दण्ड-प्रणाम गर्दा त्यो शिला पनि दुइ टुक्रा भै फुट्यो। फेरि हर हर भनि भित्र जाइ श्रीपशुपतिथानकन शिरले छुवाइ दण्डवत् गर्न तैयार गर्दा वेलामा

स्वामीकन बलले समाइ राजाले करजोरी बहुतै प्रार्थना गरी बुझाइ स्वामीदेषि डर मानि राजा कान्तिपुर फर्क्यों । इन दिनदेषि इ स्वामीले गुप्तीप्रभाव खोल्नुपऱ्यो भनी दिक भै संसारमा रहनको ईच्छां त्याग गरी नित्यपूजा सकी बाहिर आई नैऋत्य कोणमा षडा भै पकडो ३ भनी तिन वार नित्य भनि रह्या; थोरै दिनपछि इ नित्यानंद स्वामी समाधि लि प्राण षैचि शून्यमा गया[७९]...

पछि भीम मल्लले भोटबाट फर्की आई पशुपतिनाथको दर्शन गर्न जाँदा धर्मशिला फुटेको देखी ताँवाका पाताले छोपिदिएको कुरा पनि वंशावलीमा वर्णित छ । यी दण्डी स्वामी आफ्ना दण्डले नै पशुपतिलाई तीन फेरा ट्वाक ट्वाक पारेर त्यही दण्डमा ढोग्दथे भन्ने कुरा मानिसहरू अद्यापि गर्दछन् । यस सम्बन्धमा यसपछि अरू पनि उल्लेखनीय कुरा देखिन आउँछन् । राजा प्रताप मल्लका पालामा पनि यस्तै अर्का सिद्ध स्वामी पशुपतिका पूजाहारीमा नियुक्त देखिन्छन् र उनका मन्त्रणाले प्रतापमल्लले अनेक स्तोत्र मन्त्र तन्त्र आदि कर्म गरेको वर्णन बंशावलीले गरेको छ–

इ राजाका पुत्रहरू दुई र दुई अरू पुत्र गरि चार पुत्र भया पुत्रहरूका नाम नृपेन्द्र मल्ल, पार्थिबेन्द्र मल्ल महीपतेन्द्र मल्ल, चक्रवर्तेन्द्र मल्ल ४ पुत्रसहित भै आनन्द गरिरहँदा समय दक्षिण देशदेषि एक ज्ञानानन्द नाम षोढान्यासी स्वामी आइ श्रीपशुपतिनाथमा वस्याका छन् भनी(राजा प्रताप मल्लले)सुन्या र (राजा) आफै जाई स्वामीसित बसि परीक्षा गर्दा पशुपतिनाथका पूजक योग्य हो भनी ठहराई श्रीपशुपतिनाथका मंदिरभित्र प्रवेश गराईदिया ।

इ श्वामिले राजाकन सास्त्रको भेद बताउँदा राजा षुसी भै पञ्चायत मंत्र संख्या क्रमले (पञ्चमन्त्र (नेत्र) पंचवक्र संख्या गरी) काञ्चन छत्र बनाई तदुपरि आफूले बनायाको कविता भुजंग(प्रयात) लेषि ल्याई स्वामिकन देषाया र स्वामीले पनी अर्को तांडव मन्त्रसहित (गरी) महाकालोक्त आगमार्थ नृत्यलीला प्रसन्नार्थ छत्रमाथि लेषि श्रीपशुपतिनाथकन अघि नभयाको छत्र रचित गरी चह्राया । अघिका पुजाहारिले (पुजाहारा) रुद्राक्षरूपका चदुवा बनाइ चह्राउँदै गर्थ्या । रुद्राछे जपमालाले छत्र बनाइ चढाउँदै थिया) । फेरि इ श्वामिले

श्रीपशुपतिनाथ खुसी निमित्त नीलकंठका स्नान मेला पाई (ल्याई) पशुपतिनाथकन अभ्यन्तर दुइवार (प्रत्युत्तर द्विवार) नीलकंठ शयन भावना राषी श्रावणशुक्ल चतुर्दशीका दिनमा राजा बक्साई पंचगव्यले (मतले) वेदवाक्य प्रमाण गरि देवालय सर्वत्र साधना गरि सूतले बाँधी अलंकार प्रक्षालन गरि सबै भडान्याकन प्रवेश गराइ नेमक्रिया पुन्याइ श्रीपवित्रारोहण नाम गरि सूत(सुत्र) संख्या प्रमाण धार्नि ७ सेर १ गरि पशुपतिनाथकन शास्त्रोक्त प्रमाण गरि चह्लाया। चतुर्थ-दिनसम्म कर्म गरी राजाकन पवित्र प्रसाद चढाउनु भनी वतलाया। फेरि इ श्वामि बडा हुन् भनी इनकन नित्य स्वकम गर्नु निमित्त देव-पाटनमा भुतलक्रिया स्थिरासन जयसिद्धि निमित्त घर बनाई मध्ये भागमा ऊच्चो आसन बनाई दिया । इ स्वामीले तेहि स्थानसन्धी स्वेत(स्वतन्त्र) मूलमूर्ति ऊर्द्धाम्नाय आवाहन गरि अर्को घर बनाई यथाक्रमले बसाई नित्यार्चनले रिझाइ (गरी जाई) पशुपतिनाथका पूजा गर्दथ्या [७०]।

यस्तै गरी धेरै वर्णन पशुपतिका पूजाहारी यी स्वामीको गरिएको छ। स्वामी ज्ञानानन्दकै सल्लाहले प्रताप मल्लले आफ्ना छोरालाई पालैपालो राज्य-सिंहासनमा राखेको कुरा आउँछ। चक्रवर्तीन्द्र मल्ल गादी चढ्नेबित्तिकै परलोक भए। यसको कारण यिनका नामका मोहर काट्ता स्वामीले त्रिकोण पारी त्यसमा बाणास्त्र पाश शरचाप राखिदिएको हुनाले यस्तो अभाग भएको अर्थात् वान लागे जस्तै गरी उनी मरेको भन्ने पनि वंशावलीको भनाइ छ। छोराको शोकले विह्वल रानीको मन शान्त पार्न नानातीर्थको जल ल्याई रानीपोखरी खनाएको, देवता स्थापना गरेको आदि कुरा पनि उल्लिखित छ। प्रताप मल्लले जामुना गुभाजू शान्तिकर बज्राचार्यहरूसंगको सहयोगले बहाल बनाएको, सिम्भू चैत्यमा अनुष्ठान गरेको कुरा पनि आउँछ। यिनले आफ्नो पाप पखाल्न पशुपति-मा कोटिलिङ्ग स्थापना गरेको, गजूर फेरेको, पशुपतिदेखि आफ्नो दरबारसंम ध्वजा टाँगेको, अरू शिवालय राखेको, पशुपतिमा सपरिवार आफ्ना सालिक राखेको आदि कुरा पनि गरिएको छ। यहाँ मुख्य गरेर प्रताप मल्लका पासमा महाराष्ट्रका लम्बकर्ण भट्ट कान्यकुब्जी नृसिंह ठाकुर आएका थिए, यी दुबै ठूला-बडा तान्त्रिक थिए, लम्बकर्ण भट्टले देगुतलेको मन्दिर बनाउन राजालाई संमति दिएका र अधिका स्वामीले पशुपतिमा चढाएको एकमुखी रूद्राक्ष रक्षा गर्न तान्त्रिक बिधिले सहयोग गरेको आदि कथा पनि रोचक छन्। नृसिंह

ठाकुरको मतले गुह्येश्वरीको उद्घाटन गरी आवरणदेवतासहित गरी देवालय बनाएको, दक्षिणकाली देवी प्रकाश पारेको आदि कुरा पनि वंशावलीमा बेलीबिस्तारसंग वर्णन गरिएको पाइन्छ। यसको सार प्रताप मल्लका पालामा पनि स्वामी ज्ञानानन्द पशुपतिका मूल पूजाहारी भएका र उनकै सहमतिले पशुपतिक्षेत्रमा राजाले विविध धार्मिक कृत्य गरेको र तान्त्रिक जामुना गुभाजू, शान्तिकर वज्राचार्य, मराठा लम्बकर्ण भट्ट, कान्यकुब्जी नृसिंह ठाकुरहरूको सम्मति सहयोग लिई अरू-अरू देवदेवीको स्थापना अनुष्ठान गरेको देखिन आउँछ। यसपछि हाम्रा चासो परेका पशुपतिका पूजाहारी स्वामी ज्ञानानन्द स्वेच्छाले बिदा भएर गए र अर्का विमलानन्दनामका स्वामी आए। यिनलाई नृपेन्द्र (कतै पार्थिवेन्द्र) मल्लले पशुपतिका पूजाहारीमा नियुक्त गरेको कुरा वंशावलीमा वर्णित छ-

फेरि इ राजाका पालामा अघि पशुपतिनाथका (पुजक ज्ञानानन्द) यक स्वामि आफ्ना स्वइच्छाले नेपाल छाडि विदा भै गया।

फेरि इनपछि कोही एक विमलानन्द नाम षोढान्यासि स्वामि आइ टंकेश्वरमा आसन गरि वस्याका छन् भन्या षवर राजाले सुनि भेट्न गया। सास्त्रार्थ गरी पशुपतिनाथका पूजक ठहराई (पशुपतिनाथकन पुजक योग्य हो भनि ठहराइ) पशुपतिनाथकन अर्पणकारि (नाथका पुजक) गरिदिया [८१]।

यिनै स्वामीले असिनाको भय निवारण गर्न भनी पशुपतिको दक्षिणामूर्ति आवाहन गरी आगममूर्ति स्थापना गरेको, पशुपतिको मन्दिर जीर्णोद्धार गरेको, शिवार्चनचन्द्रिकाशास्त्रका प्रमाणले वर्षबन्धन कैलासकुसुमारोहण गरेको वर्णन पनि वंशावलीमा छ। केही कालपछिसम्म यिनै विमलानन्द स्वामी पशुपतिका पूजाहारी रहिरहेका थिए र त्यसै बेला पशुपतिको दर्शन गर्न अर्का षोढान्यासी स्वामी राघवानन्द आउँदा राजालाई साधी उनलाई पशुपतिको पूजाहारीमा नियुक्त गरी उनीचाहिं काशी गई मुक्त भएको कुरा पनि वर्णित छ। यहाँ भूपालेन्द्र मल्लले विमलानन्दलाई बिदा दिएर राघवानन्दलाई पूजाहारीमा राखेको वंशावलीको कथन छ। पार्थिवेन्द्र मल्ल विषद्वारा मारिएपछि पशुपतिमा धर्मकर्म गरी बसेका भूतपूर्व मन्त्री चिकुटी वंशीधर आदिलाई बहालवाला मन्त्री लक्ष्मीनारायण जोशीले मराए। त्यसपछि पशुपतिका पूजाहारी राघवानन्द स्वामीकहाँ शरण परेका महीपतीन्द्र मल्ललाई मारेको घटनाले भूपा-

लेन्द्र राजा भएताका राघवानन्द स्वामी पशुपतिका पूजक भएको कुराचाहिं तात्कालिक प्रमाणले पनि सत्य सावित हुन्छ। राघवानन्द स्वामी ठूला नामी सिद्ध भएको कुरा पनि वंशावलीमा वर्णित छ। यिनले पशुपतिमा पवित्रारोहण दमनारोहण आदि क्रिया गरेको र स्वामी आफै आई पशुपतिनाथकन रात्रिभर जगाई ईश्वर ईश्वरी कुतूहल लीला गराई ७धार्नी १ सेर सिन्दूर छरी प्रतिवर्ष रथजात्रा चलाएको[८२] वर्णन पनि पाइन्छ।

अरू स्वामीहरूको ठीक ठीक समय पत्ता लाउन वंशावलीवाहेक अरू साधन हामीसंग प्राप्त छैन। वंशावलीमा नृपेन्द्र मल्ल पार्थिवेन्द्र मल्लको शासन समय ठीक छुट्याएर दिएको पाईदैन। यसैले कुनै वंशावलीमा विमलानन्द स्वामी नृपेन्द्र मल्लका पालामा आएका भनियो, कुनै वंशावलीमा पार्थिवेन्द्र मल्लका पालामा आएका पनि भनिएको छ। विमलानन्दपछि कुन समयमा राघवानन्द स्वामी पूजाहारी भए, किटेर भन्न त सकिदैन। तर वाबु पार्थिवेन्द्र मारिएपछि भूपालेन्द्र मल्ल ८ वर्षके उमेरमा वि. सं. १७४४ आषाढमा गद्दीमा बसे। यसको २ महीनापछि महीपतीन्द्र मल्ल मारिंदा राघवानन्द स्वामी पशुपतिका पूजाहारी भएको कुराको चाहिं तात्कालिक पक्का प्रमाण पाइन्छ[८३]।

प्रताप मल्ल मरेपछि गद्दीको लागि उनका छोराहरूमा कलहको सृष्टि भयो, यसको बीउ बाबु प्रताप मल्लले नै रोपेर छाडेका थिए। आखिर पाटनका राजा श्रीनिवास मल्लको प्रयासले नृपेन्द्र मल्लले राजगद्दी पाए। महीपतीन्द्र मल्ल बागी बनेका हुंदा मन्त्रीहरूले यिनलाई कैद गरी राखेका थिए। यी पछि कुनै जुक्तिले उम्की यहां टिक्न नसकी भागेर गई ललितपुरमा श्रीनिवास मल्लके शरणमा परे। श्रीनिवास मल्लले महीपतीन्द्र मल्ललाई शरण दिनाले कान्तिपुर ललितपुरको बीचमा वैमनस्य चलेर आयो। तर श्रीनिवास मल्ल बांचुन्जेल कान्तिपुरको केही लागेन। उनले शरणको मरण गर्नु हुंदैन भनी महीपतीन्द्र मल्ललाई सुम्पने काम गरेनन्। महीपतीन्द्र मल्ललाई सुम्पेर सलुक गर्नुपर्छ भन्ने कान्तिपुरको प्रस्ताव श्रीनिवासको निधनपछि मात्रै कार्यान्वयन गर्ने तरखर हुन थाल्यो। यसको सुइँको पाई महीपतीन्द्र मल्ल सुटुक्कसंग भागेर आई पशुपतिका पूजाहारी राघवानन्द स्वामीकहां पोछा परी बसे।

यता कान्तिपुरमा बि. सं. १७४४ आषाढमा राजा पार्थिवेन्द्र मल्ललाई विष खुवाएर मारेपछि लक्ष्मीनारायण जोशी सर्वेसर्वा बने। उनका मानिसले पशुपतिमा धर्म गरी बसेका चिकुटी वंशीधरहरूलाई लछार्दै पछार्दै

ल्याएर कुटी कुटी मारे। यसको दुइ महीनापछि महीपतीन्द्र मल्लको पनि यही दशा भयो। यिनी पशुपतिका मूल पूजाहारी राघवानन्द स्वामीकहाँ लुकेर बसेका थिए। वंशावलीमा महीपतीन्द्रलाई मारेको विषयमा यस्तो वर्णन पाइन्छ –

यहाँपछि लक्ष्मीनारायण जोसि मूल काजी भयापछि अघि पाटनमा थुनी राष्याका काजीहरूकन छाडी पठाया। यहाँपछि केही सामर्थ्य नभयाका महिपतेन्द्र मल्ल डराई लुकी रह्याका राजपुत्रकन भाद्रपद शुक्ल ११ बुधवारका दिन राघवानन्द स्वामीका घरमा लुकि-रह्याका (राजपुत्र) महिपतेन्द्र मल्लकन डोरीले बाँधी तानातान गर्दा राघवानन्द स्वामीले माफ गर माफ गर भनी बुझाई विन्ति गर्न आउँदा स्वामीकन भन्याङबाट षसालि दिया। महीपतेन्द्र मल्लकन अन्यायसित जीवहरण गऱ्या। मऱ्याउप्रांत शिर काटि ल्याई लक्ष्मीनारायण काजीले हेऱ्यो [८४]।

यही कुरा तात्कालिक ठ्यासफुमा पनि उल्लिखित भएको छ। यसैले वंशावलीको कथन प्रामाणिक ठहर्दछ। ठ्यासफुको नेवारी लेखको नेपाली अनुवाद यस प्रकार छ–

ने. सं. ८०७ (वि. सं. १७४४) भाद्र शुक्ल एकादशी उत्तराषाढा नक्षत्र बुधवारका दिन देउपाटनमा सिकुथिननियौता घरमा भेटाएर मिरह्म ज़ुजु (सानाराजा–महीपतेन्द्र मल्ल) लाई नेल ठोकी राति मारे। प्रमान (भारदार) हरू सबैले घेरेर समाते। राघवानन्द रावलको घरमा घेरा हाले। रावल नबसी गए। पञ्चख्वारका मानसिंहहरूलाई पनि थुने। नुवाकोटबाट महन्तहरू ल्याएर धर्मक्रिया गरियो [८५]।

यस बेला पशुपतिका मूल पूजाहारीमा रावल (महन्त महाराज) राघवानन्द स्वामी रहेका थिए। पाटनमा आफ्नो सुरक्षा नहुने देखेपछि महीपतीन्द्र मल्ल पशुपतिका मूल पुजाहारी राघवानन्द स्वामीकहाँ पीछा परी बसेकाले यिनी निकै शक्तिशाली थिए भन्ने कुरा पनि स्पष्ट हुन्छ। मूल पूजाहारीको धार्मिकरूपले असीम शक्ति नभएको भए आफ्नो ज्यानको सुरक्षाका लागि उनी त्यहाँ बस्न जाँदैनथे। यो निश्चय छ। पशुपतिका पूजाहारीले हर्काँदा राजा मन्त्री पनि हच्कन्थे, उनको कार्यमा इच्छामा हस्तक्षेप गर्न धार्मिकमान्यताले डराउँथे। तर अहिले स्थिति बदलिसकेको थियो। लक्ष्मीनारायण अधिकारको मादले उन्मत्त भइसकेका थिए, राजा पार्थिवेन्द्रलाई

मार्ने रानी ऋद्धिलक्ष्मीलाई हत्याउने, चिकुटी वंशीधरहरूलाई बेहकमा विषमुद्दामा मुछी निर्ममतापूर्वक वध गराउने क्रूर व्यक्तिका लागि पूजाहारीको धक मान्नुपर्ने धर्मदेखि डराउनुपर्ने थिएन। उनका आदेशले स्वामीसमेत घोक्रेठ्याक लाई भन्याङ्गबाट खँदारिए, राजपुत्रसमेत जवर्जस्ती डोरीले बाँधेर ल्याई मारिए। यसो गरेर आफ्नो वैरीको निःशेष गर्ने नियत उनको थियो, तर यस्ता आततायी कार्यको परिणाम कहिलै पनि शुभफलदायक सिद्ध हुँदैन। उनका वैरी भित्र-भित्रै बढ्दै गए। आखिर उनले पनि ३ वर्षपछि नै यस्तै हिसाबसँग वैरीका हातबाटै काटिएर प्राण गुमाउनुपर्‍यो।

कतिपय वंशावलीमा चाहिं राघवानन्द स्वामीको पनि नित्यानन्द स्वामीको जस्तै पशुपतिनाथलाई ढोग्दैन भन्ने पोल राजाकहाँ पर्‍यो र उनी रिसाई पशुपतिको पूजा छोडी पाटन लागेको कुरा परेको छ [८६]। अर्को वंशावलीमा चाहिं आफ्ना आश्रयमा आई पीछा परेर बसेका राजपुत्र महीपतीन्द्र मल्ललाई लक्ष्मीनारायणका मान्छेले जवर्जस्ती घरभित्र पसी आफूले हट्कदा-हट्कँदै पनि कुनै मरमोलाहिजै नराखी बाँधेर लगी वध गरेको घटनाले रिसाई आफ्नो अपमान भएको सम्झी यस्ता असत्तीका राज्यमा बस्नु धिक्कार हो भनी पशुपतिको पूजा छाडी राघवानन्द स्वामी पाटन गई बसेको कुरा लेखिएको छ–

"त्यहाँ पछि राधवानन्द स्वामी यस्ता अन्याइका राज्यमा बस्नु छैन भनी ललितपट्टनमा आया। यहाँपछि राजपुत्र मान्याको (पापको) प्रायश्चित्त गर्न निमित्त गरुडनारायण पशुपतिनाथ शिषरनारायण जाई पूजा मान्य (मानिता) गर्‍या। [८७]

यही कुरा धेरै सत्य पनि देखिन्छ। अन्यायी अपराधीका राज्यमा बस्तिनँ भनी स्वामी पशुपतिको पूजा छाडी हिंडे भन्दा आफ्नो अपयश फैलिने हुनाले स्वामी पशुपतिलाई ढोग्दा रहेनछन् र उनलाई पूजाहारीबाट निकालेको हो भन्दा जनतामा राम्रो असर पर्ने हुँदा लक्ष्मीनारायणका तर्फबाट यस्तो प्रचार गराइनु धेरै संभव देखिन्छ।

राघवानन्दले छाडेपछि पशुपतिको पूजाहारीमा अरू स्वामी बाहिरबाट आएका देखिंदैनन्, उनका बाँकी चेलाले केही काल पूजा चलाएपछि दक्षिणी गृहस्थ भट्टलाई ल्याएर पशुपतिको पूजाहारीमा नियुक्त गरिएको बुझिन्छ। यसपछि यो परम्परा चलेर आएको आजसम्म चलेकै छ। वंशावलीले पनि यहाँपछि स्वामी-

हरू पूजाहारी नरहेको कुरा सकारेको छ, राघवानन्द स्वामी परमधाम भएपछि नेपालमा पाशुपत मन्त्र जान्ने स्वामी आउन छाडेको कुरा पनि लेखेको छ–

त्यहींबाट यी स्वामी आई (आर्य्या) तीर्थमा गै मजस्ता पाशुपत मन्त्र जान्या स्वामीहरू तिमीलाई चाहिन्छ भने मकन वाग्मती वारीतिर राख, स्वामी चाहिंदैन भन्या पारीतिर राख भनी यी राघवानन्द शून्य समाधिमा गया । राजासित नजीक बस्न्या कोही दुर्जनहरूले स्वामीहरूको समाधि श्रीपशुपतिनाथमा राख्नु गारो हो भनी वाग्मतीका पारी लगी राखिदिया । यिन दिनदेखि नेपालमा पाशुपत मन्त्र जान्न्या स्वामीहरू आउनमा कम (माकुम्) भै गया ।"

वंशावली र तात्कालिक ठ्यासफुहरूको उपर्युक्त आधार प्रमाणबाट काठमाडौं राज्य अलग गरी स्थापना गर्ने रत्न मल्लका पालादेखि नेपालमा प्रसिद्ध देवता पशुपतिका पूजाहारी षोढान्यासी स्वामीहरू हुँदै आएको कुरा देखिन आउँछ । हामीले धेरै पहिले विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धमा गङ्गाकिनारा खल्लीनका अग्निमठका शङ्कराचार्य आफ्ना धेरै शैव संन्यासी शिष्यसाथ आई नेपालमा शिवालय स्थापना गरी यहाँका राजकुमारहरूलाई पनि शिवदीक्षा दिएको कुरा पढेका थियौं । लिच्छविकालमा पनि शैवसम्प्रदायको नेपालमा धेरै प्रचार भएको त्यसैताका भारतमा पनि यो सम्प्रदायको बढिबढाउ भएको पनि माथि देखेका छौं । पाशुपतक्षेत्रमा पाशुपतधर्मानुयायीहरूले आवतजावत गर्नु स्वाभाविक पनि थियो । यिनै प्रमाणको आधारमा यस्तै शैवधर्मानुयायी खल्लीनका शङ्कराचार्यले काशीबाट आएर पशुपतिको तान्त्रिकबिधिको तामसी पूजालाई प्रायः हटाएर संन्यासीहरूद्वारा सात्त्विकी पूजाआजा चलाउने प्रथा चलाएको कुराको अनुमान हुन्छ ।

शङ्कराचार्य स्वामीले चार दिशामा चार मठ र आफ्नो सम्प्रदायको पनि प्रतिष्ठापना गरेपछि दशनामी संन्यासीहरूको ठूलो चलतीफिर्ती बढेर आयो । ठाउँठाउँमा शैव मठ मूर्तिहरूको स्थापना हुँदै आयो । तिनमा महन्त पूजाहारी पनि संन्यासी जोगी नै हुन थाले । हाम्रो देशमा पनि धेरै शिवमन्दिरमा संन्यासी पूजाहारी र महन्त हुँदै आएका र अहिलेसम्म पनि धेरैजसो रहेका छन् । पूर्व ३ नं. हलेसी महादेवस्थानमा संन्यासी पूजाहारी भएका र पछि तिनीहरू घरजम गरी गृहस्थीमा परिणत भए पनि तिनै पूजाहारी भएर अहिलेसम्म रहेका छन् । चतराको ठूलो मठमा पनि यस्तै संन्यासी जोगी महन्त थिए । पिण्डेश्वरको पूजा

यिनैंका मातहतमा चल्दथ्यो भने वाराहक्षेत्रका वराह भगवान्‌को पूजाहारीमा पनि यिनैंको हुकम चल्दथ्यो । यस्तै जनकपुर धनुषातिरका मठ मन्दिरहरूमा पनि शैव संन्यासी वैष्णव वैरागीहरू नै महन्त पूजाहारी हुँदै आएका छन् । त्यस्ता महन्त पूजाहारी भएका गिरि पुरी भारती आदि गोसाईंहरूका नाउँमा दिएका गूठ विर्ता अधिकार सम्बन्धी पत्र पनि प्राप्त छन् ।[८९]

भारतमा मुसलमानको विजयले बौद्धविहार शैव वैष्ण वमठ नष्ट–भ्रष्ट भएपछि नेपालमा पनि यसको छार्कालि भेटचो र पशुपतिको मन्दिर मूर्ति तोडिए, पछि नेपाली शासक जयसिंहरामवर्द्धनले पशुपतिको पुन: प्रतिष्ठापना गर्दा शुद्ध शङ्कराचार्यका अनुयायी संन्यासी नपाउँदा नियममा बसेका चोखा शाकाहारी बाहुन भनी सिम्रौनगढमा राजपरिवारले पनि मानिएका दक्षिणी भट्टब्राह्मणलाई ल्याएर पूजाहारी बनाएको अनुमान हुन्छ । यिनै भट्ट पूजाहारी हुँदा पनि पुरानो वाममार्गी तान्त्रिक पूजाविधिलाई पनि समाविष्ट गरी पूजाआजा चलाएको देखिन्छ । मदिरा मांसको प्रचलनलाई चाहिँ पशुपतिकै सन्निधानमा रहेका कीर्तिमुखभैरवमा सारेर पशुपतिमा चाहिँ सात्त्विकी पूजा चल्न लाग्यो[९०]।

वर्षको एकपल्ट पशुपतिनाथको मूर्तिमै बुद्धत्वको अध्यारोपण गरी पूजा गर्ने विधिले पनि पशुपतिका पूजाहारी बौद्धमतालम्बी बाँडाहरू भए, मदिरा मांस चढाउँदै पशुपतिलाई उच्छिष्टेश्वर पारे भन्ने उपर्युक्त वंशावलीको वर्णनमा केही सारतत्त्व भएको र यसलाई विलकुल निराधार भनी उपेक्षा गर्न नसकिने कुरा माथिनै उल्लेख गरियो । मुण्डमालाधारी कापालिकसम्प्रदायी तान्त्रिकहरूको प्रभाव पनि लिच्छविकालदेखि नै पशुपतिमा देखिएकोले पशुपतिको राजसी पूजा चलेको निश्चय थियो ।

यसबाहेक पशुपतिमन्दिरको पश्चिमपट्टिको मूलढोकाबाहिर रहेको, पशुपतिनाथको आगमघरमा पनि गुप्तरूपको पुरानो तान्त्रिक पूजापद्धतिको परम्परा पनि कायम रहिआएको छ । आगमघरका पूजाहारी पनि जगज्जय मल्लकै पालादेखि केशव भट्टका नाति साम्बसदाशिव भट्टकै सन्तानहरू नै हुँदै आएका छन् । यसै आगमघरमा तान्त्रिक पूजाविधिका साथै अरू अनुष्ठान जप गर्ने दीक्षा सुनाउने पुरश्चरण लाउने र शान्तिक पौष्टिककर्म गर्ने आदि कर्म गरिन्छ ।

यसै आगमघरमा पशुपतिनाथका भण्डारे विसेट नाइकेहरूले पाशुपतदीक्षा लिने, मुद्रा, शिक्षा, विधिविधान सिकेर प्रतिज्ञा गर्ने, (तथा) पशुपतिका पुजारी हुने भट्टहरूले पनि ३ दिनसम्म यही बसी पाशुपतदीक्षा लिई पुरश्चरण गरी, शपथ खाई अनिमात्र मन्दिरमा जानुपर्ने परम्परा बाँधिएको (छ) ।...पुजारीहरूले पहिले छोएर किरिया खानुपर्ने आदिलिङ्ग[६१] श्रीअचलेश्वरको झन् दुर्दशा देखिन्छ[६२]।

आगनघरको पूजा-अनुष्ठान कहिलेदेखि शुरू भयो वा यसभन्दा पहिले पनि थियो किटेर भन्न त अहिले हामीले अरू साधन फेला पारेका छैनौं । जे भए पनि हाल यसमा तान्त्रिकविधि-अनुसार गोप्य पूजा अनुष्ठान दीक्षाविधि आदि गर्ने चलन छदैछ । पशुपतिका दक्षिण ढोकानेरका कीर्तिमुखभैरवमा छागबलि महिषबलि दिएर गर्ने राजसी पूजाविधिको परम्पराले चाहिँ पूर्वमध्यकालमा चलेको वाममार्गी तान्त्रिक पूजाअनुष्ठानको अवशेषलाई नै देखाएको बुझिन्छ ।

वि. सं. १५२५ मा यक्षमल्लको पालामा कर्णाटक ब्राह्मण नारायण भट्टले उन्मत्तभैरवको मूर्ति स्थापना गरिदिएको कुरा तीन वर्ष पछि लेखिएको त्यहीं रहेको शिलालेखबाट देखिन्छ ।[६३]

छागबलि महिषबलि दिएर मांस मदिरा चढाई पुजिने कीर्तिमुखभैरव नै नारायण भट्टले स्थापना गरेका हुन् भन्ने पनि कसैको मत देखिन आएको छ ।[६४] परन्तु नारायण भट्टको माथि ७८ सं. को टिप्पणीमा उद्धृत अभिलेखमा चित्रण गरिएको उन्मत्तभैरवको आकारप्रकार आयुध आसन आदिको अध्ययन गर्दा कीर्तिमुखभैरवमा कुनै कुरा नघटेको र उन्मत्तभैरवमै हुबहु सो वर्णनले भेट खाएको हुनाले कीर्तिमुखभैरव नयाँ स्थापित हुन् भन्ने मत सही सावित हुँदैन ।[६५] यस्तो राजसी पूजा पूर्वमध्यकालमै चलेकोले सो पूजापद्धति यक्ष मल्लको पालामा चलेको भन्न पनि नमिल्ने हुँदा कीर्तिमुखभैरवको स्थिति पुरानै देखिन्छ ।

भारतमा मुसलमान शासनको चकचकी चलेपछि विशेषतः यता नेपाल राज्य छिन्नभिन्न भईससाना रियासतमा टुक्रियो । पछि भारतमा मुगलसाम्राज्यको चकचकी चलेको थियो । त्यस वेला दक्षिणी पढे-लेखेका शाकाहारी बाहुन आउन छाडेकाले रत्न मल्लले फेरि पहिलेका जस्तै शङ्कराचार्यका अनुयायी दण्डी स्वामीलाई पूजाहारीमा नियुक्त गरेको देखिन्छ । वंशावलीकै आधारबाट

विचार गर्दा पशुपतिका पूजाहारीहरूमा क्रमैले सोमेश्वरानन्द नित्यानन्द ज्ञानानन्द विमलानन्द राघवानन्द स्वामीहरूको नाम पढ्न पाइन्छ । स्वामी राघवानन्दको नाम चाहिं वंशावलीबाहेक तात्कालिक ठ्यासफुमा पनि पाइएको कुरा माथि परिसकेको छ । ताडपत्रको नक्कल मनिने एकपत्र-अनुसार अघि बीचमा भैरवानन्द र राघवानन्दपछि कपिलानन्द स्वामीको नाम पनि पूजाहारीमा उल्लिखित भएको छ[६६] । यिनीहरू शङ्कराचार्यका सिद्धान्तका अनुयायी संन्यासी दण्डी स्वामी थिए । दशनामी संन्यासीमा सबैभन्दा ऊंचो स्थान यिनको रहन्छ । षडिन्द्रियलाई वश पारेका, आफ्नो पाञ्चभौतिक शरीरलाई भगवान्मा अर्पण वा धरौट राखेका, अथवा छ प्रकारको न्यास (मन्त्र पढ्दै इन्द्रिय स्पर्श गर्ने विधि) जानेका, शिखा-टुप्पी काटेर दण्डमा राखिएको हुनाले दण्डी स्वामी कहलाएका यिनीहरू देव-मनुष्य कसैलाई पनि पत्तेर प्रणाम गर्दैनन् । कसैले स्वामी महाराज प्रणाम भनेर प्रणाम गऱ्यो भने हातमा लिएको त्यहीं दण्ड उठाइदिन्छन्, द्योतालाई आफूले दर्शन गर्नुपऱ्यो भने पनि त्यही दण्ड झुकाइदिन्छन् । यस कारण यिनीहरू-लाई पशुपति नडोग्ने भन्ने अभियोग लाग्यो भन्ने वंशावलीको कथन अनुचित ठहर्दैन ।

पार्थिवेन्द्र मल्ललाई विष ख्वाएर मराउनु, पशुपतिमा धर्मकर्म पाठपूजा पुराणश्रवण गरी बसेका चिकुटी वंशोधरहरूलाई जबर्जस्ती कुटेर मार्नु, पशुपतिमै पूजाहारी, स्वामीका पीछा गरी बसेका राजकुमार महीपतीन्द्र मल्ललाई पनि बेकसुरैमा अन्यायसंग स्वामीको वचन उल्लंघन गरी बध गर्नु आदि अत्याचार गर्ने लक्ष्मीनारायण जोशीको अन्याय राज्यमा बस्तिनँ भनी स्वामी राघवानन्दले पशुपतिको पूजा छाडी पाटनमा बस्न गएपछि अरू दुइ तीन जना संन्यासी पुजाहारीहरू रहेको कुरा पशुपतिका मन्दिरमा सुनिने कथाबाट पाइन्छ तर यी संन्यासीहरू पनि पछि मांसाहारी भएर बिग्रँदै आएका हुनाले र नेपालका राजोपाध्याय र तिरहुतिया ब्राह्मण पनि मांसाहारी हुंनाले जगज्जय मल्लले वाराणसीबाट महाराष्ट्र ब्राह्मण झिकाएर पुजाहारी बनाउने परम्परा चलाएको कुरा त्यहाँ रहेका महाराष्ट्र पुजाहारीबाट सुनिन्थ्यो[६७]।

नमन्दै मध्यकालमा भारत नेपालमा पनि महाराष्ट्र एक आदर्श मानिन्थ्यो । यहाँको आचार विचार उच्च थियो भन्ने भावना पनि थियो । यसैले मध्यकालमा लेखिएको एक कितापमा अन्त सबैतिरको आचार विचारमा एकन-

एक खोट लाएको र महाराष्ट्रको चाहिं प्रशंसामात्रै गरिएको पाइन्छ [९८]। यसैले पूजाहारी बन्न पाएका दक्षिणी भट्ट बाहुनहरू आजतक रहिरहेके छन्।

यसरी पशुपतिका पूजामा अहिले सर्वसाधारणले छुनु हुँदैन भन्ने सम्बन्धमा ऐतिहासिक कालमा के हुन्थ्यो, कसरी गरिन्थ्यो ? भन्ने विषयमा यहाँ विचार गरिएको हो। यसरी अनुसन्धान गर्दा पशुपतिलाई छोएर कर्ताले पूजा–आजा गरेको प्रमाण पाइएकोले कहिलेदेखि यस्तो छुनुनहुने चाहि स्थिति बाँधियो भन्ने कुरामा हामीलाई फेरि शङ्का पैदा हुन आएको छ। यस सम्बन्धमा पनि जाने-सुनेका र पाइएका प्रमाणका आधारमा केही कुरा विचार गर्न सक्ने स्थितिमा अहिले हामी छौं।

अधिका स्वामी संन्यासीलाई हटाएर दक्षिणी भट्ट ब्राह्मणलाई पूजाहारी नियुक्त गर्ने व्यवस्था बाँधेको भनेर नेपाली भाषामा अनुवाद गरिएको ने. सं. ८५५ (वि. सं. १७९२)को जगज्जय मल्लको ताडपत्र हो। तर सो ताडपत्र आगमघर आदिका पूजाहारी साम्बसदाशिव भट्टलाई गरिदिएको हो। यिनले आफ्ना बाजे केशव भट्टको कार्यभार सह्मालेका थिए। आगमघरको तान्त्रिक अनुष्ठानका साथै अर्ध-पशुपति किरातेश्वर ज्ञानेश्वर रुद्रेश्वर आदि देवताका पूजा गर्ने अधिकार पनि यिनैको थियो [९९]। यी भट्टहरू चाहिं कहिले काशीबाट वा दक्षिणतिरबाट आएका थिए भन्न सकिदैन। उक्त ताडपत्रमा चाहिं विन्ध्याचलदेखि दक्षिणका कर्णाटक आन्ध्र महाराष्ट्र द्रविड देशमा जन्मेका ब्राह्मणले प्रायश्चित्त गरेर मन्दिरभित्र पसेर पूजा गर्न पूजाहारी हुन मात्र पाउने व्यवस्था छ। मरणोप्रान्त अर्को त्यस्तै ब्राह्मणले मात्र पूजाहारी हुन पाउँछ पनि भनिएको छ। ताडपत्रको पुछारमा संस्कृत श्लोकमा यो कुरा लेखिएको छ [१००]। यी संस्कृत श्लोक नन्दनन्दन सनाढ्यले श्रीपशुपतिनाथमा पनि उद्धृत गरेका छन् [१०१]। सो ताडपत्रमा पशुपतिको पूजा र पूजाहारीसम्बन्धमा केही नियम बाँधिएका छन्। तिनमा मुख्य यी हुन्—

१. श्री पशुपतिस्थानमा श्रीशंकराचार्य स्वामीबाट पुजाहारी षज्यात (पन्च्यात) होला भन्ना निमित्त (पछि विवंदेज होला भनी भित्र) अघि पछि कसैले छुन नसकोस भनी थिती गरी राष्याको हो.

(२) अघि पुजाहाराहरू काम कुरा धेरै विचार गरिकन बन्देजदेषि भित्रको हो कि बाहिरको हो नेपालको जयदान (जापदान) नलिन्या सरिरमा निर्मल भै खुन नभयाको विन्धाचल (विंद्याचल) देखि दक्षिणका तैलिङ्ग (त्रीलिङ्ग) द्राविड (द्रावड) हेरी राष्णुपर्छ।

(३) हिजोका थिति भडारी (भण्डारी) विसेटले उत्पतिमा लोभानी नगरि सत्यमा बंदेजमा रह्यसम्म रुद्रमती पश्चिम (पछीं) वाग्मती पूर्व जन्म्या देवालय भित्रनु (जन्म भया देवालय भित्र नलिनु[१०२])

वि. सं. १७६२ को यस ताडपत्रमा विन्ध्याचलदक्षिण जन्मेका दक्षिणी गृहस्थ भट्ट पूजाहारी बन्न आउँदा तिनलाई यिनै आगमघरका पूजाहारीले शिक्षा दीक्षा दिने तन्त्रमन्त्र सिकाउने काम पनि गर्न पाउने र वाग्मती धोबीखोलाका बीचमा धौपाटनमा जन्मेका बिसेट भँडारीले मात्र पशुपतिको देवालयभित्र प्रवेश पाउने अरूले नपाउने नियम पनि बाँधिएको छ[१०३]। यसमा अर्को हामीले जिकिर गरेको मुख्य कुरा पूजाहारी खन्चेत होला (नपाइएला) अथवा विबन्देज होला भनी अघि पछि कसैले छुन नपाइने नियम बनाएको पनि भनिएको छ। यो बन्देज शङ्कराचार्यकै पालाको हो भनी यसलाई खम्बीर पार्न खोजिएको छ। यसबाट पनि शङ्कराचार्य-अघि चाहिं छुन पाइने र जगज्जय मल्लका पालासम्म अर्थात् भट्टले अधिकार नपाउन्जेल पनि यस नियममा शैथिल्य नै थियो भन्ने पनि ध्वनित हुन्छ, ओ अघि पछि नपाइने भनेकोले पूजाका समयमा चाहिं पाइने संकेत पनि आउँछ। यसभन्दा पहिले जोगी र भट्ट पनि पूजामा सामेल हुँदै आएका थिए। जगज्जय मल्लका पालामा दक्षिणी भट्टले पशुपतिको पूजाहारी-अधिकार एकलौटी पार्न समर्थ भएका हुनाले अब फेरि पूजाहारी खन्चेत नहोस् भनी अरूका संसर्गबाट मात्रै होइन स्पर्शबाट पनि पशुपतिलाई अलग राख्न सक्ने अधिकारसमेत पाएको देखिन्छ।

हुन त तान्त्रिक पूजाविधि पनि गोप्य तरीकाले गर्ने चलन थियो। तन्त्रमन्त्र तान्त्रिक पूजा पनि गुह्यात् गुह्यतर भनी गोप्यमा पनि अतिगोप्य गर्ने गराउने नियम थियो। यसको प्रतिरूप अहिले पनि देखिंदैछ। अरू त के सर्वसाधारणले गर्दै आएको दशैंको दुर्गापूजा पनि स्त्रीजातिले हेर्नु हुँदैन भनी कतै कतै गुप्तकोठामा पर्दा लाएरै गरिन्छ। यसै उदाहरणले पनि पूर्वमध्यकालमा चलेको वामाचारी तामसी तान्त्रिक पूजाविधि पनि गोप्य अतिगोप्य तवरले नै गरिन्थ्यो होला। त्यो प्रथा हटाएर सात्त्विक पूजाको पुनः प्रवर्त्तन हुँदाको अवस्था पनि विधर्मी मुसलमानले मूर्ति तोड्ने फोड्ने नास्ने मास्ने उद्धूम मच्चिएको र छुवाछूत जातिपातिको कट्टरपना पनि बढ्दै आएकोले पनि हिन्दूहरूलाई आफूले पूजिएका देवदेवतालाई विधर्मीले अछूत जातिले छुनु हुँदैन, देवमन्दिरमा पस्नु हुँदैन भनी नियम बाँध्न बाध्य हुनुपर्‍यो।

नियम नीति धर्म चालचलन पनि समय र परिस्थिति--अनुरूप बन्दै बदलिँदै आउने हुनाले र छिनेकमा विधर्मी मुसलमानले मूर्ति तोड्ने फोड्ने लहर चलेको हुँदा पनि यहाँ पशुपतिलाई जाँड भाँग चढाएर गर्ने तामसी तान्त्रिक वामाचारी पूजापद्धतिमा केही सुधार ल्याई सात्त्विक पूजाविधि चलाएपछि पनि शुद्ध संस्कृत व्यक्ति र पूजाहारीबाहेक अरू सर्वसाधारणले चाहिं पशुपतिनाथलाई छोएर पूजा गर्न हुँदैन भनी प्रतिबन्ध कायम गरिएको अनुमान हुन्छ ।

परन्तु शुरूमा यो प्रतिबन्ध साह्रै शिथिल नै थियो । यसमा यतिविधिको कट्टरपना आइसकेको थिएन । देवो भूत्वा देवं यजेत् भन्ने सिद्धान्त–अनुसार विशेष व्यवस्था गरेर चोखोनितीमा रहेर शुद्ध विशिष्ट व्यक्तिले पशुपति भित्र पसेर स्पर्श गरेर पूजा गर्न पाउँथे । अरू सर्वसाधारणलाईं जथाभावी छुन पस्न मनाही भएको बुझिन्छ । यसै हुनाले सिजाली राजा जितारि मल्ल राजा रिपु मल्लहरूले केदारनाथ अमरनाथमा जस्तै पशुपतिनाथमा पनि मन्दिरभित्रै पसेर अँगालो मारेर पूजाआजा गरेका थिए । सिम्रौनगढे राजा हरसिंहदेवका महामन्त्री धर्मशास्त्रका बडा विद्वान् चण्डेश्वर ठक्कुरले विश्वनाथलाई जस्तै पशुपतिनाथलाई पनि छोएरै पूजा गरेका थिए । पछि उपान्त्य मल्लराजा जगज्जयको पालामा आएर दक्षिणी भट्ट बाहुनको मात्र पशुपतिनाथमा पूजाहारी कामको एकाधिकार चलेकोले भट्ट पूजाहारीबाहेक अरू सबकोहीले नै पशुपतिनाथको स्पर्श गरेर पूजा गर्न भित्र पस्न पाइँदैन भनी कडा प्रतिबन्ध लाइयो । अघि पछि मात्र छुन नपाइने कुरा उक्त जगज्जय मल्लको भनिने ताडपत्रमा उल्लिखित भएको पनि छ । हुँदा हुँदा अहिले त पशुपतिनाथको परिक्रमा गरी टाढैबाट सरक्क दर्शन गरेर फनक्क फर्केर आउन पनि सजिलो छैन ।

यस कृतिको उपसंहार गर्नुभन्दा पहिले हाम्रो प्रकृतविषयको अर्थात् पशुपतिनाथको दर्शन स्पर्शन पूजनको परिचर्चामा एउटा आधुनिक प्रसङ्गलाई लिएर पनि छलफल गर्नु आवश्यक पर्न आएको छ । नेपालका वंशावलीमा आद्य शङ्कराचार्यले नेपाल आएर शैवसम्प्रदाय प्रचार गरेको तथा पशुपतिका पूजाहारीमा दक्षिणी भट्टलाई भरना गर्ने व्यवस्था बाँधेको भन्ने कुरा उल्लिखित छ, त्यसैको आधारले हाल यो बहुप्रचलित भइरहेको छ । त्यसको चर्चा हामीले माथि पनि प्रवङ्गवश वंशावलीकै वाक्य उद्धृत गरेर गरिसक्यौं । परन्तु आद्य शङ्कराचार्य नेपालमा आएको कुरामा यिनै वंशावली अनुश्रुतिबाहेक अरू कुनै प्रामाणिक तथ्य फेला परेको छैन । त्यसपछिका शङ्कराचार्यचाहिं काशीबाट

विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धमा नेपाल आई शैवमत प्रचार गरेको राज-कुमारलगायतका भक्तजनलाई शिवदीक्षा दिएको कुराचाहिं प्रमाणका आधारमा माथि यथास्थानमा उल्लेख गरिसकेयौं। त्यसभन्दा अघि पछि विभिन्न पीठका शङ्कराचार्यहरू लोकलाई शिक्षा दीक्षा दिने उद्देश्यले तीर्थ गर्ने अभिप्रायले पनि नेपालमा आएका थिएनन् भन्न त हामी सक्तैनौं, त्यसमा ठोस प्रमाण नपाई अहिले केही बोल्न सक्ने स्थितिमा पनि छैनौं तापनि केही वर्ष-अघि भएका एक दुइटा घटनाचाहिं निकै खतलाग्दा छन्, तिनका बारेमा पनि यहाँ रात्ररी नियाल्नुपरेको छ–

अहिलेभन्दा करीब बाह्र वर्ष अघिको कुरा हो। वि. सं. २०३१ मा शृङ्गेरीमठका शङ्कराचार्य स्वामी नेपाल आएका थिए, उनले पशुपतिनाथलाई आफ्नै हातले छोएर पूजा गर्ने इच्छा गरेर सो कुरा श्री ५ महाराजाधिराजमा पनि जाहेर गरे। श्री ५ को अनुमति हुँदाहुँदै पनि पशुपतिका पूजाहारी मूल भट्टले पशुपतिलाई छोएर पूजा गर्न दक्षिणी गृहस्थ हुनुपर्छ, स्वामी संन्यासी भएबाट उनलाई छोएर पूजा गर्न निषेध छ भनी अडङ्गा हाली शङ्कराचार्यलाई पूजा गर्न दिएनन्[१०४]।

त्यस्तै काञ्चीकोटिपीठका शङ्कराचार्य नेपाल आएका बेलामा पनि उनले आद्य शङ्कराचार्यको सालिक पशुपतिनाथको मन्दिरको हाताभित्र स्थापना गर्ने इच्छा व्यक्त गरेका थिए। परन्तु यिनै पशुपतिका पूजाहारी मूलभट्टले अनुमति नदिंदा सो सालिक बाहिरपट्टि स्थापना गर्नुपऱ्यो[१०५]।

प्रायः सबै भक्तजनलाई पशुपतिको मूलमूर्ति छोएर आफ्नै हातले पूजा गर्ने इच्छा लाग्छ भने पशुपतिको पूजाहारीमा भट्टलाई भरना गर्ने व्यवस्था बाँध्नेमै मुख्य कारणी मानिएका शृङ्गेरीपीठका शङ्कराचार्य स्वामीलाई त्यस्तो इच्छा जागरित हुनु स्वाभाविकै थियो। जसको वरप्रसादबाट पशुपतिको पूजावृत्ति पाएर यस्तो ऐश्वर्यशाली बन्न पाए भने ती भट्टले त झन् उनप्रति सौजन्य-सौहार्दको भावना राख्नुपर्नेमा उल्टै छोएर पूजा गर्न त परै जाओस् आद्य शङ्कराचार्य स्वामीको प्रतिमा राख्ने अनुमति पनि नदिएर यस्तो रूखो व्यवहार किन गरे ? यो एउटा विचारणीय प्रश्न छ। यसले सामान्यतः शङ्कराचार्य र भट्टका बीचमा परम्परागत सौजन्य सुसम्बन्धलाई पनि व्यक्त गर्दैन, अपितु यी घटनाले यिनमा आपसको हार्दिक सद्भावनाको दूरत्वलाई पो दर्शाउँछ।

विश्वप्रसिद्ध शृङ्गेरीमठका शङ्कराचार्यले पशुपतिलाई छोएर पूजा गर्छु भन्दा नपाउनु कुनै तुक मिल्ने कुरा थिएन। धार्मिक आस्था परम्रागत मान्यता नभएको भए उनले आएर त्यस्तो इच्छा जाहेर गर्ने थिएनन्। भारतमा तीन धाममा मुख्य मानिएका रामेश्वरलाई छोएर पूजा गर्ने अधिकार शृङ्गेरीमठका शङ्कराचार्य नेपालका राजा र त्यहाँका पूजाहारीलाई मात्र छ भन्ने कुरा हामीले माथिको १५ संख्याको टिप्पणीमा हेरिसकेको छ र हालैको श्री ५ को तिरुपति बालाज्यूको दर्शनको प्रसङ्गमा पनि यही कुरा पत्रिकामा पुनः प्रकाशमा आएको देखिएको छ[१०६]। पशुपतिनाथलाई प्रत्यक्षपूजा गर्न शङ्कराचार्यलाई नदिने बारेमा मूलभट्टले कुनै शास्त्रीय प्रमाण उपस्थित गरेको पनि सुनिएन। शङ्कराचार्य स्वामी गृहस्थी औ दक्षिणी पनि नभएबाट उनले आफ्ना हातले छोएर पूजा गर्न पाउँदैनन्, पशुपतिको छोएर पूजा गर्न दक्षिणी गृहस्थ हुनुपर्छ भन्ने तर्क दिएर शङ्कराचार्य स्वामी पशुपतिको प्रत्यक्षपूजाबाट वञ्चित गरिए।

साँच्चै भन्ने हो भने औ हाम्रो सनातन धर्मको मान्यता धारणा हेर्ने हो भने पनि पढेलेखेका विद्वान् सनातनी षडङ्गवेद जान्ने गृहस्थ मानिस शिवजीको त के कुनै पनि देवताको पूजाहारी हुन मञ्जूर गर्दैनथे। यो पूजकवृत्ति जजमाने वृत्ति पनि कुनै प्रशंसनीय उचित पनि मानिँदैनथ्यो।

मैले यो कुरा लेख्ता कसैलाई मन नपर्ने पनि हुन जान सक्छ। परन्तु कुनै पनि अनुसन्धाताले प्रमाणका आधारमा सत्य कुरा लेख्नुपर्ने हुनाले कसैको मुख हेरेर वा मोहमा परेर अन्यथा गर्नु वा आत्मसंवरण गरेर लेख्नु लोकवञ्चना गरेको पनि ठहर्न जाने हुँदा यस विषयमा यथार्थ कुरा मैले यहाँ प्रकट गर्नुपरेको छ।

प्राचीनकालमा हिन्दूधर्मदर्शन-अनुसार चल्ने सनातनी ब्राह्मण-समाजमा दान नलिने ब्राह्मणको अत्यन्त ठूलो महिमा थियो। ब्रह्मवर्चस्वी बन्न धेरै नीति नियम संयममा बस्नुपर्ने र प्रतिग्रहबाट बच्नुपर्ने पनि हुन्थ्यो। दान लिनु षट्कर्मभित्र पर्ने ब्रह्मवृत्ति भए पनि कस्तो दान लिने कस्ताका हातबाट नलिने भन्ने कुरामा पनि साह्रै छ्यानविचार राख्नुपर्ने थियो। साँच्चै दान लिँदै नलिने पनि ब्रह्मवर्चस्वी ब्राह्मण कम थिएनन्। पुराणमा यस्ता ब्राह्मणको ब्रह्मतेजको व्यापक वर्णन छ। प्रतिग्रहदेखि धेरै पर बस्ने ब्राह्मणकी गाई भूलले दान दिंदा नृग राजाले पाएको सरापको कथा सबैले सुनेकै छ[१०७]। चाणक्य वा कौटल्यको नामले प्रख्यात आचार्य विष्णुगुप्त दान नलिने ब्राह्मणमा अग्रगण्यका रूपमा जगतमा मानिएका थिए[१०८]। सबै धनागमका बाटालाई त्यागेर

न्यायोपार्जित धनले जसरी तसरी जीवननिर्वाह गरेर अध्ययन अध्यापनमा लागेको मानिस नै लोकमा परमपूजनीय हुन्थ्यो[१०९]। स्मृतिशास्त्रले नियत गरेको मार्गबाट पर गएर दान लिने[११०], दश घरदेखि माथि जजमान गर्ने अर्थात् ग्रामयाजक, गणयाजी[१११] ज्योतिषी मेलो गर्ने,[११२] वैद्यकविराजी काम गर्ने, देवमन्दिरको पूजागर्ने देवलक, धनका लागि देवताका प्रतिमा बेच्ने, मासु पसले र बेपारी ब्राह्मण भए पनि गर्हित हुन्थे र यिनलाई त मनुले उत्तम श्रौपितृकार्यमा निम्तासम्म पनि नगर्नू भनेका छन्[११३]। बृहस्पतिले पुरोहित्याइँ छाडेर हिंडेपछि देवताले विश्वरूपलाई पुरोहित वरण गर्दा उनले जजमानी वृत्तिको तीव्र भर्त्सना गरेको[११४] कुरा पनि यहाँनेर स्मरणीय हुन आउँछ।

संक्षेपमा गरिएको उपर्युक्त वर्णनबाट प्राचीनयुगमा विद्यालाई ठूलो महत्त्व दिइएको र धनलाई गौण मानिएको थियो भन्ने स्पष्ट हुन्छ। त्यस वेला विद्या साध्य धन साधन मानिन्थ्यो। आज विद्या साधन र धन साध्य भएको छ। धनलाई सबकुछ मान्ने वर्तमानयुगमा प्राचीन हिन्दूदर्शनको वास्तव गूढ रहस्य नबुझी वा बुझेर बुझ पचाउने पाश्चात्त्य विद्वान् र तिनका लहैलहैमा लाग्ने हाम्रा विचक्षणहरू पनि ब्राह्मणधर्ममा आएको अर्वाक्कालिक विकृतिलाई अघि सारेर यसको मूल जडै खराब भनी ब्राह्मणवादप्रति तीव्र आक्षेप गर्न लागेका र लागिरहेका पनि छन्। जे भएपनि ब्राह्मणवादको बाहिरिया आचरण र वर्तमान विकृतिलाई हेरेर यसलाई आलोचना गर्न तंसिने विचक्षणहरूले देवाजीवी र ग्रामयाजीहरू ब्राह्मणधर्मभित्र पर्ने होइन रहेछन् भन्ने कुराचाहिं राम्ररी मनन गर्नुपर्दछ। यसैले संस्कृतभाषाको सर्वसाधारणले पढिले पाठ्यपुस्तक प्रसिद्ध अमरकोशमा शूद्रवर्गमा पूजाहारीका नाम परेका छन्[115]। यस-अतिरिक्त प्रसङ्गमा यहाँ अर्को कुरा पनि भनिहालौं। आजकाल ब्राह्मणवृत्ति मानिएका अर्थात् बाहुनका काममा दरिएका पाचनक्रिया—भातभान्सा तयार पार्ने र पक्वान्न बनाउने, ज्योतिषीमेलो–चिनाचपेटा शकुन साइत हात हेर्ने र नक्षत्रग्रहको शुभ अरिष्ट पलाफल बताउने, वैद्यकविराजी काम–औषधिमूलो गर्ने चिरफार गर्ने र धामी झाक्री झारफूके मेलो गर्ने, दूत लमी बन्ने अह्लोपठोमा जाने, स्तुतिगान गर्ने, नाचगान बजान गर्ने आदि कामहरू पनि प्राचीनकालमा ब्राह्मणले गर्नुपर्ने ब्राह्मण धर्मभित्र पर्दैनथे। यी माथि उल्लिखित कर्म गरी जीविका गर्ने महोदयहरू कति क्षत्रिय वर्गमा पर्दथे, कति वैश्यवर्गमा गनिन्थे भने कति त शूद्रवर्गमा दरिन्थे[116]। विशेषतः जीविकाका लागि तीर्थमा बस्ने, देवमन्दिरमा

पूजाहारी बन्ने काम पनि तल्लो श्रेणीमा दर्ता भएका थिए, अझ पैसा कमाउनका लागि देवताका मूर्ति बेच्ने काम त अतिनिष्कृष्टतम मानिन्थ्यो ।[117]

यस्तो अवस्थामा षडङ्ग वेद पढेका कुनै पनि उच्च विद्वान्ले प्रतिग्रह लाग्ने देवस्व खान अघि सर्न हिचकिचाउनु स्वाभाविकै थियो । यसरी पढेलेखेका मान्छे शिवस्व लाग्छ भनेर पूजाहारी हुन हिचकिचाउने अपठित मूर्खलाई लाउन नहुने सामान्य जनले पूजाविधिमा आचारविचार नपुऱ्याउने यस्तो डोठ्याङ्ग पर्न आउँदा घरबार परिपञ्चबाट मुक्त श्रुतिस्मृतिका विधिनिषेधदेखि पर भएका शैव संन्यासी शिवालयमा र वैष्णव वैरागीहरू विष्णुमन्दिरमा लोकोपकारका लागि पूजाहारी हुन योग्य र अधिकारी पनि मानिएका देखिन्छन् ।

यसो भन्दा यहाँनेर यस सम्बन्धमा पनि अलिकति ऐतिहासिकदृष्टिले फेरि विचार गर्नु आवश्यक हुन आउँछ । किन भने पुरानो आश्रमधर्म-अनुसार गृहस्थाश्रम वानप्रस्थाश्रम भुक्तान गरिसकेपछि सबै कर्मलाई त्यागेर ७५ वर्ष पुगेपछि अर्थात् आयुको चतुर्थभागमा संन्यास हुने नियम थियो[118]। तुरीयाश्रमका कठिनतम नियममुताबिक अर्थसंग्रह नगर्ने गाउँमा एकरातदेखि बढी नबस्ने शरीर धारणका लागि मात्र सात घर डुलेर सात मुठी चामल लिएर खाने आदि गर्नुपर्दथ्यो[119]। यस्ता किसिमका संन्यासीले मन्दिरको पूजाहारी काम गर्नु सम्भव थिएन । त्यसमा पनि सांसारिक सबै परिपञ्च पन्साएर कर्मकाण्डलाई पनि त्यागेर योग समाधिको अभ्यासमा लागी ब्रह्मचिन्तन गर्ने जोगीबाट पनि यस्तो देवपूजा चल्दैनथ्यो । किन भने ब्रह्मचिन्तक अद्वैतवादी शंकर स्वामीजस्ता योगीहरूका लागि मूर्तिपूजा सामान्य अज्ञानी मनुष्यका कर्म मानिन्थे[120]। वेदान्तीहरूले यस्तो अज्ञानीले गर्ने कर्मकाण्ड मुक्तिसोपानमा चढ्नलाई साधनका लागि पहिलो सिढीको रूपमा गृहस्थाश्रममा मात्र स्वीकार गरेको थियो[121]।

शंकराचार्यका समयसम्ममा यो पुरानो आश्रमधर्म वर्णधर्ममा धेरै परिवर्तन आइसकेको थियो । संन्यास आश्रमको धर्म नियम सिद्धान्ततः जस्तो सुकै भए पनि यसले धेरै पहिलेदेखि व्यवहारमा अर्कै रूप लिन लागिसकेको थियो ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि धर्म, संघको स्थापना गरे । उनका धर्ममा लागेर भिक्षु बन्न अब वर्ण आश्रमका लागि कहिएका नीति नियम पालना गरिरहनु परेन । के स्त्री, के पुरुष, के युवा, के वृद्ध सबकासबलाई बुद्धले भिक्षु-चर्यामा दीक्षित गरे । तिनीहरू भिक्षुसंघ भिक्षुकीसंघका रूपमा विहारमा बस्न

लागि । यस्तै अरू धर्म सम्प्रदायका मानिसहरू पनि गृहात्तूर्गं विनिर्गम्यतां-जतिसक्यो चाँडो घर छाडेर जाइजाऊ भन्ने उक्ति-अनुसार संन्यास भएर घरगृहस्थी त्यागेर जुनसुकै उमेरका मान्छे पनि मठ मन्दिरमा गएर बस्न लागे । यस्ता घरबार छोडेर भिक्षु संन्यासी वैरागी बनेर विहार मठ मन्दिरमा गई बस्नेहरूको संख्या हजारौं हुन लाग्यो । यिनले अब पुरानो अपरिग्रहको सिद्धान्तलाई बिर्से, भिक्षुवृत्ति शिलोञ्छवृत्तिबाट भन्दा सुलभ र सजिलो पनि विहार मठ मन्दिरको गुठी आम्दानीबाट जीविका चलाउन लागे । किन भने श्रद्धालु दाता भक्तजन राजा महाराजहरूले समेत यस्ता विहार मठ मन्दिरमा धर्मको आस्थाले आफ्नो र आफन्तको परलोक सुधार्ने अभिप्रायले हजारौं लाखौंको सम्पत्ति दानदातव्य गरी गुठी राखेका र राख्न लागिरहेका हुन्थे । यस्ता समृद्ध विहार मठ मन्दिरको महन्त पूजाहारी बनेर भिक्षु संन्यासी र उदास्थितहरू पूजाआजा चलाएर त्यहाँ लाग्ने खर्च धानेर आफ्नो र आफ्ना सहयोगी शिष्य प्रशिष्यहरूको जीवन निर्वाह राम्ररी सजिलोसंग चलाएर आनन्दसंग आध्यात्मवादका व्याख्या गरेर बस्न लागे [122]। यसरी ती गोसाइंहरू जोगमार्गमा लागे पनि परिपञ्च छाड्न नसकी संसारी बनी कर्मकाण्डमा लागेर पूजक बन्न लागे ।

यसरी हेर्दा सबै मन्दिरमा जोगी संन्यासी मात्र पूजाहारी भए भन्न त सकिंदैन, कति गृहस्थ पूजाहारी यस्तै महन्तका मातहतमा पूजा गर्दथे भने कति छुट्टै गृहस्थ पनि पूजाहारी बनेका थिए । हाल हाम्रो यहाँ त सबै भिक्षु संघ बस्ने अखडा विहारहरूमा तिनै भिक्षु गृहस्थमा परिणत भएर वज्राचार्यका रूपमा बहालका अधिपति भएर रहेकै छन् । कतै शैव संन्यासी र कतै तिनीहरू गृहस्थ भएर पनि आफूले पूजिरहेका आफ्नो देवमन्दिरका पूजाहारीमा नै बहाली भइरहेका पनि देखिन्छन् । गृहस्थ यस्ता संन्यासीमा उदाहरणका लागि हलेत्ती महादेवका पूजाहारीलाई देखाउन सकिन्छ । अरू पनि गिरी पुरी भारती आदि गृहस्थी संन्यासीहरूको पुर्ख्यौली पैल्याउँदा कुनै न कुनै रूपले मठ मन्दिरको महन्त पूजाहारीसंग सम्बन्ध भएको नै प्रायः देखिन आउंछ ।

अब हामी पशुपतिको पूजाहारीमा दक्षिण गृहस्थ हुनुपर्छ भन्ने वर्तमान मूलभट्टको भनाइतर्फ दृष्टि दिऊँ । किन भने हामीले पशुपतिका पूजाहारीमा गृहस्थ विदेशी भट्ट भएको कुरा प्रामाणिकरूपले हेर्दा अढाइ शय वर्ष जति अघिदेखि मात्र देख्न पाएका छौं । त्यसअघि पशुपतिका पूजाहारीमा संन्यासीहरूकै अधिकार थियो भन्ने कुरा वंशावली र तात्कालिक प्रमाणले पनि इदमित्थं गर्न

सकिन्छ । भट्ट पूजाहारी भएपछि पनि संन्यासीहरूले पूजाहारी हक हाम्रो हो भनी दाबी गरेको र बिर्ता गूठी जगामा पनि किचोला गरेको उदाहरण यसमा मननोय हुन्छन् ।

वि. सं. १८०१ मा नुवाकोट विजय गरेपछि पृथ्वीनारायण शाहले काठमाडौं राज्य लिन अनेकौं साम दान दण्ड भेदको प्रयोग गरेका थिए । त्यसै सिलसिलामा काठमाडौंका धनी मानी भद्र भलाद्मी भारदार बेपारीहरूलाई पनि अनेकन प्रलोभन देखाएर आफूतर्फ मिलाउने प्रयास गर्दथे [123] पृथ्वीनारायण शाहको प्रयोग अनुसार उनको प्रलोभनमा परी कृष्ण भट्टले पृथ्वीनारायण शाहको भलो होस् भनी स्वस्त्ययन कर्म गरेछन् । यो कर्म गरेको चाल पाई रिसाएर काठमाडौंका राजा जयप्रकाश मल्लले कृष्ण भट्टबाट पाखो खेत गरी जम्मा ३।५६ खेत बारी हरी परदेशी गोसाइँ कुवेर गिरी भीम गिरी काशी गिरी मुक्तेश्वर गिरीलाई दिएका थिए । पछि पृथ्वीनारायणले काठमाडौं सर गरेपछि पहिलेका अपसरिया ठहरिएका भट्ट सरिया ठहरिएर हरिएका विर्ताबितलप फेरि फिर्ता गरी गणपति भट्टका नाउँमा लालमोहर गरिदिए । संन्यासीका उत्तराधिकारी र भट्टका उत्तराधिकारीमा यो झमेला धेरै समयसम्म चलिरह्यो र जग्गाको भोग पनि अदलाबदली भइरह्यो । पछि वि. सं. १८६२ मा गीर्वाणयुद्धविक्रमको तांबा-पत्रबमोजिम भट्टले जितापत्र पाए, संन्यासी हारे । जग्गा भट्टकै अधिकारमा आयो [124]।

एकातिर यस कुराबाट पूजाहारी संन्यासीहरू हुन्थे भन्ने कुराको पुष्टि हुन्छ र अर्कोतिर भट्ट र गोसाइँका बीचमा आपसमा आमदानी अधिकारका लागि गोसागोसी चलेको थियो भन्ने कुरा पनि प्रकट हुन्छ ।

अन्त्यमा पुनः अर्कोपल्ट यस कुराको खम्बीरका लागि लिच्छविकालतर्फ पनि दृष्टि घुमाउनु आवश्यक परेको छ । किन भने हामीले माथि गरेको चर्चा-अनुसार लिच्छविकालमा पनि पशुपतिका पूजाहारीमा गृहस्थ विद्वान् भएको भान हुँदैन, प्रत्युत पाशुपतसम्प्रदायका संन्यासीहरू नै पशुपतिका पूजक थिए भन्ने अनुमान हुन्छ ।

जिष्णुगुप्तका पालामा पाशुपतक्षेत्रमा आचार्य प्रनर्द्दनप्राणकौशिक नामका ठूला महात्मा रहेका थिए । यिनलाई भगवान् र वर्णाश्रमोद्वासित भन्ने पनि विशेषण लाइदिएको हुनाले यिनी ठूला महन्त संन्यासी थिए भन्ने

कुराको बोध हुन्छ। यिनले जिष्णुगुप्तका पालामा मुण्डश्रृङ्खलिक (मुण्डमाला-धारी=कापालिक) पाशुपतहरूको संघलाई र अरूहरूलाई समेत गरी असी पिण्डक मानिका आउने खेत दान दिएका थिए तथा पशुपतिनाथलाई पनि आवरण बनाई चढाएका थिए[१२५]। यस्ता सम्पन्न स्वामी पर्क पनि पशुपतिनाथका महन्त महाराज बनेका थिए भन्ने अनुमान हुन्छ।

पाशुपतक्षेत्रमा पाशुपतसम्प्रदायका विभिन्न शाखा विद्यमान थिए भन्ने कुरा लिच्छवि अभिलेखबाट अवगत हुन आउँछ। तिनमा पाशुपत दानपाशुपत वशपाशुपत मुण्डश्रृङ्खलिक दानश्रृङ्खलिक पाशुपत आदिका नाम देख्न पढ्न पाइन्छ। नरेन्द्रदेवका पालामा ब्राह्मण विश्वसेनकी पत्नी सुवर्णगोमिनीले दान पाशुपताचार्यलाई जग्गा दान दिएकी थिइन्, तिनले पनि सो जग्गा दानश्रृङ्खलिक पाशुपतहरूको औषधोपचारका लागि आरोग्यशालामा गूठी राखिदिएका थिए[१२६]। पशुपतिपारीपट्टि वज्रेश्वरमण्डली थियो। वज्रेश्वरको स्नान गन्ध पुष्प धूप दीप वर्षवर्द्धन बाजा जप आदि लाएर पूजा गर्न र पाशुपतहरूलाई भोजन गराउन पनि धार्मिकगणलाई अधिकार दिइएको थियो। वज्रेश्वरका पूजा गर्ने यी धार्मिकगण (संघ) पनि पाशुपतसम्प्रदायभित्रकै थिए भन्ने देखिन्छ[१२७]।

द्वितीय शिवदेवले आफूले स्थापना गरेका शिवदेवेश्वरलाई नित्य नैमित्तिक पूजा चलाउन र त्यस मन्दिरको मरमत जीर्णोद्धारसमेत गर्न भनी अर्पण गरी केही गूठी राखेर त्यसको रेखदेखको लागि वशपाशुपतहरूलाई जिम्मा दिएका थिए। शिवदेवेश्वरमन्दिरको पूजाहारी काम पनि यिनै वशपाशुपत आचार्यकै अधीनमा भएको बुझिन्छ[१२८]।

यी विभिन्न पाशुपतसम्प्रदायका साधकका आफ्ना आराध्यदेवको स्वरूप पनि यस्तै अद्भुत प्रकारको हुन्थ्यो। महादेवको भैरवावतार छत्रचण्डेश्वरको उन्मत्तरूप लिच्छविकालमा प्रकट भइसकेको थियो। मुण्डश्रृङ्खलिक पाशुपतका आराध्यदेव पनि डरलाग्दा मुण्डमालाधारी नै थिए। वि.सं. ६६५ को साँगाको अंशुवर्माको एक अभिलेखमा तातो आलो रगत चुहुँदै गरेका टाउकाको माला लाएको औ त्यस्तै रगत चुहिरहेको हात्तीको छाला ओढेको शिवको रूप देखाइएको छ[१२९]।

स्थानेश्वरका महाराज हर्षवर्द्धन (वि. सं. ६६३-७०४)का सामानकालिक महाकवि बाण भट्टले पनि हर्षचरितमा एक ठूला सिद्ध शैव तान्त्रिकको अद्भुत चरित्रको चित्रण गरेका छन्-

बिहान सखारै नुहाएर अष्टमूर्ति महादेवलाई अष्टपुष्प चढाउने विधिले पूजा र होमादि सकेर जोगीहरूको ठूलो जमातको माझमा गोबरले लिपेको भूईंमा खरानीको रेखो हाली त्यस बीचमा बाघको छाला ओछ्याएर डम्म बसेका, कालो कम्बल ओढेका, ऊभो फर्काएर बाँधेको शिखाको एक छेउमा रुद्राक्षको दाना र खप्परका सानो गुटका लट्का-एका, निधारमा काला कर्के तेर्सा विभूतका त्रिपुण्ड्रक लाएका, राता सेता पहेंला ध्वजा पताकाले रङ्गी बिरङ्गी देखिएका, ईसबै शैवसंहिता मुखजावत् पारेका कानमा ठूलठूला स्फटिकका कुण्डल लट्काएका, एउटा नारीमा धेरै थरी ओषधि र राखरी मन्त्रिएका रक्षाबन्धन बाँधेका फलामको चुरो लाएका र सेतो सुन्दर शङ्खखण्ड लिएका, दाँया हातले रुद्राक्षको माला घुमाइरहेका, सेतो चोखो रेशमी कछाडले कौपीन ढाकेका, टम्म पलेटी कसेर वरता सेतो योगपट्टले दाहिना फेरो मारिएका, पानीले धोएर चोखो पारेका एक जोडी सेता खराउ पाउको नजीकै फुकालेर राखेका, टेक्ने ठाउँमा तीखो फलामे अंकुश ठोकेको बाँसको वैशाली छेउमै ठड्याएका, पशुपतिको चरणमा पर्नाले शिर पवित्र पारेका, शैवगणले सहित भएका, आबालब्रह्मचारी भैरवाचार्यको स्वरूप हामी त्यहाँ देख्न पाउँछौं[१३०]।

यी तान्त्रिक सिद्ध भैरवाचार्यले हर्षका पुर्खा पुष्पभूतिलाई एक खड्ग अर्पण गरी सिद्धि पनि दिलाएका थिए। कृष्णचतुर्दशीका रातमा आफ्ना शिष्यसाथ राजालाई भयङ्कर श्मशानघाटमा बोलाई मुर्दामाथि बसी साधना गरी सिद्धिप्राप्त गरी सिद्धिलक्ष्मीद्वारा आफूलाई सिद्धाई र राजालाई राज्यलक्ष्मीको प्रसाद दिलाएको कथा पनि त्यहाँ उल्लिखित छ।[१३१]

भैरवाचार्यका शिष्यहरूमध्ये पहिला टीटिभनामका जोगी दोस्रा पाता-लस्वामी तेस्रा कर्णताल नामका द्राविड मुख्य थिए। टीटिभ जोगीको स्वरूपचाहिं त्यहाँ यस्तो वर्णन गरिएको छ-

उनको घाँटीमा लट्काएको गेरुवा योगपट्ट नै टेढो पारेर लाएको माला जस्तो थियो। बीच छातीमा गाँठो पारेर कसेको गेरुवस्त्रले नै शरीर ढाकेका थिए। चौंरीका पुच्छरका रौंले बाटेको डोरोले जेलेर नचलने पारेको, बाँसका चोयाले बनेको धुलोमाटो चाल्ने चाल्नो बाँधेको, माथि लगौटी सिउरेको,

चांदीको बट्टाभित्र हालेको भिक्षाकपाल राखेको, काठले बनाएको त्रिकाठीभित्र कमण्डलु राखेको, बाहिरपट्टि खराउ झुण्ड्याएको, मोटो धोतीका पारीले बाँधेको पुस्तकको पोको हालेको भार बायाँ हातले समाई काँधमा बोकेका थिए, दाहिने हातले बेतले बनेको आरुनी रमाटेका थिए।[१३२]

पशुपतिका भक्त जोगी गृहस्थी सबै थरी हुन्थे; स्त्रीजाति पनि पशुपतिको दीक्षा लिएर शैवधर्ममा संलग्न भएका थिए। पार्वतीले पशुपतिको सेवा तपस्या गरेको कथा ता सबैले सुनेजानेकै हो। बाण भट्टले कादम्बरीमा पाशुपतव्रतमा बसेकी महाश्वेताको र उनको तपोभूमि सिद्धाश्रमको पनि सुन्दर वर्णन गरेका छन्।

सिद्धाश्रमको सुन्दर घना जङ्गलभित्र पानी झर्ने दुइ छाँगाका बीचमा रहेको गुफामा महाश्वेता बसेकी थिइन्। गुफाभित्र एकातिर लहरै मणिका कमण्डलु राखेका थिए। अर्कातिर योगसाधना गर्न बस्ता लाउने रेशमी वस्त्र टाँगेको थियो। अर्कातिर खाँवामाथि नरिवलका जटाले बनेका सफा जुत्ता झुण्ड्याएका थिए। जीउमा दलेको खरानीको धुलो झरेर फुस्रो भएको बोक्राको बिछ्यौमा एकातिर रहेको थियो, अर्कातिर छिनाले खोपेर बनाएको सेतो भिक्षाकपाल राखेको थियो। त्यहींनेर खरानी हालेको तुम्बाको भांडो पनि राखेको थियो।[१३३]

सिद्धाश्रममा चतुर्मुखी पशुपतिनाथको मन्दिर थियो। चार स्तम्भमाथि स्फटिकले बनाएको मण्डपमा चिल्लो सेतो शिलाले बनेको, मन्दाकिनीका सेतो कमलले पुजिएको पशुपतिको मूर्ति राखिएको थियो। पशुपतिको दक्षिणतर्फको मुखको सामन्ने पलेँटी मारेर बसेकी, सधैं खरानी लाउनाले सेतो शरीर पारेकी महाश्वेता पशुपतिको दक्षिणपट्टिको हाँसो नै निस्केर बसेकी जस्तो देखिन्थिन्। शिवको पूजामा बसेकी भरखर नुहाएर आएकी हुँदा उनको कपालका पानीका थोपा पशुपतिलाई ढोग्दा परेका भस्मका कणजस्ता देखिन्थे। उनले कपालमा शिवको नाम अङ्कित मणिमय शिवपादुका सिउरेकी थिइन्, निधारमा त्रिपुण्ड्रकका भस्मरेखाले सुहाएकी थिइन्, एक टकले पशुपतिलाई हेरिरहेकी थिइन्, हरबखत पशुपतिको स्तुतिगान गरिरहेकी थिइन्, असला जत्रा मोतीका दानाको जपमाला गलामा लाएकी, दुइ स्तनका बीचमा गाँठो पारेको कल्पवृक्षका बोक्राले बनेको उत्तरीय वस्त्रले शरीर ढाकेकी, ब्रह्मसूत्रले जीउ पवित्र पारेकी, पैतालासम्म

सेतो रेशमी सारीले जीउको तल्लो भाग छोपेकी, ससाना शङ्खका टुक्राका सेता औंठी औंलाभरि लाएकी महाश्वेता त्रिपुण्ड्रक लाउँदा विभूतले फुस्रो भएको शङ्खका चुरा नारीमा पहिरेको हातले हस्तिहाडको वीणा बजाइरहेकी थिइन् । वरिपरिका मणिमय स्तम्भमा उनका प्रतिमूर्ति देखिइरहेका थिए । स्नान गराएर टलक्क टल्काएको पशुपतिको मूर्तिमा उनको छाया प्रतिविम्बित भएको थियो । अनेक भाव भएको रसिलो गानाले भगवान् शिवको स्तुति गरेरहेकी थिइन् । युवति भए पनि पाशुपतव्रत लिएकी थिइन् ।[१३४]

महाकवि भवभूतिले पनि दक्षिणदेशको श्रीपर्वतमा कापालिक भेष लिएर बसेकी सौदामिनी नामकी स्त्रीले मन्त्रतन्त्रका बलले अलौकिक सिद्धि पाएको कथा लेखेका छन् ।[१३५]

माथिको वर्णनबाट पाशुपतसम्प्रदायका संन्यासी सिद्ध तान्त्रिक भक्त-भक्तिनीको स्वरूप केही मात्रामा भए पनि प्रकट हुन्छ । पशुपतिलाई महाश्वेताले मन्दाकिनीका सेता कमल चढाएको वर्णन कादम्बरीमा छ । भैरवाचार्य अष्टमूर्ति महादेवलाई अष्टपुष्प चढाउने गर्दथे, रत्न जडेका चाँदीका पाँचवटा कमल राजा पुष्पभूतिलाई उनले उपहार पनि पठाएका थिए । महारानी वत्सदेवी र उनका छोरा जयदेवले पशुपतिनाथलाई चाँदीका अष्टदल कमल चढाएको वर्णन पनि यहाँनेर स्मरणीय हुन आउँछ ।

यस्तै हाम्रो यहाँ पनि लिच्छविकालमा पाशुपतमत मान्ने धेरै मानिस थिए तथा पाशुपतसम्प्रदायका धेरै थरी शाखाप्रशाखा फैलिएका थिए । पाशुपतक्षेत्रमा आएर आश्रम मठ बनाएर बसेका धेरै संन्यासी जोगी शैव तान्त्रिक कापालिक र उदास्थितहरू पनि थिए ।[१३६] पशुपतिको पूजाहारीमा पनि यिनैमध्येका प्रनर्दनप्राणकौशिक जस्ता आचार्यको अधिकार भएको बुझिन्छ ।

पशुपतिको पूजापद्धति र पूजकपरंपरामा पछि बीचमा केही खडबड गडबड परेकोमा पछिका शङ्कराचार्य आई यसलाई पुरानै चलनअनुसार चलाई गोसाइँ संन्यासीलाई पूजाहरी बनाएको कुरा माथि चर्चा गरियो । त्यसपछि सिम्रौनगढमा कर्णाटकवंशी नान्यदेवले विक्रमको बाह्रौं शताब्दीमा राज्यस्थापन गरेपछि त्यस राज्यमा वैदिक नैष्ठिक धर्मशास्त्राचार्यहरूको निकै ठूलो बोलवाला हुन आयो । यिनीहरूले धेरै धर्मशास्त्रका कृतिहरू बनाएर धर्ममा आएको शैथिल्य लाई रोकेका थिए । नान्यदेव स्वयं कर्णाटवंशज भएबाट दक्षिणी भट्ट ब्राह्मणहरूको

पनि त्यस राज्यमा प्रवेश र प्राबल्य भएको थियो। सं. १३८१ मा सो राज्य गयासुद्दीन तुगलकको आक्रमणबाट ध्वस्त भएपछि त्यहाँका राजा मन्त्रीलगायत धेरै जसो भाइभारदार नेपालतर्फ लागे। हरसिंहदेवको २ वर्षजति पछि सिंधुलीको तीनपाटनमा मृत्यु भएपछि बाँकी मन्त्री भारदारको आश्रय नेपालदून नै भयो, उनकी रानी देवलदेवीले पनि यही आश्रय र मानसम्मान पनि पाइन्। यसै वेला नेपालदूनमा पसेका धेरै ब्राह्मणहरूमा भट्टहरूले पशुपतिको पूजकत्व पाएको अनुमान हुन्छ। यिनै तेह्रौंतें विद्वान् र भट्टब्राह्मणहरूको सहयोगले नयाँ वंशका राजा जयस्थिति मल्लले बिग्रिरहेको नेपालदूनको सामाजिक धार्मिक स्थितिको सुधार पनि गरेका थिए। यसपछि काठमाडौं राज्य भक्तपुरबाट अलगिएपछि यहाँका राजा रत्न मल्लले पुनः पुरानै चलन-अनुसार गोसाइँ स्वामीलाई पशुपतिका पूजाहारीमा नियुक्त गरे, भट्टहरूचाहिं सामान्य सुसारे पूजाहारीका रूपमा रहेका र भट्ट थर भएका ब्राह्मण आगमघर र अरू शिवालय देवालयका पूजाहारीमा बहाली रहेका छँदैछन्। भूपालेन्द्र मल्लका पालामा मन्त्री लक्ष्मीनारायणको कुकृत्यबाट रिसाएका स्वामी राघवानन्दले पूजाहारीकाम छाडेर हिंडेपछि केही वर्ष उनकै चेलाचपेटाबाट चल्दै आएको पूजा जगज्जय मल्लका पालामा आएर मात्र गृहस्थी विदेशी भट्टको हातमा परेको देखिन्छ र सो प्रथा अद्यावधि कायम भइरहेकै छ।

OO

टिप्पणी

१. भोजपुर सिक्तेल गोगनेमा केदारनाथ पोख्रेलले स्थापना गरेका दिव्येश्वर महादेव। यहाँ रहेको पाठशालामा मामा पं. जयदेव अधिकारीसंग मैले मध्यकौमुदी र केही काव्य कोश पढेको थिएँ।

२. भोजपुर सिक्तेल आलसुवारामा मेरा जेठा बराज्यू हरिशङ्कर नेपालको नाममा स्थापना गरिएका शङ्करेश्वर महादेव प्राकृतिक शिलाका छन्। त्यसैको नजीक वितलप पुरानागाउँमा पिताजी पं. भानुभक्त नेपालले स्थापना गरेका महादेव काशी विश्वनाथका प्रतिरूपका छन्।

३. पिण्डेश्वर शिवलिङ्ग पनि प्राकृतिक शिलाकै छ र मन्दिर दुइ तहको छ। दुवै ढोकाभित्र पसेर अखण्डवत्तीको प्रकाशमा दर्शन स्पर्शन गर्न सकिन्छ।

४. जलेश्वर महादेव जमीनको निकै तलको सतहमा जलमग्नरूपमा रहेका छन्। साधारण पूजा ढोकावाट गरिन्छ। रू. ५० तिरेपछि पानी फालिदिन्छन् र भित्रै पसेर दर्शन स्पर्शन पूजन गर्न सकिन्छ।

५. विष्णोरावाहनार्घ्यपाद्योपस्पर्शनस्नानवासउपवीतविभूषणगन्धपुष्पधूपदीपोपहाराद्युपचारांश्च समाहित उपाहरेत्।

भागवत ६।१९।७

६. मद्धिष्ण्यदर्शनस्पर्शपूजास्तुत्यभिवादनैः।
भूतेषु मद्भावनया सत्त्वेनासङ्गमेन च ॥
मद्धर्मणो गुणैरेतैः परिसंशुद्धआशयः।
पुरुषस्याञ्जसाऽभ्येति श्रुतमात्रगुणं हि माम् ॥

उही ३।२९।१६-१९

धिष्ण्यं प्रतिमादि श्रीधरी टीका।

७. मल्लिङ्गमद्भक्तजनदर्शनस्पर्शनार्चनम्।
परिचर्या स्तुतिः प्रह्वगुणकर्मानुकीर्तनम् ॥

इष्टापूर्तेन मामेवं यो यजेत समाहितः ।
लभते मयि सद्भक्तिं मत्स्मृतिः साधुसेवया ॥

उही ११।११।३४–४७

८. वाल्मीकिरामायण ८।३१।४३।

९. लिच्छविकालका अभिलेख ५५२ पृ.

(पशुपतिको जयदेवको अभिलेख २ श्लोक)

१०. ध्यानमावाहनं चैव भक्त्या यच्च निवेदनम् ।
नीराजनं प्रणामश्च पञ्च पूजोपचारकाः ॥

आह्निकसूत्रावलि १२१ पृ.

११. गन्धपुष्पे धूपदीपो नैवेद्यः पञ्च ते क्रमात् ।

उही

१२. उही १२१–२२ पृ.

१३. स्त्रीणामनुपनीतानां शूद्राणां च नराधिप ।
स्पर्शने नाधिकारो ऽस्ति विष्णोर्वा शङ्करस्य च ॥
(अत एव देवालये शिवलिङ्गदेव्यादिमूर्तीनां पर्युषितनिर्माल्योत्सर्जनपूर्वकं प्रथमपूजनादौ नियुक्ताः शूद्रा (गुरवा)इत्यभिधानाः सन्तीति सम्प्रदायः प्रवृत्तः)

आह्निकसूत्रावलि ११६ पृ.

१४. श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३१९–२० पृ.

१५. श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यवाट
मीनाक्षी र रामेश्वरको पूजा
मदुराइमा मौसूफहरूको स्वागत

मदुराई कार्तिक १ गते । श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ वडामहारानी सरकार हिजो मदुराइ सवारी होइवक्सदा हजारौं स्थानीय जनताले मौसूफहरूको हार्दिक स्वागत अभिवादन गरे । विमानस्थलवाट मौसूफ सरकारहरू सिधै प्रसिद्ध मीनाक्षीमन्दिरमा सवारी होइवक्स्यो ।

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ वडामहारानी सरकार-हरूले मीनाक्षी देवीको पूजा गरिवक्सदा पुजारीहरूले पाठ गर्नुभयो। श्री ५ महाराजाधिराज सरकार श्री ५ वडामहारानी सरकार पछि रेलद्वारा रामेश्वर सवारी होइववस्यो।

ए एफ पी.को पछिल्लो समाचारमा श्री ५ वाट रामेश्वरको पूजा गरिवक्सेका जनाइएको छ।

रामेश्वरको मन्दिरको ढोकामा श्री ५ महाराजाधिराजसरकार र श्री ५ वडामहारानी सरकारलाई रामनदका राजा मन्दिर प्रवन्धकसमितिका सदस्यहरूले स्वागत गर्नुभयो।

मौसुफहरूलाई मण्डपमा नेपाली लालमोहोरिया पुजारीले प्रवेश गराएर मौसुफहरूवाट भगवान् रामनाथ स्वामी तथा भगवती पर्वतवर्धिनीको पूजा गरिववस्यो। मौसुफहरुवाट पूजा गरिववसंदा 'नामावली'को ध्वनि भइरहेको थियो।

मन्दिरका पुजाहारी र सृगेरी ममा (मठका) शंकराचार्य वाहेक रामेश्वरलाई छोएर पूजा गर्ने सम्मान नेपालका राजालाई मात्र छ भनिन्छ। मन्दिरमा सत्कार मुख्य देवता र अरु देवताहरुको पूजा र दर्शन सकिए पछि श्री ५ महाराजाधिराज र श्री ५ वडामहारानीवाट मन्दिरको मुख्य अग्रभागमा निर्माण भइरहेको सेतुपति मण्डप नजर भयो। मदुराइवाट विशेष रेलमा रामेश्वर पुगिवक्सदा मौसुफहरूको स्वागत रामनाथपुर जिल्लाका कलेक्टरले गर्नुभएको थियो। त्यस अवसरमा कलेक्टरले श्री ५ महाराजाधिराजसरकारलाई शंखको माला पहिर्‍याउनुभयो र श्री ५ वडामहारानी सरकारका वाहुलीमा पनि शंखको माला टक्र्याउनुभयो।

पूजा र निरीक्षण पछि मौसुफहरू रामेश्वरवाट मदुराइका निम्ति प्रस्थान गरिववस्यो।

गोरखापत्र-७३ वर्ष १६२ अङ्क,वि.सं.२०३० कार्तिक २ गते विहिवार।

अरू धार्मिक तीर्थयात्रीले पनि रामेश्वरको मन्दिरभित्र पसी छोएर पूजापाठ गरेको कुरा सुनिंदै पनि छ ।

१६. चक्रप्रसाद पोखरेलको अप्रकाशित तीर्थयात्रावर्णनबाट ।

१७. श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥

आह्निकसूत्रावलि १४७पृ.

१८. भगवतः पशुपतेः क्षेत्रे

लिच्छविकालका अभिलेख १५५ पृ.

भगवतः पशुपतेः पु ६ प २ दोलाशिखरस्वामिनः पु ६ प २

उही ३२० पृ

भगवद्भवपादपङ्कजप्रणामोपात्तायतिहितश्रेयसा

उही २७५ पृ.

१९. उही ५५५ पृ.

२०. उही ५५६ पृ.

२१. ययायङ्ग्रामः ... ... स्वकारितश्रीशिवदेवेश्वरं भट्टारकन्निमित्तीकृत्य तद्देवकुलखण्डस्फुटितसंस्कारकरणाय वाराशुपताचार्येभ्यः प्रतिपादितः

उही ५१४ पृ.

[यो गाउँ... ...आफैले स्थापना गरेका शिवदेवेश्वर महादेवलाई अर्पण गरेर सोही महादेवमन्दिर टुटफुट भएका जीर्णोद्धार गर्नाको लागि वशपाशुपतसम्प्रदायका आचार्यहरूका अधीन गरिदिइएको छ ।]
यसबाट त्यस बेला पाशुपात आचार्यहरूको ठूलो प्रभाव थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

२२. जिष्णुगुप्तस्य प्रवर्द्धमानविजयराज्ये आचार्यभगवत्प्रनर्द्दनप्राणकौशिकेन भगवतः श्छत्रचण्डेश्चरस्य–कूग्रामे प्रणालिकायाश्च ख (ण्ड) स्फुटित समाधानार्थमुद्दि(श्य) मुण्डशृङ्खलिकपाशुपताचार्यपर्षदि वाराहस्वामि उपसोम–क्रसोम खड्ुकानाञ्च अशो (ति) पिण्डकमानिकानां भूः प्रतिपादिताः

उही ४२६–२७ पृ.

(जिष्णुगुप्तको वढिवढाउ भएको विजयराज्यमा आचार्य भगवान् प्रनर्द्दनप्राणकौशिकले भगवान् छत्रचण्डेश्वरको र – कूग्राममा रहेको धाराको टुटफुट मरम्मतको लागि पनि मुण्डशृङ्खलिक (मुण्डमालाधारी कापालिक) पाशुपत आचार्यको संघमा वाराहस्वामी उपसोम–ऋसोम खडुकहरुलाई असी पिण्डक मानिका आयस्ता आउने खेत जिम्मा दिइएको छ ।)

छत्रचण्डेश्वरमा गूठी राख्ने यिनै आचार्य भगवान् प्रनर्द्दनप्राणकौशिकले त्यसैताका पशुपतिको आवरण वनाउन पनि लाएका थिए । आवरणको अर्थ धेरैले पर्खाल भन्ने गरेका छन् । परन्तु यो अर्थ विचारणीय छ । यसको विवेचन पछि अन्तै गरिनेछ ।

२३. यतस्तस्य (पुष्पभूतेः)...शैशवादारभ्यानन्यदेवताभगवति...भवच्छिवे भवे भूयसी भक्तिरभूत् अकृतत्रपभध्वजपूजाविधिर्न स्वप्नेऽप्याहारमकरोत् । ...पशुपतिप्रपन्नोऽन्यदेवताशून्यममन्यत त्रैलोक्यम् भर्तृ चित्तानुवर्त्तिन्यश्चानुजीविनां प्रवृत्तयः । तथाहि - गृहे गृहे भगवानपूज्यत खण्डपरशुः ।

हर्षचरित ३ उच्छ्वास (१०० पृ.)

२४. भगवच्छिवभट्टारकपादसेवया समुपार्जिताः कियत्योपि संनिहिता पुण्यकणिकाः ।

उही १०६ पृ.

२५. पशुपतिचरणरजःपवित्रितशिरसम् ।

उही १०४ पृ.

२६. पशुपतिदर्शनहेतोर्वलादिव प्रतिपाद्यमानो भस्मव्रतम्...अशेषत्रिभुवनवन्दितचरणं चराचरगुरुं चतुर्मुखं भगवन्तं त्र्यम्वकम् ।

कादम्वरी, पूर्वभाग (३८९ पृ.)

२७. पशुपतिदक्षिणमुखहासच्छविमिव वहिरागत्य कृतावस्थानाम् प्रणामा-

लग्नपशुपतिचरणभस्मचूर्णाभिरिव जटाभिरुद्भासितशिरोभागाम्

उही ३६१ पृ.

२८. श्रीचण्डेश्वरमन्त्रिणा मतिमतानेन प्रसन्नात्मना
नेपालाखिलभूमिपालजयिना धर्मेन्दुदुग्धाब्धिना ।
वाग्वत्याः सरितस्तटे सुरधुनीसाम्यं दधत्याः शुचौ
मार्गे मासि यथोक्तपुण्यसमये दत्तस्तुलापूरुषः ।।

विवादरत्नाकर १ पृ.

रसगुणभुजचन्द्रैः सम्मिते शाकवर्षे
सहसि धवलपक्षे वाग्मतीसिन्धुतीरे ।
अदित तुलितमुच्चैरात्मना स्वर्णराशिं
निखिलविगुणानामुत्तरः सोमनाथः ।।

उही ६७१ पृ. (महीरावणवध नाटक, परिशिष्ट ६)

नेपालका सबै राजालाई जितेका, प्रसन्न आत्मा भएका, धर्मात्मा, बुद्धिमान् मन्त्री चण्डेश्वरले गङ्गाजस्तो चोखो वाग्वती नदीका किनारमा मार्गमहीनाको पुण्यतिथिमा तुलादान गरे ।

शाके १२३६ (वि. सं. १३७१) मार्गशुक्लपक्षमा वाग्मतीनदीको किनारमा सबै गुणका खानि भएका उत्तरका सोमनाथ मन्त्री चण्डेश्वरले आफ्नो तौल बराबरको सुन दान दिए ।

नेपालं गिरिदुर्गमं भुजबलादुन्मूल्य तद्भूभर्तान्
सर्वान् राघववंशजान् रविरिपोस्तुल्यः प्रतापानलैः ।
देवं विश्ववरप्रदं पशुपतिं संस्पृश्य यो ऽपूजयत्
केषां नैष धरातले स्तुतिपदं मन्त्रीन्द्रचण्डेश्वरः ।।१५।।

कृत्यरत्नाकर (महीरावणवध नाटक, परिशिष्ट ८)

आफ्ना प्रतापाग्निले शुक्राचार्यसमान भएका जुन मन्त्री चण्डेश्वरले पहाडले गर्दा जान कठिन भएको नेपाल देश र त्यस देशका रघुवंशी राजाहरूलाई आफ्ना बाहुबलले उखाडेर सबैलाई वरदान दिने भगवान् पशुपतिनाथलाई हातले छोएर पूजा गरे, त्यस्ता ठूला

मन्त्री चण्डेश्वरलाई यो पृथ्वीतलमा कसले प्रशंसा गर्दैन र ? ।

२९. विक्रमको चौधौं शताब्दीमा नेपालदूनमा पूर्व पश्चिम दक्षिणवाट वरावर आक्रमण भइरहन्थे । पश्चिमवाट खशमल्ल राजाहरूको र दक्षिणवाट तेह्रौतिहरूको आक्रमण धेरैपल्ट भए । वि. सं. १३६७ माघमा जयशक्तिदेवको आह्वानमा उनकै सहायताका लागि तेह्रौतिको भयङ्कर आक्रमण भयो । यसको ठूलो मार पाटनमा पर्‍यो । यसको १० महीनापछिको यो आक्रमणको विवरणमा –सं. ४३२ कातिक शुक्लद्वादशी उत्रभद्र रविवार कुन्हनं समस्त देवालय आदिन अग्निदाह याङ घोश्चपा (गोपालवंशावली ४२ मूलपत्र) । (ने. सं. ४३२ = वि. सं. १३६८ कार्तिकशुक्ल द्वादशी उत्तरभाद्र नक्षत्र आदित्यवारका दिन... राजा देवलहरू आगो लाइए, ध्वस्त पारिए) भनी लेखेको हुनाले यसको आधारमा "डोयहरूले चाहिं पछिल्लो आक्रमण [वि. सं. १३६८]मा यहाँका देवमन्दिरमा आगो लाउने, ध्वस्त पार्ने, देवहरण गर्ने काममेत गरे [पूर्णिमा ४ पूर्णाङ्क २७ पृ.] भनी लेखिएको छ । यहाँ तेह्रौतिहरूले आक्रमण गरी युद्धको सिलसिलामा देवालयमा आगो लाएको कुरा गोलवोलीमा लेखिएको र यस देवलमा यस कारणले आगो लाइयो भनी खुट्याएर नलेखिएकोले विचार गर्न अलजिलो परेको छ ।

यसको पौने दुइ सय वर्षपछि पालपाली राजा मुकुन्दसेनले नेपालदूनमा आक्रमण गरेका थिए । यस आक्रमणको प्रामाणिक वर्णन केसरपुस्तकालयमा रहेको हस्तलिखित नारदस्मृतिग्रन्थमा टिपिएको छ । सा टिपोटमा– चंगुनिला थोव सति अंगारवार कोन्हु यंग्र यंवुस स्वं चा प्यं न्हु दल चोङन पुंगो, स्यंगु थंवहिरो ननिसाल ध्रमाथरे मे चोस्य मोको प्यं न्हु लिव मग्र विस्यं वगो, खुसिवहिरी च्यापोल मे चोस्य मेन मनव ॥ [वि. सं. १५८२ चैत्रशुक्लसप्तमी मङ्गलवार (चैत्र २४ गते) यंग्ल र यंम्वुमा तीन रात चार दिन फौज वसेर

घेरा हाल्यो । सिम्भू, ठमेल, नक्साल, धर्मस्थलीमा आगो लाइयो। चार दिनपछि मगर भागेर गए । खुसिवहिलमा आठचोटि आगो लाए पनि आगोले खाएन ।] (पूर्णिमा ४५ पृ. ८–९ पृ.) भनी लेखिएकोले कट्ट हेर्दा यी हिन्दू राजाले पनि देवस्थल बिगारेको आगो लाएका कुरा देखिन आउँछ तापनि राम्ररी नियालेर हेर्नु यहाँनेर आवश्यक पर्न आउँछ ।

वास्तवमा पश्चिमका यी खशमल्ल, दक्षिणका तेह्रौते राजा प्रजा धर्मविरोधी मन्दिर मूर्ति तोड्ने थिएनन् । तिनले विजयकै सिलसिलामा यहाँ आई पशुपति, सिम्भूचैत्य, मच्छेन्द्रनाथको दर्शन स्पर्शन गरेकै कुरा हामीले देखेका छौं । मन्त्री चण्डेश्वरले वाग्वतीमा सुवर्ण-तुलादान गरेर करीव त्यसै वेला पशुपतिलाई स्पर्श गरेर पूजा गरेको कुरा पनि माथि उद्धृत गरिसकेका छौं । पाल्पालीहरूले पनि पशुपति-मा चैते औंसीमा नुहाएको कुरा पनि उपर्युक्त टिपोटमै उल्लिखित भएको छ [पूर्णिमा ४५ पृ. ८–९ पृ.] । तेह्रौंतेले आगो लाएका देवस्थलको उल्लेख नकिटिएकोले विचार गर्न गाह्रो भएता पनि पाल्पालीले आगो लाएका ठाउँचाहिं स्पष्ट देखिएका छन्। मध्यकालमा विहार मन्दिरका परिसर एक किसिमका किल्लारूपकै बनेका थिए । पाल्पालीले आगो लाएको भनिएको सिम्भू वनदुर्ग नै थियो । जितारि मल्लसंग दूनवासीको मुठभेड यही वनदुर्गमा भएको थियो । खुसिवहिल र ठमेलको भगवान्वहाल पनि शहरवाहिरपट्टिका मजबूत किल्लारूपका वहाल थिए । शहर पस्ने प्रयत्नमा वा पस्न नसक्ता रीसले यी वहालमा आगो लाउनु सांग्रामिकदृष्टिले आवश्यकै थियो । त्यस वेलाका शासक भारदारहरू पनि खरखजाना हालहतियार पनि वहालमा मन्दिरपरिसरमा राखेर किल्लावन्दी गरेर जमेर वस्ने गर्दथे । यसवाट मुसलमानी सैन्यले जस्तो मूर्ति तोड्ने मन्दिर भत्काउने पुस्तक पात्रा पोल्ने आदि काम गरेर हिन्दूधर्म नष्ट गर्ने उद्देश्य यी राजा प्रजाको निश्चय नै थिएन । आफ्नो विजयवढाउने

यश अर्थ आर्जने शत्रुका किल्ला घेरावन्दी तोड्ने फोड्ने उद्देश्य चाहिं पक्कै थियो । यसैले नै यिनले देवालय वा विहार आदिमा आगो लाएको कुरा विदित हुन्छ । (यस प्रसंगमा पूर्णिमा ४५ पूर्णाङ्कका १६–२० पृष्ठ पनि द्रष्टव्य छन् ।)

३०: तनतरे पूर्व सुरतान समसदिन मागत्य नेपालम् श्रीपशुपति त्रिखंडी-कृता नेपाल समस्त भस्मीभवान् । हाही भवन्ति लोकश्च । सम्वत् ४७० मार्गशिर शुदि ९ महाकष्ट भवामिः भक्तापुरे ।।

गोपालराजवंशावली ३६ पृ.

त्यसपछि पूर्वतिरवाट सुलतान समसुद्दीन नेपाल आई श्रीपशुपति-नाथलाई तीन टुक्रा पार्‍यो । सारा नेपाल भस्म भयो । दुनियाँमा हाहाकार फैलियो । ने. सं. ४७०[वि. सं.१४०६]मार्गशुक्ल नवमीको दिन भक्तपुरमा ज्यादै दुःख पाएँ ।

उही ८४पृ.

सं. ४७० मार्ग्गशिर शुदि ९ समसदिन सुरतानलि वस्य समस्त डाहरपा दिन ७ माक्व ।।

उही ५२ क पत्र

ने. सं. ४७० (वि. सं. १४०६) मार्ग शुक्ल नवमीको दिन सुलतान शमसुद्दिन आई ७ दिनसम्म सर्वैतिर डढायो ।

उही १०८ पृ.

सूरत्राणसमस्दीनो वंगालवहुलैर्व्वलैः ।
सहागत्य च नेपालो भग्नो दग्धश्च सर्वशः ।।

संस्कृतसन्देश १ वर्ष १०-१२ अङ्क १४ पृ.

धेरै वंगाली फौज लिएर आई सुल्तान शमसुद्दिनले नेपाल सबैतिर भत्कायो, पोल्यो ।

इतिहास-संशोधनको प्रमाण-प्रमेय ९५ पृ.

श्रुतानसामसदिनो यवनाधिराजः
नेपालसर्व्वनगरं भस्मीक(रो)ति ।

संस्कृत–सन्देश १०–१२ अङ्क ११ पृ.

मुसलमानका राजा सुल्तान शमसुद्दीनले सबै नेपालका शहरहरू डढाइदियो ।

३१. गोपालराजवंशावली ३४ पृ.

३२. धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल – इतिहास संशोधन ४ सं. १२–१३ पृ.

३३. हिमवत्संस्कृति, १ वर्ष १ अङ्क २९ पृ.
सन्धिपत्रसंग्रह २७४ पृ.

३४. गोपालराजवंशावली ८२ तथा १२९ पृ.

३५. पूर्णिमा ६० पूर्णाङ्क ६–२४ पृ.

३६. गोपालराजवंशावली १३० पृ.

३७. उही २५ पृ. (मूल १७ क पत्र १ पंक्ति)

३८. उही २९ पृ. (२१ ख पत्र २ पं.)

३९. उही ३० पृ. (२२ क प. ४ पं)

४०. उही ३१ पृ. (२३ क प. ५ पं.), ३५ पृ. (२७ ख प. २ पं.)

४१. उही ३१ पृ.(२३ ख प. ३ पं.), ३४ पृ. (२६ ख प. ५ पं.) ३५ पृ (२७ क प .२ पं.)

४२. उही ५१ पृ. (४३ क पत्र)

४३. उही ६९ पृ.

४४. उही १४५ पृ.

४५. छाडौं भन्दा पनि एकदुइ कुराचाहिँ नमूनाका लागि यहाँ उल्लेख गर्नु उचित ठान्दछु । यतिले पनि पाटकले स्थालीपुलाकन्यायवाट यसको भेउ पाउन सक्नेछन्–

तस्य राजन पुत्र मानवर्मा वर्ष ६५ । राजा श्रीकृतवर्मा वर्ष ७६ एते वंसान्तरे महीपाल गवुडेश्वर आगते नृप । 'तस्य महाप्रतापात नेपाल राज्यं कृता ।

गोपालराजवंशावली ३० पृ.

ती राजा(अंशुवर्मा)का छोरा मानवर्मा वर्ष ६५ । राजा श्रीकृतवर्मा

वर्ष ७६ । यी अर्कै वंशका राजा हुन् । गौडका राजा आए । तिनको महाप्रतापले नेपालमा राज्य गरे ।

उही ७८ पृ.

मानवर्मा वज् द किङ(अंशुवर्मा'ज्)सन् । ही रुल्ड् फर् ६५ यर्ज् । किङ श्री कृतवर्मा रुल्ड् फर् ७६ यर्ज् । दीज् किङ्ज् बिलङ्ड् टु ए डिफरन्ट् साइअन् । देन् दि किङ अफ् गौड केम् विथ् ग्रेट् इमिनेन्स् रुल्ड् ओभर् नेपाल ।

उही १२५ पृ.

यहाँ एते वसान्तरे महीपाल भन्ने वाक्यको अर्थ यी अर्कै वंशका राजा हुन् भन्ने गरियो । नेपाली अनुवादकै अनुसार अंग्रेजीमा उल्था गरियो । त्यसपछि गौडका राजा आए भनी अंग्रेजीमा पनि स्पष्टसंग लेखियो । यसरी महीपालको अर्थ नेपालीमा राजा र अंग्रेजीमा किङ भन्ने र गवुडेश्वरको अर्थ गौड [वङ्गाल] का राजा [किङ] भन्ने पनि स्पष्ट लेखियो । यसपछि यो आफैंले उल्था गरी सकारेको अर्थलाई टीकाटिप्पणी नगरी ठ्याम्मै बिर्सेर कमलप्रकाश मल्लले वंशावलीमा आएका लिच्छवि राजाहरूको नामावली भनी दिएको सूचीमा कृतवर्मापछि राज्य भोगवर्ष नभएका महीपाल नामका राजा भए भनी थपक्क नाम राखेको छ ।[२३१पृ] कृतवर्मा र देवलदेवको वीचमा महीपाल नामधारी राजा कसरी कहाँबाट यसरी टुप्लुक्क फुल्किन आइपुगे? न मूलमा नै छ, न अनुवादमै यसको संकेत गरिएको छ, न भोगवर्ष छ, न कसैका छोरा वा बाबु भनिएको छ, न त कुनै अभिलेखहुँदो नै यो नाम भेटिएको छ । योगी नरहरिनाथले पनि यसै गरी गोपालवंशावलीमा आएका राजाको नामावली हिमवत्संस्कृति १ व. १ अं. ३३ पृ० मा र सन्धि पत्रसंग्रह २७८ पृ० मा पनि दिएको छ । दुबै ठाउँमा यो नाउँको नामोनिशान छैन ।

अरु यसभन्दा आश्चर्य लाग्दो कुरा के पर्‍यो भने तल गएर व्यक्ति अनुक्रमणिका भन्ने लहरको १६५ पृ० मा चाहिं पुनः महिपाल गवुडेश्वर

[२२ खपत्र २–३ पं.] भनी महीपाललाई नै गौडेश्वर [गौड = बंगालका राजा] भन्ने विशेषण लाइदिइयो, अर्थात् दुबै पद एकै व्यक्तिमा आरोपित गरियो। पहिले आफैंले गौडका राजा छुट्टै हुन् भन्ने अर्थको वाक्य लेखिसकेको छ, फेरि पछि गएर अर्को थोक लेखियो।

गोपालवंशावलीकारले सन्धिविच्छेदको सामान्य नियमको पनि ख्याल नराखी मायाति मागतम् आदि रूप लेखेका छन्। यसैले २३ मूल ख पत्र १ पंक्तिमा ईशानेश्वरभट्टारक लेख्नुपर्नेमा मीसान्येश्वर भट्टारक लेखेको छ। यसलाई कमलप्रकाश मल्लले स्थाननाम सम्झी स्थान अनुक्रमणिकामा राखी सन्धिविच्छेदै नगरी मीसान्येश्वर नै लेखेको छ [२०२ पृ०]। अर्थ गर्दाचाहिं ईशानेश्वर भट्टारक भन्ने नै गरेको भए तापनि स्थान नाम भनी मीसान्येश्वर भट्टारक लेख्नु उपहासास्पद कुरा हो।

त्यस्तै भोटराजेन मायाति [२३ मू. खप. २ पं.] भन्ने वाक्यमा परेको भोटराजलाई पनि स्थाननाममै दरी भोटराजे [२०२ पृ०] लेखेको छ। मूलपाठ अनुसार विभक्तिसहित लेख्ने हो भने भोटराजेन हुनुपर्ने विनाविभक्ति लेखे भोटराज लेख्नुपर्ने।

राजा श्रीवालार्जुनदेव वर्ष २१ मा ५ भ्रातृभ्या भ्रार्यासम्भवं तेन श्रीवुंगमलोकेश्वर भटारिकाय स्वमुकुट प्रढोकितम्। राजा श्रीमानदेव वर्ष ३१ तेन कृते ह्लोलतवनिमम्॥ उही ३१ पृ०

राजा श्रीवालार्जुनदेव भए, वर्ष २१ महिना ५।… तिनले श्रीवुङमतिका लोकेश्वर भट्टारकलाई आफ्नो मुकुट चढाए। राजा श्री मानदेव भए, वर्ष ३१। तिनले ह्लोलतवनिमम् वनाए।

उही ७९ पृ०

यो नेपाली अनुवादमा भ्रातृभ्या भार्यासम्भवंको र ह्लोलतवनिमम्को अर्थ गरेको छैन।

किङ श्रीवालार्जुनदेव (रुल्ड् फर्) २१ यर्ज् याण्ड् ५ मन्थ्ज्

टुगेदर् विथ् दिस् ब्रदर् याण्ड् वाइफ्, ही वर्सिन्ड् श्रीबुग्म लोकेश्वर भट्टारक, याण्ड् अफर्ड् हिज् क्राउन् टु द गड्. किङ श्रीमानदेव (रुल्ड् फर्) ३१ यर्ज् ही कन्स्ट्रक्टेड् ल्होलतवनिमम् (द बिग् न्यू टाउन् अर् मार्केट्प्लेस् ?) । (उही १२६ पृ०)

यसरी अंग्रेजी अनुवादमा उक्त भ्रातृभ्य भार्यासम्भवं भन्ने वाक्यको अर्थ भाइ पत्नी सहित भएर भन्ने गरियो । सम्भव शब्दको अर्थ हुनु भन्ने हुन्छ, संग भन्ने हुँदैन । केशरपुस्तकालयको वंशावलीमा भ्रातृभार्य्यासम्भव भनी एकै पद गरिएको छ (२१५ पृ०)। यो पदको शब्दार्थ वा भावार्थ दुबैले भेट खाएन ।

यस अतिरिक्त मूलमा अनुवादमा पनि राजाले आफ्नो मुकुट बुग्म लोकेश्वरलाई चढाए भन्ने मात्र छ, अंग्रेजीमा बुग्म लोकेश्वरको पूजा गरेर उनलाई आफ्नो मुकुट चढाए भन्ने अर्थ वढी गरिएको छ । सो अर्थ त्यहाँवाट आउँदैन । नेपाली अनुवादमा अर्थ नगरिएको ल्होल तवनिमम्को पनि अंग्रेजीमा कोष्ठभित्र गरी प्रश्न चिह्नसाथ ठूलो नयाँ वजार वा शहर भन्ने अर्थ गरिएको छ। फेरि तल स्थान अनुक्रमणिकामा यो नाम स्थानवाचक भनी अर्थविनै राखिएको पनि छ । उही २०३ पृ.

तेन चम्पट पश्चात् सहिते सम्वच्छ्र सते द्वांते राष्ट्र शान्ति कृतवान् ।। (उही ३१ पृ०)

यस वाक्यको अर्थ ने. सं. २०० मा तिनले राष्ट्रमा शान्ति गरे (उही७८पृ.)भनी नेपालीमा गरिएको छ । तर अंग्रेजीमा चाहिं- ही स्पन्सर्ड् सेर्इमनिज् टु ब्रिङ पीस् इन् द नेशन् (१२७पृ.) (मुलुकमा शान्ति ल्याउन उनले उत्सवहरू चलाए)भन्ने गरिएको छ । नेपाली अनुवादवाट त यो अर्थ आउँदैन । चम्पट पश्चात् सहितेको अर्थ यस्तो गरेको हो कि भनौं भने चम्पट शब्दलाई स्थान नाम भनी स्थान अनुक्रमणिकामा राखिएको देखिन्छ । यस्ता उदेक लाग्दा अर्थ रूप अनेक छन्।

४६. गोपालराजवंशावली ४८ पृ.

४७. उही ६६ पृ.

४८. उही १४३ पृ.

४९. उही ६३ पृ.

५०. उही १११ पृ.

५१. उही १५७ पृ.

५२. उही १६७ पृ.

५३. पाइअसद्दमहण्णवो ६ पृ.

५४. आलिङ्गनं अङ्कपालिः

त्रिकाण्डकोश ३–२, ४।

धात्र्यां पाल्यां चांकपालिः

वैजयन्ती २७१: २।

अङ्कपाली स्मृता कोटचां धात्रिकापरिरम्भयोः।१५६

विश्वप्रकाश १६१ पृ.

आलिङ्गनमपि क्रोडीकरणं चाङ्कपाल्यपि।

वैजयन्ती १७२–१७०।

अङ्कपाली परीरम्भे धात्रीवेदिकयोः स्त्रियाम्।

मेदिनीकोश १६९–१४८।

आलोक्य रोदनपरं तनयं नवं स्वं का वा भवेन्न जननी जनिताङ्कपालिः

आनन्दमन्दिरस्तोत्र २४।

तावद्गाढं वितर सकृदप्यङ्कपालीं प्रसीद।

मालतीमाधव ८।२१।

भीमोद्भवां तां नुनुदे ऽङ्कपालीं देव्या नवोढेव दृढा विवोढुः।

नैषध. १४–३९।

यान् इन्साइक्लोपीडिअक् डिक्शन्अरि अफ् संस्कृत अन् हिस्टर्इकल् प्रिन्सिप्ल्. ५१० पृ.

५५. अङ्कोल्लिका एफ्(–का) इम्ब्रेस्इङ. यान् इम्ब्रेस्, इ. अङ्क द साइड् उत् प्रि. यान्ड्, ल, पर् ला, टु टेक्.

शब्दसागर ८ पृ.

५६. ए कम्पर्एटिभ् डिक्शन्अरी अफ् इन्डोआर्यन् ल्याङ्ग्विज् ५ पृ.

५७. तकाँ उपर । तकराँ उपर । तेरह हाथ दीर्घ, नव हाथ फाण्ड

(२४ मूल ख पत्र)

हाथक (२० ख पत्र) हाथ (२६ ख पत्र)

अवुठ हाथ दीर्घ अढाय हाथ फाण्ड [२६ कपत्र]

तकां उपर कम्बल । उपर देल [२६ खपत्र]

वर्णरत्नाकर

५८. दशवर्षसहस्रान्ते कश्चिन् म्लेच्छो ददर्श सः ॥२६॥

तत्र प्रस्रुवितां गावं समागत्य च नित्यशः ।

एकदा दिवसे म्लेच्छाश्चख्नुस्तन्मृत्तिकां किल ॥३०॥

असह्यतेजसा पुंजं चुम्वाद्या ददृशुस्तदा ।

ज्वालामये महालिङ्गे तप्तकाञ्चनसन्निभे ॥३२॥

विलिल्युः खनकास्तत्र ज्वालाग्नौ शलभा इव ।

म्लेच्छाश्च वहवस्तत्र विलीनाश्चाभवन् पुनः ॥३३॥

ययौ तेन समं धाता यत्र ज्योतिर्मयः स्थितः ।

सुनिर्मित्य नम [?] ब्रह्मा लिङ्गं शिलामयं शिवम् ॥३७॥

सवेदिकं च पञ्चास्यं सर्व्वलक्षणलक्षितम् ।

स्थापितवान् मुदा भक्त्या ज्योतिर्लिङ्गोपरि ध्रुवम् ॥३८॥

स्वात्मपिधायकं लिङ्गं सिद्धमणिमयं परम् ।

संस्थापितो यथा भूयो विष्णुना प्रभविष्णुना ॥३६॥

इन्द्रनीलमयं ग्रावं लिङ्गं तदुपरि ध्रुवम् ।

विष्ण्वात्मकं महालिङ्गं सर्व्वलोकैः प्रलक्षिते ॥४०॥

शिलामयं महालिङ्गं पञ्चव्यूहं तदात्मकम् ।

पशुपतिं महालिङ्गं ब्रह्मविष्णुशिवात्मकम् ॥४२॥

उमामहेश्वरं लिङ्गं सर्व्वदेवालयं वभौ ।

ततो विप्रास्तमर्हन्ति भक्त्या पञ्चोपचारकैः ॥४३॥

पशुपतिं तमीशानं तन्मन्त्रैश्च महोत्सवैः ।

तत्राक्रान्ते ऽपि च म्लेच्छैर्दानिधर्मविवर्जितैः ॥४३॥

हिमवत्खण्ड ७७ अध्याय

५९ तदा सम्पूज्यते भक्त्या प्रजाभिर्देशवासिभिः ।
मद्वपुर्लोकनमितं कूटाङ्गा [गा] रोदरस्थितम् ॥

पशुपतिपुराण १७।१८

६०. सकृत् पश्यन्ति लोकास्तं तेषां पुण्यफलं महत् ।
तस्य दर्शनमात्रेण सर्व्वपापैः प्रमुच्यते ॥

हिमवत्खण्ड ७७।४७ ॥

६१. स्पर्शनात् पाणिना भक्त्या पशुजन्म न विद्यते

उही ४८ ॥

६२. शिवगङ्गाजलप्लावी संस्पृश्य पशुविग्रहम् ।
पश्यन् पशुपतिं भक्त्या निष्पापः शांकरं व्रजेत् ।

उही ७७।४९ ॥

६३. संस्पृश्येमां तनुं धीरो मम लोकं व्रजिष्यति
(शिवको उक्ति) उही ८३।५१ ॥

६४. भाषावंशावली १ भाग ३९-४० पृष्ठको आधारमा ।
वाराहक्षेत्रमा वराह भगवान् प्रकट हुँदा पनि यस्तै कथा प्रचलित छ । पहिले त्यहाँ जाने जति भिल्लहरू फर्केर आउँदैनथे, त्यहीं विलाउथे । पछि एक ब्राह्मण आई भिल्ल कन्यासँग विवाह गरी त्यहीं वसेका र तिनैले वराहलाई लोकमा प्रकटमा ल्याएका भन्ने कुरा हिमवत्खण्डमा वर्णित छ । द्रष्टव्य – नेपालनिरुक्त ३२३–२४ पृ.

६५. गोपालराजवंशावली २५-२७ पृ.

६६. भाष.वंशावली १ भाग ५२ पृ.

६७. उही ५३ पृ.

६८. मसँग रहेको हस्तलिखित वंशावली १८–२९ पृ.

६९. पशुपतिनाथलाई जाँड भाँग चढाउने जूठोपुरो राख्ने ठाउँ वनाउने कुरा अहिले कट्ट सुन्दा अनौठो लाग्ने खालको छ तापनि तान्त्रिक ग्रन्थमा

तान्त्रिक पूजा अनुष्ठानपद्धतितिर दृष्टि दिँदा यो कुरा कुनै नौलो वा अनौठो लाग्ने हुँदैन । तान्त्रिकमतावलम्वी वामाचारी वौद्ध होस् वा शाक्त होस् वा शैव कापालिक होस् पञ्चमकार (मद्य मांस मत्स्य मुद्रा मैथुन)को सेवन गर्ने हुंदा आफूले खाएचलाएको कुरा आपना इष्ट-देवलाई अर्पण गर्नु स्वाभाविकै थियो । यसैले तान्त्रिककृत्य गर्ने साध-कले आफूले खाएचलाएका पात्र प्यालाहरूमा आफ्ना इष्टदेव पशुप-तिनाथलाई पनि मांस मदिरा हालेर चढाएर उच्छिष्टेश्वर पारेको कुरा तान्त्रिकग्रन्थ पूजापद्धति पढ्दा पनि सही नै सावित हुन आउँछ–

देवान् गुरून् समभ्यर्च्य वेदतन्त्रोक्तवर्त्मना ।
देवं स्मरन् पिवन् मद्यं वेश्यां गच्छन् न दोषभाक् ।।

पारानन्दसूत्र ६५

वेद र तन्त्रमा वताएको पूजापद्धतिले द्यौता, गुरुलाई पूजा गरेर इष्ट-देवलाई संम्झदै मदिरा पिउँदा वेश्यासंग गमन गर्दा पनि दोषभागी हुँदैन ।

ब्रह्मज्ञाने समुत्पन्ने मेध्यामेध्यं न विद्यते ।
ब्रह्मज्ञाने समुत्पन्ने कृत्याकृत्यं न विद्यते ।।

महानिर्वाणतन्त्र ४।२२ ।।

ब्रह्मज्ञान पाइसकेपछि (सिद्धका लागि) जूठो चोखोको भेद हुदैन ।
ब्रह्मज्ञान पाइसकेपछि कर्तव्य अकर्तव्यको पनि ख्याल रहँदैन ।

सम्प्राप्ते भैरवीचक्रे सर्वे वर्णा द्विजातयः ।
नामजातिविचारोऽस्ति नोच्छिष्टादिविवेचनम् ।
चक्रमध्ये गता वीरा मम रूपा नराख्यया ।।

महानिर्वाणतन्त्र ८।१७९-८० ।।

भैरवीचक्र चलेको वेला सबै वर्ग द्विजाति हुन्छन् । ... ...
त्यस वेला जातिपातिको भेद पनि हुँदैन, जूठो चोखोको ख्याल पनि रहँदैन । चक्रमध्यमा गएका साधकहरु मानिस भएपनि मेरै रूप हुन् ।

चक्रस्थितौ रजकवायकचर्मकार-
कापालिकप्रमुखशिल्पिभिरेकपात्रे ।

पानेन मुक्तिमविकल्परतोत्सवेन
वृत्तेन चोत्सववता गुरवो वदन्ति ।।

दशावतारचरित १६२

चक्रस्थितिको विधिअनुष्ठानमा धोवी, जुलाहा, चमार कापालिक प्रमुख कालीगढहरूसंग मिलेर एउटै भाँडामा मदिरा पिउँदै विनाभेदभाव स्त्रीसंभोगको सुख सबैं लिंदै रामरौसकै आचरणवाट साधकहरू मुक्तिमा प्राप्त हुन्छन् ।

काश्मीरी शैवागमवारेको एक अतिप्रामाणिक ग्रन्थ स्वच्छन्दतन्त्रमा पनि विभिन्न जातका माछा मासु र त्यस्तै मीठा भोज्य लेह्य चोस्य पेय पदार्थ पनि शिवजीमा चढाउने विधि वताइएको छ ।

धर्मशास्त्रका इतिहास ५ भाग २२ तथा ४३ पृ

७०. पशुपतिनाथलाई श्रीयन्त्र वा श्रीचक्रका आधारले पूजा–अर्चना गर्नु तान्त्रिकविधिले गर्ने पूजापद्धतिकै रूप भन्न सकिन्छ । मद्य मांस आदिको प्रयोगचाहिं अहिले मूलमूर्तिमा गरिंदैन र पशुपतिको दक्षिण ढोकानेरका कीर्तिमुखभैरवलाई छाग-महिष-वलि दिएर यो कर्म पूर्ण पारिन्छ । तान्त्रिक पूजापद्धतिमा न्यास मुद्रा यन्त्र चक्रको ठूलो महिमा छ । यन्त्र वा चक्रमा सवभन्दा मुख्य श्रीयन्त्र हो र त्यसको स्वरूप यसरी वर्णन गरिएको छ –

विन्दुत्रिकोणवसुकोणदशारयुग्म-
मन्वस्त्रनागदलसंयुतषोडशारम् ।
वृत्तत्रयं च धरणीसदनत्रयं च
श्रीचक्रराजमुदितं परदेवतायाः ।।

चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि.
प्रभिन्नाभिः शम्भोर्नवभिरपि मूलप्रकृतिभिः ।
त्रय (चतु) श्चत्वारिंशद्वसुदलकलाश्मत्रिवलय
त्रिरेखाभिः सार्धं तव भवनकोणाः परिणताः।।

यसको व्याख्याका लागि द्रष्टव्य - नित्यषोडशिकार्णव-तन्त्र १।३१-४६ को टीका सेतुवन्ध ।

श्रीचक्रको व्याख्या विभिन्न तन्त्रमा विभिन्न ढङ्गले गरिएको छ। विस्तारभयले यहाँ यति नै संक्षेप गरेको हुँ।

७१. सं २२२ कासिनं श्रीसंकराचार्यवयाओ वाद याङावबदेबुतकु, चाबहिरया बदेद्वरछिस्याक ब्राह्मणया सास्त्र चलय याक ।।

सं. २२२ काशीवाट श्रीशङ्कराचार्य्य आएर वाद गरे र वाडा हराइ-दियो। चावहिरको वाडा हजार मारिए, ब्राह्मणको शास्त्र चलाई दियो।

संस्कृतसन्देश १ वर्ष १२ अंक ८१–८३ पृ.

७२. राष्ट्रिय संग्रहालयमा रहेको अभिलेख १ परिशिष्टमा अनुवादसहित प्रकाश गरेको छ। यो शिलालेखको मिति ने. सं. २६२ (वि.सं. ११९९) हो भनी धनवज्र वज्राचार्यले लेख्नुभएको छ। (द्रष्टव्य– कन्ट्रिब्यू-शन्स् टु नेपलिज् स्टड्इज् ८ भा. १ नं. २१७ पृ.) सो शिलालेख अनुसार खल्लीनका अग्निमठका यी शङ्कराचार्यहरू काशी र प्रयागमा वस्तथे, नेपालमा दुइपल्ट आएका थिए, पहिलोपल्ट आउँदा उनले नेपालमा आफ्नो शैवसम्प्रदाय प्रचार गरेको शिष्यहरूबाट धेरै धन आर्जेको त्यस धनवाट काशीमा गई धेरै धर्मकार्य गरेको र दुइटा शिवालयको जीर्णोद्धार गरेको कुरा पनि आउँछ। केही कालपछि फेरि उनीहरू नेपाल आएका र यहाँ पनि राजकुमारहरूलाई समेत शिव दीक्षा दिएर आर्जेको सम्पत्तिले शिवालयसमेत वनाएको कुरा पनि सो अभिलेखमा उल्लिखित भएको छ। यी सबै काम गर्न केही वर्ष व्यतीत हुनु धेरै सम्भव हुँदा संस्कृत-सन्देशमा प्रकाशित माथि उद्धृत शङ्कराचार्यको आगमनवर्ष ने. सं. २२२ (वि. सं. ११५९) हो भन्ने कुरा पनि असही हो भन्न सकिँदैन, वरू धेरै मिल्दोजुल्दो नै देखिन आउँछ। ती शङ्कराचार्यहरूको पहिलोचोटिको आगमन सो थियो भन्न सकिन्छ।

७३. गोपालराजवंशावली ३६ पृ. वाट माथि टिप्पणी ३० मा उद्धृत वाक्य द्रष्टव्य।

७४. संस्कृतसन्देश १ वर्ष ११ अं. ४६-४८ पृ.

७५. श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी ३१३ पृ.

(आचार्यको यस मतको आधार पशुपतिकै दक्षिणपट्टि उन्मत्तभैरव स्थापना गरी राखेको नारायण भट्टको अभिलेखको र वंशावलीको वाक्यको प्रमाण हो ।)

७६. प्राचीन नेपाल ६ सं. १८ पृ. मा प्रकाशित राजभोगमाला वंशावलीबाट उद्‌धृत, मसंग रहेको हस्तलिखित वंशावलीमा केही पाठभेद पाइन्छ । अर्थ फरक पर्नेजस्तो पाठ कोष्टबद्ध गरी दिएको छु ।

७७. उही २३ पृ.

७८. नारायण भट्टको अभिलेख २ परिशिष्टमा हेर्नू ।

७९. प्राचीन नेपाल १० संख्या १३ पृ.। हस्तलिखितको केही पाठभेद कोष्ठमा छ ।

८०. उही १७–१८ पृ. हस्तलिखित ६८–६९ पृ.

प्राचीन नेपालको ६ संख्या ३ पृ. पनि द्रष्टव्य ।

उपर्युक्त वंशावलीको उद्धरणमा प्रताप मल्लका छोराको नाम क्रमसंख्या पनि मिलेको छैन–

प्रताप मल्लको हनुमान्‌ढोका देगुतले अगाडिको स्तम्भलेखमा उनका भूपेन्द्र मल्ल, चक्रवर्तीन्द्र मल्ल, महीपतीन्द्र मल्ल, नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल यी ५ छोराहरूको उल्लेख परेको छ । सुन्दरनारायण र सुरत शाही भन्ने दुई छोरा चाहिँ वि. सं. १७०८ भन्दा पहिले नै मरिसकेका थिए । यसरी प्रताप मल्लका सात जना छोराहरू देखिन आएका छन् ।

इतिहास-संशोधनको प्रमाणप्रमेय ५९ पृ.

८१. उही १० सं. २१ पृ. । हस्तलिखित ७५ पृ.

८२. उही

८३. इतिहास-संशोधनको प्रमाणप्रमेय २७९ पृ.

८४. प्राचीन नेपाल १० पू. २४ पृ.

८५. सम्वत् ८०७ भाद्रपद शुक्ल एकादशी उत्राषाढ बुधवार थ्व कुन्हु गोरस सिकुथिननियौताछेस राङाओ मिरह्य जुजु निवरकाओ वरन्हि स्याक. प्रमानपनि सकरस्यन घिर याङाओ राक ।। राघवानन्द रावरया छेंस घिर याक. रावरं मोचोस्य वङ । पञ्चख्वारया मानसिजु पनि कुंङ. महन्त जोको नवक्वाठन हयाओ धर्मार्थलिव विर ।

इतिहास-संशोधनको प्रमाणप्रमेय २७६–७७ पृ.

८६. प्राचीन नेपाल - काटमाडौं उपत्यकाको एक राजवंशावली ६ संङख्या ८ पृ.

८७. प्राचीन नेपाल १० पू. २४ पृ.

८८. प्राचीन नेपाल–राजवंशावली ६ पू. ८ पृ.

भाषावंशावली २ भा. १०० पृ. पनि द्रष्टव्य ।

लक्ष्मीनारायणको मृत्युपछि फेरि यी स्वामी आएर पूजाहारीमा वरण भए भएनन्, त्यसको तथ्यप्रमाण त फेला परेको छैन । भाषावंशावलीमा लक्ष्मीनारायण जोशीलाई खशहरुले काटी मारेपछिको वर्णनमा यस सम्वन्धमा – श्रीपशुपतिनाथकन राघवानन्द स्वामीले विधिपूर्वक नित्यपूजा गरि रह्याका थिया (१०० पृ.) भनी लेखेको छ । तर अन्त्यकालमा उनले वाग्वतीवारि पशुपतिकै काखमा आफ्नो समाधि राख्न चाहँदा–चाहँदै राज्यतर्फवाट त्यहाँ उनको समाधि राख्न नदिई पारीपट्टि राखेको देखिनाले र–स्वामीहरुलाई श्रीपशुपतिनाथको पूजक गरिराख्नु कठीन कुरो छ (उही) भनेकोले उनीप्रति सरकारको सद्भावना नभएकै देखिन्छ । उनी छाडेर हिंडेपछि उनका चेलावाटै पूजा चल्दै रहेकोमा पछि उनी आएर पाशुपतक्षेत्रमा त्यसै वसे वा उनको दिनचर्या कस्तो रह्यो निश्चित भन्न त सकिदैन ।

केही वर्षपछि ने. सं. ८२४ (वि. सं) १७६१ वैशाख शुदि ७ आइतवारको राति श्रीपशुपतिका पूजाहारी राघवानन्द स्वामी परमवाम भएका थिए भन्ने कुराचाहिँ पुरानो नेवारी भाषाको

टिपोटमा उल्लिखित भएको पाइन्छ ।

मेडिवल् नेपाल ३ भा. ४८ पृ.

५९. नेपालनिरुक्त ३०६, ३१७-१८ तथा ३१९,३३३-३४ पृ. तथा भक्तपुर पूजारी मठका विश्वेश्वर महादेवसम्वन्धी ताम्रपत्र, पूर्णिमा ४८ पू. २६.पृ. पनि द्रष्टब्य ।

६०. तान्त्रिकसाधनामा निपुण भए पनि शैवसंन्यासीहरूले वलिकर्म गर्न उचित ठानिएन । उनीहरूको साधनामा सात्त्विक वलि गरे पनि राजा वा राष्ट्रको नाउँमा सम्पादन हुने अभिचारक्रिया छागवलि महिषवलि हुनैपर्छ । यस कारण पाशुपत दीक्षा पाएका शुद्ध पवित्र रहने र साधनामा वलिकर्म पनि गर्ने ब्राह्मणहरूको आवश्यकता ठानियो । यो कामको लागि नेपालमा रहेका ब्राह्मणहरू वैदिक धर्मानुयायी र सात्त्विक भावनायुक्त भएका कारणले दक्षिणवाट भट्ट ब्राह्मणहरू वोलाइए ।

भगवान् श्रीपशुपतिनाथको आगमघर, प्रज्ञा ५४ पू. १३. पृ.

परन्तु यो कुरा विचारणीय छ । किन भने नेपाली विशिष्ट सिद्ध तान्त्रिक वा ब्राह्मणहरूले वलिकर्म गरिने राजसी पूजा हुन नसक्ने माछा मासु त के नून पनि नखाने भनेर अलिनाभट्ट कहलाएका वाहुनवाट चाहिं छागवलि महिषवलि दिएर गर्ने तान्त्रिक वामाचारी पूजा चल्ने भन्ने कुरा कुनै उपपत्तियुक्त वा तर्कसंगत ठहर्दैन । दक्षिण भारतका भट्ट ब्राह्मणचाहिं राँगो वोका काट्ने विधिको पूजा चलाउने अभिचार कर्म गर्ने हुनाले तिनलाई यहाँ झिकाउनु आवश्यक पर्‍यो भन्ने कुरा एकदम विश्वसनीय छैन । पाशुपतक्षेत्रमा मुण्डशृङ्खलिक कापालिक वामाचारी पाशुपतहरू लिच्छविकालदेखि नै मौजुद भएको कुरा माथि नै उल्लेख गरियो ।

६१. अनन्तेश्वरलाई आदिपशुपति वा आदिलिङ्ग भनिएको कुरा विचारणीय छ । यिनलाई पशुपतिभन्दा पहिलेका (आदि = आद्य) भनिएको होइन । उक्त जगज्जय मल्लको भनिने ताडपत्रको अनुवादको अन्त्यमा

रहेका श्लोक तल टिप्पणी १०० संख्यामा उद्धृत गरेको छु । त्यहाँ अर्धपशुपतीश भन्ने उल्लेख भएको छ । यिनै श्लोक श्रीपशुपतिनाथ ३५ पृ. मा उद्धृत छन् । त्यहाँ पनि यही पद (अलिक अशुद्धरूपमा) पाइन्छ। अर्धपशुपतीशको अर्थ अर्ध-आधा पशुपति भगवान् भन्ने हुन्छ । जगज्जय मल्लको ने. सं. ८४८ को ताम्रपत्रको मूल तल ३ परिशिष्ट-मा प्रकाश गरेको छु । त्यस ताम्रपत्रमा अर्धपशुपतिका ठाउँमा आदि पशुपति लेखिएकोले यो भ्रम पर्न गएको संभव छ । जे भए पनि यो शब्दले मूलपशुपतिनाथलाई संबोधन गरेको चाहिं होइन । मूलपशुपति उठेर पूजा गर्नुपर्ने हुनाले सिङ्गा र यी पशुपति बसेर पूजा गर्नुपर्ने हुनाले आधा वा अर्धपशुपति भनेको उचितै छ भन्ने पनि भनाइ छ ।

९२. प्रज्ञा ५४ पूर्णाङ्क १७ पृ.

९३. श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी २१२ पृ.

९४. प्रज्ञा ५४ पूर्णाङ्क १३ पृ.

९५. २ परिशिष्टमा दिएको अभिलेखमा उन्मत्तभैरवको स्तुतिपद्य द्रष्टव्य छ ।

९६. श्रीपशुपतिनाथ मन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा, एक अध्ययन, अभिलाषा(युवाविशेषाङ्क)११३–१४ पृ. मा र प्रज्ञा ५४ पू. २१–२३ पृ. मा जगज्जय मल्लले ने. सं. ८५५(वि. सं. १७९२)मा साम्वसदाशिव भट्टलाई गरिदिएको ताडपत्रको अनूदित नकल भनी एकपत्र प्रकाशित छ । यो सकलबमोजीम नकल औ अनु–वाद दुरुस्त छ कि छैन, सकल मूलताडपत्र नपढी भन्न सकिदैन । यसका केही नमिल्दा कुरा तल १०३ सं. को टिप्पणीमा देखाएको छु ।

यी सबै स्वामीहरूको नामको अन्त्यमा आनन्द जोडिएको छ । यो पनि एक तान्त्रिकविधिले राख्ने नाम हो । दीक्षा लिएपछि वैष्णवले नामान्तमा दास शरण लिए जस्तै शैवहरूले आनन्द अन्त्यमा हुने नाम लिन्थे । हर्षचरितमा भैरवाचार्य नामका एक महान् शैव सिद्धको

सिद्धयाइँ देख्न पाइन्छ। त्यसको वर्णन तल गरिनेछ। राजशेखरले पनि कर्पूरमञ्जरीमा पञ्चमकारसेवी विछट्टका तान्त्रिक भैरवानन्दको वर्णन गरेका छन् (१ अङ्क २२–२४)। तान्त्रिक ग्रन्थ पारानन्दसूत्रमा आकाशभैरव उन्मत्तभैरव कालभैरव आदि भैरवको उल्लेख भएको छ औ आनन्द अन्त्यमा भएका अमृतानन्द उन्मादानन्द ज्ञानानन्द देवानन्द परानन्द मुक्तानन्द सुरानन्द आदि धेरै तान्त्रिक सिद्ध गुरुहरूको चर्चा पनि गरिएको छ।

६७. श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी ३१३ पृ.।

६८. तर्केकमयाचितवृत्ति ब्राह्मणं निमंत्र्य पुनः घट्टमारुह्य संन्यासिनां मठे गतः। तत्र वहवो दण्डिनः स्थिताः, तेपु वृद्धस्तु दीनो यती (तिः) स्थितः ··· दण्डवत्प्रणम्य वाक्यमुवाच। ··· श्रीमद्‌भिरद्य मम गृहे भिक्षार्थमागतं चेत् कृतकृत्यो भवामि।... ततः परं यतिवर्य्यैरुच्यते। अरे तव का जातिः। स्वामिनोहं महाराष्ट्रोस्मि। एवं तर्हि महाराष्ट्राणां गृहे ऽस्मदादीनां भिक्षा तु अतीव शस्ता। ततः परं त्व श्रोत्रियोऽसि तर्हि सम्यक् जातं, यतः–पाचयेत् श्रोत्रियास्यान्नं तदभावे जलं पिवेत्। नहि मया श्रूयते वंगदेशीया द्विजा केवलं वेदवाह्या भवन्ति.... स्मृतिप्रामाण्ये न वर्त्तन्ते। न तु वेदाध्ययनं कुर्वन्ति। तत्रत्या ब्राह्मणा अपि मत्स्याशनं कुर्वन्ति। तर्हि अयं तु भूयान् दुराचारस्तिष्ठति। एतत् क्रियते तैः,इदं सत्यं वा अलीकं। तत्र सत्यं स्वामिनः एतादृशः दुराचारः कुत्र नास्ति। सर्वत्र एकैकः दुराचारस्तिष्ठति। एतादृशः कुत्रचिद् दुराचारः तिष्ठति किं। अहं दर्शयामि स्वामिनः भवद्‌भिर्द्रष्टव्यं॥

आदौ दक्षिणदेशे कलौ मातुलकन्यावरणं दुराचारः, वर्षचतुष्टयात् प्राक् कन्यायाः विवाहो दुराचारः। आंध्रदेशे हलचलनं दुराचारः। श्रीमतां कर्णाटदेशे स्नानं विना दुग्धपानं दुराचारः ताम्रपात्रे गव्यादिनिक्षेपणं दुराचारः। द्रविडकेरलयोः सर्वासां कुचदर्शनं

दुराचारः । पथि पर्युषितान्नभोजनं दुराचारः । कोंकनदेशे वृक्षारोहणं दुराचारः । गुर्ज्जरदेशे चर्म्मोदकपानं दुराचारः । तृतीयदिने रजस्वलास्नानं दुराचारः । उत्तरदेशे मांसभक्षणं दुराचारः । क्वचिन् शुष्कमांसभक्षणं दुराचारः। पर्वतदेशे कलौ देवरेण सुतोत्पत्तिर्दुराचारः। मैथिलगौडदेशे सदा तैललेपनं दुराचारः। गौडदेशे वेदत्यागोपि दुराचारः। कान्यकुब्जदेशे पण्यस्थघृतपक्वभक्षणं विवाहादौ भोजनसमये परस्परस्पर्शनं दुराचारः। गौडद्रविडकेरलउत्कलमैथिलेषु प्रक्वकलम-तंडुलभक्षणं दुराचारः। मगधे वर्णसंकरणं दुराचारः ।। चन्द्रावत्यां दासीगमनं दुराचारः । काश्मीरदेशीया द्विजाः केवलं यवनप्रायाः खलु । तेषां दुराचाराणां गणनैव नास्ति । सर्वेषां स्ववृत्तिं परित्यज्या-न्यवृत्त्यवलंबनं । कन्यादिअविक्रयाणां विक्रयकरणं पथि तांबूलभक्षणं इत्यादि दुराचारः। विशेषः स्वभावत एव भवति । स्वामिनः महाराष्ट्रं विना सर्वासु जातिषु क्वचित् कश्चित् दुराचारस्तिष्ठति । महाराष्ट्रे-ष्वपि ये साधवो वर्तन्ते तेषां दुराचारस्य लेशोपि न दृश्यते । इदं तु त्वया सत्यमुक्तं, मयापि अनुभूतं वर्तते ।

गृहकृत्यविधि (अपूर्ण),राष्ट्रिय अभिलेखालय, सि. नं. ई. १०९३२, रोल नं. ५०६।२७ को पुस्तकबाट उद्धृत। शिवनरसिंह भाका लागि उद्धवसिंहले ने. सं. ८८६ (वि. सं. १८२२) मा यस पुस्तकको प्रतिलिपि गरेका थिए ।

ती गृहस्थ त्यहाँ मणिकर्णिकामा नुहाएर नमागीकन पाएको चीज खाने एक जना ब्राह्मणलाई निम्ता गरेर फेरि घाटमा उक्लेर संन्यासीका मठमा गए । त्यहाँ धेरैजना दण्डी स्वामीहरू बसेका थिए। तिनमा एक दुःखी जोगी थिए। ... तिनलाई दण्डवत्प्रणाम गरेर भने ...। यहाँ आज भिक्षाका लागि मेरा घरमा पाल्नुभएमा म कृतकृत्य हुनेँ थिएँ। ... त्यसपछि जोगीले भने- अरे तपाईं कसमा हुनुहुन्छ ? महाराज! म मराठा ब्राह्मण हुँ । ए ! त्यसो हो भने मराठा ब्राह्मण-हरूका घरमा हामीले भिक्षा माग्न जानु अत्यन्त असल हो । त्यसमा

पनि तपाईं वैदिक हुनुहुन्छ । त्यसो हुँदा झन् राम्रो भयो, किनभने-वैदिक ब्राह्मणकै अन्न पकाओस्, अन्न नपाए पानी भए पनि खाओस्, भनेको छ । ... होइन मैले ता सुनेको छु,- बंगाली बाहुनहरू चाहिं खालि वेदविरोधी हुन्छन्, ... न धर्मशास्त्रको प्रमाण मान्छन्, न वेदको अभ्यास गर्छन्, त्यहाँका ता बाहुन पनि माछा मासु खान्छन्। त्यसो हो भने त यो त ठूलो दुराचार भयो । तिनीहरू त्यस्तो गर्छन्, यो साँच्चै हो कि झूटो ? साँच्चै हो महाराज ! यस्तो दुराचार कहाँ छैन र, सबै ठाउँमा एकएकवटा दुराचार रहेकै छन् । यस्तो दुराचार कहाँ कहाँ रहेको छ ? स्वामी महाराजलाई म देखाउँछु । हेर्नुहोस् महाराज !

पहिलो, दक्षिणदेशमा मामाकी छोरी विवाह गर्ने कलिजुगमा निषिद्ध दुराचार छ । चार वर्ष नपुगेकी कन्याको विवाह गर्ने अर्को दुराचार त्यहाँ छ । आन्ध्रप्रदेशमा बाहुनले हलो जोत्ने दुराचार चलेको छ । यहाँहरूको कर्णाटदेशमा ननुहाई दूध खाने दुराचार चलेको छ । ताँबाका भाँडामा दही दूध हाल्ने अर्को दुराचार छ । द्रविड केरलदेशमा सबै स्त्रीले स्तन देखाएर हिँड्ने दुराचार छ । परदेश हिँड्दा बाटामा बासी भात खाने अर्को दुराचार त्यहाँ चलेको छ । कोंकणदेशमा रूख चढ्ने दुराचार छ । गुजरातमा छालाका सिधियाको पानी खाने दुराचार छ। नछुने भएकी आइमाई तीनै दिनमा चोखिने अर्को दुराचार त्यहाँ छ । उत्तराखण्डमा मासु खाने दुराचार छ । कहीं त सुकुटी खाने दुराचार पनि चलेको छ । पाहाडमा त देवरबाट भाउज्यूले सन्तान पाउने कलिवर्ज्य दुराचार पनि चलेको छ । मिथिला गौडदेशमा दिनैपिच्छे तेल घस्ने दुराचार छ । गौडदेशमा वेद नपढ्ने पनि दुराचार छ । कनौजमा ता पसलमा राखेको, घिउमा पाकेको चीज खाने र विवाह आदिको भोजभतेरमा खान बस्ता आपसमा जोडिएर खाने दुराचार पनि चलेको छ । गौड द्रविड केरल उत्कल मिथिलादेशमा मार्सी धानको (बासी) भात पनि खाने

दुराचार छ। मगधमा वर्णसंकर चल्ने चलन भएकोले दुराचार छ। चन्द्रावतीमा दासीलाई स्वास्नी राख्ने दुराचार छ। काश्मीरदेशका वाहुन ता प्राय: मुसलमानसरहका छन् भन्ने हुन्छ। तिनका दुराचार गनेर सकिंदैनन्। सबै वाहुनहरूले ब्रह्मवृत्ति छाडेर अर्कै अर्कै वृत्ति लिएका छन्, तिनमा कन्या आदि बेच्नु नहुने कुराको विक्री गर्ने, वाटावाटामा राखेको पान खाँदै हिंड्ने इत्यादि दुराचार चलेका छन्। विशेष दुराचार त स्वभावैले हुन्छन्। महाराज! महाराष्ट्रबाहेक सबैतिरका जातिमा कहीं केही कहीं केही दुराचार रहेका छन्। महाराष्ट्रमा ता जति सज्जनहरू रहेका छन्, तिनमा ता दुराचारको गन्ध पनि छैन। यो त तपाईंले साँच्चै भन्नुभएको हो। मैले पनि यस्तै अनुभव गरेको छु।

(प्राचीनकालदेखि नै महाराष्ट्रीहरूको वयान शौर्यवीर्यशालीका रूपमा गरिएको पाइन्छ। चीनी यात्री ह्वेयन च्वाङले महाराष्ट्रवासीहरू अभिमानी, कृतज्ञ, युद्धप्रेमी, प्रतीकार गर्न समर्थ र परोपकारका लागि आत्मोत्सर्गसम्म गर्न सक्ने थिए भनी वयान गरेका छन्। यिनै गुणले गर्दा विदेशी विधर्मी मुसलमानहरूसंग यिनीहरूले ज्यानको वाजी लाएर लडेका थिए र हिन्दूसमाजमा यश आर्जेका थिए। मुसलमान मुगल शासकहरूको वरावर भइरहने आक्रमणमा पनि कहिल्यै हार नखाई लडिरहने पहिलेका महाराणा प्रताप र पछिका शिवाजीसम्मले हिन्दूत्वको जगेडा गरेकाले हिन्दूका लागि महाराष्ट्र एक आदर्श रहिरह्यो। यसैले मराठा ब्राह्मणहरू निर्दोषी चोखा वैदिक सनातनी हुन्छन् भन्ने सर्वेतिरका हिन्दूहरूका मनमा श्रद्धा जागिरहेको थियो। माथिको पाण्डुलिपिको उद्धरणले पनि यही कुरा देखाउँछ। यसैले जोगीले पशुपतिको पूजा छाडेपछि र उनीहरूलाई पूजक राख्न कठिन ठानेपछि कान्तिपुरका उपान्त्य मल्लराजा जगज्जय-लाई पुन: दक्षिणी भट्ट वाहुन पूजाहारी झिकाउने प्रेरणा जागेको देखिन आउँछ। महाराष्ट्रकै मात्र होइन, त्यसको साहचर्यले आसपास-

का विशेष गरी दक्षिण भारतका अरू प्रदेशका पनि चार वेद पढ्ने सनातनी चोखा ब्राह्मणचाहिं भट्ट नै हुन्छन् भन्ने भावनाले विन्ध्याचलदक्षिणका भट्टहरूलाई मात्रै झिकाउने नियम चलाएको देखिन्छ ।)

९९. यी साम्वसदाशिव भट्टलाई पशुपतिका प्रथम भट्ट पूजाहारी भए भन्ने कुरा पनि कसैकसैले लेखेका छन् ।

(अभिलाषा ९८ पृ. । प्रज्ञा ५४ पू. १५–१६ पृ.)

साम्वसदाशिव भट्ट पशुपतिका पूजाहारी भएको प्रमाणका लागि त्यहाँ जगज्जय मल्लको ने. सं. ८४८ (वि. सं. १७८५) को ताम्रपत्र र ने. सं. ८५५ (वि. सं. १७९२) को ताडपत्रको नकललाई औंल्याइएको छ । परन्तु ती दुबै अभिलेखले पशुपतिका पूजाहारीमा साम्वसदाशिव भट्ट भएको कुरा देखाउँदैनन् । ती अभिलेखको त्यस्तो अर्थ कसरी निकालिएको हो ? बुझन सकिएन । जगज्जय मल्लको मूल ताम्रपत्र नहेरी त्यसको अनुवाद भनिएको एक अप्रकाशित पत्रमा श्रीपशुपतीया प्रथम पूजावरि साम्वसदाशिव भट्ट भन्ने देखिएकाले सो भ्रम पर्न गएको होला । मूलपत्र मैले ३ परिशिष्टमा छपाएको छु । त्यसवाट उक्त अर्थ आउँदैन । पशुपतिको आदिलाई भट्टमा अध्याहार अज्ञानले गरेको बुझिन्छ । यस कारण मूलमा नभएको यो मत निर्मूल हो ।

यो पहिलो ताम्रपत्रले साम्वसदाशिव भट्ट अर्घपशुपतिका र अरू–अरू देवमन्दिरका पूजाहारी भएको कुरा प्रकट गर्छ । ताडपत्रको अनुवाद भनिने अर्को पत्रमा चाहिं पशुपतिका पूजाहारी हुन आउने भट्टलाई यिनले नियम नीति सिकाउने शिवदीक्षा दिने आगमघरमा अनुष्ठान गर्ने आदि काम दरिएका छन् । स्वामी छँदा पनि यिनका वावुवाजे यही काम गर्दथे । यी भट्ट नेपालमै जन्मेका वशिष्ठगोत्री यजुर्वेदी थिए । यसले यिनी पुराना कृष्णयजुर्वेदी नारायण भट्टका सन्तान परे भन्न पनि अलि गाह्रो छ, वर्तमान पूजाहारी भट्टका पुर्खा भन्न पनि मिलेन । यिनीहरू अहिले नेपालका पूर्विया बाहुनका हारमा चलेका छन् ।

यहाँनेर एउटा अर्को कुरा पनि स्मरणीय छ । चाँगुका कोलेश्वर

महादेवका पूजाहारी शिवनारायण भट्टलाई पनि पशुपतिका नवाँ पूजाहारी भनी लेखेको पाइन्छ ।

(चाँगुनारायणका ऐतिहासिक सामग्री ४३ पृ.)

परन्तु सोही पुस्तकका ३१० पृ. मा छापिएको १४० सं. को ने. सं. ८११ (वि. सं. १७४८) वैशाखको कान्तिपुरका राजा भूपालेन्द्र मल्लको ताडपत्रमा यिनलाई च्योपाटन वस्ने परदेशी शिवनारायण भट्ट भनेका छ र चाँगुका कोलेश्वर महादेवको पूजाहारी काममा यिनलाई लाएका छ । पशुपतिका पूजाहारी भनिएका छैन । पशुपतिका पूजाहारी भएका भए चाँगुका कोलेश्वरको पूजाका लागि जानु सम्भव पनि थिएन ।

१००. कर्णाटकमहाराष्ट्र आन्ध्रद्राविडजातिजाः ।
विन्ध्यादक्षिणतो जाताः प्रायश्चित्तं विधाय च ॥
अर्चपशुपतीशस्य मरणान्तं च पूजयेत् ।
मृते तस्मिन् तादृशोन्य अधिकारी भवेत्तदा ॥

उपर्युक्त अनूदित ताडपत्रका पुछारमा यी पद्य छन् । सो ताडपत्र प्रज्ञा ५४ पू. १४ पृ. र अभिलाषा ११४ पृ. मा केही अशुद्धरूपमा छापिएको छ ।

(यहाँ भट्ट वाहुनका चर्चा गर्दा एउटा अर्को कुरा पनि स्मरण हुन आउँछ । नेपालमा एकातिर यसरी चोखा पढेका भनेर हो वा घोरप्रतिगृह लिन, पचाउन सक्ने भनेर हो पशुपतिलगायत किरातेश्वर, ज्ञानेश्वर, कीलेश्वर, भृङ्गारेश्वर आदि शिवमन्दिरमा भट्टथरी वाहुनलाई पूजाहारी नियुक्त गरेको देखिन्छ भने अर्कोतिर त्यस्तै भट्ट वाहुनलाई नै घोरप्रतिग्रह लाग्ने एवाहोंको शय्यादानजस्ता दान लिन लाएर काट्टो खुवाएर वाहिरपाटो लाउने चलन पनि देखिन्छ ।)

१०१. श्रीपशुपतिनाथ ३५ पृ.

१०२. उक्त अनूदित ताडपत्रवाट उद्धृत । कोष्ठवद्ध पाठ प्रज्ञाको हो ।

१०३. यहाँनेर उक्त ताडपत्रको बेहोरासम्बन्धमा पनि अलिकति विचार गर्नुपरेको छ । यो मूल ताडपत्र ने. सं. ७०० (वि. सं. १६३७) तिरै

तयार भएको संकेत यहाँ गरिएको छ र स्वामीहरूले नै यो व्यवस्था बाँधेको पनि सूचित गरिएको छ । स्वामी भनेका पशुपतिनाथका पूजाहारी दण्डी संन्यासी हुन् । जगज्जय मल्लका पालामा कपिलानन्द स्वामीले यो मूलताडपत्र जीर्ण पाई ने. सं. ८५५ (वि. सं. १७९२) मा त्यसलाई फेरि फेरेको कुरा लेखिएको हुँदा त्यस समयमा पनि पूजाहारीमा संन्यासी नै मौजुद रहेको कुरा सूचित हुन आउँछ। यसमा विचारणीय कुरा के पर्‍यो भने एकातिर भाषानुवादमा चाहिं साम्बसदाशिव भट्टलाई विन्ध्याचलदेखि दक्षिणका जाप दान नलिने निर्लोभी निखुनी भट्ट ब्राह्मणलाई तन्त्रमन्त्र सिकाई पाशुपतदीक्षा दिई मन्दिरमा प्रवेश गराउने अधिकार र आगमघरको तान्त्रिक अनुष्ठान गर्ने काम पनि सुम्पिएर उनका सन्तान भएसम्म खोसमोस नगर्नू भनियो, अर्कोतिर संस्कृतश्लोकमा चाहिं विन्ध्याचलदेखि दक्षिणका भट्टले अर्धपशुपतीशको जीउताभर मात्र पूजा गर्नू, ऊ मरेपछि त्यस्तै अर्को बाहुन अधिकारी होला भनियो । यसरी सो ताडपत्रमा उद्धृत संस्कृतश्लोकले मूलपशुपतिनाथका पूजाहारीमा भट्टलाई नियुक्त गर्ने कुरा कहँदैन, अपितु आगमघरको अर्धपशुपतिको पूजाहारीमा नियुक्त गर्ने कुरा स्पष्ट पार्छ ।

अर्थ स्वामी पूजाहारी हुँदै अर्धपशुपति आदि देवमन्दिरका पूजाहारी भट्टलाई यो ताडपत्र गरिदिएको बुझिन्छ । यसैले दक्षिणी भट्ट अर्धपशुपतिका पूजाहारी जीउताभर मात्र हुन सक्ने भन्ने संस्कृत पद्य जस्ताको तस्तै रह्यो, सो फेरिएन । स्वामीपछि पूजाहारी बन्न आउने कुनै दक्षिणी भट्टले पशुपतिका पूजाहारीचाहिं यस्ता भट्ट हुनुपर्छ भन्ने उक्त ताडपत्रको भाव निकाली पशुपतिको यो अर्थकरी पूजकवृत्ति टप्काएको अनुमान हुन्छ । साँच्चै यो ताडपत्रले त पशुपतिको पूजाहारीमा स्वामी संन्यासीलाई नै वैधानिक अधिकारी जनाउँछ । विन्ध्याचलदेखि दक्षिणका भट्टले त आगमघरका अर्धपशुपतिनाथ आदि देवताको मात्र पूजाहारी हुन पाउने कुरा देखाउँछ ।

१०४. १९७४ में शृङ्गेरी मठ के जगत्गुरु शंकराचार्य नेपाल आये थे। उन्हों ने लिंगको अपने हाथों से पूजा करने की इच्छा नेपाल नरेश से प्रकट की। राजा ने अनुमति भी दे दी। परन्तु प्रमुख भट्ट जी ने स्मरण कराया कि शंकर के विधान के अनुसार मठाधीश गृहस्थ नहीं है और दक्षिण के भी नहीं हैं अतः पूजा कराने का अर्थ विधान भंग करना होगा। तव नरेश को अपना आदेश रद्द करना पड़ा।

श्रीपशुपतिनाथ ३७ पृ.

१०५. इसी प्रकार कांचिकोटि के जगत्गुरु शंकराचार्य की नेपाल की यात्रा के समय उन्होंने मंदिर के प्रांगण में जगत्गुरु शंकराचार्य की प्रतिमा स्थापित करने की इच्छा प्रकट की। परन्तु मुख्य भट्ट जी आदि विद्वानों की अनुमति नहीं होने के कारण नरेश ने उन्हें आदि शंकराचार्य की मूर्ति मंदिर के अन्दर स्थापना की स्वीकृति नहीं दी।

उही

१०६. गोरखापत्र ८६ वर्ष १९४ अङ्क, वि. सं. २०४३ मार्ग ४ गते (८ पृ.)

१०७. भागवत महापुराण १० स्कन्ध ६४ अध्याय।

१०८. वंशे विशालवंश्यानामृषीणामिव भूयसाम्।
अप्रतिग्राहकाणां यो वभूव भुवि विश्रुत.॥

कामन्दकीय नीतिसार १।२॥

ऋषिजस्ता दान नलिने कुलीन वाहुनका ठूला कुलमा जन्मेका जुन आचार्य संसारमा प्रसिद्ध भए।

१०९. सर्वान् परित्यजेदर्थान् स्वाध्यायस्य विरोधिनः।
यथा तथाऽध्यापयंस्तु सा ह्यस्य कृतकृत्यता॥

मनुस्मृति ४।१७॥

स्वाध्यायमा विरोध पर्ने सबै काम कुरालाई छाडिदिनू। जसरी तसरी (जीवन निर्वाह गरी) पढाएर वस्नू, त्यसमै कृतकृत्य हुनू।

११०. न राज्ञः प्रतिगृह्णीयादराजन्यप्रसूतितः।
सूनाचक्रध्वजवतां वेषेणैव च जीवताम्॥

मनु ४।८४॥

क्षत्रीकुलमा नजन्मेका राजाका हातको दान नलिनू । बगरे, तेली, भट्टीवाल र रण्डीटोलका नाइकेहरूका हातको दान पनि नलिनू ।

१११. याजयन्ति च ये पूगांस्तांश्च श्राद्धे न भोजयेत् ॥

मनु- ३।१५१ ॥

यश्चापि वहुयाज्यः स्याद्यश्चोपनयते वहून् ।

तान् श्राद्धे न भोजयेत्–वशिष्ठ–कुल्लूकभट्टी टीकामा ।

जो ब्राह्मण गणलाई यज्ञ गराउँछन्, तिनलाई पनि श्राद्धमा नबोलाउनू। धेरैलाई यज्ञ गराउने, धेरैको व्रतबन्ध गराउने अर्थात् धेरै जजमान बनाउने र धेरै चेलाचतेटा बटुल्नेलाई पनि श्राद्धमा नखुवाउनू ।

११२. नक्षत्रैर्यश्च जीवति ।

मनु. ३ । १६२ ॥

ग्रह नक्षत्रको फल बताएर अर्थात् चिनाचपेटा हेरेर ग्रह दशाको फल देखाएर जीविका गर्ने बाहुन पनि श्राद्धमा वर्जित छन् ।

वयं नो ते विप्राः प्रतिगणितनक्षत्रतिथयो
धनं ये याचन्ते धनिकगृहमेत्य प्रतिदिनम् ।

जगन्नाथ

हामी त्यस्ता बाहुन होइनौं, जो दिनैंपिच्छे धनीका घरघर चाहारेर तिथि नक्षत्र गनेर (तिनको फल बताएर) पैसा माग्दै हिंड्छन् ।

११३. चिकित्सकान् देवलकान् मांसविक्रयिणस्तथा ।
विपणेन च जीवन्तो वर्ज्याः स्युर्हव्यकव्ययोः ॥

मनु. ३ । १५२ ॥

वैद्य, पूजाहारी, मासुपसले, बेपारी ब्राह्मणहरू पनि द्यौपितृकार्यमा वर्जित छन् ।

यस सम्बन्धमा मेरो नेपालनियक्त ४५१–५२ पृ. पनि द्रष्टव्य ।

११४. कथं विगर्ह्यं नु करोम्यधीश्वराः पौरोधसं हृष्यति येन दुर्मतिः ।

भागवत. ६।७।३६ ॥

देवता हो, म यो निन्दित पुरोहित्याइँ काम कसरी गरूँ ? यस पेशामा त मति नभएको मान्छे मात्र रमाउँछ ।

११५. जावाल: स्यादजाजीवो देवाजीवस्तु देवल: ।

अमरकोप शूद्रवर्ग १९५०

२ बोकावाख्रा पाल्नेका र २ पूजाहारीका नाम ।

११६. सांवत्सरो ज्यौतिषिको दैवज्ञगणकावपि ।
स्युर्मौहूर्तिकमौहूर्तज्ञानिकार्तान्तिका अपि ।

अमर. क्षत्रियवर्ग १४९५–९६ ॥

यी ८ ज्योतिषीका नाम ।

स्यात् सन्देशहरो दूतो दूत्यं तद्भावकर्मणि ।

उही १५०० ॥

२ दूतका नाम । १ दूतका धर्म र कामको नाम ।

स्युर्मागधास्तु मगधा वन्दिन: स्तुतिपाठका: ।

उही १६६२ ॥

स्तुतिपाठी भाटका नाम ।

सूपकारास्तु वल्लवा : ।
आरालिका आन्धसिका: सूदा औदनिका गुणा: ।

अमर. वैश्यवर्ग १७६१–६२५

यो ७ भान्सेका नाम ।

शैलालिनस्तु शैलूषा जायाजीवा: कृशाश्विन: ।
भरता इत्यपि नटाश्चारणास्तु कुशीलवा: ॥

अमर. शूद्रवर्ग १९५२–५३ ॥

६ नटुवाका नाम । २ गवैयाका नाम ।

वार्तावहो वैवधिक: ।

उही १९५९ ॥

२ हल्काराका नाम ।

११७. जीविकार्थे चापण्ये ५।३।९९ पा. सू.

जीविकार्थे यदपण्यं तस्मिन्नभिधेये कनो लुब् भवति। विक्रीयते यत् तत् पण्यम् । वासुदेव : । शिव: । स्कन्द: । विष्णु: । आदित्य: । देवलका-दीनां जीविकार्था देवप्रकृतय: उच्यन्ते ।

(काशिका)

अपण्ये इत्युच्यते तत्रेदं न सिध्यति–शिव: स्कन्द: विशाख: इति किं कारणम् ? मौर्यैर्हिरण्यार्थिभिरर्च्चा: प्रकल्पिता: । भवेत्तासु न स्यात्, यास्त्वेता: संप्रति पूजार्थास्तासु भविष्यति ।

(भाष्य)

या: प्रतिमा: प्रतिगृह्य गृहाद् गृहं भिक्षमाणा अटन्ति ता एवमुच्यन्ते देवलका अपि त एव भिक्षवोऽभिप्रेता: । यास्त्वायतनेषु प्रतिष्ठाप्यन्ते पूज्यन्ते च तासूत्तरसूत्रेण लुप् । ... हस्तिकानिति । ईदृशमेव विषय-मभिप्रेत्य पठन्ति–

रामं सीतां लक्ष्मणं जीविकार्थे विक्रीणीते यो नरस्तं च धिक् धिक्।
अस्मिन् पद्ये योऽपशब्दं न वेत्ति व्यर्थप्रज्ञं पण्डितं तं च धिक् धिक्।।

(तत्त्वबोधिनी)

जीविका चलाउनका लागि बेच्नु नहुने कुरा बुझिदा कन् प्रत्ययको लुप् हुन्छ । जुन चीज बेचिन्छ, त्यो पण्य भनिन्छ । वासुदेव शिव स्कन्द विष्णु यी देवताका मूर्ति पूजाहारीहरुका जीविका चलाउने साधन हुन् भन्ने बुझिन्छ ।

अपण्य भनेको हुनाले शिव स्कन्द विशाख यिनमा लुप् हुन्छ, किनभने मौर्यहरु देवताका मूर्ति बनाउन बडा सिपालु कालीगढ छन्, तिनीहरु बेचेर धन धेरै आर्जन गर्न मूर्तिहरु बनाउँछन्, त्यस्ता मूर्तिहरु बुझिदा यो विधि हुदैन, पूजाका लागि स्थापना गरिएका मूर्तिहरुमा यो लुप्विधि हुन्छ ।

जुन मूर्तिहरु लिएर देखाउँदै घरघरै चाहारेर भिक्षा मागेर हिड्दछन्, त्यस्ता मूर्तिहरु भन्दा यो माथिका प्रत्यय लोप भएका रुप बुझिन्छन्, पूजाहारीहरु भने पनि तिनै भिक्षुहरु हुन्, जुन मूर्तिहरु मन्दिरमा

स्थापना गरिन्छन्, पूजा गरिन्छन्, तिनको प्रत्यय लोपचाहिं पछिल्ला सूत्रले हुन्छ ।

कन्प्रत्यय लोप नभएको बेच्न राखिएको हात्तीको मूर्ति भन्दा हस्तिक रूप हुन्छ । यस्तै विषयलाई लिएर यो श्लोक पढ्छन्–

जीविका चलाउनका लागि जो मान्छे राम सीता लक्ष्मण आदिका मूर्ति बेच्छ, त्यस मान्छेलाई धिक्कार छ, धिक्कार छ । यो श्लोकमा रहेका अशुद्ध पदलाई पैल्याउन जो सक्तैन, त्यस्ता मूर्ख पण्डितलाई कन् धिक्कार छ, धिक्कार छ ।

११८. पुत्रदारानप्रतिविधाय प्रव्रजतः पूर्वः साहसदण्डः, स्त्रियं च प्रव्राजयतः । लुप्तव्यवायः प्रव्रजेदापृच्छ्य धर्मस्थान् । अन्यथा नियम्येत ।

कौटलीय अर्थशास्त्र २।१।१९।

स्वास्नी छोराछोरीहरूको जीविकाको बन्दोवस्त नगरीकन संन्यासी भएर हिंड्नेलाई पूर्वसाहस (२५० पण) दण्ड गर्नू । स्वास्नीमान्छेलाई जोगिनी बनाउनेलाई पनि त्यति नै दण्ड गर्नू । पुंस्त्व समाप्त भएपछि न्यायाधीशहरूसंग अनुमति लिएर मात्र जोगी हुन पाइन्छ । बिना अनुमति जोगी हुनेलाई सजाय दिनुपर्छ ।

११९. अथ परिव्राड् विवर्णवासा मुण्डोऽपरिग्रहः शुचिरद्रोही भैक्षाणो ब्रह्मभूयाय भवति । (जाबालोपनिषद् ५)

ब्रह्मसूत्रशाङ्करभाष्य ३।४।२० सू. (४४३ पृ.)

धुस्रोफुस्रो लुंगा लाएको, मुडुलो, केही संग्रह नगर्ने कसैको रीसडाहा नगर्ने, भिक्षा मागेर खाने योगी ब्रह्ममा मिल्न जान्छ ।

एककालं चरेद् भैक्षं न प्रसज्जेत विस्तरे ।

मनु. ६।५५।

प्राण अड्याउनका लागि एक वेला भिक्षा माग्न हिंड्नू, धेरै संग्रहपट्टि नलाग्नू ।

कल्पस्त्वेवं परिव्रज्य देहमात्रावशेषितः ।

ग्रामैकरात्रविधिना निरपेक्षश्चरेन्महीम् ॥ श्री-

भागवत ५।१३।१॥

आन्वीक्षिकी विद्यामा पारङ्गत भएपछि जोगी भएर शरीर मात्र लिएर एक गाउँमा एक रातदेखि बढी नबसी कतैको आशा नराखीकन घुमोस्।

भिक्षां चतुर्षु वर्णेषु विगर्ह्यान् वर्जयंश्चरेत् ।
सप्तागारानसंक्लृप्तांस्तुष्येल्लब्धेन तावता ॥

भागवत ११।१८।१८।

जोगीले चारै वर्णका घरमा भिक्षा लिनू, पातकीकहाँ नजानू, नचिताएका नगुहुन्याएका सात घर मात्र डुलेर पाए जतिले सन्तोष गर्नू ।

१२०. अन्यो ऽसावन्यो ऽहमस्मीति न स वेद यथा पशुः । (बृहदारण्यकोपनिषद् १।४।१०) मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति (बृहदारण्यकोपनिषद् ४।४।१९)

ब्रह्मसूत्रशाङ्करभाष्य १।४।२२(१७३ पृ.)

ऊ अर्कै हो, म अर्कै हुँ भन्ने मान्छे पशुजस्तै नबुझने अज्ञानी हो । जो यहाँ नानाथरी देख्छ, त्यो मृत्युबाट मृत्युमै जान्छ ।

१२१. अर्चादावर्चयेत्तावदीश्वरं मां स्वकर्मकृत् ।
यावन्न वेद स्वहृदि सर्वभूतेष्ववस्थितम् ॥

भागवत ३।२९।२५।

कर्मभिर्गृहमेधीयैरिष्ट्वा मामेव भक्तिमान् ।
तिष्ठेद् वनं वोपविशेत् प्रजावान् वा परिव्रजेत् ॥

उही ११।१७।५५।

जबसम्म सबै प्राणी मात्रमा व्याप्त भएर रहेको मलाई आफ्नै हृदयमा देख्न सक्तैन, तबसम्म स्वकर्ममा रहेर मूर्तिमा मेरो पूजा गरिरहोस् । भक्त गृहस्थाश्रममा कहिएका यज्ञादि कर्मद्वारा भगवान्को आराधना गरी सन्तान उत्पन्न गरेपछि घरमै बसोस् वा वानप्रस्थमा जाओस् अथवा जोगी होओस् ।

१२२. प्रव्रज्याप्रत्यवसितः प्रज्ञाशौचयुक्त उदास्थितः । स वार्ताकर्मप्रदिष्टायां भूमौ प्रभूतहिरण्यान्तेवासी कर्म कारयेत् । कर्मफलाच्च सर्वप्रव्रजितानां ग्रासाच्छादनावसथान् प्रतिविदध्यात् । वृत्तिकामांश्चोपजपेत्—एतेनैव

वेषेण राजार्थश्चरितव्यो भक्तवेतनकाले चोपस्थातव्यमिति । सर्वप्रव्रजिताश्च स्वं स्वं वर्गमुपजपेयुः ।

कौटलीय अर्थशास्त्र १।११।७

उदास्थित भनेका संन्यास लिएर त्यसको व्रत पालना गर्न नसकी फर्केका, बुद्धि र इमान भएका, जोगीजस्ता हुन् । त्यस्ताले धेरै धन र चेलाहरूद्वारा खेती गोठ वेपार गर्ने ठाउँमा काम गराउनू । त्यसवाट आएको लाभवाट सवै संन्यासी जोगीहरूको खाने, लाउने वस्ने वन्दोवस्त गरिदिनू, वृत्ति चाहनेहरूलाई तिमीहरूले यही वेशमा रहेर राज्यभित्रको र परराज्यको पनि हालखवर बुझदै तलव र भत्ता लिने वेलामा आएर सवै हाल वताउनू भनी अह्राएर सबैतिर चियो गर्न लाउनू । ती संन्यासी जोगीहरूले आफ्ना–आफ्ना जाति वा वर्गलाई पनि चियो गर्न लाउनू ।

१२३. यस सम्वन्धमा द्रष्टव्य– नेपालनिरुक्त १९०–९१ पृ.

१२४. शाहकालका अभिलेख ४१० पृ.

१२५. लिच्छविकालका अभिलेख ४२६–२९ पृ.

१२६. उही ४७२ पृ.

१२७. उही ४८२ पृ.

१२८. उही ५१४–१५ पृ.

१२९. कर्णालङ्काररौद्रश्वसदहिपवनव्यस्तपर्यस्त (के) श–
प्रत्यग्रच्छेदतापा (न्वि) तरुधिरशिरोमाल भा...
उच्चैर्मुक्ताट्टहासस्पर्रिविगलदसृङ्नागचर्मोत्तरी (यं)
पायात्तद्‌रूपमैशं हिमगिरितनयाभीतभीतेक्षितं वः

लिच्छविकालका अभिलेख ३३६ पृ.

१३०. हर्षचरित, तृतीय उच्छ्‌वास, (१०२–४ पृ.)

१३१. त्यस वेलाका तान्त्रिक साधकहरू श्मशानघाटमा गई कस्तो डरलाग्दो साधना गर्दथे भन्ने कुराको केही झल्को पाउन वाणकै शव्दमा भैरवाचार्यकै चर्तिकला हेर्न लायक छ– शिव सिद्ध तान्त्रिक भैरवाचार्य कृष्ण

चतुर्दशीको निष्पट्ट अँध्यारो रातमा श्मशानघाटमा आफैले खड्गसिद्धि दिलाएका राजा पुष्पभूति, टीटिभ नामका जोगी, कर्णताल र पातालस्वामी यी चार जनालाई चार दिशामा दिक्पाल बनाएर राखी आफू उपासनामा लागेका छन् । त्यहाँ पूजाको सामान सजाएर राखेको छ, पूजाको दीप बलिरहेको छ, गोकुलधूपको वासनाले साधनास्थल सूचित गरिरहेछ, रक्षानिमित्त होमिएका आधा डढेका सर्स्यूँको धुवाँ उडिरहेको छ, सेतो खरानीको रेखा हालेर बनाएको ठूलो मण्डलको बीचमा उत्तानो पारेर सुताएका मुर्दाका छातीमाथि बसेर जगमगाउँदा भैरवाचार्य जप गरिरहेका छन्, उनले कालो फेटा बाँधेको काला बुकुवा जीउमा दलेको, कालो रक्षाबन्धन बाँधेको र कालै लुगा लाएको पनि छ । मुर्दालाई रातो चन्दन, रातो माला, रातै कपडा र गहना पनि लाइदिएको छ । मुर्दाको मुखबाट धपधप आगाको ज्वाला निस्किरहेको छ, त्यसमा साधक काला तिल होमिरहेका छन् ।

आधारातसम्म त्यो साधनास्थलको वरिपरिबाट विघ्न गर्न आएको राक्षसगणको खल्याङबल्याङ खल्याङबल्याङ सुनिइरहन्छ, तिनको केही नलागेपछि आधारातपुग्दो सो खलबल त्यसै हराउँछ । त्यसपछि ठूलो विघ्नकारी नाग आएर हमला गर्दछ, सो आफूलाई त्यस ठाउँको अधिष्ठातृदेवता भूस्वामी भएको दावी गर्दछ र आफूले मानमनितो भोगबलिको भाग खान नपाएकोमा रीसले चूर भएर विघ्नविनाश गर्न अघि सर्छ, आचार्यका तीन शिष्यलाई बेहोस पारी लडाउँछ, तर राजाका पालिपरेपछि परास्त हुन्छ । अनिपछि आचार्यको अनुष्ठान सिद्ध हुन्छ, भैरवाचार्य विद्याधर बन्दछन्, राजा राज्य लक्ष्मीको वरप्रसाद पाएर उज्यालो भएपछि आफ्नो दरबार भित्रिन्छन् ।

हर्षचरित ३ उच्छ्वास (१०६–११६ पृ.

१३२. उही (१०१–२ पृ.)

१३३. कादम्बरी, पूर्वपीठिका (४०४–५ पृ.)

१३४. उही (३९९–४०० पृ.)

वाण भट्टले यस्ता शैव शाक्त तान्त्रिकक अभिचारकर्म र मर्म तथा दिनका इष्ट देवदेवीको पनि निकै वर्णन गरेका छन्। उनले अलिक तल कादम्वरीमै उज्जयिनीदेखि अलिक पर एउटा चण्डीको मन्दिर र त्यस मन्दिरका भक्त पूजाहारी एक शैव शाक्त वृद्ध द्राविडको पनि रमाइलो वर्णन गरेका छन्–

चण्डिकामन्दिरका माथि त्रिशूल घण्टा काला चवँर कुण्डाएको रातो ऊचो ठूलो ध्वजा फरफराइरहेको थियो। देवीका मूर्तिमा अनेकौं ठूलठूला पशु वलि चढिरहेका थिए। त्यहाँको भक्त द्राविड पूजाहारी तन्त्रमन्त्र जादुटुनाद्वारा अनेकौं मनोरथसिद्धिको अभिलाषा गर्दथ्यो। उसको तन बूढो भए पनि मन बूढो नभएको हुँदा देवीका वरप्रसादले दक्षिणापथको अधिराज्य पाएर राजा हुने मृगतृष्णा उसका मनमा छँदै थियो। बुद्धि तुरिएको एक वृद्ध भिक्षुको उपदेशको विश्वासमा परी यो तिलक लायो भने धन पाइन्छ भनी तिलक लाएर धनको आशा गर्दथ्यो। उसले पाटीमा दुर्गास्तोत्र लेखेका थिए। धुवाँ लागेका ताडपत्रमा माहुर (रातो लाहामसी) ले लेखेका इन्द्रजालका तन्त्रमन्त्रका र जादुटुनाका पुस्तकको रास उसका पासमा थियो। एउटा वूढो पाशुपतका उपदेशले उसले महाकालमत (संहिता) लेखेको थियो– यस अनुष्ठानले खानि मिल्छ, यस प्रक्रियाले सुन वन्छ, यस विधिले पातालप्रवेश गर्न सकिन्छ, यसले यक्षकन्यासग संभोग गर्न पाइन्छ, यस मन्त्रसाधनाले अन्तर्धान हुन सकिन्छ, आदि आदि कुराले ऊ मस्त थियो। श्रीपर्वतका यस्तै यस्ता आश्चर्यदायक हजारौं कथा पनि ऊ जान्दथ्यो। उसमा शैव हुँ भन्ने घमण्ड थियो। स एकतारै एकतार वजाइरहेको थियो, हरवखत मन्टो हल्लाई हल्लाई गुनगुनाइरहन्थ्यो, द्रविडभाषामा लेखेको गङ्गास्तोत्र गाउँदै नाच्तथ्यो।

यसवाट विक्रमको सातौं शताब्दीमा वाणको समयमा शैव शाक्त तान्त्रिकहरुको चलतीफिर्ती थियो भन्ने बुझिन्छ। यसवाहेक अन्यत्र पुराण

साहित्यमा पनि यस्ता घोर तान्त्रिक अनुष्ठानको वर्णन पाइन्छ। भागवत ५ स्कन्ध ९ अध्यायमा एक दस्युराजले जडभरतलाई चण्डी-मन्दिरमा लगेर बीचराति भद्रकालीलाई भोगबलि दिन आँटेको कथा बडो मार्मिक छ। भवभूतिले पनि मालतीमाधवको ५ अङ्कमा चामुण्डादेवीलाई यस्तै नरबलि दिन लागेको दारुण चित्र खिचेका छन्।

१३५. मालतीमाधव ९ अङ्क

१३६. यस्ता योगीले गर्नुपर्ने कर्तव्यकर्म नगरी बन्दवेपारको काम गर्ने, रजकाजी, परिपञ्चमा लागेका उदास्थित जोगीहरू कौटल्यको समयमा पनि थिए। पछि पनि भइरहे। यस्तै उदास्थित गोसाइँहरू नेपालमा पनि रहँदै आएका र पछिसम्म पनि यिनीहरूले भोट भारतको वेपार चलाउने राजकाजी काम कुरा पनि गर्ने गर्दथे। माथि भनेजस्तै यस्तै परिपञ्ची तान्त्रिक मान्त्रिक कर्मकाण्डी जोगीहरूले नै मन्दिरको पूजाआजा पनि चलाउँदै आएका थिए।

हाम्रो पाशुपतक्षेत्रमा पनि प्राचीनकालदेखि नै यस्ता जोगीहरूको प्रचार प्रभाव हुँदै आएको र पशुपतिको पूजाहारीको अधिकार यिनका हातमा हुँदा पनि नहुँदा पनि यिनको प्रभाव प्रतिष्ठा उत्तिकै थियो। पशुपतिनाथको दर्शनका लागि आउँदा औ शिवरात्रिजस्ता पर्वपर्वमा आउँदा जाँदा पनि यिनको सेवा सत्कार पनि हुँदै थियो। पशुपतिमा मात्रै होइन, अन्यत्र पनि संन्यासीका मठ मन्दिर स्थापित थिए। अग्निमठका शङ्कराचार्य स्वामीहरू आई यहाँ मठ मन्दिर स्थापना गरी शिवदीक्षा दिई शैवमार्गको प्रचार बढाएको कुरा हामीले उनका अभिलेखबाट बुझेका छौं। जोगी संन्यासीका लागि सदावर्त पनि चलेका थिए। काठमाडौं मरुसत्तलमा गोरखपन्थीको सदावर्त चल्दथ्यो। भक्तपुर विश्वेश्वरमठमा दशनामी संन्यासीको अखडा थियो। त्यहाँ रणजित् मल्लका पालामा वि. सं. १७८३ मा दयाल वा भिमल गिरीले दशनामी संन्यासीलाई सदावर्त्त बाड्न भनी ५२ रोपनी जग्गा गूठी राखेका थिए। संन्यासी भिमल गिरीको शाखा मासियो भने

ज्ञाननाथीले मात्रै यो मठको अधिकार पाउँछ भन्ने कुरा पनि त्यहाँ उल्लेख गरिएको छ ।

भक्तपुर पूजारीमठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र, पूर्णिमा, ४८ पू. २६ पृ.

यस्तै वज्रजोगिनी चाँगुनारायणमा पनि जोगीचक्रमा नाथगणहरूलाई सिधा सदावर्त्त बाड्न भनी कान्तिपुरका राजा भूपालेन्द्र मल्लले धेरै जग्गा गूठी राखेका थिए ।

चाँगुनारायणका ऐतिहासिक सामाग्री, १५० संख्याको अभिलेख । बाहिरफेर पनि यस्ता जोगी जङ्गमलाई भण्डारा लाउने सदावर्त्त बाड्ने धेरै अखडा थिए, मठ मन्दिर थिए । जोगीका भण्डारा लाग्नेमा चतरा अस्थान पिण्डेश्वर जनकपुर र जलेश्वर मटीहानीमठ प्रख्यात थिए ।

१ परिशिष्ट–

राष्ट्रिय संग्रहालय (म्युजियम) मा रहेको शङ्कराचार्यको शिलालेख

पूर्वमध्यकालमा नेपालमा विरलाकोटि पाइने अभिलेखहरूमा यो सर्वोत्कृष्ट हो। काशीबाट आएका विद्वान् योगीले लेखेको यो प्रशस्ति प्रौढ प्राञ्जल सुन्दर शैलीमा संस्कृत पद्यमा कुंदिएको छ। यो प्रशस्ति पढ्दा मानदेवको चाँगुको, अनुपरमको हाँडिगाउँको र जयदेवको पशुपतिको प्रशस्तिहरूको संझना हुन्छ। पशुपतिको जयदेवको प्रशस्तिको चार शय वर्षपछि नेपालमा पाइएको यो प्रशस्ति चौथो भन्न पर्दछ। साँच्चै नेपालको धार्मिक इतिहासमा शैवधर्म र शङ्कराचार्यसम्बन्धी वंशावलीमा वर्णित उपाख्यान कुरा पनि यो अभिलेख अत्यन्त महत्त्वपूर्ण कडी साबित भएको छ। नेपालको शैवधर्म शङ्कराचार्यसम्बन्धी धेरै कुरा पनि यसबाट खुल्दछन्। यसको राम्रोसँग अध्ययन मनन हुनु आवश्यक छ। यद्यपि यो शिलालेख २० वर्षपहिल्यै डिल्लीरमण रेग्मीद्वारा मेडिवल् नेपाल ३ भागमा छापिएको थियो, तर ज्यादै अशुद्ध रूपमा छापिएकोले यस अभिलेखको सही भाव बुझ्न सकिएको थिएन। यस कारण मैले पशुपतिसम्बन्धी अनुसन्धानको कृतिमा समावेश गर्नु उचित ठानी यसलाई अर्थसहित परिशिष्टमा प्रकाश गरेको हुँ।

पहिले शिवजीको स्तुतिबाट प्रशस्ति शुरु हुन्छ। रुद्राष्टाध्यायीमा गणानां त्वा गणपतिं भन्ने मन्त्र पहिलो पर्दछ। यस प्रशस्तिको उठान पनि गणानां नाथ भन्ने पदबाट गरिएको हुनाले त्यसैको प्रभाव यसमा परेको बुझिन्छ। शंकरको स्तुति गरिएका ३ पद्यमा वेदान्तको झलक पनि स्पष्ट पाइन्छ। त्यसपछि दुइवटा श्लोकमा अग्निमठको वर्णन छ। त्यहाँ शंकराचार्य पैदा भएका र उनका शिष्यले संसार ढाकेको कुरा कहिएको छ। शङ्कराचार्यको उदयपछि अन्धकार अर्थात् अरु धर्म सम्प्रदायले फैलाएको भ्रम हटेको कुरा पनि उल्लिखित छ। यी शङ्कराचार्यहरू साक्षात् शिवस्वरूप लिएर हिंड्दथे। विभुत लाउने, साँढेमा सवार भएर हिंड्ने, शंकर भन्ने नामले पुकारिने, विषयबाट हटेका पनि हुँदा शिवजी नै मानिन्थे। ब्रह्मचारी भएर योगमार्गमा लागेका यिनले

धेर विद्या पढेका थिए, विशेषतः रुद्रयामल आदि तन्त्रशास्त्रमा यिनीहरू पारङ्गत थिए। यिनीहरू दीक्षामन्त्र सुनाएर आफ्ना चेलाचपेटा पनि बनाउँथे। यिनका सम्प्रदायमा लागेका योगीहरू चाहिँ रुद्रशिव भनेर पुकारिन्थे।

यस-अतिरिक्त यी अग्निमठका शैव स्वामीहरू काशी प्रयागमा मात्र होइन, भारत वर्षका ठूलठूला शैवमठमा घुमेर विद्या पढ्ने गर्दथे। जप तप पाठ पूजा न्यास ध्यानमा यिनीहरू ज्यादै निपुण पनि थिए। यहाँ वर्णित शङ्कराचार्यको एउटा हात भाँचिएर ठुंडो भएको वा ठूलै चोट लागेकाले खुनी भएको थियो। यसको कारण चाहिँ जोगीहरूको ज्यान बचाउँदा लट्ठीको प्रहार हो भनिएको छ। यस वेला स्वामीहरूको ज्यान जाने जस्ता हमला मठमा हुने कुरा के पर्‍यो खुलाएको छैन। यस्तै उस्तै कुनै हमलामा उनको हात बिग्रिएको थियो।

यहाँ एक अर्को कुरा पनि चौंचो पार्ने खालको छ। यी स्वामीहरू अध्यात्मविद्या योगविद्या या शैव मतको प्रचार प्रसार मात्र गर्दैनथे, अपितु परेका बखत हतियार पनि उठाउन सक्थे। नेपाल आएका शङ्कराचार्य स्वामीको जोगीहरूकै ज्यानको जोखिम हुने युद्ध वा दङ्गामा हात जखम भएको थियो। यसैबाट पनि यिनीहरू युद्धमा भिड्दथे भन्ने कुरा बुझिन्छ र अध्यात्मविद्याका साथसाथै धनुर्बाण हान्ने अर्थात् धनुर्विद्या पनि यिनीहरू रूजु गर्दथे। यसबाट युद्धको मैदानमा यी स्वामीहरू पछि हट्तैनथे भन्ने कुरामा शंकै छैन। त्यस वेला पश्चिमी आकाशबाट मुसलमानी आक्रमणको डरलाग्दो कालो बादल मडारिएर आइहेको थियो। यसको केही वर्षपहिले महम्मदका भयङ्कर आक्रमणले भारत-लाई तहसनहस पारेको थियो। पश्चिमबाट मुसलमानी आक्रमण भइरहने र हुने आशङ्का पनि सधैंभरी भइरहन्थ्यो। यस्तो आतंकको वेलामा आफ्नो धर्म सम्प्रदाय मठ मन्दिरको र धनसम्पत्तिको पनि रक्षा गर्न जोगीहरूले अस्त्रशस्त्रमा अभ्यास बढाउनु आवश्यक र स्वाभाविक पनि थियो। यसैले यी स्वामीहरू पिनाकपाणि जस्तै धनुर्बाण भिरेर हिड्दथे, रूपरङ्गमा पनि यी शिवजस्तै नै भएका थिए।

पछि सन्त नानकले तान्त्रिकहरूको पञ्चमकार जस्तै पञ्चककारको महत्त्व बढाई सीखहरूलाई धार्मिकरूपले हतियार लिन अनिवार्य गराएको कुरा यहाँनेर

स्मरणीय छ । त्यही रुद्रशिवगणकै शाखाप्रशाखामा भारतमा नागाबाबाको जुझारु दल खडा भएको थियो । यो दल भारतमा पछिसम्म अजेयरूपकै मानिन्थ्यो । कम्पनी-सरकारको पनि यिनको उत्पातले कपाल खाएको थियो । नागाबाबाको उत्पात शान्त गर्न उसले पृथ्वीनारायण शाहको सहयोग लिएको थियो । काठमाडौंका राजा जयप्रकाशले केही नलाग्दा पृथ्वीनारायण शाहसँग भिड्न नागाबाबाको सैनिकदल झिकाएर पालेको कुरा पनि बिर्सनुहुँदैन ।

नेपालमा शङ्कराचार्य आएर बौद्धमत खण्डन गरेको आदि अवदानका जुन कथा वंशावलीमा वर्णित छन्, ती कथाले यिनै अग्निमठपरम्पराका शङ्कराचार्यलाई लक्षित गरिएको देखिन्छ । शङ्कराचार्य र उनका शिष्यको सो दल काशीबाट विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धमा पशुपतिनाथको दर्शन गर्न र यहाँका जनतालाई शिक्षादीक्षा दिने उद्देश्यले पनि नेपाल आएको थियो ।

यी शङ्कराचार्य स्वामीहरू नेपाल आउँदा अप्ठ्यारो पाहाडको बाटोमा पनि ठूल-ठूला पाहाडे हात्ती चढेर आएका थिए । कौटल्यले पनि पाहाडे हात्तीको बयान गरेका छन् । नेपालमा हात्तीको वर्णन लिच्छविलेखमा पनि पाइन्छ । मानदेवले मल्लपुरी जित्ता हात्ती घोडासहितको फौज लगेको कुरा लेखेका छन् । नेपालकी राजकुमारी भृकुटीलाई भोटका राजा स्रोङ्चन गम्पोलाई दिएर पठाउँदा हात्तीमा चढाएर अन्माएको र पर पाहाडको फेदीदेखि हात्ती जान नसकेकोले फर्काएको तथा आचार्य दीपङ्कर श्रीज्ञान (अतिशा) भारतबाट नेपाल आउँदा दृष्टौषधि नामको असल हात्तीमा चढेर आएका र सो हात्ती धार्मिकयात्रामा मात्र प्रयोग गर्नू भनी नेपालका राजालाई दिएर आफू भोटतर्फ गएका थिए भन्ने भोटवंशावलीमा वर्णित कथा पनि यहाँनेर स्मरणीय हुन आउँछन् ।

पहिलोपल्ट शङ्कराचार्य स्वामी र उनका शिष्यहरूले आई यहाँका राजकुमारहरू र जनतालाई समेत शिवदीक्षा सुनाएर चेला बनाएका र चेलाबाट पाएको धनले काशीमा गएर दुइ मन्दिरको जीर्णोद्धार गराएका थिए । पछिबाट दोस्रोपल्ट आउँदा कमाएको धनले चाहिं उनीहरूले आफ्नो शैवसम्प्रदायको यहाँ स्थायीरूपले प्रचार प्रसार गर्ने उद्देश्यले शिवजीको मन्दिर र मठको स्थापना गरे । यो मन्दिर मठ कहाँ स्थापित भयो

भन्ने कुरा बुझाउने ठाउँको अक्षर फुटेर गएकाले खुट्याउन निकै गाह्रो पर्ने भएको छ। यो शिलालेख यथास्थानमै रहिरहेको भए पनि सो खुट्याउन त्यति अप्ठेरो पर्ने थिएन। यो शिलालेख मूलथलोबाट उठाएर विनापरिचयै यहाँ ल्याएर राखिदिनाले यस्तो पर्न आयो। यसरी ऐतिहासिक महत्त्वका सामानलाई यथास्थानमै सुरक्षित नगरी ओसारपसार पारिदिँदा इतिहासको एकपक्षै लोप भएर जाने संभव हुन्छ।

समागममा यो मन्दिर बनाइयो भन्ने कुरा यहाँ स्पष्ट छ। समागमको दायाँपट्टि धु बुझिन्छ। यसमा सि थपिदिँदा सिन्धुसमागम हुन्छ र यसको अर्थ कोशअनुसार बेनी या दोभान भन्ने हुन्छ (संभेदः सिन्धुसंगमः- अमर.५३६)। नेपालदूनमा यस्तो ठूलो बेनी वाग्मती विष्णुमतीको सङ्गम नै देखिन्छ। गङ्गा यमुनाको सङ्गम प्रयागको उपमा दिएकोले पनि यसलाई नै लक्षित गरेको बुझिन्छ। यसको केही वर्षपछि ने. सं. २९० (वि. सं. १२२६) मा राजा रुद्रदेवका पालामा राम नामक व्यक्तिले शिवमतशास्त्र (शिवसंहिता) सारेका थिए। त्यसको पुष्पिकावाक्यमा उनले—

तस्मिन् विष्णुपदीनदीपरिसरे प्रासादमासादयन्

शंभुर्यद्दृढभक्तिशक्तिमतुलां व्यक्तं व्यनक्ति स्थितः

(पूर्णिमा ६९ पूर्णाङ्क ३० पृ.

भनी विष्णुमती नदीको परिसरको शंभुप्रासादमा बसेर यो शास्त्र लेखेको बताएका छन्। शङ्कराचार्यले बनाएको शम्भुप्रासाद र शिवमतशास्त्र लेखिएका शम्भुप्रासादमा सामञ्जस्य जुट्ने धेरै सम्भावना छ। यसो भएमा उक्त तर्क ठीक ठहर्न आउँछ।

३०श्लोकदेखि तलको भाग फुटेर भएकोले बाँकी ५।६ श्लोकका थोरै अक्षर मात्र पढ्न पाइन्छन्। त्यहाँ मठ मन्दिरको बयान, गूठी राखेको गजूर चढाएको कुरा, तिथि मिति र प्रशस्ति लेख्नेको परिचय आदि परे। प्रशस्ति लेख्नेको नाम दत्तक वा दक्षक जस्तो देखिन्छ। मिति फुटेकाले झन् खल्लो लाग्ने भएको छ। यसको मिति वि. सं ११९९ हो भन्ने चर्चा माथि ७२ संख्याको टिप्पणीमा गरियो। अरूले पनि यही उल्लेख गरेका छन्। परन्तु यस अभिलेखको उपान्त्य पंक्तिमा मिति लेखेको देखिन्छ। त्यहाँ तुःषष्ठि.... यात स.... यति अक्षर पढ्न सकिन्छ। यसलाई चतुःषष्ठियुते याते संवत्सरशतद्वये भनी बनाएर पढे यसको समय ने. सं २६४ (वि. सं १२०१) हुन आउँछ।

यस शिलालेखको शिरमा बायाँ पातामा मन्टो अड्याए बसाहा बसेको छ। अभिलेखमा कुँदिएका अक्षर कतै ठूला कतै साना छन्, अर्थात् १० पंक्तिसम्मका अक्षर मसिना र त्यसपछिका मोटाउँदै गएका छन्। आचार्यहरूको भाग खिएको हुनाले बुझ्न गाह्रो छ। नठम्मिएका अक्षर छोडिएका छन। शङ्का लागेका ठाउँमा प्रश्न चिह्न लाएको छु।

(१) ॐ नमः शिवाय ॥

गणानां नाथो वः स दिशतु शिवं यस्य विकटे
कटेलीनां लीनावलिरलमलङ्कारविधये ।
प्रयाता साँहित्यं मदमधुरमद्यैः प्रमुदिता
ऽऽऽऽऽ ।।।।।(२) सूर्भाति सवला ॥१॥

यस्माद्विश्वमिदं न भिन्नमथवा भिन्नं चिदानंदत-
स्त्रैलोक्यं किल लीयते तम इव ब्रध्नस्य यस्योदये ।
यस्याहंकृतिरेवमंधनिहतिर्हेतुः प्रकाशस्य स
श्रीमान् (३) बोधमयः शिवः शिवकरः संसारिणां पातु वः ॥२॥

प्राणादीन्मरुतो निरुध्य मनसो वृत्ति निवार्य स्थिरां
शुद्धां बुद्धिमुपास्य यांति यतयश्चित्स्थामनिद्रां परां ।
रागोत्सा(?) (४) रितमूर्तयोऽमृतरसां नादिं द्विमन्तः कदा-
प्यासन्नोदय एव यत्र स शिवः श्रेयांसि दिश्यान्नृणां ॥३॥

मायाजालमुदस्य रागदहनन्निर्वाप्य सत्कीर्तिता(?)
ऽऽऽ।।ऽ।ऽ। (५) नियतेर्लीनां च कृत्वा कलां ।
शक्तिर्यस्य सदोदिता गुरुवचोद्वारा पतंती पशून्
शान्तं धाम नयत्यनन्तमहिमा पायात् स वः शङ्करः ॥४॥

मायाजालकलंकमर्द्दकतया (६) सोभू(?) दिहामर्द्दकः
श्रीमानग्निमठः शठैरसुलभो योगापगानिर्गमः ।
यत्र क्रोधकलंकितोपि स मुनिः क्रोधं विहाय स्वकं
दुर्वासाश्चिरमीश्वरार्पितमनास्तस्थौ स किं वर्ण्यते ॥५॥

(७) शान्तस्वान्तादमलनिखिलज्ञानपूर्णात्ततोऽपि
प्रापद्यत्रोरगपरिवृढोऽनुग्रहं वासुकिः प्राक् ।
धन्याश्चान्ये धरणिगतयः प्रेरिताः पूर्वपुण्यैः
पश्चात्तेषां गुणगणभृतां किं यशो वर्ण्यतेऽत्र(?) ॥६॥

(८) अमुष्मिन् सत्स्थाने समजनि जनानंदनकरैः
शिवैः शैवैराज्ञाशमितजनतातापकलुषैः ।
अमीषां शिष्यौघैर्नवततमस्तोमशमनैः
स्फुरद्भिः संकीर्णा रविकरनिभैर्भाति जगती ॥७॥

(९)तत्राभवन् भवभयाभयदाः प्रतीता भट्टारका उरित*मूर्तिशिवाभिधानाः।
भूतिप्रिया वृषगता विबुधाधिनाथा मारद्रुहो जगति शंकरतामुपेताः ॥८॥

दोषोत्तीर्णाः श्रुतिपरिगता दुर्धराः स(?) (१०) प्रवीणाः
शुद्धाः सम्यक् सकलकरणावर्जनोत्कर्षकान्ताः ।
स्वान्तध्वान्तोद्भवरिपुहरा मुक्तियोगाऽभिरामा
यैरभ्यस्ताः प्रकटितगुणा ज्ञाननाराचविद्याः ॥९॥

अष्टावसूत्पलपितामहवंसलो(?)(११) क्त
श्रीयामलद्विशतिकादिकृतश्रमाणां ।
व्याख्यां मनोमलहराममलां निशम्य
येषाममंसत वुधाः स्फुटमेव धाम ॥१०॥

तेषाममेयमहिमामल(१२)मंत्रशक्तिसंपातपूतकलिकालकलंकपंकाः ।
शिष्या वभूवुरिह रुद्रशिवा इति स्वैः पुण्यैर्यशोभिरुपदीपितदिग्विभागाः॥११॥

क्षोणीमण्डलमब्धिमेखलमिदं भ्रांत्वाखिलं निर्मलां
विद्यामाप्तुमनोभिरुन्नतगुणैर्वैदग्ध्यमासादितं‡ ।
वैराग्यं च निसर्गतो गुणवतां ज्ञानं च शुश्रूषया
यैराप्तं करुणारसा(१४)र्द्र हृदयैर्वर्म्मोपि शर्म्मोत्तरः ॥१२॥

---

* उरित माथि चिह्न दिएकोले यो पद अशुद्ध भन्ने शङ्का व्यक्त गरेको बुझिन्छ ।

‡ यहाँको अनुस्वार पुरानो नेवारी लिपिको जस्तो लाग्छ ।

येषां तपस्विजनजीवितरक्षणेऽभूतपुण्यात्मनां करतले लगुडप्रहारः ।
कुर्वन् विकारमपि राजति कालकूटरेखाकलंक इव यः
(१५) शितिकण्ठकण्ठे॥१३ ॥
येषां दीक्षादिकर्माणि कुर्वतां क्रमतो लघू ।
अबोधि लोकः कर्तारौ करावपि सचेतनौ ॥१४॥
ह्रदाम्भोगम्भीरा धरणिवरऽधीरा स्थितिभृत-
(१६) स्तितिक्षामेदिन्यो जनशुभगता शीतकिरणाः ।
स्फुरद्बोधानन्दा भवजलधिसंतारतरयः
पवित्रा द्वित्राः स्युर्जगति यतयस्तादृशगुणाः (१७) ॥१५॥
ज्येष्ठो मे जनसंयमो वत यमो भ्राता कनीयानपि
क्रूरात्मा स शनिः पिता स च रविर्मूर्त्तिश्च मे श्यामला ।
इत्थं वंशजमात्मनश्च चरितं नि(१८)र्णेक्तुकामेव यां
कालिन्दी समियाय सा भगवती गंगेति किं वर्ण्यते ॥१६॥
सेयं यस्यास्त्रिदशतटिनी भाति तीरोपकण्ठे
हाराकारा त्रिभुवन (१९) पतिर्यत्र विश्वेश्वरोपि ।
कास्याः काश्याः स्तुतिरिह गुणैर्मर्त्यलोके दुरापैः
स्वल्लीनाख्यं स्फुटमनुपमस्थानमुच्चैश्चकास्ति ॥१७॥
तत्र (२०) संध्याजपेणार्चास्वाध्यायध्यानतत्पराः ।
दीक्षां व्याख्यां च कुर्वन्तो वसन्ति स्म सुखेन ते ॥१८॥
गंगाजुष्टां विविधविबुधां विश्वकृद्राजधानीं
काशीं (२१) दासीकृतसुरपुरीं धीधनास्तां विहाय ।
देवं द्रष्टुं पशुपतिमथानुग्रहीतुं च लोकान्
नेपालं ते गुरुगिरिगजैरागमन् दुर्गमार्गं ॥१९॥
(२२) इयं वाचोयुक्तिः परिमलसहा नैव नितरा-
महं त्वेतन्मन्ये पशुपतिरयं विष्टपपतिः ।

ऽ यहाँ णिधर यति अक्षर कुँदन छुटेको हुनाले छुटेका ठाउँमा काकपद दिई श्लोकको अन्त्यमा फेरि अक्षर कुँदिएका छन् ।

स्यसेवानक्तानां तरुणकरुणापूर्णहृ(२३)दयो
जनानामानैषीत्परमपदलाभार्थमिह तान् ॥२०॥
ते जयन्त्यनुगृह्णन्तः कालं स्थित्वाथ कंचन ।
पुन काशीं गता विश्वनाथेनाकारि(२४)ता इव ॥२१॥
तत्राथ संस्कृत्य शिलेष्टकाभ्यां धनैरिह(त्यैः शिव) मंदिरद्वयम् ।
दिगोगतारयत्पशुनाथभाविता इवागतास्ते नगरीमिमां(२५) पुनः ॥२२॥
अस्यां श्रीरघुवंशमौक्तिकमणि (र्जातो जना) नंदनः
सान्द्रश्चन्द्र इवान्वितोतिमधुरैरानन्ददेवः करैः ।
उच्चैः शक्ति(२६)धरः कुमारपदवीं प्राप्तोपि तैर्दीक्षितो
(दान्तः सिद्धिमवर्ण)नीयमहिमा प्राप(त्परा)मैश्वरीं ॥२३॥
यार्ये* ऽर्जुनसमः प्रेक्ष्य(२७)गुणांस्तेषु गुणप्रियः ।
भक्तिमर्जुनदेवोपि (विदधे विभुधे) ष्विव ॥२४॥
वसन्तदेवो विज्ञानी धीमान् सोमेश्वरस्तथा ।
य(२८)शोमल्लश्च तैरेव कुमारा दीक्षिता अमी ॥२५॥
।SSSSS। रमनुगृहीता इति न मे
वचो वक्तुं शक्तिः प्रवरगणनायुक्तिभि (२९) रपि ।
मणीनां मुख्यानामपि हि किरणा (दे: कथमिव)
(मनी) पी रत्नाद्रेः क इह गणनायां प्रभवति ॥२६॥
दीक्षां ज्ञानसमर्प(३०) णाखिलमलालेपप्रलोपाऽत्मकां
दृग्देवी शिव ऽ।ऽ।। मता निष्ठां प्रतिष्ठामपि ।
श्रद्धाभक्तिसमन्वितेन मनसा शिष्यैर्विनी(३०)तैरपि
द्रव्यं ढौकितमात्तमायतदयैर्लोकोपकाराय तैः ॥२७॥
किं दीनान् परितोषयाम गुणिनः किं पूजयामामरान्
किं(३२)वाऽनेन धनेन किं कुशवनानानंदयाम द्विजान् ।

---

* यमा रेफ मोरेको छ ।

§ यहाँ पनि शिरमा चिह्न लाएको छ

आ ज्ञानं(यदु)पाश्रयाद्यदुदितं यस्मिंश्च तस्येशितुः
प्रासादं करवाम तेन(३३)नगरे तत्रेति तैर्निश्चितम् ॥२८॥

ते प्रयाग इवात्रामु(पुण्ये सिं)धुसमागमे ।
चेतःप्रसादं प्रासादं प्रभोः शंभोरचीकरन् ॥२९॥

(३४)नाट्येश्वरान्... ... भ्यस्थितोऽयं श ... म - - दतः
स्मेरमुखः करोति संभाषणानीव समागतानाम्(३५)॥३०॥

शु(क्लं)...पादे जय...शः सुधाधवलितस्यादीपयन्नंवरम् । निर्भिद्य क्षितिमु-
(३६) त्थितस्य··· ···॥३१॥ कृत्वा मध्यममार्गमन्तरनिल-
(३७): पूर्ण क··· ··· सेवात्मना शंभोर्व्योम्नि करन्ध्रनिर्ग-
(३८) तमिव ··· ··· स्तिष्ठति शंकरः ॥३३॥
(३९) ··· ·· ··· णालये वसेत् । अभ(वतेषु)च व
(३९) ··· ··· (चराच) रं च गत्वा ··· ह स्वैं पट् क्रि
(४०) ··· ··· ··· हिरण्य(४१) ··· ··· (क) लसं दत्तं
(४२) ··· ··· (च) तुः पष्ठि ··· यात स ··· ···
(४३) ··· ··· दक्षकस्य(?)प्रशस्तिरियं शुभमस्तु(?) ॥

अनुवाद–

ॐ शिवजीलाई नमस्कार छ । गणका मालिक(गणपति)ती शिवजीले तिमीहरूको कल्याण गरून्, जसका विशाल कम्मरमा लेपाटिएका सर्पका ताँती नै लाउने गहना बनेका छन् । मद(भाँग धतूरो आदि) को मधुरो अरख पिएर अघाएका खुशी भएका.... पैदा गर्ने बलिया (सलबलाइरहेका छिरबिरे सर्पका वेष्टन) सुहाएको छ ॥१॥ जुन भगवान्‌बाट यो संसार भिन्न छैन, अथवा सच्चिदानन्द ईश्वरबाट भिन्न छ, सूर्य उदाउँदा अन्धकार हराएजस्तै गरी जसमा यो संसारै गएर विलाउँछ, जसको अहंकारले नै सबै अन्धकार नष्ट हुन्छ, जो यो उज्यालो पार्ने कारण पनि बनेको छ, त्यस्ता ज्ञानस्वरूप कल्याणकारी शिवले संसारी तिमीहरूको रक्षा गरून् ॥२॥ प्राण आदि पञ्च वायु-लाई रोकेर (प्राणायाम गरेर) मनको वृत्ति (विषय वासनाको चिन्ता) लाई हटाएर निश्चल शुद्ध बुद्धि लिएर शरीरलाई विषय भोगबाट हटाएका योगीहरू अमृतरूपी रस

दिने आदि अन्त्य नहुने सच्चिदानन्दस्वरूपी परमचैतन्य जीवनमुक्तिमा प्राप्त हुन्छन्, जसतो उदयमा द्वैतवादी रहँदैरहेनन्, त्यस्ता शंकर भगवान्ले तिमीहरूको कल्याण गरून् ।।३।। मायाजाल हटाएर विषयरूपी आगाको ज्वाला निभाएर .... भाग्यको रेखा मेटाएर उदाएको जसको शक्ति गुरुका वाणीद्वारा हृदयमा पस्तै प्रथम अवस्थामा रहेका साधकलाई शान्त धाममा पुऱ्याउँछ, अपरंपार महिमावाला ती शंकर भगवान्ले तिमीहरूको पालना गरून् ।।४।। मायाजालको कलङ्कलाई मेट्ने हुनाले यहाँ आमर्द्दक कहिने, योगरूपी नदीबाट निस्केको मूर्खहरूले पाउन नसकिने, ऐश्वर्यशाली अग्निमठ थियो । जहाँ रीसको बात लागेका दुर्वासा मुनि पनि आफ्नो रीसलाई त्यागेर धेरै काल-सम्म ईश्वरमा मनचित्त लाएर रहे भने त्यस्तो अग्निमठको के बयान गरौं ।।५।। शान्त चित्त भएका, सबै स्वच्छ ज्ञानले परिपूर्ण भएका तिनै मुनिबाट जहाँ अघि सर्पराज वासुकि नागले अनुग्रह पाएका थिए, त्यस्तै पूर्वजन्मका पुण्यको प्रभावले अरू भुईंमा हिंड्नेहरू पनि त्यही पछि धन्य भएका थिए, धेरै गुण भएका तिनीहरूको (कीर्तिको के बयान गरौं) ।।६।। यही ठाउँमा जनतालाई आनन्द दिलाउने, आफ्ना उपदेशले जनताको (तीनै) ताप र पाप नष्ट पारिदिने, संसारमा नयाँ फैलिएको अज्ञानरूपी अन्धकार (बौद्ध जैन आदि मत) हटाउने, शैव मार्ग बताउने शिव – शङ्कर (शङ्कराचार्य) हरू प्रकट हुनुभयो । सूर्यका किरणजस्ता चम्किला उहाँका शिष्यहरूको जमातले ढाकेको यो पृथ्वीतल उज्यालो भएर सुहाएको छ ।।७।। त्यही ठाउँमा संसारको भय हरी अभय (मुक्ति) दिलाउने, त्रिशूल धारणा गर्ने, साँढेमा सवार भएर हिंड्ने, देवताले पनि मानिएका, कामदेव (काम वासना) नष्ट पारेका र शिवजीकै नाम र मूर्ति लिएका, साक्षात् शिव (शङ्कर) नै हुन पुगेका भट्टारक (भगवान् शङ्कर स्वामी) हरू संसारमा प्रख्यात हुनुभयो ।।८।। दोषमुक्त भएका, वेदमा बताइएका, ग्रहण गर्न गाह्रा, चलाखले पढिने, शुद्ध, सम्पूर्ण कर्म त्याग गराउनाले असल राम्रा भएका, चित्तभित्रको अन्धकार (अज्ञान) रूपी शत्रु हटाउने, मुष्टिग्रहण र योग मार्ग बताउने हुँदा राम्रा भएका, प्रत्यक्ष गुण भएका अध्यात्मविद्या र बाहुबाट निस्कने, खैंचेर कान सम्म तानेर पुऱ्याइने, बोक्न गह्रौं, साधिएकाले चलाइने, सफा, सबै जीउआङ

नचलमलाईकन ताद्दा राम्रा देखिने, मूर्ख र स्वाँठ शत्रुका प्राण हर्ने, मूठी पारेर समात्ता राम्रा देखिने, ताँदोमा चढाएर वाण चलाउने विद्या – धनुर्विद्या पनि स्वामीहरूले राम्ररी र फत गर्नुभएको थियो ।।९।। अष्टावसु उत्पल पितामह वंसल (?) आदि विद्वान्हरूले बताएका यामल (रुद्रयामल) द्विशतिका आदि शास्त्रमा मिहिनेतसाथ अभ्यास गरेका उहाँहरूको मनको शङ्का निवारण गर्ने स्वच्छ सुन्दर व्याख्या सुनेर विद्वान्हरूले उहाँहरूको महिमालाई राम्रोसंग स्पष्ट नै बुझे ।।१०।। जसका अपरंपार महिमा भएको निर्मल मन्त्रशक्ति पनाले कलियुगको पापको मयल पखालेका आफ्ना चोखो कीर्तिले दिगन्तसम्म उज्यालो पारेका रुद्रशिव नाम गरेका शिष्यहरू हुनुभयो ।।११।। उत्तम गुणले युक्त भएका, करुणाले हृदय रङ्गाएका जुन स्वामीहरूले शुद्ध विद्या पढ्ने उद्देश्यले समुद्रसम्म फैलिएको यो सारा पृथ्वीमण्डल घुमेर राम्रो चतुर्याइँ हासिल गर्नुभयो, स्वभावैले वैराग्य लिनुभयो, गुरुहरूको सेवाद्वारा ज्ञान पनि प्राप्त गर्नुभयो, पछि कल्याण दिने धर्म पनि कमाउनुभयो ।।१२।। पुण्यकर्म गर्ने जसको हातमा तपस्वीहरूको ज्यान जोगाउँदा लट्ठीका चोटले घाउ लागेको छ, तर सो चोटले पारेको खत पनि शिवजीको गलामा कालकूटविषले पारेको दागजस्तै सुहाएको छ ।।१३।। जसका हात दीक्षा (न्यास मुद्रा) आदि कर्म गर्दा यति छिटो छिटो चल्दछन्, त्यो देखेर दुनियाँ यी हात पनि सचेत नै हुन् कि भनी ठान्दछन् ।।१४।। यी स्वामीहरू पोखरीको पानी जस्तै गम्भीर (गहीरा), थिति थाम्न पाहाडजस्तै अटल, सहनमा पृथ्वी जस्ता, जनताको भलो गर्न चन्द्रमाका शीतल किरणजस्ता, संसाररूपी सागर तर्न नाउ जस्ता भएका र ज्ञानको आनन्द फुरिरहेका पनि हुनुहुन्छ, यस्ता गुणी स्वामीहरू ता संसारमा दुइ तीन जना मात्र होलान् ।।१५।।

मेरा जेठा दाजु जनतालाई दुःख दिने यमराज हुनुहुन्छ, भाइ कान्छो शनैश्चर पनि क्रूर आत्मा भएको छ, मेरा बाबा पनि सूर्य हुनुहुन्छ, मेरो जीउ पनि कालो छ, यस्तो आफ्नो जीउको कालो र आफ्ना कुलको कलंक पनि पखाल्ने इच्छाले हो कि भनेर, काली यमुना आएर जसमा मिसिन्छन्, त्यस्ती गंगाजीको के बयान गरौं ।१६। ती यस्ती देवनदी गङ्गा जहाँ हार (माला)को आकार जस्ती बनेर बगेकी छन् । जसको किनारको नजीकैमा

तीन लोकका मालिक विश्वनाथ बाबा छन्, यस मनुष्यलोकमा पाउनै नसकिने गुणले गर्दा यो काशीपुरीको के बयान गरौं !, यहीं स्वर्लीन नामको ठूलो धाम सुहाएको छ ।।१७।। त्यहीं सन्ध्या जप पूजा स्वाध्याय ध्यानमा लागेका यी योगी (स्वामी)हरू दीक्षा दिदैं व्याख्या गर्दै सुखपूर्वक बस्नुभएको थियो ।।१८।। गंगाजीले पवित्र पारिदिएकी, धेरै देवदेवताले भरिएकी, बाबा विश्वनाथकी राजधानी भएकी, स्वर्गपुरीलाई पनि दासी जस्तो पारेकी काशीपुरीलाई पनि छाडेर ती विद्वान् योगीहरू भगवान् पशुपतिनाथको दर्शन गर्ने र यहाँका दुनियालाई अनुग्रह गर्ने इच्छाले पनि हिंड्ने बाटो ज्यादै अप्ठ्यारो भए ता पनि ठूलाठूला पाहाडे हात्तीमा चढेर नेपालदेशमा आउनुभयो ।।१९।।

यस भनाइमा कति पनि खोट लाउनु वा दगलफसल गर्नु पर्दैपर्दैन, किनभने यी भगवान् पशुपतिनाथ संसारकै अधिपति हुन्, ज्यादै धेरै दयाले हृदय परिपूर्ण भएका यी भगवान् पशुपतिनाथले आफ्नो सेवामा लागेका भक्तजनहरूको परमपद प्राप्ति होस् भन्नाका खातिरले नै ती स्वामीहरूलाई यहाँ झिकाएका हुन् भन्ने कुरा नै म त ठान्दछु।२०। स्वामीहरूको यहाँ अत्यन्तै ठूलो बढीबढाउ भयो, यहा दुनियाको उपकार गर्दै केही काल बसेर बाबा विश्वनाथले बोलाएजस्तो मानेर उहाँहरू फेरि काशी जानुभयो ।२१। उहाँहरूले यहाँबाट लगेको धनसम्पत्तिले ईंट, ढुङ्गा, ल्याई काशीमा दुइवटा (शिव) मन्दिरको जीर्णोद्धार गराउनुभयो । योगीहरूको विरहले पिरिएका पशुपतिनाथले बोलाएजस्तो मानी फेरि उहाँहरू यस (नेपाल) शहरमा आउनुभयो ।।२२।। यहाँ नेपालमा रघुवंशमा मौक्तिक-मणि जस्ता (जनतालाई आनन्द दिने) उज्याला किरणले परिपूर्ण चन्द्र जस्ता आनन्ददेव (हुनुहुन्छ), राजकुमारपद (यौवराज्य) पाएर ठूला शक्तिशाली भए पनि योगीहरूसंग दीक्षा लिएर ठूलो महिमाले युक्त हुनुभएको उहाले ईश्वरीय परम सिद्धि पनि प्राप्त गर्नुभयो ।२३। शुन्याईंमा साँच्चै अर्जुनसमान भएका, गुणको कदर गर्ने उर्जुनदेवले पनि तिनमा गुण देखेर (देवता)मा झैं भक्ति गर्नुभयो ।२४। ज्ञानी वसन्तदेव बुद्धिमान् सोमेश्वर र यशोमल्ल नामका कुमारहरूले पनि उहाँहरूबाट दीक्षा लिनुभयो ।।२५।। —— अनुग्रह पाएका भनेर भन्न धेरै लामो गणनाको युक्तिले पनि मेरो शक्ति पुग्दैन, सुमेरुका ठूलठूला मणिका किरण आदिको गणना गर्न यहाँ कस्तै सिपालुले पनि कसरी सक्ला र ।२६।ज्ञान दिदाहुँदै सबै पापको मयलको

दाग मेट्ने दीक्षा मन्त्र, दृष्टि देखी शिव... निष्ठा प्रतिष्ठा पनि...... ती विनीत शिष्यहरूले श्रद्धा र भक्तिले युक्त भएको मनले दिएको धनसम्पत्ति पनि धेरै ठूलो दया भएका स्वामीहरूले दुखियांको उपकारका लागि नै लिनुभयो ।।२७।। अब यस धनले दुःख पाएका गुजिजन-लाई खुशी पारौं कि ? देवताको पूजा गरौं कि ? अथवा गरीब बाहुनलाई दान दिएर आनन्दित तुल्यावौं कि ? जुन भगवान्‌को उपासना गर्नाले जहाँ यो ज्ञान व्याप्त भएर फैलियो, त्यस कारण त्यही शहरमा तिनै ईश्वरको मन्दिर नै वनाऔं भन्ने कुरा नै उहाँहरूले आखिरमा निश्चय गर्नुभयो ।।२८।। अनि उहाँहरूले प्रयागमा जस्तै यहाँ पनि (पवित्र) नदीको संगम (बेनी) मा मनै प्रसन्न पार्ने शिवजीको यो मन्दिर (शम्भु प्रासाद) वनाउनुभयो ।।३०।। नाट्येश्वरहरूलाई ...... रहनुभएको (भगवान् शिव) मुसुक्क हाँसेको मुखले (दर्शन गर्न) आउने भक्तजनसँग बातमारेजस्तो गर्नुहुन्छ ।।३०।। चून लाएर सेतो पारेको, आकाशलाई उज्यालो पार्दै ..... ।।३१।। ....भुईं छोडेर उठेका .. गरेर माझको वाटो भित्र वायु पूर्ण ... आकाशमा शिवको निस्केको जस्तो ..... सुनको .. शंकरजी रहनुहुन्छ ।।३२।। ... घरमा वसोस् । अभक्तता चराचरमा गएर .... गजुर चढाइयो... चौसट्ठी गयो ..... यो दक्षकको प्रशस्ति हो । कल्याण होस् ।।

२ परिशिष्ट–

पशुपतिमा रहेको नारामण भट्टको शिलालेख
(वि. सं. १५२७)

यस शिलालेखका ३, ४, ६ श्लोक वि. सं. २०११।६।२।१ को इतिहास संशोधनमा श्यामराज पोखरेल, मोहननाथ पाँडे, बाबुराम नेपालले छापएका थिए । पछि डिल्लीरमण रेग्मीद्वारा मेडिकल् नेपाल ३ भागमा अशुद्धसँग छापिएको छ ।

ॐ नमः श्रीभैरवाय ।।

शूलश्रीवरदासिपाशडमरुं हस्ते वरे दक्षिणे
खट्वांकाभयपाशविंदुविधिकं वामे करे धारितः ।
प्रेतस्थो गिरिजागणेशवटुकैः सार्द्धं च नेत्रत्रयं
श्रीनारायणभट्टविप्रविदितं श्रीभैरवो रक्षतु ।। (१)

भूतानां पशुपाशमोचनकरं यत्रार्द्धनारीश्वरं
वाग्मत्याः सविधे सुरासुरनुतं सर्व्वार्थिकामप्रदं
शक्त्या वच्छलया सहैव वहुभिर्देवैश्च वंदे सदा
श्रीमद्वासुकिना समं पशुपतिं श्रीपंचवक्त्रं शिवं ।। (२)

स्वस्ति ।।

श्रीसूर्यवंशनृपतिर्जययक्षमल्लप्रौढप्रतापभुवनैकमहाप्रवीणः ।
नेपालमण्डलविभूषितराजराजो भूयाद्विपक्षमथनो भुवि सुप्रसिद्धः ।। (३)

तत्पुत्राः श्रीमंतः कुमाराः सन्ति ।।

ज्येष्ठः श्रीजयरायमल्लनृपतिः श्रीरत्नमल्लः प्रभुः
श्रीमच्छ्रीरणमल्लदेवगुणवान् श्रीराममल्लो नृपः ।
ख्यातः श्रीअरिमल्लदेवसुकृती श्रीपूर्णमल्लो वर-
स्तेषां वैरिगणाः प्रयान्तु निधनं शंभोः प्रसादादिह ।। (४)

तद्विजयराज्ये ।।

उद्भूतो द्विजवंशनिर्मलतरे वाधूलसत्संततौ
देशे चांडवरे हि तैत्तिरिसमाख्याताप्रसाखाभिधे ।
पंचप्रावरके षडंगपठितो नारायणो भट्टको
लोकानां सुखदायिनः पशुपतेः पादाम्बुजे भक्तिमान् ।। (५)

नागे वसौ मदनबाणगते च वर्षे चैत्रे तमे हरतिथौ श्रवणे च ऋक्षे ।
योगे शुभे भृगुदिने क्रियते तदा चेन्नारायणद्विजवरेण च भैरवोयं ।। (६)

नेपालहायनगते विधुरंध्रबाणे माघे शिते तिथिवरे नवमीप्रशस्ते ।
ऋक्षे विधेः शशिसुतेहनि ऐन्द्रयोगे तस्मिन्सुवर्णकलशत्रयरोहणं स्यात् ।। (७)

श्रीनारायणभट्टस्य जयलक्ष्म्याश्च स्वामिनः ।
भुक्तिमुक्तिप्रदं भूयात्तेन पुण्येन शाश्वतं ।। (८)

अतः परं देशभाषा ।।

अनुवाद–

श्रीभैरवलाई नमस्कार छ। दायाँतर्फका हातमा शूल तरवार पात्र डमरु र वरदमुद्रा लिएका, बायाँतर्फका हातमा खट्वांक पासो बिन्दु निधिक अभयमुद्रा लिएका,

मुर्दामाथि रहेका, तीन नेत्रले शोभित भएका, गिरिजा गणेश बटुकहरूले सहित भएका, नारायण भट्टले सेवा गरिएका भैरवले रक्षा गरून् (१)। प्राणीको पशुपाश छुटाउने, देवदानवले स्तुति गरिएका, सबै कामना पूर्ण पारिदिने वाग्मतीको तीरमा धेरै देवदेवता र अर्धनारीश्वर वच्छलादेवी वासुकिहरूले सहित भएका, पञ्चमुखी पशुपति भगवान्-लाई पनि नमस्कार गर्दछु (२)। कल्याण होस्। सूर्यवंशमा पैदा भएका, ठूलो प्रतापले पृथ्वीमा प्रख्यात भएका, नेपालमण्डलका राजाधिराज जययक्ष मल्लका शत्रुहरू नाश होऊन् (३)। उहाँका छोरा राजकुमारहरू, जेठा श्रीराय मल्लदेव, श्रीरत्न मल्लदेव, गुणी श्रीरण मल्लदेव, श्रीराम मल्लदेव, धर्मात्मा प्रख्यात भएका श्रीअरि मल्लदेव, कान्छा श्रीपूर्ण मल्लदेव हुनुहुन्छ। महादेवको निगाहबाट उहाँहरूका शत्रु नाश होऊन् (४)। उहाँहरूको विजयराज्यमा, चोलप्रदेशमा वेदको तैत्तिरीय संहिता पढ्ने बाधूलशाखाको चोखो बाहुनको कुलमा जन्मेका पञ्चप्रवर भएका षडंगविद्या पढेका नारायण भट्ट लोकलाई सुख दिने पशुपतिका पाउको भक्ति गर्ने (थिए) (५)। ने. सं. ५८८ (वि. सं. १५२५) चैत्र वदि अष्टमी श्रवणनक्षत्र शुभयोग शुक्रवारका दिन* नारायण भट्टले यो भैरवमूर्तिको प्रतिष्ठा गरे (६)। ने. सं. ५९१ (वि. सं. १५२७) माघशुक्लनवमी रोहिणीनक्षत्र बुधवार ऐन्द्रयोग परेका दिन यस मन्दिरमा सुनका तीनवटा गजूर चढाइए (७)। यस पुण्यले जयलक्ष्मीका पति नारायण भट्टलाई भुक्ति मुक्तिको फल मिलोस् (८)। यसपछि देश भाषा, (नेवारी भाषामा गूठी राखेको वर्णन छ)।

---

* डिल्लीरमण रेग्मीले यहाँ तिथि नपढी खालि छाडेको थियो। मैले हरतिथि भन्ने पाठ पढेको छु। नेपालसंवत्‌लाई विक्रमसंवत्‌मा परिणत गर्दा सामान्यतः कातिकदेखि चैत्रसम्म ९३६ र वैशाखदेखि असोजसम्म ९३७ जोड्नुपर्ने हुन्छ, चैत्रकृष्णमा कति जोड्ने भन्ने दोधार परेकोले र तिथिको पनि निश्चय गर्नुपर्दा गणना गरिएको हो। गणनानुसार यस दिनको पञ्चाङ्ग तल लेखेबमोजिम हुन्छ—

ने. सं. ५८८ (वि.सं. १५२५ शकसंवत् १३९०) चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाख कृष्ण)

गते	वार	तिथि घ. प.	नक्षत्र घ. प.	योग घ. प.
वैशाख २०	शुक्र	सप्तमी ७।८ (उपर अष्टमी)	श्रवण ५७।११	शुभ २९।५४

यो गणना भोलानाथ पौडेल र रुक्मनाथ पौडेलद्वारा गरिएको हो। यताबाट माथि २१ पृष्ठमा लेखेको वि. सं. १५२४ का ठाउँमा १५२५ पढ्नुपर्ने हुन्छ।

३ परिशिष्ट–

जगज्जय मल्लले साम्बसदाशिव भट्टलाई गरिदिएको ताम्रपत्र (वि. स. १७८५)

स्वस्ति ।। श्रीमत्पशुपतीचरणकमलधूलिधूसरीतसिरोरुह श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतश्रीरघूवंसावतार रवीकूलतिलकहनूमद्ध्वजनेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकलराजचक्राधीश्वरनीजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवलितविक्रमोर्पाजितवारणाकरजमुद्भूतगजेन्द्रपतीश्रीश्रीजयजगज्जयमल्लदेवपरमभट्टारकदेवानाम् सदा समरविजयीनां प्रभु ठाकूलसन देवपत्तनसूमा वपलाच्छेटोल अचूलेश्वरननी यन्तच्छेगृहवास्तव्यसाम्बसदाशिवभट्टनाम्ने प्रसादिकृत श्रीगणेश आदिपसूपती आज्यदिवी वाग्मती वी(श्वे)श्वर रुद्रेश्वर भुवनेश्वर कीरातेश्वर ज्ञानेश्वर संखनीह्लनारान् सूर्जनारां कीलेश्वर धालिदको हओयानीस पुजाओ लींगजात्रा तीर्थजात्रा कूढजात्रा याइवनी तीर्थगुरु नेमुनी जुयेगुओ पसुपतीस मास उपवास चोङ यात यानं लखुं वदगु संखिद्वलस शाम्वया ह्लापा दानिर्ता बुरो ५३ अओहनं ओहि थापस इशानदिसे संखीद्वलनासंज्ञक मनुलेसर राजया क्षेत्रन पश्चीमत साम्बुया बिर्तान उत्तरत मुलमार्गन पुर्व्वत जङ्गद्वल कोनद्वलया दवव वे थां मार्गर दक्षिनत थेते चात्राघातन दु संखिद्वलक्षेत्र द्वादशरोपनिकं क्षेत्रांकटोपी कर्ष १२ दलया वृतन श्री आदिपसुपतीया नीतिपुजायात स्वानयात तओगु कीरांचोकस डागर्चानामसंज्ञकं नागेश्वरी ओधुचान पश्चीम खोरधुचान पुर्व स्कुंधुचानं उत्तरं मुलमार्गनं दक्षीन थेते चात्राघातन दु कर्ष ९ अश्वमेधजज्ञया वीमुति कु ४ कु राजा लनंजितन फाङ ओहओवलस साम्बनया कुहयाओ विओ कुंढया परीक्षा याङाओ थ्वन बापत सुथाली देओया पुजाओ संखीद्वल पावओ डागर्चाया चात्राघात याङाओ था पनीस्त सुनान दतले थका केकायाय मरु जुलो शुनानं लोभ याङ कालसा पंचमहापातक लक जुरो थ्वतेया दृष्टसाक्षि श्रीजयप्रकाश मल्लदेव, सम्वत् ८४८ वैशाखशुदि १५ शुभ

मातातिर्थ कोटिलींग चौरासी

धुल्य भज्यास ५ चन्द्रभातेश्वर

फट्केना– चंद्रभातेसर(?) कोतीलींग

शिरमा– श्रीजयजगज्जय मल्ल लेखिएको मोहरछाप छ ।

(यो सकल ताम्रपत्रको उतार साम्बसदाशिव भट्टका सन्तान मदन भट्ट र पद्मप्रसाद भट्टबाट मैले पाएको हुँ ।)

सन्दर्भग्रन्थसूची

अमरसिंह- अमरकोश ।

अमोघवज् वज्राचार्य, नरहरिनाथ

र बाबुराम आचार्य- कालक्रमः संस्कृत-सन्देश १ वर्ष १०-१२ अङ्क, वि. सं. २०१० ।

आह्निकसूत्रावलि

ए. एम्. घाटागे (संपादक)- यान् इन्साइक्लोपीडिअक् डिक्शनअरि अफ् संस्कृत् अन् हिस्टस्टर्इकल् प्रिन्सिप्ल् (पहिलो भाग), डेक्कन कलेज पोष्ट ग्र्याज्युएट यान्ड रिसर्च इन्स्टिच्युट, पूना, १९७६ ई. ।

कामन्दक- कामन्दकीय नीतिसार ।

कुलचन्द्र कोइराला- भगवान् श्रीपशुपतिनाथको आगमघर, प्रज्ञा ५४ पूर्णाङ्क, वि. सं. २०४३ ।

कौटल्य- कौटलीय अर्थशास्त्र ।

गृहकृत्यविधि (अप्रकाशित)- राष्ट्रिय अभिलेखालय रील नं. ई. ५०६/२७, वि. सं. १८२२ मा सारेको पुस्तक ।

गोविन्द टण्डन- श्रीपशुपतिनाथ मन्दिरमा दाक्षिणात्य ब्राह्मण पूजारीहरूबाट पूजा गर्ने परम्परा एक अध्ययन, अभिलाषा (युवाविशेषाङ्क), वि. सं. २०४२ ।

गोरखापत्र- वि. सं. २०३० कार्तिक २ गते, वि. सं. २०४३ मार्ग ४ गते ।

चक्रप्रसाद पोखरेल- तीर्थयात्रावर्णन (अप्रकाशित) ।

चण्डेश्वर ठक्कुर- (संपादक- कमलकृष्ण स्मृतितीर्थ) कृत्यरत्नाकर, एशियाटिक सोसाइटी अफ बङ्गाल, कलकत्ता, १९२५ ई. ।

चण्डेश्वर ठक्कुर– (संपादक– दीननाथ विद्यालंकार) विवादरत्नाकर, एशियाटिक सोसाइटी अफ बङ्गाल, कलकत्ता १८७८ ई. ।

जीवानन्द विद्यासागर– शब्दसागर (संस्कृत इङ्ग्लिश् डिक्शन्अरि), आशुबोध र नित्यबोध भट्टाचार्य, कलकत्ता,१९०० ई. ।

ज्ञानमणि नेपाल– नेपालनिरुक्त, नेपाल राजकीयप्रज्ञाप्रतिष्ठान, काठमाडौं, वि. सं. २०४० ।

ज्ञानमणि नेपाल– जयतरचित महीरावणवधनाटक विवेचनात्मक अध्ययन, नेपाल र एशियाली अनुसन्धानकेन्द्र, त्रिभुवनविश्वविद्यालय, कीर्तिपुर, वि. सं. २०४० ।

ज्योतिरीश्वर– (संपादक– आनन्द मिश्र, गोविन्द झा) वर्णरत्नाकर, मैथिली अकादमी, पटना, १९८० ई. ।

डिल्लीरमण रेग्मी– मेडिवल नेपाल, ३ भाग, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता, १९६६ ई. ।

धनवज्र् वज्राचार्य– डोयहरू को हुन्? पूर्णिमा ४ पूर्णाङ्क, वि. सं. २०२१ ।

धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन–संस्थान, काठमाडौं, वि. सं. २०३० ।

धनवज्र वज्राचार्य– मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव, कन्ट्रिब्युशन्स् टु नेपलिज् स्टडीज् ८ भाग १ संख्या, वि. सं. २०३७ ।

धनवज्र वज्राचार्य र अरू– इतिहास–संशोधनको प्रमाण–प्रमेय, जगदम्बा-प्रकाशन, ललितपुर, वि. सं. २०१९ ।

धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल– गोपालराजवंशावली, फ्रन्स स्टाइनर फेर्लाग, वीसबादेन, १९८५ ई. ।

धनवज्र वज्राचार्य र
ज्ञानमणि नेपाल- इतिहास-संशोधन ४ संख्या, वि. सं. २०१० ।

धनवज्र वज्राचार्य र
टेकबहादुर श्रेष्ठ- शाहकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धानकेन्द्र, काठमाडौं, वि. सं. २०३७ ।

देवीप्रसाद लम्साल (सम्पादक)- भाषावंशावली २ भाग ।

नन्दनन्दन सनाढ्य- श्रीपशुपतिनाथ, रत्नपुस्तकभण्डार, काठमाडौं, द्वितीय संस्करण, १९५८ ई. ।

नयनाथ पौडेल (सम्पादक)- भाषावंशावली १ भाग ।

योगी नरहरिनाथ- गोपालवंशावली, हिमवत्संस्कृति १ वर्ष १ अङ्क, वि. सं. २०१६ ।

योगी नरहरिनाथ (सम्पादक)- सन्धिपत्रसंग्रह, काशी, वि. सं. २०२२ ।

नेपालको इतिहास
राजभोगमाला प्राचीन नेपाल ९, १० संख्या, वि. सं. २०२६ ।

पतञ्जलि- महाभाष्य ।

पशुपतिपुराण नेपाल राजकीयप्रज्ञाप्रतिष्ठान, काठमाडौं, वि. सं. २०२९।

पाण्डुरङ्ग वामन काणे- धर्मशास्त्र का इतिहास, ५ भाग, अनुवादक-अर्जुन चौबे काश्यप, उत्तरप्रदेश हिन्दीसंस्थान, लखनऊ, द्वितीय संस्करण, १९८५ ई. ।

बाण - कादम्बरी, चौखम्बा संस्कृत सीरिज आफिस, वाराणसी, वि. सं. २०१८ ।

बाण - हर्षचरित, निर्णयसागरमुद्रणालय, मुम्बई, १९४६ ई. ।

बाबुराम आचार्य- श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, श्री ५ महाराजाधिराजको प्रमुख संवाद-सचिवालय, राजदरबार, काठमाडौं, वि. सं. २०२६ ।

बालचन्द्र शर्मा (सम्पादक)– काठमाडौं उपत्यकाको एक वंशावली, प्राचीन नेपाल ६ संख्या, वि. सं. २०२५ ।

भट्टोजिदीक्षित– सिद्धान्तकौमुदी (तत्त्वबोधिनीव्याख्यासहिता) ।

भवभूति– मालतीमाधव ।

भागवतपुराण (श्रीधरीटीकासहित)

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल– अर्जुनमल्ल–जयस्थितिमल्लसमयाभिलेखः, संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क, वि. सं. २०१० ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल– महापात्रमेघपालवर्मणः शिलालेखः, संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क, वि. सं. २०१० ।

मनुस्मृति (कुल्लूकभट्टी टीकासहित)

महेशराज पन्त– भक्तपुर पूजारीमठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र, पूर्णिमा ४८ पूर्णाङ्क, वि. सं. २०३७ ।

महेशराज पन्त– गोपालवंशावलीको अवुठ शब्दको अर्थ के हो ?, पूर्णिमा ६० पूर्णाङ्क, वि. सं. २०४१ ।

महेशराज पन्त– वि. सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका, पूर्णिमा ६९ पूर्णाङ्क, वि. सं. २०४३ ।

महेशराज पन्त र दिनेशराज पन्त– नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला, पूर्णिमा ४५ पूर्णाङ्क, वि. सं. २०३७ ।

मोहनप्रसाद खनाल– चाँगुनारायणका ऐतिहासिक सामग्री, नेपाल र एशियाली अनुसन्धानकेन्द्र, काठमाडौं, वि. सं. २०४० ।

रामजी तेवारी,
देवीप्रसाद भण्डारी,
शङ्करमान राजवंशी– पशुपतेः पश्चिमायां दक्षिणामूर्तेः पूर्वस्यां रथ्याया उत्तरस्यां दिशि संस्थितो जयजिहरामवर्द्धनस्य समयस्याभिलेखः, संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क, वि. सं. २०११।

राल्फ लाइली टर्नर– ए कम्परेटिभ् डिक्श्नरि अफ् इन्डो-आर्यन् ल्याङ्ग्विजइज्, अक्सफोर्ड युनिभर्सिटी प्रेस, लण्डन, १९६६ ई.।

वामन र जयादित्य– काशिका।

शङ्कराचार्य– ब्रह्मसूत्रशाङ्करभाष्य।

श्यामराज पोखरेल,
मोहननाथ पाँडे,
बाबुराम नेपाल– इतिहास–संशोधन, ३ संख्या, वि. सं. २०११।

हरगोविन्ददास
विक्रमचन्द शेठ– पाइअसद्दमहण्णवो, प्रथम खण्ड, कलकत्ता, वि. सं. १९७९।

हिमवत्खण्ड (संपादक–
नरहरिनाथ र अरू)– योगप्रचारिणी गोरक्षटिल्ला, वाराणसी, वि. सं. २०१३।

★

ज्ञानमणि नेपालका
हालसम्म प्रकाशित कृतिहरूको सूची

१. चतस्रो विद्या: अयोध्याबाट प्रकाशित संस्कृत पत्रिकामा (वि. सं. २००८ तिर) ।

२. अस्मत्पाठशालापरिचय: अयोध्याबाट प्रकाशित संस्कृत पत्रिकामा (वि. सं. २००८ तिर)।

३. रघुवंशपाठ्यपुस्तकम् १ भाग (धनवज्र वज्राचार्यसँग मिलेर), प्रकाशक–सरस्वतीमुद्रणालय, काठमाडौं, वि. सं. २००९ ।

४. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १ संख्या, राणाराज्यमा कौटल्यको विचार (भोलानाथ पौडेल र धनवज्र वज्राचार्यसँग मिलेर), प्रकाशक–आफैं, वि. सं. २००९ ।

५. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या २ संख्या, १८४३ सालदेखि नेपालराज्य सजिलैसँग बढ्नामा र १८७१–७२ सालको अंग्रेजसँगको लडाइँमा आश्रित राजाहरूले नेपालको पक्ष नलिनामा तथा १९१४ सालको भारतको विद्रोह हुनामा कौटल्यको विचार (भोलानाथ र धनवज्रसँग मिलेर), प्रकाशक– आफैं, वि. सं. २००९ ।

६. काष्ठमण्डपे प्रतापमल्लस्य शिलालेख: (शङ्करमान राजवंशीसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ३ अङ्क, वि. सं. २०१० ।

७. कौटलीयस्यार्थशास्त्रस्यैतिहासिकी व्याख्या कौटल्यार्थशास्त्रानुसारं राणाशासनसिंहावलोकनम् (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ४ अङ्क, वि. सं. २०१० ।

८. त्रिपुरेश्वरशिलालेखानुवाद: संस्कृत–सन्देश १ वर्ष ७–९ अङ्क, वि. सं. २०१० ।

९. इतिहास–संशोधनम् (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ८ अङ्क, वि. सं. २०१० ।

१०. महासामन्तांशुवर्मणः शासनाभिलेखः (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ८ अङ्क ।

११. मानदेवसमयाभिलेखः (वि. सं. ५४८) (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ९ अङ्क, वि. सं. २०१० ।

१२. लिच्छविसमयाभिलेखः (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ९ अङ्क ।

१३. मानदेवसमयाभिलेखः (वि. सं. ५३७) (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ९ अङ्क ।

१४. इतिहास–संशोधनम् एम्. ए., बी. एल्. उपाधिधारिणः पं. अम्बिकाप्रसादस्य मते श्रीजङ्गबहादुरस्य त्रयो वंशा द्वौ पितरौ च (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष ९ अङ्क ।

१५. मानदेवपौत्रस्य राज्ञो वसन्तदेवस्य शासनाभिलेखः (वि. सं. ५७०) (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृतसन्देश १ वर्ष ९ अङ्क ।

१६. इतिहास–संशोधन प्रिन्सिपल श्रीभैरवबहादुर प्रधान एम्. ए. ले हाम्रो सद्भावनापूर्ण सल्लाह मानी आफ्ना अज्ञानलाई हटाउनुहोला अथवा आफूले बोलेका कुरा सिद्ध गर्न सक्ने कुनै बलियो प्रमाण उहाँसँग भए सो लिई हामीसँग शास्त्रार्थ गर्न मैदानमा उत्रनुहोला । (धनवज्रसँग मिलेर), प्रकाशक– आफैं, काठमाडौं, वि. सं. २०१० ।

१७. मानदेवस्याभिलेखः (वि. सं. ५२२) (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क, वि. सं. २०१० ।

१८. मानदेवपौत्रस्य राज्ञो वसन्तदेवस्य शासनाभिलेखः (वि. सं. ५७०) (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क ।

१९. महापात्रमेघपालवर्मणः शिलालेखः (समयो वि. सं. १४१६) (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क ।

२०. अर्जुनमल्ल–जयस्थितिमल्लसमयाभिलेख: (वि. सं. १४२९) (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क।
२१. राज्ञः पृथ्वीनारायणस्य शिलालेख: वि. सं. १८२६ (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क।
२२. वि. सं. १७५५ समयस्य नेपालोपत्यकाया: स्थिते: परिचायकं ताम्रपत्र-शासनम् (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क।
२३. साभिलेख: पाषाण: संस्कृत–सन्देश १ वर्ष १०–१२ अङ्क।
२४. श्रचंशो: शासनाभिलेख: अस्य समयः ६७२ विक्रमाब्दः (पशुपतिनाथको पश्चिम दोबाटाका गणेशको बाँयाँपट्टि रहेको अभिलेख), (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश २ वर्ष १–३ अङ्क, वि. सं. २०११।
२५. लिच्छविसमयस्य पाषाणस्तम्भोत्कीर्णोऽभिलेख: (अनुपरमकृतं द्वैपायन-स्तोत्रम्) (धनवज्रसँग मिलेर), २ वर्ष १–३ अङ्क।
२६. ललितपुराधिपते: श्रीविष्णुसिंहस्य शिलालेख: (वि. सं. १६१०) (पाटनदेखि दक्षिण सुनागुठीका भृङ्गारेश्वरमन्दिरको ढोकाको लेख), (भोलानाथ र धनवज्रसँग मिलेर), संस्कृत–सन्देश, २ वर्ष १–३ अङ्क।
२७. इतिहास–संशोधन (२ संख्या) श्रीसरदार रुद्रराज पाँडे एम्. ए. ले कसरी यस्तो लेख्नुभएको होला (धनवज्रसँग मिलेर), प्रकाशक– आफैं, काठमाडौं, वि. सं. २०११।
२८. इतिहास–संशोधन (३ संख्या) विदेशतिर हेरी स्वदेश देखिदैन। (धनवज्रसँग मिलेर), प्रकाशक– आफैं, काठमाडौं, वि. सं. २०११।
२९. इतिहास–संशोधन (४ संख्या) प्रो. तोत्रराज पाण्डेय एम्. ए. तथा पं. नयराज पन्त ज्यौतिषाचार्यविरचित नेपालको संक्षिप्त इतिहासमा रहेका अशुद्धिहरू (धनवज्रसँग मिलेर), प्रकाशक– आफैं, काठमाडौं, वि. सं. २०११।
३०. इतिहासदूषक: संस्कृत–सन्देश २ वर्ष ४–६ अङ्क, वि. सं. २०११।

३१. कान्तिपुरेश्वरस्य श्रीशिवसिंहस्य समयस्य स्वयम्भूस्थः शिलालेख (वि. सं. १६६१) (यो शिलालेख स्वयम्भू चैत्यको उत्तरपट्टि शान्तिपुर जाने बाटोमा जाईको फेदमा रहेको छ) (धनवज्रसँग मिलेर), संस्कृत–सन्देश २ वर्ष ४–६ अङ्क ।

३२. इतिहास–संशोधन (५ संख्या) श्रीकेशरबहादुर खत्री क्षत्री एम्.ए. ले फैलाउन खोज्नुभएको भ्रमको निराकरण, हामीले सप्रमाण खण्डन गरेका उहाँका उक्तिलाई सिद्ध गर्ने प्रमाण उहाँसँग छ वा उहाँले "महापुरुष तथा निष्पक्ष इतिहासकार" भनी प्रख्यापन गरिनुभएको श्रीजिशेप टुचीसँग छ भने पनि सो लिई हामीसँग शास्त्रार्थ गर्न आउनुहोला । (धनवज्रसँग मिलेर), प्रकाशक– आफ काठमाडौं, वि. सं. २०१२ ।

३३. ऐतिहासिक पत्रसंग्रह (धनवज्रसँग मिलेर), प्रकाशक– नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०१४ ।

३४. जयरत्नाकरनाटक (नेपाली अनुवादसहित) (धनवज्रसँग मिलेर), प्रकाशक– नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, २०१४ ।

३५. पुराना कविता (कवि पं. वैयाकरण उपाध्यायका केही कवितासंग्रह), प्रकाशक– नेपालइतिहासविकाससमिति, भोजपुर, वि. सं. २०१८ ।

३६. नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश, प्रकाशक– नेपालइतिहासविकास-समिति, भोजपुर, वि. सं. २०१९ ।

३७. राष्ट्रको संरचना (गीतिकाव्य), प्रकाशक– नेपालइतिहासविकाससमिति, भोजपुर, वि. सं. २०२४ ।

३८. संगीतलहरी प्रकाशक– जगदम्बाप्रकाशन, ललितपुर, वि. सं. २०२५ ।

३९. वनका फूल (पूर्वाञ्चलका पुराना कविका कविता र परिचयसहितको समीक्षात्मक कृति), प्रकाशक– नेपालइतिहासविकाससमिति, भोजपुर, वि. सं. २०२५ ।

४०. द्यौता र मान्छे सगरमाथाबाट प्रकाशित ।

४१. मोरङ्ग के हो ? बिराटनगर कता ? प्रवाह (१ संख्या), साहित्यसंगम, भोजपुरबाट प्रकाशित ।

४२. विजयपुर एक परिचय पीपल (संस्कृत छात्रपुस्तकालयको वार्षिक मुखपत्र), ८ वर्ष ८ हाँगो, संस्कृतछात्रपुस्तकालय पिण्डेश्वर धरान, वि. सं. २०३२ ।

४३. वैयाकरण नेपालरचित किष्किन्धाकाण्ड तथा पुण्यशिक्षा प्रकाशक– साझा–प्रकाशन, वि. सं. २०३४ ।

४४. चौसठ्ठी सालपर्व मधुपर्क १० वर्ष ६ अङ्क, वि. सं. २०३४ ।

४५. संस्कृतप्राज्ञको कर्तव्य समीक्षा (साप्ताहिक) १९ वर्ष १ अङ्क, वि. सं. २०३४ ।

४६. लिच्छविसंवत्‌को तथ्यतामा टिप्पणी नेपालको इतिहासका विवादास्पद विषयहरू, इतिहासशिक्षणसमिति र पुरातत्त्वशिक्षणसमिति, त्रिभुवनविश्वविद्यालय, कीर्तिपुर, वि. सं. २०३७ ।

४७. वीरशमशेरको सुनवेपार (इतिहासअनुसन्धान) सिसार, ३ वर्ष ३ अङ्क, वि. सं. २०३७ ।

४८. जङ्गबहादुरको विदेशनीति र वि. सं. १९०४ मा पेचिन जाने प्रतिनिधिमण्डलको यात्रावर्णन कन्ट्रिब्यूशन्स् टु नेपलिज् स्टडिज्, ८ भाग २ संख्या, वि. सं. २०३८ ।

४९. सन्तानब्बे सालपर्व प्रज्ञा ३५ पूर्णाङ्क, वि. सं. २०३८ ।

५०. साम्राज्यको संकल्प धर्मसन्देश ११ वर्ष १ अङ्क, वि. सं. २०३९ ।

५१. नेपाली संस्कृति संरक्षण र संवर्द्धन (एकदिने विचारगोष्ठी) (साहित्यिक पत्रकारसंघद्वारा गठित कार्यपत्र समितिमा धनवज्र वज्राचार्य, प्रचण्ड मल्ल र विश्वविमोहन श्रेष्ठ थिए), वि. सं. २०३९ ।

५२. बाँधपँनीको व्यवस्था विकासको पहिलो चरण हो (ऐतिहासिक दृष्टान्त-सहित), नयाँ क्षितिज १ वर्ष २–३ अङ्क ।

५३. बासठ्ठीहरणको दोष मेट्ने प्रयास नेपाल कानूनपरिचर्चा ६ वर्ष १ अङ्क, वि. सं. २०३९ ।

५४. नेपाली साहित्यका एक उज्ज्वल तारा अर्के ओझेलमा प्रज्ञा ३९ पूर्णाङ्क, वि. सं. २०३९ ।

५५. नेपालको धन विदेशी बैङ्कमा आर्थिक नेपाल १ वर्ष १ अङ्क, वि. सं. २०३९ ।

५६. के किरातीहरू आयुधजीवी थिएनन्? रोलम्ब २ भाग ४ संख्या, १९८२ ई. ।

५७. साँपको खुट्टा साँपले देख्ने बुद्धिजीवीहरू त्रिवेक माग्ने (सूर्यविक्रम ज्ञवालीबारे) चक्षु साप्ताहिक ५ वर्ष ७ अङ्क, वि. सं. २०३९ ।

५८. नेपालीको एउटा नौलो कविता नेपाली ९४ पूर्णाङ्क, वि. सं. २०३९ ।

५९. महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्यसाधना प्रज्ञा ४१ पूर्णाङ्क, वि. सं. २०३९ ।

६०. भानुभक्तका बाबु खरीदार धनञ्जय आचार्यसम्बन्धी २ पत्र (साहित्य संस्कृति) प्रवक्ता साप्ताहिक १ वर्ष २५ अङ्क, वि. सं. २०४० ।

६१. तात्कालिक राजनीतिको पृष्ठभूमिमा भानुभक्तको कलम पारिजात ५ वर्ष २ अङ्क, वि. सं. २०४० ।

६२. नेपाली संस्कृति प्रवक्ता २ वर्ष ४ अङ्क, वि सं. २०४० ।

६३. वलीअहद त्रैलोक्यविक्रमका महारानीहरू र रणोद्दीपसिंहको तीर्थयात्रा प्राचीन नेपाल ७८ संख्या, वि. सं. २०४० ।

६४. स्थिति बाँध्ने राजाहरू एक अध्ययन नेपाल कानूनपरिचर्चा ७ वर्ष १ अङ्क, वि. सं. २०४० ।

६५. नेपाली संस्कृति प्रवक्ता २ वर्ष ५ अङ्क, वि. सं. २०४० ।

६६. नेपाली संस्कृति प्रवक्ता २ वर्ष ६ अङ्क, वि. सं. २०४० ।

६७. कालाभन्दा गोरा प्रामाणिक ? नयाँ क्षितिज १ वर्ष ४ अङ्क, वि. सं. २०४० ।

६८. सिद्ध औतारीको रजाइँ गर्ने उत्कण्ठा प्रज्ञा ४४ पूर्णाङ्क, वि. सं. २०४० ।

६९. वाग्भूषणका बूढा पुराना कुरा रूपरेखा २४ वर्ष १० अङ्क, वि. सं. २०४० ।

७०. नेपालनिरुक्त प्रकाशक- नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, वि. सं. २०४० ।

७१. जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन प्रकाशक- नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, वि. सं. २०४० ।

७२. हरिश्चन्द्रविलाप (खण्डकाव्य) प्रज्ञा ४५ पूर्णाङ्क, वि. सं. २०४० ।

७३. (पुरानो कविता) रूपरेखा ।

७४. नेपालको प्राचीन इतिहासमा पं. उदयानन्दका उद्गार रश्मि १ वर्ष ३ अङ्क, वि. सं. २०४० ।

७५. भौगोलिक स्थितिअनुरूप तान्त्रिकविधिको अनुष्ठान इन्दु (मासिक) ६ वर्ष ३ अङ्क, वि. सं. २०४१ ।

७६. सं. १८७८ का छवटा फैसला र सजायका स्वरूप नेपाल कानून परिचर्चा ८ वर्ष १ अङ्क, वि. सं. २०४१ ।

७७. नेपालमा अनुसन्धानको स्थान पारिजात ६ वर्ष २ अङ्क, वि. सं. २०४१ ।

७८. नेपाली निर्वचन (३) नेपाली बृहत् शब्दकोश नियालेर हेर्दा, नेपाली (त्रैमासिक) १०० पूर्णाङ्क, वि. सं. २०४१ ।

७९. हरिश्चन्द्रविलाप एक समीक्षा प्रज्ञा ४७ पूर्णाङ्क, वि. सं. २०४१ ।

८०. लेखनस्वतन्त्रता पुरानो उदाहरण (ऐतिहासिक दस्तावेज) राष्ट्रिय पुनर्जागरण, ४ वर्ष ८–९ अङ्क, वि. सं. २०४१ ।

८१. देवशमशेरका सुधारकार्य र अंग्रेजप्रतिको भावना अन्तर्राष्ट्रिय मञ्च (द्वैमासिक पत्रिका) १ वर्ष २ अङ्क, वि. सं. २०४१ ।

८२. नेपालसुखीमसम्वन्धं (वि. सं. १८३१–१९०७) प्रकाशक– नेपाल इतिहास-विकाससमिति, पूर्वाञ्चल, वि. सं. २०४१ ।

८३. नेपालका अंग्रेज रेजिडेन्टहरू अन्तर्राष्ट्रिय मञ्च १ वर्ष ३ अङ्क, वि. सं. २०४१ ।

८४. धर्मसहिष्णुता तथा समन्वय नेपाल कानूनपरिचर्चा ८ वर्ष ४ अङ्क, वि. सं. २०४२ ।

८५. प्राचीनकालको भाषासम्वन्धमा एक सानो चर्चा किरातेश्वर सन्देश १ वर्ष १ अङ्क, वि. सं. २०४२ ।

८६. इतिहास लेख्ने– प्रमाणले कि आफ्ना अनुकूल कल्पनाले रूपरेखा ३६ वर्ष ४ अङ्क, वि. सं. २०४२ ।

८७. जङ्गवहादुरप्रति दगा र गोठू वस्नेतको अवज्ञा प्राचीन नेपाल ८९ संख्या, वि. सं. २०४२ ।

८८. जङ्गबहादुरका मान अपमानका कुरा प्राचीन नेपाल ९० पूर्णाङ्क, वि. सं. २०४२ ।

८९. पृथ्वीनारायण शाह र नेपाल अन्तर्राष्ट्रिय मञ्च २ वर्ष ५ अङ्क, वि. सं. २०४२ ।

९०. पृथ्वीनारायण शाह र त्यसपछि अन्तर्राष्ट्रिय मञ्च २ वर्ष ७ अङ्क, वि. सं. २०४२ ।

९१. नेपाली बृहत् शब्दकोशमा प्राप्त इतिहाससम्बन्धी केही अशुद्धिको समीक्षा रोलम्ब ५ भाग ४ संख्या, वि. सं. २०४२ ।

९२. देशोत्थानमा वाधक आन्तरिक संघर्ष र न्यायाभाव अन्तर्राष्ट्रिय मञ्च २ वष ११ अङ्क, वि. सं. २०४३ ।

९३: चीनमा अन्त्यक्रियापद्धति र सतीप्रथा प्रज्ञा ५५ पूर्णाङ्क, वि. सं. २०४३ ।

९४. सन्त कवयित्री शक्तिमाता योगमाया जिज्ञासा (नेपाली सन्त विशेषाङ्क) ४ पूर्णाङ्क, वि. सं. २०४३ ।

९५. चिया खाने चलन अरुणोदय २२ वर्ष ३–४ अङ्क, २३ वर्ष १–४ अङ्क, वि. सं. २०४३ ।

९६. पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्वन्धमा समीक्षा (यहीं ग्रन्थ) ।

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
		प्रस्तावनाभाग	
१	२२	छ	छु
११	१२	यताबाट देखिन्छ	देखिन्छ
११	२४	बा	वा
१३	७	पाएकाले	पाएकाको
१५	२	गौरब	गौरव
१६	५	हासिल गरेको ज्ञानलाई	हासिल गरेका ती शास्त्रीय ग्रन्थको ज्ञानलाई
१९	४	संस्कृतिसम्वन्धी	संस्कृतिसम्वन्धी
२१	९	मन्ने	भन्ने
२३	७	श्री ज्ञानमणि	श्रीज्ञानमणि
		मूलभाग	
४	७	भाबना	भावना
४	१२	जनन्नाथजीको	जगन्नाथजीको
४	१४	भातभान्साना	भातभान्सामा
४	२८	केदारनाथ्	केदार्नाथ्
५	१२	गोपालवंशा-	गोपालवंशा-
६	१	•भट्टारकक०	०भट्टारक०
८	४	हालीलाई	हामीलाई
८	१७	वस	यस
९	१४	वित्यो	बित्यो

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१३	७	अस्पिश् अ	अस्पिश्अस्
१३	२८	विद्यासागरको	विद्यासागरको
१५	१८	ज्योति लङ्गका	ज्योतिर्लिङ्गको
१६	३	त्यहाँ	हिमवत्खण्डमा
१६	८	छुनेवित्तिकै	छुनेवित्तिकै
१६	८	हुँदैन ।	हुँदैन ।६१
१६	२६	गरिदिएँ	गरिदिए
१६	२८	उशरीका	उशीरका
२१	११	१५२४	१५२५
२२	१४	बंशावलीले	वंशावलीले
२२	१६	पार्थिबेन्द्र मल्ल	पार्थिवेन्द्र मल्ल,
२३	२९	रूद्राक्ष	रुद्राक्ष
२३	३०	नृसिह	नृसिंह
२९	१६	वाँडाहरू	वाँडाहरू
३०	५	जानुषर्ने	जानुपर्ने
३०	१४	त्यही	त्यहाँ
३२	२३	वाँधिएका	वाँधिएका
३३	२८	वड्दै	वढ्दै
३४	११	सिजाली	सिंजाली
३४	२८	प्रवङ्गवश	प्रसङ्गवश
३६	२	परम्रागत	परम्परागत
३६	५	शङ्कराचार्य	शङ्कराचार्य,
३६	३०	घनागमका	धनागमका
३७	३	अर्गात्	अर्थात्
३७	२०	पढिले	पढिने

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
३७	२५	पलाफल	फलाफल
३७	२५	गर्ने	गर्ने,
३७	२६	वन्ने	वन्ने,
३८	२५	व्यवहामा	व्यवहारमा
३९	२६	दक्षिण	दक्षिणी
४०	८	भट्टखे	भट्टले
४१	१२	पशुपतिपारीपट्टि	पशुपतिपारिपट्टि
४१	१३	वर्षवर्द्धन	वर्षवर्द्धन
४२	११	पारेका	पारेका,
४२	१२	वाँघेका	वाँधेका
४२	२०	पुष्पमूतिलाई	पुष्पभूतिलाई
४२	३१	लगौटी	लगौँटी
४३	१२	राखेका	राखिएका
४३	१५	विछयौमा	विछयौनामा
४३	२६	भस्मरेखाखे	भस्मरेखाले
४४	७	गरेरहेकी	गरिरहेका
४४	२३	खडव्रड	खडवड
४४	२५	पूजाहरी वमाएका	पूजाहारी वनाएको
४४	२६	शताव्दीमा	शताब्दीमा

टिप्पणीभाग

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१	१५	०विमूषण०	०विभूषण०
२	२७	ह्ोइवक्स्यो	होइवक्स्यो
४	१६	०संकार०	०संस्कार०
४	२१	पाशुपात	पाशुपत
४	२४	०चण्डेश्वरस्य	०चण्डेश्वरस्य

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
४	२५	०पाशुपाताचार्य०	०पाशुपताचार्य०
५	१	वढिवढाउ	बढिवढाउ
५	११	भवच्छिवि	भवच्छिदि
५	१७	संनिहिता	संनिहिता:
६	५	सरितस्त्तटे	सरितस्तटे
६	१८	वरावरको	बरावरको
६	१९	भुजवला०	भुजवला०
६	२४	आफ्नाा	आफ्ना
६	२६	वाहुवलले	वाहुवलले
७	३	वरावर	वरावर
७	३	०वाट	०वाट
८	३	४५ पृ.	४५ अङ्क
८	१४	४५ पृ.	४५ अङ्क
८	२४	वहाल	वहाल
१०	७	सन्धिपत्र०	सन्धिपत्र०
११	९	अर्कँ	अर्कँ
११	१२	[वङ्गाल]	[वङ्गाल]
१२	३	व्यक्तिमा	व्यक्तिमा
१२	७	०मट्टारक०	०भट्टारक०
१२	८	मट्टारक	भट्टारक
१२	२१	श्रीबुङमतिका	श्रीबुङमतीका
१२	२१	मट्टारक	भट्टारक
१३	५	भ्रातृभ्य	भ्रातृभ्या
१५	२२	सर्ब्व०	सर्व्व०
१५	२५	सर्ब्व०	सर्व्व०

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१६	७	सर्ब्वं०	सर्व्वं०
१६	१८	त्यही	त्यहीँ
१६	१९	मिल्ल कन्यासँग	भिल्लकन्यासँग
१७	१०	पिवन्	पिबन्
१७	११	पारानन्दमूत्र	पारानन्दसूत्र
१७	१७	हुदैन	हुँदैन
२१	१४	मापावंशावलीमा	भाषावंशावलीमा
२२	४	पूजारी	पुजारी
२४	२३	भवद्भर्द्र०	भवद्भिर्द्र०
२६	१७	वासी	वासी
२७	३	वाहुन	वाहुन
२८	२६	वाहुनका	वाहुनका
२९	२०	०प्रतिगृह	०प्रतिग्रह
३१	१४	गने	गते
३१	१५	स्कव्ध	स्कन्ध
३१	२६	प्रतिगृह्णीया	प्रतिगृह्णीया
३२	२४	नेपालनियक्त	नेपालनिरुक्त
३४	६	मिक्षमाणा	भिक्षमाणा
३४	१३	लक्षणं	लक्ष्मणं
३४	२२	वनाउँछन्	बनाउँछन्
३५	१२	वन्दोवस्त	वन्दोबस्त
३६	८	मथा	यथा
३६	२३	वसोस्	वसोस्
३८	७	वनाएको	वनाएको
३८	९	वाँघेको	वाँधेको

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
३८	१४	वरिपरिवाट	वरिपरिवाट
३९	२	वाण	वाण
३९	१९	वन्छ	वन्छ
३९	२३	स	सधैं
३९	२४	वजाइहेको	वजाइरहेको
३९	२४	हरवखत	हरवखत
३९	२६	शताव्दीमा	शताब्दीमा
३९	२६	वाण	वाण
३९	२७	यसवाहेक	यसवाहेक
४०	३	वीचराति	वीच राति
४०	२६	वाड्न	वाँड्न
४१	३	पूजारी०	पुजारी०
४१	३	०सम्वन्धी	०सम्वन्धी
४१	६	वाड्न	वाँड्न
४१	८	सामाग्री	सामग्री
४१	८	सांख्याको	संख्याको
४१	१०	वाड्ने	वाँड्ने
४२	२४	विथ-	विष-
४९	३	०गृह्वन्तः	गृह्णन्तः
४९	४	पुन	पुनः
५०	२२	विलाउँछ,	विलाउँछ,
५०	२६	निश्चल	निश्चल
५१	११	यासुकि	वासुकि
५२	३	र फत	रफत
५४	३	दुमियाँको	दुनियाँको

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
५४	१६	नारामण	नारायण
५४	२०	मेडिकल्	मेडिवल्
५५	२	सव्वार्थ०	सव्वार्थ०
५५	३	वहुभिर्देवैश्च	वहुभिर्देवैश्च
५५	४	श्रीपंचवक्रं	श्रीपञ्चवक्त्रं

A453

बिक्रीमा भएका हाम्रा पुस्तक

१)	इतिहास-संशोधन	५०।-
२)	व्याकरण-संशोधन	३।५०
३)	पञ्चाङ्ग-संशोधन	१५।-
४)	विद्या-रक्षा	२०।-
५)	सावधान-पत्र	२५।-
६)	अभिलेख-संग्रह	७।५०
७)	पूर्णिमा (४ देखि ७० अङ्कसम्म)	५२८।-
८)	बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर	२।-
९)	रत्नदीप	२।५०
१०)	वृत्तशतक	३।-
११)	नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य	५।-
१२)	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।-
१३)	गोलबोध	१३।७२
१४)	सुमतितन्त्र	१०२।५०
१५)	पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०
१६)	प्राचीन र नवीन गणितको तुलना	१५।-
१७)	त्रिकोणमिति (ज्योत्पत्ति)	२५।२५
१८)	श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या	२५।४०
१९)	**On Sanskrit Education**	३५।-
२०)	**Inept Specimen ?**	२०।-
२१)	**What Did Amsuvarman Write ?**	४०।-
२२)	लिच्छविकालमा चलेका संवत्	१२।-
२३)	इतिहासका पाना	८।५०
२४)	गोरखाको इतिहास (१-२ भाग)	२००।-
२५)	लिच्छविसंवत्‌को निर्णय	१००।-